# पूजाहरूका विधिहरूको बारेमा ज्ञान

## (सैद्धान्तिक फतवाहरू)

[ नेपाली - Nepali - نيبالي ]


लेखक

शैख मुहम्मद बिन सालेह अल उसैमीन

अनुवादकः

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधकः

मुहम्मद इदरीस सलफी

# فقه العبادات

## (فتاوى العقيدة )

[ नेपाली - Nepali - نيبالي ]

تأليف

الشيخ محمد بن صالح العثيمين

ترجمة

عتيق الرحمن محمد إدريس خان مكي

المراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

## सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।

To connect translator: 0501372254

للتواصل مع المترجم: 0501372254

अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.

निःशुल्क वितरणको लागि मात्र

### पुस्तक पाइने ठेगाना -:

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका

व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७९८१९४३७७५८

सउदी नं. 00966-0501372254

इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गर्‍यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गर्‍यो, र जसले समस्तको जीविकाको पूर्णतया व्यवस्था गर्‍यो र जसले हामीहरूको लागि हलाल र हराम स्पष्ट गरेर पुष्टि गरिदियो । यसर्थ म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत पनि हुन् । यसर्थ अल्लाहको अत्याधकि शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिका पूजा र त्यसका विधिहरूको बारेमा छ यसको लेखक इस्लामका महान विद् शैख

मुहम्मद बनि सालेह अल् उसैमीन ज्यू हुनुहुन्छ जुन सउदी अरबका महान विद्हरूमध्ये एक थिए, उहाँले यस किताबमा विशेषरूपले पूजाको बारेमा र त्यससित सम्बन्धित समस्याहरूबारे संक्षेपमा कुरा गरेका छन् । यस किताबको विषय अति मत्वपूर्ण हुनुको कारण मैले यसलाई नेपाली भाषामा अनुवाद गर्नुको लागि मनोनीत गरेको छु । र किताबको यो खण्ड जुन तपाईहरूको हातमा छ यसमा विशेषरूपले सिद्धान्तसित सम्बन्धित कुराहरूलाई प्रष्ट गरिएको छ, यस आशाको साथ कि हाम्रा नेपाली दाजुभाइहरूलाई यसबाट लाभ पुग्नेछ, र मेरो यो सानो प्रयास सबै मुसलमान दाजुभाइको लागि मार्गदर्शक हुनेछ। मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमामा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती

छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)

अनुवादक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)
email- atiqkhannp1982@yahoo.com
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी मो. न. ००९६६५०१३७२२५४

# सिद्धान्तको बारेमा फतवाहरू

## एकेश्वरवाद र आस्था

### मानव सृष्टिको उद्देश्यः

प्रश्नः (१) आदरणीय शैख ज्यू, मानव सृष्टिको उद्देश्य के हो त ?

उत्तरः आरम्भ अल्लाहको नामबाट जुन अत्यन्तै दयालु र अति कृपालु छ । समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जुन समस्त जगतको प्रतिपालक हो, र म प्रशान्ति पठाउँछु हाम्रा प्रियतम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि पनि ।

तत्पश्चातः म यस प्रश्नको उत्तर दिनुभन्दा अघि यस सामान्य नियमतर्फ ध्यानाकर्षण गराउन चाहन्छु जुन निम्नका श्लोकहरूबाट प्रेरित छ अल्लाहको फर्मान छः

﴿ وَهُوَ ٱلۡعَلِيمُ ٱلۡحَكِيمُ ﴾ التحريم: ٢

अर्थ : र त्यो तत्वदर्शी र अति ज्ञानी छ। (सूरतुत्तहरीम २)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ إِنَّ ٱللَّهَ كَانَ عَلِيمًا حَكِيمًا ﴾ الأحزاب: ١

अर्थ : र निःसन्देह अल्लाह सर्वज्ञानी र तत्वदर्शी छ। (सूरतुल् अहजाब १)

र यस जस्ता अरु श्लोकहरू जुन सृष्टिको उत्पातमा अल्लाहको उद्देश्यलाई स्पष्ट र प्रमाणीकरण गर्छन्, र त्यो उद्देश्य र तत्वदर्शितातर्फ हाम्रो मार्गदर्शन गर्छन् जसको कारण अल्लाहले मानवजातिलाई सृष्टि गऱ्यो, अर्थात संसारिक र वैधानिक उद्देश्यहरू, किनकि अल्लाहले जुन सुकै वस्तुलाई सृष्टि गर्छ वा त्यसको अन्त्य गर्छ त त्यसमा त्यसको कुनै नकुनै तत्वदर्शिता अवश्य हुन्छ। र यस्तै अल्लाहले दिएको प्रत्येक निर्देशनमा पनि कुनै नकुनै तत्वदर्शिता

नीहित हुन्छ, अब चाहे त्यो आदेश र निर्देशन ग्राह्य गर्नेहेतु होस् वा वर्जित गर्नेहेतु वा अनिवार्य गर्नेहेतु ।

तर यो वैधानिक अथवा संसारिक तत्वज्ञान र उद्देश्य जुन त्यस निर्देशन वा वस्तुमा नीहित हुन्छ कहिलेकाहिँ हामी त्यसबाट अवगत हुन्छौं त कहिले त्यसबाट अनभिज्ञ पनि हुन्छौं, त त्यसमध्ये कतिपय तत्वदर्शिता यस्ता पनि हुन्छन् कि त्यसलाई केही मानिसहरू त जान्दछन् तर केही त्यसबाट अनभिज्ञ हुन्छन् त्यस ज्ञान र मनीष एवं विवेकको आधारमा जुन अल्लाह तिनीलाई प्रदान गरेको हुन्छ ।

त जब हामीले यस कुरालाई प्रष्ट गरेर सिद्ध गरिसकें त अब हामी भन्छौं कि: अल्लाहले मानव र दानव (जिन्न) हरूलाई एउटा महान उद्देश्य र तत्वदर्शिताको लागि सृष्टि गरेको छ, र त्यो हो: त्यस परम् पूज्य अल्लाहको पूजा गर्ने उद्देश्यले, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ ۝٥٦ ﴾
الذاريات: ٥٦

अर्थ : मैले जिन्न र मानिसहरूलाई यसकारण मात्र सृष्टि गरेको छु ताकि मेरो उपासना गरुन् । (सूरतुज् जारियात ५६)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ أَفَحَسِبْتُمْ أَنَّمَا خَلَقْنَٰكُمْ عَبَثًا وَأَنَّكُمْ إِلَيْنَا لَا تُرْجَعُونَ ۝١١٥ ﴾ المؤمنون: ١١٥

अर्थ : के तिमीले यो ठानेका छौ, कि हामीले तिमीलाई व्यर्थमा सृष्टि गरेका छौं र यो कि तिमीले हामीतिर फर्कनु छैन ? (सूरतुल् मुमिनून ११५)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ أَيَحْسَبُ ٱلْإِنسَٰنُ أَن يُتْرَكَ سُدًى ۝٣٦ ﴾ القيامة: ٣٦

अर्थ : के मानिसले यो ठान्दछ कि उसलाई यस्तै छाडिदिइनेछ ? (सुरतुल कियामा ३६)

र यस बाहेक अन्य ती श्लोकहरू जुन यस विशाल कुरातिर संकेत गरिहेका छन् कि मानव सृष्टिको उद्देश्य अल्लाहको पूजा नै हो ।

र पूजाको अर्थ हो: अल्लाहलाई नत्मस्तक हुनु, त्यसलाई प्रेम गर्नु, त्यसको महानताको बखान गर्नु, र त्यसले आदेश गरेका कुराहरूको पालना गर्नु, र त्यसले वर्जित गरेका कुराहरूबाट यस्तै बाँचनु जसरी अल्लाहले विधानहरूमा वर्णन गरेको छ । अल्लाहको फर्मान छ:

﴿ وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُواْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ حُنَفَآءَ ﴾
البينة: ٥

अर्थ : उनीहरूलाई यही मात्र आदेश दिइएको थियो कि निष्ठापूर्वक अल्लाहको उपासना गरुन् र एकाग्र भएर उसैको लागि धर्मलाई शुद्ध राखुन् । (सूरतुल् बैयिनह ५)

त यो नै मानव र दानवको सृष्टिको प्रमुख उद्देश्य हो । यसलेगर्दा जुन प्राणी पनि आफ्नो प्रतिपालकको अटेरी गर्छ र त्यसको पूजा गर्नुबाट अभिमान गर्छ, त त्यो त्यस उद्देश्यको विरोध गर्छ जसको कारण त्यसको सृष्टि गरिएको छ । र त्यसको यो कुकर्म यस कुरालाई प्रमाणित गर्छ र यो गवाही दिन्छ कि अल्लाहले सृष्टिहरूलाई निरुद्देश्य सृष्टि गरेको छ, यद्यपि त्यो आफ्नो जिब्रोले यस कुरालाई भनेको छैन । यसर्थ त्यसको यस कार्यको उद्देश्यबाट र त्यसको आफ्नो प्रतिपालकको पूजा गर्नुबा अभिमान गर्नुबाट यो कुरो नै स्पष्ट भएर आउँछ कि त्यो निरुद्देश्य सृष्टि गरिएको छ ।

**प्रश्नः (२) आदरणीय शैख ज्यू, तर के पूजाको अर्थलाई सामान्य र विशिष्ट परिभाषामा परिणत गर्न सकिन्छ ?**

उत्तरः हो, कुरो यस्तै छ यसको सामान्य अर्थ र परिभाषा त्यो नै हो जसलाई अहिले मैले वर्णन गरेको छु अर्थात त्यसको सामान्य अर्थ होः अल्लाहलाई नतमस्तक हुनु, त्यसैसित प्रेम गर्नु, त्यसको महानता गान गर्नु, त्यसलाई सर्वोमहान

मान्नु...., ती कार्यहरूलाई गरेर जसको त्यसले आदेश गरेको छ र ती कार्यहरूलाई त्यागेर जसबाट मनाही गरेको छ ती विधानहरू बमोजिम जुन त्यसले पटक पटक पठाएको छ ।

र रह्यो त्यसको विशिष्ट अर्थ र परिभाषा अर्थात विस्तृत अर्थ त यसको बारेमा शैखुल इस्लाम इब्ने तैमियाको उदगार छ: पूजा ती समस्त जाहेर गोप्य कार्य र कुराको संग्रहलाई भनिन्छ जसद्वारा अल्लाह प्रसन्न भइहाल्छ, जसरी भयत्रास, भरोसा, नमाज, धर्मदाय, व्रत... आदि जुन इस्लामीय विधानमा वर्णित छन् ।

तर यदि तपाईंको प्रश्नको तात्पर्य त्यो सामान्य र विशिष्ट अर्थ हो जसलाई केही विद्हरूले वर्णन गरेका छन् कि: पूजा याता संसारिक पूजा हुन्छ वा वैधानिक, अर्थात याता मानिस प्रकृतिक र संसारिक तौरले अल्लाहलाई नतमस्तक हुन्छ वा वैधानिक तौरले । यसर्थ संसारिक र प्रकृतिक नतमस्तकता आस्थावान र अनास्थावान, पापी र असल मान्छे दुवैलाई शम्मिलित हुन्छ किनकि अल्लाहको फर्मान छ:

﴿ إِن كُلُّ مَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ إِلَّآ ءَاتِي ٱلرَّحۡمَٰنِ عَبۡدٗا ٩٣ ﴾ مريم: ٩٣

अर्थ : आकाशहरू र धरतीमा जो पनि छन् सबै अल्लाहका दासका रूपमा आउनेवाला छन् । ( सूरतु मरियम ९३)

यसर्थ प्रकृतिक तौरले धरती र आकाशमा भएका समस्त कुरा अल्लाहलाई नै नतमस्तक छन् र यो सम्भव छैन कि कुनै वस्तु यसको विरोध गर्न सकोस्, र नत त्यो अल्लाहले चाहेको कुरा विपरीत नै गर्न सक्दछ ।

र रह्यो विशिष्ट पूजा जसलाई वैधानिक (शरई) पूजा भनिन्छ, त यसको अर्थ हो वैधानिक तरिकाले अल्लाहलाई नतमस्तक हुनु, र यो मात्र आस्थावानहरूसित विशिष्ट छ जुन अल्लाहलाई नतमस्तक हुन्छन् र त्यसका समस्त निर्देशनहरूको पालना गर्छन् । फेरि यस किसिममा विशेषमध्येबाट पनि विशिष्ट हुन्छ र त्यसभन्दा भिन्न पनि ।

त विशेषमध्ये विशिष्टको उदाहरण जसरी सन्देष्टा र दूतहरूको अल्लाहको पूजा अर्चना गर्नु, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ تَبَارَكَ ٱلَّذِى نَزَّلَ ٱلْفُرْقَانَ عَلَىٰ عَبْدِهِۦ ﴾ الفرقان: ١

अर्थ : बडो बरकतवाला (कल्याणकारी) छ त्यो अल्लाह जसले यो "फुरक़ान" आफ्नो भक्तमाथि अवतरित गऱ्यो । (सूरतुल् फुर्कान १)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ وَإِن كُنتُمْ فِى رَيْبٍ مِّمَّا نَزَّلْنَا عَلَىٰ عَبْدِنَا ﴾ البقرة: ٢٣

अर्थ : हामीले आफ्ना सेवकमाथि जे उतार्‍यौं, त्यसमा तिमीलाई यदि शंका छ... । (सूरतुल् बकर: २३)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ وَٱذْكُرْ عِبَٰدَنَآ إِبْرَٰهِيمَ وَإِسْحَٰقَ وَيَعْقُوبَ ﴾ ص: ٤٥

अर्थ : हाम्रा उपासकहरू “इब्राहीम”, “इस्हाक” र “यअ्कूब (अलैहिस्सलाम) लाई” स्मरण गर । ( सूरत् स्वाद ४५)

र यस बाहेक अन्य सन्देष्टाहरूको पूजा गर्ने शैली ... ।

प्रश्न: (३) आदरणीय शैख ज्यू, के जुन मानिसहरू वैधानिक पूजालाई छाडि संसारिक र प्रकृतिक पूजा गर्छन् तिनीहरू त्यसका प्रतिफल पाउनेछन् अर्थात त्यसको पूण्य पाउनेछन् ?

उत्तर: यस्ता प्रकारका मानिसहरू पुण्य पाउँदैनन् किनकि उनीहरू चाहुन् वा नचाहुन् संसारिक र प्रकृतिक तौरले अल्लाहलाई नतमस्तक हुने नै छन्, यसर्थ मान्छे विरामी हुन्छ, विपन्न भइहाल्छ, आफ्नो प्रिय कुरालाई विराइदिन्छ, आफूले नचाहँदा, बरु त्यसलाई अप्रिय ठान्दछ, तर यो उनीहरूको अल्लाहलाई संसारिक अधीनस्थताको कारण हो जसमा उनीहरू केही गर्न सक्दैनन् ।

## भक्तहरूमाथि प्रथम अनिवार्य कार्य

प्रश्नः (४) आदरणीय शैख ज्यू, समस्त सृष्टिमाथि प्रथम अनिवार्य कार्य कुन चाहिँ हो ?

उत्तरः सृष्टिहरूमाथि प्रथम अनिवार्य कार्य त्यो कार्य हो जसतर्फ पूर्ण सृष्टिलाई आह्वान गरिएको छ, र जसलाई नबी सल्लल्लाहो अलैहे वसल्लमले हजरत मुआज बिन जबल रजिअल्लाहो अन्होको लागि तब स्पष्ट पार्नु भएको थियो जब उहाँ रजिअल्लाहो अन्होलाई यमन देशतिर पठाएका थिए किः

"إنك تأتي قوماً أهل كتاب ، فليكن أول ما تدعوهم إليه شهادة أن لا إله إلا الله ، وأن محمدا رسول الله" أخرجه البخاري ، كتاب الزكاة ، باب أخذ الصدقة من الأغنياء ، رقم (1496)، ومسلم ، كتاب الإيمان ، باب الأمر بالإيمان بالله تعالى ورسوله، رقم (19).

अर्थ : तिमी (अहले किताब) किताबलालाहरू जाति समक्ष जाँदै छौ, यसर्थ तिमी उनीहरूलाई सर्वप्रथम यस कुराको गवाही दिनुतर्फ आह्वान गर्नुहोला किः

अल्लाह बाहेक कोही सत्य पूजनीय छैन, र निःसन्देह मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन् । (यस हदीसलाई इमाम बुखारीले किताबुज्जकातमा बाबु अखजिस्सदकति मिनल अग्निया अन्तर्गत वर्णन गर्नु भएको छ हदीस नं. १४९६, र इमाम मुस्लिमले किताबुल् ईमानमा बाबुल् अमरि बिल् ईमाने बिल्लाहे तआला वरसूलिहि अन्तर्गत वर्णन गरेका छन् हदीस नं. १९)[1]

यसर्थ सृष्टिमाथि प्रथम अनिवार्यता यो हो कि त्यो अल्लाहलाई एक मानोस् र यो साक्ष्य बसोस् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई वास्तवमा दूतत्व प्रदान गरिएको छ । यसर्थ अल्लाहलाई एक मान्नु र मुहम्मदको दूतत्वको गवाही दिनुले निष्ठा र अनुशरण बोध हुन्छ जुनकि प्रत्येक पूजा स्वीकार्य हुनुको शर्त हो ।

---

[1] अघिल्लो पृष्ठहरूमा म सन्दर्भलाई संक्षेपमा वर्णन गर्दछु जसरी बुखारी किताब..., बाब.... हदीस नं.... । यसर्थ बुखारी भनेमा यो अर्थ हो कि यसलाई इमाम बुखारीले वर्णन गरेका छन् आफ्नो किताब सही बुखारीमा । यस्तै मुस्लि मभनेमा इमाम मुस्लिमले आफ्नो किताब सही मुस्लिममा वर्णन गरेका छन् यस्तै अरु हदीसका ग्रन्थहरूको बारेमा पनि । र किताबको अर्थ हो खण्ड, मूल विषय, र बाबको अर्थ हो अध्याय ।

त भक्तहरूमाथि यो पहिलो अनिवार्य कार्य हो कि त्यो अल्लाहलाई एक मानोस् र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई अल्लाहको दूत मानि उहाँको दूतत्वको गवाही देओस् । यसर्थ “अल्लाह बाहेक कोही सत्य पूजनीय छैन” वाक्यको गवाहीभित्र नै समस्त प्रकारको एकेश्वरवाद नीहित छ ।

## एकेश्वरवादका थरीहरूको गवाहीसित संलग्नता

प्रश्नः (५) आदरणीय शैख ज्यू, तर के साक्ष्य बस्नुमा एकेश्वरवादका समस्त थरीहरू शम्मिलित छन् ?

उत्तरः हो, त्यो एकेश्वरवादका समस्त थरीहरूलाई शामेल छ, चाहे त्यो त्यसैभित्र नीहित छ वा त्यसित संलग्न छ । र यो यसरी कि जब भन्नेवाला भन्छ किः म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त यसबाट ठेक्कै यो अर्थ निस्केर आउँछ कि यसको अभीष्ट पूजाको एकेश्वरवाद अर्थात तौहीदुल् इबादह हो जसलाई पूजाको एकेश्वरवाद भनिन्छ, त यस गवाहीबाट तौहीदे रुबूबियत (एक

प्रतिपालक मान्ने कुरा) अनिवार्य भइहाल्छ, किनकि जसले पनि एक अल्लाह (ईश्वर) को पूजा गर्छ त्यो तबसम्म त्यसको उपासना गर्दैन जबसम्म यो इकरार नगरोस् कि त्यो एक अल्लाह नै त्यसको प्रतिपालक हो । त यसमा तौहीदे अस्मा वस्सिफात पनि नीहित छ अर्थात अल्लाहलाई त्यसका नाम र गुणहरूमा पनि एक र विचित्र भान्नु पनि त्यसैमा नीहित छ, किनकि मान्छे मात्र त्यसको उपासना गर्छ जसबारे त्यसलाई यो विश्वास हुन्छ कि त्यो नै उपासना योग्य छ, र त्यसका अनेकौं गुणहरू छन् । र यसै कारण हजरत इब्राहीमले आफ्नो पितासित भनेका थिए:

﴿ إِذْ قَالَ لِأَبِيهِ يَٰٓأَبَتِ لِمَ تَعْبُدُ مَا لَا يَسْمَعُ وَلَا يُبْصِرُ وَلَا يُغْنِي عَنكَ شَيْـًٔا ﴿٤٢﴾ ﴾ مريم: ٤٢

अर्थ : जब उनले (इब्राहीमले) आफ्नो पितासित भने पिता ज्यू तपाईले यस्ता कुराहरूको पूजा किन गर्नु हुन्छ, जसले कि नसुन्दछन्, नदेख्दछन् ? र नत

तपाईंको कुनै फाइदा पुऱ्याउन सक्तछन् ? (सूरतु मरियम ४२)

त पूजाको एकेश्वरवाद नै तौहीदे उलूहियत हो, जससित तौहीदे रुबूबियत र तौहीदे अस्‌मा वस्सिफात संलग्न छन् ।

## तौहीद (एकत्व) को अर्थ

प्रश्नः (६) एकेश्वरवादको (तौहीदको) के अर्थ हो त शैख ज्यू ?

उत्तरः एकत्वको अर्थ हो कुनै कुरालाई एक मान्नु, र यो स्वीकारोक्ति र अस्वीकृति बिना सिद्ध हुँदैन । अर्थात जसलाई एक मानिन्छ त्यसको लागि त्यसलाई सिद्ध गर्नु र त्यस बाहेकको लागि त्यो कुरा नकार्नु । र यसको उदाहरण यसरी बुझ्नुस् कि कुनै पनि मान्छेको एकेश्वरवाद तबसम्म पूर्ण हुँदैन जबसम्म त्यो यो गवाही नदेओस् किः अल्लाह बाहेक कोही सत्य पूज्य छैन । त यस्तो खालको गवाही दिने मान्छे अल्लाह बाहेक सबैको पूजनीयताको इन्कार गर्छ, र पूजनीयतालाई मात्र

अल्लाहको लागि सिद्ध गर्छ, र यो यस कारण किनकि मात्र इन्कार गर्नाले पूर्णतया अस्वीकृतिलाई बोध गर्छ अर्थात त्यस इन्कार र अस्वीकृतिमा अल्लाह पनि शामेल हुन्छ । र मात्र स्वीकृतिले पूजनीयतामा अल्लाह बाहेक अरु पनि सहभागी हुन्छन् । यसर्थ यदि तिमी यो भन किः फलाना उभेको छ, त तपाईले त्यस व्यक्तिलाई उभेको कुरो साबित गर्नु भयो तर यसबाट यो बोध हुँदैन कि मात्र त्यही उभेको छ बरु त्यस बाहेक अरु पनि उभेको अवस्थामा हुन्सक्छन् । र यदि तपाई यो भन्नु हुन्छ कि कोही पनि उभेको छैन, त तपाईले यो सिद्ध गर्नु भयो कि एउटा पनि उभेको छैन । तर यदि तपाई यो भन्नुहुन्छ कि जैद अथवा उमर बाहेक कोही उभेको छैन, त अब तपाईले मात्र जैदलाई वा उमरलाई उभेको सिद्ध गर्नु भयो र त्यस बाहेक समस्तलाई त्यसको विरुद्ध अवस्थामा भएको सिद्ध गर्नु भयो, त यस्तो गर्नु नै वास्तवमा एकत्व हो । तसर्थ एकेश्वरवाद तबसम्म एकेश्वरवाद हुन्सक्दैन जबसम्म त्यसमा इकरार र इन्कार अर्थात स्वीकृति र अस्वीकृति दुवै नहोस् ।

प्रश्न: (७) आदरणीय शैख ज्यू संक्षेपमा तौहीदका कति थरीहरू छन् ?

उत्तर: विद्‌हरूले वर्णन गरे बमोजिम तौहीद (एकत्व) का तीन थरीहरू छन्: तौहीदे रुबूबियत (प्रतिपालक र स्रष्टा हुने कुरामा अल्लाहलाई एक मान्नु) तौहीदे उलूहियत ( ईश हुनुमा अल्लाहलाई एक मान्नु) तौहीदे अस्‌मा वस्सिफात ( अल्लाहलाई त्यसका नाम र गुणमा एक र विचित्र मान्नु) । र यस कुरालाई अर्थात यी थरीहरूको जानकारी विद्‌हरूले कुरआन र हदीसहरूमा मनथन र विचार गरेर थाहा पाएका हुन् कि एकेश्वरवाद यी तीन थरीहरूमा नै सीमित छ ।

## तौहीदका थरीहरू

प्रश्न: (८) आदरणीय शैख ज्यु, एकेश्वरवादका कति थरीहरू छन् उदाहरणको साथ स्पष्ट गरिदिनुको अनुरोध छ ?

उत्तर: अल्लाहको एकत्वको सम्बन्धमा जति कुराहरू पनि अल्लाहसित विशिष्ट छन् ती समस्त त्यसको (

तौहिदको) सामान्य परिभाषामा शम्मिलित छन् र ती तीन थरीका छन्:

तौहीदे रुबूबियत (प्रतिपालक र स्रष्टा हुने कुरामा अल्लाहलाई एक मान्नु): र यसको अर्थ हो कि मात्र अल्लाहलाई नै स्रष्टा र प्रतिपालक मान्नु, र मात्र त्यसैलाई व्यवस्थापक र संचालक मान्नु, र यो आस्था राख्नु कि त्यो नै सबैको स्वामी हो ।

यसर्थ अल्लाह नै वास्तविक स्रष्टा हो त्यस बाहेक कोही पनि सृष्टि गर्नेवाला छैन जस्तोकि अल्लाहको फर्मान छ:

﴿ أَفَمَن يَخۡلُقُ كَمَن لَّا يَخۡلُقُۚ أَفَلَا تَذَكَّرُونَ ١٧ ﴾

النحل: ١٧

अर्थ : तसर्थ जसले सृष्टि गऱ्यो, के त्यो यस्तो छ जसले केहि पनि सृष्टि गर्न सक्दैन ? अनि तिमीले विचार किन गर्दैनौ ? (सूरतुन्नहल १७)

र आर्को सूरतमा अल्लाहको फर्मान छ:

﴿ هَلۡ مِنۡ خَٰلِقٍ غَيۡرُ ٱللَّهِ يَرۡزُقُكُم مِّنَ ٱلسَّمَآءِ وَٱلۡأَرۡضِۚ لَآ إِلَٰهَ إِلَّا هُوَۖ فَأَنَّىٰ تُؤۡفَكُونَ ٣ ﴾ فاطر: ٣

अर्थ : के अल्लाह बाहेक कोही अरु स्रष्टा छ, जसले तिमीलाई आकाश र धरतीबाट जीविका प्रदान गर्दछ ? उस बाहेक कोही पूज्य छैन । त्यसो भए तिमी कता मार्ग विचलित भइराखेका छौ ? (सूरतु फातिर ३)

त अल्लाह नै सबैको भाग्यलाई र त्यसलाई पनि सृष्टि गरेको छ र पूर्णरूपले त्यसलाई (भाग्यलाई) निर्धारित र कार्यन्वयन गरेको छ । र अल्लाहले मानवलाई सृष्टि गर्नुको साथै तिनीहरूका कार्य कुरालाई पनि सृष्टि गरेको छ, यसर्थ भक्तहरू जे पनि भन्छन् र जे गर्छन् सबैलाई अल्लाहले नै निर्धारित गरेको छ, यसै कारण भाग्यमाथि आस्था र विश्वास राख्नु र यो आस्था राख्नु कि अल्लाह नै भक्तहरूका कर्महरूको पनि सृष्टिकर्ता हो अति आवश्यक छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَٱللَّهُ خَلَقَكُمۡ وَمَا تَعۡمَلُونَ ﴾ ٩٦ الصافات: ٩٦

अर्थ : तिमीलाई र तिम्रा कर्महरूलाई अल्लाहले नै सृष्टि गरेको छ ? (सूरतुस्साफ्फात ९६)

र यो कुरो यसरी बुझ्नुस् कि कार्य भक्तहरूको विशेषताहरूमध्येको एक हो र मूलतथ्यको सृष्टिकर्ता नै त्यसको विशेषताको पनि स्रष्टा हुन्छ, यसर्थ मनुष्यको स्रष्टा नै त्यसको कर्मको पनि स्रष्टा हो ।

र आर्को कुरो के छ भने मानवका कार्यहरू दृढ इच्छाले नै कार्यन्वयनमा आउँछन् सुदर्शित हुन्छन्, र इच्छा आकांक्षा दुवै अल्लाहका सृष्टिहरूमध्येका हुन्, यसर्थ कारणको स्रष्टा कारणलाई उत्पन्न गर्ने कारणको पनि स्रष्टा हुन्छ ।

त यदि तिमी भन्छौ कि हामी यो कसरी भन्न सक्छौं कि अल्लाह एकलै नै सृष्टि गर्नेवाला हो जबकि सृष्टि गर्नु र उत्पात गर्नु त्यस बाहेकका लागि पनि सिद्ध छ ? जस्तोकि यस कुरामाथि अल्लाहको यो कथन प्रमाणीकरण गरिरहेको छः

﴿ فَتَبَارَكَ ٱللَّهُ أَحۡسَنُ ٱلۡخَٰلِقِينَ ١٤ ﴾ المؤمنون: ١٤

अर्थ : तसर्थ अल्लाह साह्रै नै बर्कतवाला,( कल्याणकारी) सबभन्दा उत्तम स्रष्टा हो । ( सूरतुल् मूमिनून १४)

र चित्रकारहरूको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन छः

" يقال لهم أحيوا ما خلقتم " (أخرجه البخاري ، كتاب البيوع ، باب التجارة فيما يكره لبسه للرجال والنساء ، رقم (2105) ، ومسلم ، كتاب اللباس ، باب لا تدخل الملائكة بيتاً فيه كلب ولا صورة رقم (2107).

अर्थ : उनीहरूसित भनिनेछ कि जसलाई तिमीहरूले निर्माण गरेका छौ त्यसलाई जीवित पार । (बुखारी, किताबुल बुयूअ्, बाबुत्तिजारति फीमा युकरहु लिब्सहू लिर्रिजालि वन्निसाअ्, हदीस नं. २१०५ । र मुस्लिम किताबुल्लिबास, बाबु ला तदखुलुल् मलाइकतु बैतन् फीहि कल्बुन् वला सूरह, हदीस नं. २१०७)

त यसको उत्तर यो हो कि: अल्लाह बाहेक कोही पनि अल्लाह जस्तै सृष्टि गर्न सक्दैन, यसर्थ कसैको लागि यो सम्भव छैन कि त्यो शुन्यबाट केही सृष्टि गर्न सकोस्, अर्थात जसको कुनै वजूद र अस्तित्व नै छैन त्यसलाई सृष्टि गर्न सकोस् । त अल्लाह बाहेकका मानिसहरू जुन सृष्टि गर्छन् त्यो वास्तवमा सृष्टि गरिएका कुराहरूमा परिवर्तन गर्छन्, अर्थात कुनै वस्तुलाई एउटा विशेषताबाट आर्को विशेषतामा परिवर्तित गर्छन् जबकि त्यो वास्तवमा अल्लाहको सृष्टिमध्येको नै रहन्छ । उदाहरणस्वरूप यसरी बुझ्नुस् कि चित्रकार जब कुनै चित्र बनाउँछ त त्यो कुनै नौलो कुरो अविष्कार गर्दैन बरु त्यो एक आकारलाई आर्को आकारमा ढालिदिन्छ, जसरी माटोले चराको आकार बनाइन्छ वा ऊँटको आकार बनाइन्छ, र जसरी सेतो कागजलाई रंगद्वारा रंगीन गरिन्छ। यसर्थ कलम र रंग पनि अल्लाहको सृष्टिमध्येको हो जसद्वारा कागजलाई रंगीन गरिन्छ, र कागज पनि अल्लाहको सृष्टिमध्येको हो । त सिद्ध यो भयो कि दुवै अल्लाहकै सृष्टिमध्येका हुन् तर मान्छेले मात्र

त्यसलाई रंगेर आर्को आकारमा परिवर्तित गरिदिन्छ । त यस्तै अल्लाहले गरेको सृष्टि र अरुले गरेको सृष्टिमध्ये फर्क छ यसर्थ अल्लाह सृष्टि गर्छ शुन्यबाट जबकि त्यस बाहेकको अरु कोही पनि यस्तो गर्न सक्दैन ।

दोस्रो कुरो: तौहीदे रुबूबियतमा सत्ता मात्र अल्लाहको लागि सिद्ध गरिन्छ, यसर्थ अल्लाह नै सर्वोसत्ताधारी हो, जसरी कि अल्लाहको फर्मान छ:

﴿ تَبَٰرَكَ ٱلَّذِى بِيَدِهِ ٱلْمُلْكُ وَهُوَ عَلَىٰ كُلِّ شَىْءٍ قَدِيرٌ ﴾ الملك: ١

अर्थ : त्यो जसको हातमा राज्यसत्ता छ, बडो कल्याणकारी छ, र जो हरेक कुरामा सामर्थ्यवान छ । ( सूरतुल् मुल्क १)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ قُلْ مَنۢ بِيَدِهِۦ مَلَكُوتُ كُلِّ شَىْءٍ وَهُوَ يُجِيرُ وَلَا يُجَارُ عَلَيْهِ إِن كُنتُمْ تَعْلَمُونَ ﴿٨٨﴾ ﴾ المؤمنون: ٨٨

अर्थ : सोध्नुस् कि यदि तिमी जान्दछौ भने भन कि त्यो को हो जसको हातमा हरेक कुराको आधिपत्य ( सत्ता) छ र उसले शरण दिन्छ र उसको दाँजोमा कसैले कसैलाई शरण दिन सक्दैन। (सूरतुल् मुमिनून ८८)

यसर्थ सर्वोसत्ताधारी जसको सत्ता सबैलाई शामेल र असीमित छ यस्तो सत्ता मात्र अल्लाहको सत्ता छ, र त्यस बाहेकका सत्ताहरू मात्र सीमित सत्ता हुन्, किनकि अल्लाहले आफू बाहेक अरुको सत्तालाई पनि वर्णन गरेको छ, जस्तो कि अल्लाहको फर्मान छ:

﴿ أَوْ مَا مَلَكْتُم مَّفَاتِحَهُۥٓ ﴾ النور: ٦١

अर्थ : वा जसको साँचोहरूको तिमी स्वामी भएका छौ... । (सूरतुन्नूर ६१)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ إِلَّا عَلَىٰٓ أَزْوَٰجِهِمْ أَوْ مَا مَلَكَتْ أَيْمَٰنُهُمْ فَإِنَّهُمْ غَيْرُ مَلُومِينَ ٦ ﴾ المؤمنون: ٦

अर्थ : तर आफ्नो पत्नीहरू र आफ्नो अधीनस्थ दासी स्वास्नीहरूसंग सम्बन्ध राख्नुमा उनीमाथि कुनै आपत्ति छैन । (सूरतुल् मुमिनून ६)

र यस बाहेक अरु ती श्लोकहरू जुन अल्लाह बाहेकको लागि पनि सत्ता र अधिपत्य प्रमाणित गर्छन् । तर यो सत्ता अल्लाहको सत्ता भ्रैं छैन, किनकि यो सीमित सत्ता हो अल्लाह जस्तो व्यापक सत्ता होइन, जसरी जैदको घरको मालिक बकर हुँदैन र बकरको घरको मालिक जैद हुँदैन । यसर्थ यो सीमित स्वामित्व हो किनकि मान्छे जसको स्वामी छ त्यसलाई पनि जताभावी गर्च गर्न पाउँदैन बरु त्यसलाई पनि त्यसरी नै खर्च गर्नुपर्छ जसरी अल्लाहले आदेश गरेको छ । र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले मान्छेलाई अपव्यय र फजूल खर्ची गर्नुबाट मनाही गरेका छन्, र अल्लाहको फर्मान छः

﴿ وَلَا تُؤۡتُواْ ٱلسُّفَهَآءَ أَمۡوَٰلَكُمُ ٱلَّتِي جَعَلَ ٱللَّهُ لَكُمۡ قِيَٰمٗا ﴾

النساء: ٥

अर्थ : र बुद्धिहीनहरूलाई आफ्ना माल नदेऊ जुन माललाई अल्लाहले तिम्रो जीविकाको साधन बनाएको छ । (सूरतुन्निसा ५)

त यो यस कुरामाथि प्रमाणीकरण गर्छ कि मनुष्यको स्वामित्व सीमित र निबन्धित एवं तुच्छ स्वामित्व हो अल्लाहको स्वामित्वको तुलनामा, किनकि अल्लाहको स्वामित्य र सत्ता असीमित र व्यापक छ, त्यो जे चाहोस् र जहिले चाहोस् गरिहाल्छ त्यसबाट कोही सोधपुछ गर्नेवाला छैन ।

तौहीदे रुबूबियतको तेस्रो आधार यो हो कि व्यवस्थापन र संचालन कार्यमा अल्लाह एकलै छ त्यसको कोही साभ्कीदार छैन त्यो एकलै समस्त सृष्टिको व्यवस्थापक र संचालक हो, धरती र आकाशको व्यवस्थापन त्यो नै गर्छ, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِى
سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ يُغْشِى ٱلَّيْلَ ٱلنَّهَارَ

يَطْلُبُهُۥ حَثِيثًا وَٱلشَّمْسَ وَٱلْقَمَرَ وَٱلنُّجُومَ مُسَخَّرَٰتٍۭ بِأَمْرِهِۦٓ ۗ أَلَا لَهُ ٱلْخَلْقُ وَٱلْأَمْرُ ۗ تَبَارَكَ ٱللَّهُ رَبُّ ٱلْعَٰلَمِينَ ﴿٥٤﴾

الأعراف: ٥٤

अर्थ : नि:सन्देह तिम्रो पालनकर्ता अल्लाह नै हो, जसले आकाशहरू र पृथ्वीलाई, छ (६) दिनमै सृष्टि गऱ्यो र त्यस पश्चात आफ्नो अर्श (सिंहसान) माथि उच्च भयो, उसैले रातीबाट दिनलाई यसरी ढाकिदिन्छ कि दिन रातीको पछि दौडेर आउँछ । र सूर्य, चन्द्र र ताराहरूको यसरी सृष्टि गऱ्यो कि सबै उसैको आदेशको अधीनमा हुन्छन् । हेर ! सम्पूर्ण सृष्टि उसैको हो र आदेश पनि उसैको चल्छ । यो अल्लाह सर्वगुण सम्पन्न छ जो सबै ब्रह्माण्डको पालनकर्ताहो । (सूरतुल् अअ्राफ ५४)

त यो व्यापक र सबैलाई शामेल व्यवस्थापन र संचालन हो जसलाई कुनै कुरो रोक्न र छेक्न सक्दैन । तर जुन व्यवस्थापन र संचालन अल्लाह बाहेक कसै अरुलाई प्राप्त छ जसरी धन सम्पत्ति, घरपरिवार, र सन्तानको व्यवस्थापन त यो सीमित

व्यवस्थापन हो । त यस कुराबाट यो प्रष्ट भयो कि हाम्रो यो कथन सत्यतामा आधारित छ कि तौहीदे रुबूबियतको अर्थ हो: अल्लाहलाई मात्र एकलो स्रष्टा, स्वामी, व्यवस्थापक र संचालक मान्नु । त वास्तवमा यो नै तौहीदे रुबूबियत हो ।

तौहीदको दोस्रो थरी हो तौहीदे उलूहियत ( ईश हुनुमा अल्लाहलाई एक मान्नु) अर्थात पूजनीयताको एकेश्वरवाद । त यसको अर्थ हो कि पूजा गर्नुमा अल्लाहलाई एक मान्नु त्यस बाहेक कसैको पूजा नगर्नु, नत अल्लाहको साथ नै कसैको पूजा गर्नु, अर्थात अल्लाहको पूजा गर्नुमा कसै अरुलाई पनि सहभागी नगर्नु, नत पूजाद्वारा कुनै अरुको त्यस्तै सामीप्यता प्राप्त गर्नु जसरी अल्लाहको सामीप्यता प्राप्त गरिन्छ ।

र एकेश्वरवादको यसै थरीमा बहुदेववादीहरू पथभ्रमित भएका हुन् जिनीहरूसति रसूल सल्लल्लाहो अलैहे वसल्लमले युद्ध गर्नु भयो, र उनीहरूका धन सम्पत्ति र घरपरिवार र सन्तानलाई हलाल र ग्रहणीय ठहर गरेका थिए ।

र यो नै त्यो थरी हो जसको कारण सन्देष्टाहरूलाई पठाइयो, र किताबहरूलाई अवतरित गरियो तौहीदे रुबूबियत र अस्मा वस्सिफातको साथै । तर सन्देष्टाहरूले  अधिकांश समय यसै तौहीद अर्थात तौहीदे उलूहियतको नै प्रचार प्रसार गर्थे कि कुनै मान्छे पनि अल्लाहको पूजामा कसै अरुलाई सहभागी नगरोस्, नत कुनै सामीप्यताप्राप्त स्वर्गदूतलाई, नत कुनै सदाचारी र असल वलीलाई, नत कुनै अरु अन्य सृष्टिलाई । किनकि यो पूजा अल्लाह बाहेक कसैको लागि पनि सही छैन, र जसले यस एकेश्वरवादमा कुनै प्रकारको कमिकोताही गर्छ त्यो काफिर र नास्तिक एवं बहुदेववादी भइहाल्छ, यद्यपि त्यो मान्छे तौहीदे रुबूबियत र तौहीदे अस्मा वस्सिफातको इकरार किन नगरोस् । यसर्थ यदि कुनै मान्छे अल्लाहमाथि आस्था राखोस् कि त्यो नै स्रष्टा र व्यवस्थापक एवं संचालक हो, र त्यसको लागि ती समस्त गुणहरू र नामहरू जुन त्यस योग्य छन्  त्यसैको लागि विशिष्ट पनि गरोस्, तर यसको साथै त्यो अल्लाहको पूजामा कसै अरुलाई पनि सहभागी गर्छ भने

त्यसको तौहीदे रुबूबियत र तौहीदे अस्मा वस्सिफातको इकरार पनि त्यसलाई कुनै लाभ पुऱ्याउँदैन । यसर्थ यदि कोही यी दुवै तौहीदका थरीहरूलाई मानेर त्यसको इकरार गरेर (अर्थात तौहीदे रुबूबियत र तौहीदे अस्मा वस्सिफातको इकरार गरेर) पनि चिहान निकट जाँदाखेरि त्यसमा दफन गरिएको मान्छेको पूजा गर्छ त्यसलाई पुकार्दछ्छु, वा त्यसमा भएको मानिसको लागि बलि गर्छ, वा भाकल मान्दछ ... आदि त यस्तो कार्य गर्ने मान्छे बहुदेववादी र काफिर भयो, र त्यो सदैंवको लागि नर्कमा जानेछ, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ إِنَّهُۥ مَن يُشۡرِكۡ بِٱللَّهِ فَقَدۡ حَرَّمَ ٱللَّهُ عَلَيۡهِ ٱلۡجَنَّةَ وَمَأۡوَىٰهُ ٱلنَّارُۖ وَمَا لِلظَّٰلِمِينَ مِنۡ أَنصَارٖ ٧٢ ﴾

المائدة: ٧٢

अर्थ : जानिराख कि जसले अल्लाहसँग साझेदार ठहराउँछ, अल्लाहले उसको लागि स्वर्गमा प्रवेश हराम (निषेधित) गरिदिएको छ र उसको बासस्थान

नर्क हुनेछ। र पापीहरूको कोही पनि सहयोगी हुनेछैन। (सूरतुल् माइदा ७२)

र प्रत्येक कुरआन पढ्ने मान्छेलाई यो ज्ञात नै छ कि जुन बहुदेववादीहरूसित रसूल सल्लल्लाहो अलैहे वसल्लमले युद्ध गर्नु भयो, र उनको माल र रगतलाई हलाल गर्नु भयो, र उनीहरूका घरपरिवारलाई बन्दी बनाउनु भयो, र उनीहरूको जग्गा जमिनमा कब्जा गर्नु भयो, उनीहरू पनि यो मान्दथे कि मात्र अल्लाह नै स्रष्टा हो, र यस कुरामा उनीहरू कण बरोबर पनि शंका गर्दैनथे, तर जब उनीहरूले अल्लाहको पूजामा अल्लाहको साथमा अरुलाई पनि सहभागी बनाउँथे त आफ्नो यसै बहुदेववादको कारण नै काफिर घोषित भए जसको रगत र सम्पत्ति हलाल भयो।

र रह्यो कुरो तेस्रो थरी तौहीदे अस्मा वस्सिफातको : र यसको अर्थ हो अल्लाहलाई त्यसको ती समस्त नाम र गुणहरूमा विशिष्ट मान्नु जसद्वारा अल्लाहले आफूलाई विशेषित गरेको छ आफ्नो पवित्र ग्रन्थ कुरआनमा, वा त्यसको रसूलले त्यसको लागि वर्णन गरेका छन्, बिना कुनै थपघट, र बिना कुनै

रद्दोबदल, र बिन अनुरूपता। यसर्थ यो अनिवार्य छ कि मान्छे ती समस्त नाम र गुणहरूमाथि आस्था राखोस् जुन अल्लाहले आफ्नो लागि वर्णन गरेका छन् वास्तविक तौरले नकि त्यसलाई काल्पनिक मानोस्, तर बिना कुनै थपघट र रद्दोबदल।

र यो नै त्यो थरी हो जसबारे मुसलमानका अधिकांश ग्रुपहरू पथ विचलनमा परे जुनकि आफूलाई इस्लामसित संलग्न गर्छन्। त तीमध्ये केही यस्ता थिए जुन अल्लाहलाई पवित्र र स्वच्छ मान्नुमा यति अघि बढिहाले (सीमा उल्लंघन गरे) कि इस्लामको सीमाबाट नै निस्के। र तीमध्ये कतिपय मध्यमार्गी नै रहे। र केही सत्यवान अहलुस्सुन्नहसित[□] अति नजिक छन्। तर सत्यवान सदाचारी हाम्रा पूर्वजहरूको यस एकेश्वरवादको बारेमा यो तरिका थियो कि उनीहरू अल्लाहको लागि ती नाम र विशेषताहरूलाई उस्तै प्रमाणित

[□] अहलुस्सुन्नह: त्यस इस्लामीय समूहलाई भनिन्छ जुन कुरआन र सुन्नतमा आधारित कार्यहरूमाथि कार्यरत छन् उनी ती मध्यमार्गीय समूह हुन् जुन नत इस्लाम धर्ममा कुनै नौलो कुराको अविष्कार गर्छन् नत त्यसले निर्धारित गरेका सीमाहरूको अतिक्रमण नै गर्छन् बरु अल्लाह र अल्लाहका रसूलले बताएका मार्गमा हिंडदै जान्छन् ....। (अनुवादक)

मान्थे जसरी अल्लाहले र त्यसका रसूलले त्यसको लागि वर्णन गरेका छन् बिना कुनै अनुरूपता र थपघट । र यसको उदाहरण हो कि: अल्लाहले आफूलाई जीवित (हैय्य) सबैलाई थाम्नेवाला सर्वगुण सम्पन्न भएको पुष्टि गरेको छ, त हामीमाथि यो अनिवार्य छ कि हामी यस कुरामाथि आस्था राखौं कि यस नाममा जुन विशेषता नीहित छ जसरी परिपूर्ण जीवन जसभन्दा अघि मृत्यु छैन नत त्यसलाई जीवन पश्चात मृत्यु नै आउने छ। र यस्तै अल्लाहले आफूलाई (समीअ् र अलीम) सबै सुन्नेवाला र सर्वज्ञानी बताएको छ, त हामीमाथि यो अनिवार्य छ कि हामी यो मानौं कि समीअ् त अल्लाहको नाम हो र सुन्नु त्यसको विशेषता हो, त हामी यो मानौं कि त्यो सुन्दछ किनकि यो नाम यस विशेषतालाई संलग्न छ, किनकि बिना कान सुन्नु असम्भव कुरो हो, त यस्तै अल्लाहका अरु नाम र विशेषताहरूको बारेमा पनि बुझिहाल ।

आर्को उदाहरण: अल्लाहको फर्मान छ:

﴿ وَقَالَتِ ٱلۡيَهُودُ يَدُ ٱللَّهِ مَغۡلُولَةٌۚ غُلَّتۡ أَيۡدِيهِمۡ وَلُعِنُواْ بِمَا قَالُواْۘ

بَلۡ يَدَاهُ مَبۡسُوطَتَانِ يُنفِقُ كَيۡفَ يَشَآءُۚ ﴾ المائدة: ٦٤

अर्थ : र यहूदीहरूले भने कि अल्लाहको हात बाँधिएको छ, (तर वास्तवमा) तिनीहरूकै हात बाँधिएको छ । र यस भनाईको कारण तिनीहरू तिरस्कृत भए, बरु अल्लाहका दुवै हात खुल्ला छन् । जुन किसिमबाट र जति चाहन्छ खर्च गर्दछ । ( सूरतुल् माइदा ६४)

त यस श्लोकमा अल्लाहले भनेको छ कि त्यसका दुवै हात खुल्ला छन्,( يَدَاهُ مَبۡسُوطَتَانِ ) त अल्लाहले आफ्नो लागि हात साबित गरेको छ, र त्यसको यो विशेषता बताएको छ कि दुवै खुल्ला छन् अर्थात अत्याधिक उदारतावाला छन् । त हामीमाथि यो अनिवार्य छ कि हामी यो आस्था राखौं कि अल्लाहका हात छन् र अति उदारक पनि छन्, तर यसको साथै हामीमाथि यो पनि अनिवार्य छ कि हामी त्यस हातको बारेमा कुनै प्रकारको कुटिलता

नअपनाऔं, र त्यसको आकार र कैफियत आफै वर्णन नगरौं, नत त्यसलाई कसैको हात अनुरूप नै मानौं, किनकि अल्लाहको फर्मान छ:

﴿ لَيْسَ كَمِثْلِهِۦ شَىْءٌ ۖ وَهُوَ ٱلسَّمِيعُ ٱلْبَصِيرُ ﴾ ١١ ﴿ الشورى: ١١

अर्थ : त्यस जस्तो कुनै कुरा छैन, र ऊ अति सुन्दछ र जान्दछ । (सूरतुश्शूरा ११)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ قُلْ إِنَّمَا حَرَّمَ رَبِّىَ ٱلْفَوَٰحِشَ مَا ظَهَرَ مِنْهَا وَمَا بَطَنَ وَٱلْإِثْمَ وَٱلْبَغْىَ بِغَيْرِ ٱلْحَقِّ وَأَن تُشْرِكُوا۟ بِٱللَّهِ مَا لَمْ يُنَزِّلْ بِهِۦ سُلْطَٰنًا وَأَن تَقُولُوا۟ عَلَى ٱللَّهِ مَا لَا تَعْلَمُونَ ٣٣ ﴾ الأعراف: ٣٣

अर्थ : भनिदिनुस् कि बरु मेरो पालनकर्ताले त निर्लज्जताका कुराहरू चाहे ती खुला रूपमा हुन् वा गोप्य, र प्रत्येक पापलाई र अकारण कसैमाथि अत्याचार गर्ने कुरालाई त्याज्य बनाएको छ । र

कसैलाई अल्लाहको साझेदार ठान्ने कुरा जसको निम्ति उसले कुनै प्रमाण प्रदान गरेको छैन र अल्लाहको बारेमा तिमीलाई कुनै ज्ञान नभएको कुरा गर्न पनि त्याज्य छ। (सूरतुल् अअ्राफ ३३)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَلَا تَقْفُ مَا لَيْسَ لَكَ بِهِۦ عِلْمٌۚ إِنَّ ٱلسَّمْعَ وَٱلْبَصَرَ وَٱلْفُؤَادَ كُلُّ أُوْلَٰٓئِكَ كَانَ عَنْهُ مَسْـُٔولًا ٣٦ ﴾ الإسراء: ٣٦

अर्थ : जुन कुरोको तिमीलाई ज्ञानै छैन त्यसको पछि नपर्नु, किनभने कान र आँखा र हृदय यी सबैसित अवश्य सोधपुछ हुनेछ। (सूरतुल् इस्रा ३६)

त जसले अल्लाहका हातहरूलाई सृष्टिहरूको हात अनुरूप मान्यो त्यसले अल्लाहको यस कथनलाई मिथ्या ठान्योः

﴿ لَيْسَ كَمِثْلِهِۦ شَىْءٌۖ وَهُوَ ٱلسَّمِيعُ ٱلْبَصِيرُ ١١ ﴾ الشورى: ١١

अर्थ : त्यस जस्तो कुनै कुरा छैन, र ऊ अति सुन्दछ र जान्दछ । (सूरतुश्शूरा ११)

र अल्लाहको यस कथनमा त्यसको अवज्ञा गऱ्यो:

﴿ فَلَا تَضْرِبُوا لِلَّهِ الْأَمْثَالَ ﴾ النحل: ٧٤

अर्थ : तसर्थ अल्लाहको बारेमा (गलत) उदाहरणहरू नबनाऊ । (सूरतुन्नहल ७४)

र जसले पनि त्यसको कुनै आकार विशेषता अथवा कैफियत बतायो त त्यसले अल्लाहमाथि यस्तो मिथ्यारोपण गऱ्यो जसबारे त्यसलाई कुनै ज्ञान छैन ।

## तौहीदुल् अस्मा वस्सिफातको महत्व

प्रश्न: (९) आदरणीय शैख ज्यू, तौहीदुल् अस्मा वस्सिफातको बारेमा हामी अरु अधिक र विस्तृत जान्कारी चाहन्छौं ?

उत्तर: वास्तविक कुरो यो नै छ कि तौहीदको यो थरी अर्थात तौहीदुल अस्मा वस्सिफातको बारेमा

अरु विस्तारले कुरा गरियोस्, किनकि यो अति महत्वपूर्ण विषय हो, र यस कारण पनि किनकि यस थरीको विषयमा इस्लामका अत्याधिक समूहहरू पथविचलित भए, र आपसमा विभाजनको शिकार भए । तर यस विषयमा अल्लाहले हाम्रा विगतका केही सदाचारी र असल पूर्वजहरूलाई र उनीहरूका अनुयायीहरूलाई पथप्रदर्शन गऱ्यो, र अल्लाह जसलाई जाहन्छ सुमार्गतिर मार्गदर्शित गरिदिन्छ ।

र तौहीदको यस थरी अन्तर्गत हामीले यो विधि वर्णन गरेका छौं कि हामीमाथि अनिवार्य यो छ कि हामी अल्लाहका नाम एवं विशेषताहरूलाई त्यसको लागि उस्तै साबित मानौं जसरी त्यसले आफ्नो लागि आफ्नो पवित्र ग्रन्थ कुरआनमा वर्णन गरेको छ, वा त्यसको सन्देष्टाले त्यसको लागि आफ्नो जिब्रोले वर्णन गर्नु भएको छ बिना कुनै अनुरूपता र विना कुनै रद्दोबदल र थपघट । र यस सन्दर्भमा हामीले उदाहरण स्वरूप त्यसको एउटा विशेषता (हात) लाई पनि वर्णन गरेका छौं, र यो विधि पनि वर्णन गरेका छौं कि अल्लाहले वर्णन गरेको नामलाई त्यसको लागि साबित गर्नुको साथै यो पनि

मानौं कि त्यस नाममा भएको विशेषता र प्रभाव त्यसको लागि साबित छ । र यो पनि वर्णन गरिसकेका छौं कि हामी आस्था राखौं अल्लाहले आफ्नो लागि विशेषित गरेका विशेषताहरूमाथि, र त्यसको वास्तविकतामाथि पनि, र यसको पुष्टि हामीले दुवै हातको उदाहरणले गरेका छौं कि जब अल्लाहले आफ्नो लागि दुवै हात प्रमाणित गरेको छ त हामी त्यसको लागि वास्तविक हात साबित मानौं । तर हाम्रो लागि यो जायज छैन कि त्यसको हातलाई सृष्टिहरूको हात अनुरूप मानौं, नत हामी आफ्नो हृदयमा यो कल्पना गरौं, नत आफ्नो जिब्रोले यो भनौं कि त्यसको हातको कैफियत र आकार यस्तो यस्तो छ, किनकि त्यसलाई कसै अनुरूप मान्नु त्यसको यस कथनलाई मिथ्या ठान्नु हो:

﴿ لَيْسَ كَمِثْلِهِۦ شَىْءٌۖ وَهُوَ ٱلسَّمِيعُ ٱلْبَصِيرُ ١١ ﴾ الشورى: ١١

अर्थ : त्यस जस्तो कुनै कुरा छैन, र ऊ अति सुन्नेवाला हेर्नेवाला छ । (सूरतुश्शूरा ११)

र अल्लाहको यस कथनको अवज्ञा पनि हो:

﴿ فَلَا تَضْرِبُوا لِلَّهِ الْأَمْثَالَ ﴾ النحل: ٧٤

अर्थ : तसर्थ अल्लाहको बारेमा (गलत) उदाहरणहरू नबनाऊ । (सूरतुन्नहल ७४)

र रह्यो कुरो कैफियत र आकार वर्णन गर्नुको त यस्तो गर्नु त्यस कुरामा पर्नु हो जसलाई अल्लाहले अवैध घोषित गरेको छ, किनकि अल्लाहको फर्मान छ:

﴿ قُلْ إِنَّمَا حَرَّمَ رَبِّيَ الْفَوَاحِشَ مَا ظَهَرَ مِنْهَا وَمَا بَطَنَ وَالْإِثْمَ وَالْبَغْيَ بِغَيْرِ الْحَقِّ وَأَنْ تُشْرِكُوا بِاللَّهِ مَا لَمْ يُنَزِّلْ بِهِ سُلْطَانًا وَأَنْ تَقُولُوا عَلَى اللَّهِ مَا لَا تَعْلَمُونَ ﴿٣٣﴾ ﴾ الأعراف: ٣٣

अर्थ : भनिदिनुस् कि बरु मेरो पालनकर्ताले त निर्लज्जताका कुराहरू चाहे ती खुल्ला रूपमा हुन् वा गोप्य, र प्रत्येक पापलाई र अकारण कसैमाथि अत्याचार गर्ने कुरालाई त्याज्य बनाएको छ । र

कसैलाई अल्लाहको साझेदार ठान्ने कुरा, जसको निम्ति उसले कुनै प्रमाण प्रदान गरेको छैन र अल्लाहको बारेमा तिमीलाई कुनै ज्ञान नभएको कुरा गर्न पनि त्याज्य छ। (सूरतुल् अअ्राफ ३३)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَلَا تَقْفُ مَا لَيْسَ لَكَ بِهِۦ عِلْمٌ ۚ إِنَّ ٱلسَّمْعَ وَٱلْبَصَرَ وَٱلْفُؤَادَ كُلُّ أُو۟لَـٰٓئِكَ كَانَ عَنْهُ مَسْـُٔولًا ﴿٣٦﴾ ﴾ الإسراء: ٣٦

अर्थ : जुन कुरोको तिमीलाई ज्ञानै छैन त्यसको पछि नपर्नु, किनभने कान र आँखा र हृदय यी सबैसित अवश्य सोधपुछ हुनेछ। (सूरतुल् इस्रा ३६)

र अब हामी अल्लाहको विशेषताको आर्को उदाहरण वर्णन गर्दछौं र त्यो हो अल्लाहको आफ्नो सिंहासन (अर्श) माथि उच्च हुनु। त अल्लाहले आफ्नो लागि यो विशेषता प्रमाणित गरेको छ कि त्यो आफ्नो सिंहासनमाथि उच्च छ, र यसलाई आफ्नो पवित्र ग्रन्थ कुरआनको सात ठाउँमा वर्णन गरेको छ, र

समस्त ठाउँमा यसको लागि "इस्तवा" शब्दको प्रयोग गरेको छ, र जब हामी यसको अर्थ खोज्नुको लागि अरबी शब्दकोशहरूमा हेर्दछौं, त हामी यो पाउँछौं कि यस शब्दको अर्थमा उच्च हुने अर्थ नीहित छ यसर्थ अल्लाहको यस कथन र यस जस्ता अरु कथनहरूको अर्थ हुन्छः

﴿ ٱلرَّحۡمَٰنُ عَلَى ٱلۡعَرۡشِ ٱسۡتَوَىٰ ۝٥ ﴾ طه: ٥

अर्थ : असीम दयालु, जो उच्चासन (अर्श) माथि उच्च छ। (सूरतु ताहा ५)

कि त्यो आफ्नो सिंहासन (अर्श) माथि त्यसरी उच्च छ जसरी त्यसको लागि उपयुक्त छ। त यो उच्च हुनु अल्लाहको लागि वास्तविक तौरले प्रमाणित छ, यसर्थ त्यो त्यसरी नै उच्च छ जसरी त्यसको लागि उपयुक्त छ, र त्यसको यो उच्चता कुनै सृष्टि सरह छैन जसरी कि मान्छे ओछ्यानमाथि उच्च हुन्छ आसित हुन्छ नत यो त्यसको पूर्ण सृष्टिमाथि र तारामण्डलमाथि उच्च हुने सरह नै छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَٱلَّذِى خَلَقَ ٱلْأَزْوَٰجَ كُلَّهَا وَجَعَلَ لَكُم مِّنَ ٱلْفُلْكِ
وَٱلْأَنْعَٰمِ مَا تَرْكَبُونَ ﴿١٢﴾ لِتَسْتَوُۥا۟ عَلَىٰ ظُهُورِهِۦ ثُمَّ تَذْكُرُوا۟
نِعْمَةَ رَبِّكُمْ إِذَا ٱسْتَوَيْتُمْ عَلَيْهِ وَتَقُولُوا۟ سُبْحَٰنَ ٱلَّذِى
سَخَّرَ لَنَا هَٰذَا وَمَا كُنَّا لَهُۥ مُقْرِنِينَ ﴿١٣﴾ وَإِنَّآ إِلَىٰ رَبِّنَا
لَمُنقَلِبُونَ ﴿١٤﴾ ﴾ الزخرف: ١٢ - ١٤

अर्थ : जसले विभिन्न कुराहरूका जोडाहरू बनायो र तिम्रो निम्ति ती डुङ्गाहरू र जनावर बनायो जसमाथि तिमी सवारी गर्दछौ । ताकि तिमी उनीहरूको पिठ्यूमा दृढ भई बस्न सक, अनि यादगर आफ्नो पालनकर्ताको अनुकम्पालाई, जब तिमी उनीहरूमाथि राम्रोसँग बसिहाल्छौ र स्तुति गर्दै भन: "महिमावान छ त्यो जसले यसलाई हाम्रो वशमा गरिदियो, अन्यथा हामीले त यसलाई नियन्त्रणमा गर्नसक्ने थिएनौं ।"र निश्चित छ हामी आफ्नो पालनकर्तातिर फर्केर जानेवाला छौं । ( सूरतुज्जुख्रुफ १२-१४)

यसर्थ कुनै सृष्टिको कुनै सृष्टिमाथि उच्च हुनु अल्लाहको अर्शमाथि उच्च हुने सरह छैन, किनकि अल्लाह जस्तो कोही पनि छैन नत व्यक्तित्वमा नत विशेषताहरूमा । र त्यो मान्छे विशाल गल्ती गर्छ जुन यो भन्छ कि: नि:सन्देह यसको अर्थ हो: अर्थात अल्लाहको सिंहासनमाथि उच्च हुनुको अर्थ हो: “सिंहासनमाथि जबरजस्ती बस्नु” । किनकि यस्तो गर्नु यस शब्दलाई त्यसको वास्तविक अर्थबाट वंचित गर्नु र परिवर्तित गर्नु हो, र शब्दलाई त्यसको वास्तविक स्थानबाट रद्दोबदल गर्नु हो, र सहाबाहरू र ताबईनहरूको सहमतिको विरोध गर्नु पनि, र यो विकारयुक्त कुरा र प्रभावहरूसित संलग्न पनि छ ।

यसर्थ कुनै पनि आस्थावन मान्छेको लागि यो उचित छैन कि यस्तो कुरा अल्लाहको लागि आफ्नो मुखद्वारा उच्चारण गरोस्, किनकि नि:सन्देह पवित्र कुरआन अरबी भाषामा अवतरित भएको छ जस्तोकि अल्लाहको फर्मान छ:

﴿ إِنَّا جَعَلْنَٰهُ قُرْءَٰنًا عَرَبِيًّا لَّعَلَّكُمْ تَعْقِلُونَ ٣ ﴾

الزخرف: ٣

अर्थ : हामीले यसलाई अरबी भाषाको कुरआन बनायौं ताकि तिमीहरू बुझ्न सक । (सूरतुज् जुख्रुफ ३)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ نَزَلَ بِهِ ٱلرُّوحُ ٱلْأَمِينُ ﴿١٩٣﴾ عَلَىٰ قَلْبِكَ لِتَكُونَ مِنَ ٱلْمُنذِرِينَ ﴿١٩٤﴾
بِلِسَانٍ عَرَبِيٍّ مُّبِينٍ ﴿١٩٥﴾ ﴾ الشعراء: ١٩٣ - ١٩٥

अर्थ : यसलाई विश्वसनीय फरिश्ताले (स्वर्गदूतले) लिएर आएको हो । तपाईंको हृदयमा उतारियो ताकि तपाई (मानिसहरूलाई) सावधान गर्नेहरूमध्येको भइहाल्नुस् । (र) यो स्पष्ट अरबी भाषामा छ । (सूरतुश्शुअ्रा १९३-१९५)

त इस्तवाको अर्थ अरबी भाषामा उच्च हुनु स्थिर हुनु हो जुन शब्द अनुकूल छ । यसर्थ इस्तवा अलल् अर्श (استوى على العرش) को अर्थ भयो: यस्तो तरिकाले उच्च हुनु जुन अल्लाहको गरिमा र महानता योग्य छ । त यदि हामी इस्तवाको व्याख्या “जबरजस्ती बस्नु” सित गर्छौं भने हामीले शब्दको

अर्थको व्याख्या गर्नुमा कुटिलता अपनायौं, किनकि हामीले इस्तवा शब्दको व्याख्या इस्तवलाको अर्थसित गर्‍यौं जुन सही छैन । र आर्को कुरो के छ भने हाम्रा सदाचारी सत्यनिष्ठ पूर्वज ताबईनहरू उच्च हुने अर्थमाथि नै एकमत छन्, किनकि यस अर्थ बोहक अरु कुनै अर्थद्वारा उनीहरूले व्याख्या गरेका छैनन् । र जब कुनै यस्तो शब्द कुरआन वा हदीसमा वर्णित होस् र त्यसको व्याख्या त्यस शब्दको वास्तविक अर्थ विरुद्ध हाम्रा सदाचारी पूर्वजहरूबाट वर्णित नहोस् बरु त्यस शब्दलाई उनीहरूले त्यसको वास्तविक अर्थमा नै आधारित मानेका होउन् भने यसको निष्कर्ष यो नै निस्कन्छ कि उनीहरूले त्यस शब्दलाई त्यसको वास्तविक अर्थमा नै साबित मानेका छन् । यसर्थ यदि कुनै भन्नेवाला यो भन्छ कि: के तिमीहरूसित यसको कुनै प्रमाण छ कि विगतका सदाचारी पूर्वजहरूले इस्तवालाई उच्चको शब्दले व्याख्या गरेका छन् ? त हामी भन्छौं कि: हो यस्तो गर्नु सदाचारी पूर्वजहरूद्वारा प्रमाणित छ । र यदि हामी यो मानिहालौं कि कुनै यस्तो प्रष्ट कुरो प्रमाणित नहोस्

त विधि यो नै छ कि कुरआन र हदीसहरूमा वर्णित शब्दहरूलाई त्यसका वास्तविक र मूल अर्थमा निर्भर नै मान्नु पर्छ र त्यसको त्यो अर्थ नै मान्नु पर्छ जसमाथि अरबी भाषा प्रमाणीकरण गरिरहेको छ ।

र रह्यो यो कुरो कि यदि हामी इस्‍तेवाको व्याख्या इस्तवलासित गर्छौं भने यसबाट के कस्तो विकारयुक्त प्रभाव जाहेर हुन्छ ? त हामी जब अल्लाहको यस कथनमा विचार र चिनतन् मनन् गर्छौं:

﴿إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِى سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ﴾ الأعراف: ٥٤

अर्थ : निःसन्देह तिम्रो पालनकर्ता अल्लाह नै हो, जसले आकाशहरू र पृथ्वीलाई, छ (६) दिनमै सृष्टि गऱ्यो र त्यस पश्चात आफ्नो अर्श (सिंहसान) माथि उच्च भयो.......। (सूरतुल् अअ्राफ ५४)

र हामी यदि यो भन्छौं कि इस्तवा इस्‌तवलाको अर्थमा छ, त यसबाट यस अर्थको बोध हुन्छ कि

आकाश र धरतीको सृष्टिभन्दा अघि सिंहासन अल्लाह बाहेक कसै अरुको अधिपत्यमा थियो । किनकि अल्लाहको भनाई छ कि पहिला त्यसले सृष्टि गऱ्यो अनि उच्च भयो । त यदि तिमी इस्तवाको अर्थमा यो भन्छौ कि फेरि त्यो जबरजस्ती त्यसमाथि (सिंहासनमाथि) उच्च भयो, त यसबाट यो कुरो प्रष्ट हुन्छ कि धरती र आकाशहरूलाई सृष्टि गर्नुभन्दा अघि अर्श अल्लाहको अधिपत्यमा थिएन, र नत धरती आकाश सृष्टि गर्ने समय नै त्यो अर्श त्यसको अधिपत्यमा थियो । र यसबाट यस विकारयुक्त भावनाको पनि बोध हुन्छ कि अल्लाह धरतीमाथि उच्च थियो वा कुनै अरु सृष्टिमाथि । त यस अर्थको बारेमा कुनै सन्देह छैन कि यो सही छैन । त स्पष्ट यो भयो कि इस्तवलाबाट यसको व्याख्या गर्नुबाट दुई प्रमुख कुटिलता सुदर्शित हुन्छः

(१) शब्दलाई त्यसको वास्तविक ठाउँबाट परिवर्तित गर्नु ।

(२) अल्लाहलाई यस्तो शब्दसित विशोषित गर्नु जुन त्यसको गरिमा योग्य छैन ।

## एकेश्वरवादका समस्त थरीहरूप्रति अनिवार्यता

प्रश्नः (१०) आदरणीय शैख ज्यु, एकेश्वरवादको प्रत्येक थरीप्रति हाम्रो दायित्व चाहिँ के हो त ?

उत्तरः हामीहरूमाथि ती समस्त थरीहरूप्रति यो अनिवार्य छ र हाम्रो ती समस्तप्रति यो दायित्व छ कि हामी त्यसमा नीहित समस्त कुराहरूमाथि आस्था राखौं, र अल्लाहलाई यस्तै एकलो मानौं जसरी यी समस्त थरीहरू त्यसमाथि प्रमाणीकरण गरिरहेका छन् ।

## अल्लाह बाहेक कसैको पूजाअर्चना गर्नुको घातकता

प्रश्नः (११) आदरणीय शैख ज्यू, पूजाका थरीहरूमध्ये कुनैलाई अल्लाह बाहेक कसैको लागि विशिष्ट गर्नुको के कस्तो हुकुम छ ?

उत्तरः यसको उत्तर कदाचित हामीले अघि वर्णन गरेका कुराहरूबाट नै थाहा भइहाल्छौं किः तौहीदुल्

इबादह अर्थात पूजामा एकेश्वरवादको अर्थ हो: कि पूजा मात्र अल्लाहको नै गर्नु, र पूजामध्ये कुनै थरीलाई पनि अल्लाह बाहेकको लागि विशिष्ट नगर्नु । र यो ज्ञात नै छ कि बलि गर्नु पूजाका थरीहरूमध्ये एक हो जसद्वारा अल्लाहको सामिप्यता प्राप्त गरिन्छ । किनकि अल्लाहले यसको आदेश गरेको छ, अल्लाहको फर्मान छ:

﴿ فَصَلِّ لِرَبِّكَ وَٱنْحَرْ ۝٢ ﴾ الكوثر: 2

अर्थ : अत: आफ्नो पालनकर्ताको लागि नमाज़ पढ्ने गर र उसको निम्ति कुर्बानी (बलि) गर । (सूरतुल् कौसर २)

र प्रत्येक सामीप्यता प्राप्त गर्ने कुरा पूजा नै हो, यसर्थ जब मान्छे अल्लाह बाहेकको लागि बलि गर्छ त्यसको आदर गर्ने उद्देश्यले र त्यसलाई नतमस्तक हुने उद्देश्यले र त्यसको सामीप्यता प्राप्त गर्ने उद्देश्यले, जसरी कि त्यसद्वारा अल्लाहको सामीप्यता प्राप्त गरिन्छ, त यस्तो कार्य गर्ने मान्छे बहुदेववादी (मुश्रिक) भयो । र जब त्यो बहुदेववादी भयो त

यस्तो मान्छेको बारेमा अल्लाहले यो एलान गरेको छ कि यस्तो बहुदेववादीमाथि स्वर्ग हराम (वर्जित) छ, र त्यसको ठेगान (बासस्थान) सदैंव सदैंवको लागि नर्क नै हुनेछ ।

त यस्तो कुराको कारणले नै हामी भन्दछौं कि: जुन केही मान्छेहरू चिहानहरूमाथि बलि गर्दछन् ती चिहानहरूमाथि जसलाई उनीहरू बलि गर्ने स्थान बुझ्दछन्, त यस्तो गर्नु बहुदेववाद हो, र यस कार्यद्वारा मान्छे इस्लाम धर्मबाट निष्कासित भइहाल्छ ।

त हाम्रो समस्त मानिसहरूलाई यो उपदेश छ कि आफ्नो यस्तो घृणित कार्यहरूको बारेमा अल्लाहसित प्रयाश्चित र तौबा गरुन्, त यदि उनीहरू यस्ता गतिविधिहरूबाट तौबा गरिहाल्छन् र बलि मात्र अल्लाहको लागि गर्न थाल्छन्, त अल्लाह उनीहरूले गरेका विगतका पाप र दुष्कर्महरूलाई क्षमा गरिदिन्छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ قُل لِّلَّذِينَ كَفَرُوٓاْ إِن يَنتَهُواْ يُغۡفَرۡ لَهُم مَّا قَدۡ سَلَفَ ﴾ الأنفال: ٣٨

अर्थ : तपाईले यी काफिरहरूसित भनिदिनुस् कि यदि उनीहरूले (आफ्ना क्रियाकलाप) त्यागिदिन्छन् भने उनीहरूका पहिलाका पापहरू क्षमा गरिदिइनेछ.. । (सूरतुल् अन्फाल ३८)

बरु अल्लाह उनीहरूलाई यसभन्दा बढि पनि प्रदान गर्नेछ र उनीहरूका विगतका पापहरूलाई पुण्यमा परिणत गरिदिन्छ, जस्तो कि अल्लाहको फर्मान छः

﴿ وَٱلَّذِينَ لَا يَدۡعُونَ مَعَ ٱللَّهِ إِلَٰهًا ءَاخَرَ وَلَا يَقۡتُلُونَ
ٱلنَّفۡسَ ٱلَّتِي حَرَّمَ ٱللَّهُ إِلَّا بِٱلۡحَقِّ وَلَا يَزۡنُونَۚ وَمَن يَفۡعَلۡ
ذَٰلِكَ يَلۡقَ أَثَامًا ٦٨ يُضَٰعَفۡ لَهُ ٱلۡعَذَابُ يَوۡمَ ٱلۡقِيَٰمَةِ
وَيَخۡلُدۡ فِيهِۦ مُهَانًا ٦٩ إِلَّا مَن تَابَ وَءَامَنَ وَعَمِلَ

عَمَلًا صَٰلِحًا فَأُوْلَٰٓئِكَ يُبَدِّلُ ٱللَّهُ سَيِّـَٔاتِهِمۡ حَسَنَٰتٖۗ

وَكَانَ ٱللَّهُ غَفُورًا رَّحِيمًا ٧٠ ﴾ الفرقان: ٦٨ - ٧٠

अर्थ : र जसले अल्लाहको साथमा कुनै अर्को पूज्यलाई पुकार्दैनन् र नाहक कुनै जीवलाई जसको हत्यालाई अल्लाहले वर्जित गरेको छ, मार्दैनन् । र न उनीहरू व्यभिचार गर्दछन् । र जसले यो काम गर्नेछ, गम्भीर पापको दण्डमा पर्नेछ । कियामतको दिन उसलाई दुईगुणा यातना हुनेछ र ऊ अपमानित भई सधैं त्यसमा रहनेछ । तर ती मानिसहरू बाहेक जसले तौबा (प्रायश्चित) गरे र विश्वास गरे र असल कर्म गरे, त यस्ता मानिसहरूको गुनाहहरूलाई अल्लाह सत्कर्ममा परिणत गरिदिनेछ र अल्लाह त अत्यन्त क्षमाशील दयावान छ । ( सूरतुल् फुर्कान ६८-७०)

त मेरो यस्ताखालका मानिसहरूलाई यो सद्उपदेश छ जुन बलिद्वारा चिहानमा भएका मानिसहरूको सामीप्यता प्राप्त गर्छन्, कि उनीहरू आफ्नो यस दुष्कर्मबाट तौबा गरुन्, र अल्लाहसित क्षमायाचना

गरुन्, र तौबा गरेमा अल्लाहद्वारा दिइएको शुभसमाचारलाई अर्पण गरुन् किनकि महान अल्लाह भक्तहरूको तौबाबाट अति प्रसन्न हुन्छ ।

# दुवै साक्ष्य बस्नुको अर्थ

प्रश्नः (१२) आदरणीय शैख ज्यू, दुवै साक्ष्य अर्थात लाइलाहा इल्लल्लाह र मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनुको अर्थ के हो ?

उत्तरः लाइलाहा इल्लल्लाह र मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनु (साक्ष्य बस्नु) नै इस्लामको साँचो हो, र यी दुवैको गवाही नदिइकन् इस्लाममा प्रवेश गर्न सकिन्न । यसै कारण जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत मुआज बिन जबल रजिअल्लाहो अन्होलाई यमनतिर पठाउनु भयो त उहाँ रजिअल्लाहो अन्होलाई यो उपदेश गर्नु भयो कि जुन प्रथम कुरातिर उनी यमनबासीहरूलाई आमन्त्रित गरुन् त्यो हो लाइलाहा इल्लल्लाह र मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनुतर्फ ।[1] त रह्यो कुरो पहिलो वाक्य लाइलाहा इल्लल्लाहको गवाहीको अर्थको, त यसको अर्थ यो हो कि मान्छे आफ्नो हृदय र जिब्रोद्वारा यो मानोस् र यसको गवाही देओस् कि अल्लाह बाहेक कोही सत्य ईश र पूज्य

[1] यसको सन्दर्भ प्रश्न नं. ४ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।

छैन, किनकि ईश र पूज्यको अर्थ हो जसको पूजा गरियोस् । र यो वाक्य स्वीकृति र अस्वीकृतिमाथि आधारित छ । त रह्यो अस्वीकृतिको कुरो त यो यस वाक्यको पहिलो भाग लाइलाहामा छ । र ह्यो स्वीकृतिको कुरो त यो यस वाक्यको दोस्रो भाग इल्लल्लाहमा छ । त यसरी यसको अर्थ हुन्छः अल्लाह बाहेक कोही सत्य पूज्य छैन । त यसमाथि हृदयद्वारा आस्था ल्याए पश्चात जिब्रोबाट इकरार गर्नु हो कि महान अल्लाह बाहेक कोही सत्य र वास्तविक ईश छैन । त यो पूजालाई मात्र अल्लाहको लागि विशिष्ट र एकाग्र गर्नुलाई सुनिश्चित गर्छ र त्यस बाहेकका समस्त पूजयहरूको पूजालाई नकार्दछ । र यस वाक्यमा "हक" सत्य शब्दलाई नीहित मान्नुले ती समस्त शंकास्पद कुराहरूको निवारण गरिदिन्छ जुन केही मानिसहरू प्रकट गर्छन् जसरी कि उनीहरूको यो भनाई किः तिमीहरू कसरी यो भन्छौ कि अल्लाह बाहेक कोही पूज्य छैन जबकि यहाँ संसारमा त अल्लाह बाहेक कैयन् पूज्यहरूको पूजा गरिन्छ ? र अल्लाहले पनि तिनीहरूलाई पूज्यको नामले नै वर्णन

गरेको छ, र तिनलाई पूज्नेहरू पनि त्यसलाई पूज्य नै भन्दछन् ? जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَمَا ظَلَمْنَٰهُمْ وَلَٰكِن ظَلَمُوٓاْ أَنفُسَهُمْۖ فَمَآ أَغْنَتْ عَنْهُمْ ءَالِهَتُهُمُ ٱلَّتِى يَدْعُونَ مِن دُونِ ٱللَّهِ مِن شَىْءٍ لَّمَّا جَآءَ أَمْرُ رَبِّكَۖ ﴾ هود: ١٠١

अर्थ : र हामीले तिनीहरूमाथि कुनै अत्याचार गरेका होइनौं बरु तिनीहरूले आफैमाथि अत्याचार गरेका हुन्, जब तिम्रो पालनकर्ताको आदेश आइपुग्यो त जुन देवताहरूलाई तिनीहरूले अल्लाह बाहेक पुकार्दथे तिनीहरू उनीहरूको कुनै पनि काम आएनन् । (सूरतु हूद १०१)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَلَا تَجْعَلْ مَعَ ٱللَّهِ إِلَٰهًا ءَاخَرَ ﴾ الإسراء: ٣٩

अर्थ : र तिमीले अल्लाहको साथमा अन्य कसैलाई पूजनीय नबनाउनु..। (सूरतुल् इस्रा ३९)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَلَا تَدۡعُ مَعَ ٱللَّهِ إِلَٰهًا ءَاخَرَۘ لَآ إِلَٰهَ إِلَّا هُوَۚ ﴾
القصص: ٨٨

अर्थ : र अल्लाहसँग कुनै अरु पुज्यलाई नपुकार्नु । उसबाहेक कोही सत्य पुज्य छैन । (सूरतुल् कसस ८८)

त जब कुरो यस्तो छ भने हामी यो कसरी भन्न सक्दछौं कि पूज्य मात्र एउटै छ जुन अल्लाह नै हो ? जबकि अल्लाह बाहेक अरुको लागि पनि पूज्य हुनु प्रमाणित छ, अनि हामी कसरी अल्लाह बाहेक अरुलाई पनि पुज्य हुने कुरालाई प्रमाणित गरिरहेका छौं जबकि समस्त सन्देष्टाहरूले अआफ्ना अनुयायीहरूसित यो भनेका छन् किः

﴿ ٱعۡبُدُواْ ٱللَّهَ مَا لَكُم مِّنۡ إِلَٰهٍ غَيۡرُهُۥٓ ﴾ الأعراف: ٥٩

अर्थ : अल्लाहको नै पूजा गर किनकि त्यस बाहेक तिम्रो कुनै अरु पूज्य छैन । (सूरतुल् अअ्राफ ५९)

त यस शंकास्पद कुराको उत्तर यो हो कि: जब यस वाक्यमा अर्थात लाइलालहा इल्लल्लाहमा हक शब्दलाई नीहित मानिन्छ त यसबाट यो प्रष्ट भएर आउँछ कि अल्लाह बाहेकका यी समस्त पूज्यहरू जिनको पूजा गरिन्छ तिनी पूज्य त हुन् तर मिथ्या पूज्य हुन्, वास्तविक पूज्य होइनन्, नत उनीहरूलाई पूजनीयताको कुनै विशेषता नै प्राप्त छ, जस्तोकि यस कुरामा अल्लाहको यो कथन प्रमाणीकरण गरिरहेको छः

﴿ ذَٰلِكَ بِأَنَّ ٱللَّهَ هُوَ ٱلۡحَقُّ وَأَنَّ مَا يَدۡعُونَ مِن دُونِهِ ٱلۡبَٰطِلُ وَأَنَّ ٱللَّهَ هُوَ ٱلۡعَلِيُّ ٱلۡكَبِيرُ ٣٠ ﴾ لقمان: ٣٠

अर्थ : र यो यस कारण, किनकि अल्लाह नै सत्य हो र उसलाई छाडेर जस जसलाई यिनीहरू पुकार्दछन्, उनीहरू असत्य छन्। र निश्चय नै अल्लाह नै सर्वोच्च र महानतम् छ। (सूरतु लुक्मान ३०)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ أَفَرَءَيۡتُمُ ٱللَّٰتَ وَٱلۡعُزَّىٰ ﴿١٩﴾ وَمَنَوٰةَ ٱلثَّالِثَةَ ٱلۡأُخۡرَىٰٓ ﴿٢٠﴾ أَلَكُمُ
ٱلذَّكَرُ وَلَهُ ٱلۡأُنثَىٰ ﴿٢١﴾ تِلۡكَ إِذٗا قِسۡمَةٞ ضِيزَىٰٓ ﴿٢٢﴾ إِنۡ هِيَ إِلَّآ
أَسۡمَآءٞ سَمَّيۡتُمُوهَآ أَنتُمۡ وَءَابَآؤُكُم مَّآ أَنزَلَ ٱللَّهُ بِهَا مِن سُلۡطَٰنٍۚ إِن
يَتَّبِعُونَ إِلَّا ٱلظَّنَّ وَمَا تَهۡوَى ٱلۡأَنفُسُۖ وَلَقَدۡ جَآءَهُم مِّن رَّبِّهِمُ
ٱلۡهُدَىٰٓ ﴿٢٣﴾ ﴾ النجم: ١٩ - ٢٣

अर्थ : के तिमीहरू लात र उज्ज़ालाई देख्यौ, र तिस्रो अन्तिम मनात (देवीको मूर्ति) लाई ? के तिम्रा निम्ति छोराहरू छन् र अल्लाहको निम्ति छोरीहरू ? यो विभाजन त बेढंग र अन्यायपूर्ण छ । उनीहरू त मात्र केही नामहरू हुन् जुन तिमीले र तिम्रो बाउबाजेले राखेका छन्, अल्लाहले त उनीहरूको निम्ति कुनै प्रमाण पठाएको छैन । उनीहरू त मात्र अड्कल र आफ्नो इच्छा पूर्तिको पछाडि हिंडिराखेका छन् र निश्चय नै उनको पालनकर्ताको तर्फबाट मार्गदर्शन आइसकेको छ । (सूरतुन्नज्म १९-२३)

र हजरत यूसुफ अलैहिस्सलामको बारेमा अल्लाहको यो कथनः

﴿ مَا تَعۡبُدُونَ مِن دُونِهِۦٓ إِلَّآ أَسۡمَآءٗ سَمَّيۡتُمُوهَآ أَنتُمۡ وَءَابَآؤُكُم مَّآ أَنزَلَ ٱللَّهُ بِهَا مِن سُلۡطَٰنٍ ﴾ يوسف: ٤٠

अर्थ : जुन कुराहरूलाई तिमीले अल्लाह बाहेक पूजा गर्दछौ तिनीहरू मात्र नाम हुन्, जुन तिमीले र तिम्रा पुर्खाहरूले नामाकरण गरिहालेका छौ । किनभने अल्लाहले तिनीहरूको सन्दर्भमा कुनै प्रमाण पठाएको छैन । (सूरतु यूसुफ ४०)

यसर्थ लाइलाहा इल्लल्लाहको अर्थ भयोः अल्लाह बाहेक कोही सत्य र वास्तविक पूज्य छैन, र रह्यो कुरो अरु पूज्यहरूको चाहे उनी सन्देष्टाहरूमध्येका होउन् वा स्वर्गदूत अथवा वलीहरूमध्येको वा ढुंगा, रुख, चन्द्र .... आदिमध्येका होउन्, वा यी बाहेक कुनै अरु वस्तुबाट जसलाई मानिसहरू पूज्य ठान्दछन् आफ्नो दृष्टिमा, त वास्तवमा यी समस्त पूज्य होइनन् जस्तो कि त्यसलाई पूज्नेहरू ठान्दछन्,

बरु उनी मिथ्या पूज्य हुन्, र वास्तवमा पूज्य त मात्र अल्लाह नै हो जसको लागि पूजनीयता छ ।

## मुहम्मदुर्रसूलुल्लाहको साक्ष्य बस्नुको अर्थ

प्रश्नः (१३) आदरणीय शैख ज्यु, मुहम्मदुर्रसूलुल्लाहको गवाहीको के अर्थ हो ?

उत्तरः त रह्यो कुरो मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनुको त यसको अर्थ होः आफ्नो जिब्रोद्वारा यसको इकरार गर्नु र हृदयले यसमाथि विश्वास राख्नु कि मुहम्मद बिन (पुत्र) अब्दुल्लाह अल् कुरशी अल् हाशेमी समस्त संसारतिर अल्लाहद्वारा पठाइएको सन्देष्टा हुन्, जस्तोकि अल्लाहको फर्मान छः

﴿ قُلْ يَٰٓأَيُّهَا ٱلنَّاسُ إِنِّى رَسُولُ ٱللَّهِ إِلَيْكُمْ
جَمِيعًا ٱلَّذِى لَهُۥ مُلْكُ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ لَآ إِلَٰهَ إِلَّا
هُوَ يُحْىِۦ وَيُمِيتُ فَـَٔامِنُوا۟ بِٱللَّهِ وَرَسُولِهِ ٱلنَّبِىِّ ٱلْأُمِّىِّ

ﭐلَّذِى يُؤۡمِنُ بِٱللَّهِ وَكَلِمَٰتِهِۦ وَٱتَّبِعُوهُ لَعَلَّكُمۡ تَهۡتَدُونَ ﴿١٥٨﴾ الأعراف: ١٥٨

अर्थ : तपाईले भनिदिनुस् : "हे मानिसहरू ! म तिमीहरू सबैको लागि त्यस अल्लाहबाट पठाइएको रसूल हूँ जो आकाशहरू र धर्तीको राज्यको स्वामी हो । उस बाहेक कोही सत्य पुज्य छैन, उसैले जीवन प्रदान गर्दछ र उसैले प्राण लिन्छ । तसर्थ अल्लाहमाथि ईमान ल्याऊ र उसका नबी उम्मीमा, जो स्वयं अल्लाह तआला र उसका आदेशमा आस्था राख्दछन् । उनको अनुशरण गर ताकि तिमी (सही) मार्ग पाउन सक ।" (सूरतुल् अअ्राफ १५८)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿تَبَارَكَ ٱلَّذِى نَزَّلَ ٱلۡفُرۡقَانَ عَلَىٰ عَبۡدِهِۦ لِيَكُونَ لِلۡعَٰلَمِينَ نَذِيرًا ﴿١﴾ الفرقان: ١

अर्थ : बडो कल्याणकारी छ त्यो अल्लाह जसले यो “फुर्क़ान” आफ्नो भक्तमाथि अवतरित गऱ्यो, ताकि समस्त संसारका मानिसहरूलाई डराउन सकोस् । (सूरतुल् फुर्कान १)

र यस गवाहीको तात्पर्य यो हो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले जुन सुकै खबर दिएमा त्यसमा विश्वास गर्नु, र जुन सुकै कुराको आदेश दिएमा त्यसको पालना गर्नु, र जुन सुकै कुराबाट रोकेमा त्यसबाट रुकिहाल्नु, र अल्लाहको पूजा मात्र त्यसै तरिकाले गर्नु जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लमले बताएका छन् ।

र यस गवाहीको तात्पर्य यो पनि हो कि: मान्छे यो मानोस् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई नत सृष्टि गर्नुमा कुनै अधिकार प्राप्त छ नत उहाँ सल्लल्लाहो अलैहे वसल्लम संचालक नै हुनुहुन्छ, नत उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पूजा अराधना गर्नु नै जायज छ । बरु उहाँ सल्लल्लाहो अलैहे वसल्लम भक्तहरूमध्ये एउटा भक्त हुन् र यस्तो सन्देष्टा हुन् जुन मिथ्यारोपण गर्दैन, र उहाँ नत आफू स्वयम्को लागि नत कुनै अरुको लागि

हानि लाभका अधिकारी छन् तर मात्र त्यतिका जति अल्लाहको मनसाय हुन्छ । जस्तोकि अल्लाहको फर्मान छः

﴿ قُل لَّآ أَقُولُ لَكُمۡ عِندِي خَزَآئِنُ ٱللَّهِ وَلَآ أَعۡلَمُ ٱلۡغَيۡبَ وَلَآ أَقُولُ لَكُمۡ إِنِّي مَلَكٌۖ إِنۡ أَتَّبِعُ إِلَّا مَا يُوحَىٰٓ إِلَيَّۚ ﴾

الأنعام: ٥٠

अर्थ : तपाई भनिदिनुस् कि म तिमीसित यो भन्दिन कि मसँग अल्लाहको ढुकुटी छ र नत म अन्तर्यामी हूँ, र नत म यो भन्दछु कि म फरिश्ता (स्वर्गदूत) हूँ । म त मात्र ती आदेशहरूको पालना गर्दछु जुन मलाई अल्लाहको तर्फबाट प्राप्त हुन्छ । (सूरतुल् अन्आम ५०)

यसर्थ उहाँ सल्लल्लाहो अलैहे वसल्लम आदेश पाएका भक्त हुन्, उहाँ सल्लल्लाहो अलैहे वसल्लम त्यही गर्छन् जसको उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई आदेश गरिन्छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿قُلۡ إِنِّي لَآ أَمۡلِكُ لَكُمۡ ضَرّٗا وَلَا رَشَدٗا ٢١ قُلۡ إِنِّي لَن يُجِيرَنِي مِنَ ٱللَّهِ أَحَدٞ وَلَنۡ أَجِدَ مِن دُونِهِۦ مُلۡتَحَدًا ٢٢﴾

الجن: ٢١ - ٢٢

अर्थ : यो पनि भनिदेऊः कि मलाई तिम्रो हकमा नाफा नोक्सानको कुनै अधिकार छैन, यो पनि भनिदिनुस् कि अल्लाह (को यातना) बाट मलाई कसैले बचाउन सक्दैन र म उस बाहेक अन्य कतै शरणको ठाउँ देख्दिन । (सूरतुल् जिन्न २१, २२)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿قُل لَّآ أَمۡلِكُ لِنَفۡسِي نَفۡعٗا وَلَا ضَرًّا إِلَّا مَا شَآءَ ٱللَّهُۚ وَلَوۡ كُنتُ أَعۡلَمُ ٱلۡغَيۡبَ لَٱسۡتَكۡثَرۡتُ مِنَ ٱلۡخَيۡرِ وَمَا مَسَّنِيَ ٱلسُّوٓءُۚ إِنۡ أَنَا۠ إِلَّا نَذِيرٞ وَبَشِيرٞ لِّقَوۡمٖ يُؤۡمِنُونَ ١٨٨﴾

الأعراف: ١٨٨

अर्थ : भनिदिनुस्: मसंग आफ्नो निम्ति पनि कुनै लाभको अधिकार छैन, र न कुनै हानिको, तर त्यति मात्र जति अल्लाहले चाहेको हुन्छ, र यदि म अदृश्यका कुरा जान्ने भए, मैले धेरै नाफा प्राप्त गरिहाल्थें र मलाई कुनै नोक्सानी हुने थिएन । म त मात्र सचेत गराउने र शुभ-समाचार दिनेवाला हूँ, त्यस्ता मानिसहरूलाई जसले ईमान ल्याएका छन् । (सूरतुल् अअ्राफ १८८)

त यो हो मुहम्मदुर्रसूलुल्लाहको गवाही दिनुको अर्थ । त यसबाट हामीहरू समक्ष यो छर्लङ्ग भइहाल्छ कि पूजाको अधिकारी नत रसूल सल्लल्लाहो अलैहे वसल्लम छन् नत उहाँ सल्लल्लाहो अलैहे वसल्लमभन्दा कम दर्जा भएका सृष्टिहरू, बरु पूजा योग्य मात्र एकलो अल्लाह नै छ । र रसूल सल्लल्लाहो अलैहे वसल्लमको हक अधिकार यो हो कि हामी उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई त्यसै श्रेणी र दर्जामा विराजित गरौं जसमा अल्लाहले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई विराजमान गरेको छ, र त्यो श्रेणी यो हो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम त्यस अल्लाहका भक्त एवं सन्देष्टा हुन् ।

# जिब्रो र हृदयले इकरार गर्नुबीच अन्तर

प्रश्न (१४) आदरणीय शैख ज्यू, के जिब्रोले इकरार गर्नु र हृदयले इकरार गर्नुबीच कुनै अन्तर छ ? र के दुवैद्वारा इकरार गर्नु आवश्यक छ ?

उत्तरः दुवैबीच अन्तर त एकदमै स्पष्ट छ, किनकि केही यस्ता मानिसहरू हुन्छन् जुन जिब्रोले त इकरार गर्छन् तर हृदयले त्यसलाई (मूलमन्त्रलाई) मान्दैनन्, जसरी कि कपटीहरू (मुनाफिकहरू) । यसर्थ कपटीहरूको बारेमा अल्लाहको भनाई छः

﴿ إِذَا جَآءَكَ ٱلۡمُنَٰفِقُونَ قَالُواْ نَشۡهَدُ إِنَّكَ لَرَسُولُ ٱللَّهِۗ ﴾

المنافقون: ١

अर्थ : हे मुहम्मद ! जब मुनाफिक्हरू तपाई साम् आउँदछन् तब भन्दछन् कि हामी साक्षी छौं कि निश्चय नै तपाई अल्लाहको रसूल हुनुहुन्छ । ( सूरतुल् मुनाफिकून १)

तर अल्लाहले उनीहरूको अवस्थाबारे यसै श्लोकमा अगाडि भनेको छः

﴿ وَٱللَّهُ يَعۡلَمُ إِنَّكَ لَرَسُولُهُۥ وَٱللَّهُ يَشۡهَدُ إِنَّ ٱلۡمُنَٰفِقِينَ لَكَٰذِبُونَ ١ ﴾ المنافقون: ١

अर्थ : र अल्लाह जान्दछ कि निश्चय नै तपाई उसको रसूल हुनुहुन्छ तर अल्लाह गवाही दिन्छ कि यी मुनाफिकहरू एकदमै झूठा छन् । (सूरतुल् मुनाफिकून १)

त यिनीहरूले आफ्नो जिब्रोद्वारा त कल्म-ए-शहादतको (मूलमन्त्रको) इकरार गरे तर त्यसलाई हृदयले मानेनन् ।

र कहिलेकाहिँ मान्छे हृदयले त त्यसको इकरार गर्छ तर जिब्रोले त्यसको उच्चारण गर्दैन, त यस्तो इकरार जाहेरी तौरले हामीलाई कुनै लाभ पुऱ्याउँदैन । र रह्यो त्यस मान्छे र त्यसको परम् पूज्यबीचको कुरो त यसबारे अधिक ज्ञान अल्लाहलाई नै हुन्छ, वा त्यसको हुकुम अल्लाहको पासमा छ । तर मात्र हृदयले मानेमा त्यस व्यक्तिलाई यस संसारमा त्यसको कुनै लाभ प्राप्त हुँदैन, र त्यसलाई

मुसलमान भनिदैन जबसम्म त्यो आफ्नो जिब्रोले त्यसको (मूलमन्त्रको) उच्चारण नगरोस्, तर यदि कोही उच्चारण गर्नुले बाधित छ कुनै पनि कारणले त त्यसको साथमा उस्तै व्यवहार गरिन्छ जस्तो त्यसको अवस्था हुन्छ, अर्थात त्यसको बाध्यता अनुसार त्यससित व्यवहार गरिन्छ, र त्यसै अनुसार त्यसमाथि हुकुम लगाइन्छ । यसर्थ मूलमन्त्रको इकरार जिब्रो र हृदय दुवैद्वारा अति आवश्यक छ ।

## एउटा सन्देह र त्यसको उत्तर

प्रश्न: (१५) आदरणीय शैख ज्यू, यस प्रश्नलाई सोध्ने कारण यो हो कि केही मानिसहरू वर्तमान युगमा यो भन्दछन् जब पूजातिर उनीहरूलाई बोलाइन्छ कि: अल्लाह नै हृदयहरूको स्वामी र मालिक हो, त यस कुरामाथि हामी तपाईंको प्रतिक्रिया चाहन्छौं ?

उत्तर: हो, हामी पनि यो नै भन्दछौं कि अल्लाह नै हृदयहरूको स्वामी हो, र जिब्रोको पनि स्वामी हो, मात्र हृदयको स्वामी होइन । र यदि हृदयहरू शुद्ध भइहालुन् भने शरीरका समस्त अंगहरू शुद्ध

भइहाल्छन्, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"ألا وإن في الجسد مضغة إذا صلحت صلح الجسد كله ، وإذا فسدت فسد الجسد كله ، ألا وهي القلب"(أخرجه البخاري ، كتاب الإيمان ، باب فضل من استبرأ لدينه ، رقم (52)، ومسلم كتاب المساقاة ، باب أخذ الحلال وترك الشبهات، رقم (1599).

अर्थ : सावधान ! शरीरभित्र एउटा यस्तो रगतको डल्लो (अंग) छ यदि त्यो शुद्ध रहोस् भने शरीरका अन्य अंगहरू शुद्ध रहन्छन्, र यदि त्यो अशुद्ध भइहालोस् भने शरीरका अन्य समस्त अंगहरू अशुद्ध भइहाल्छन्, र सुन ! त्यो अंग हो हृदय । (बुखारी, किताबुल् ईमान, बाबु फजलि मन इस्तबरआ लिदीनिही, हदीस नं. ५२ । र मुस्लिम, किताबुल् मुसाकात, बाबु अखजिल हलाले वतरकिश्शुबुहात, हदीस नं. १५९९)

त यो हदीस यस्ता प्रकारका दावी गर्नेहरूका समस्त दावीहरूलाई स्थगित गरिदिन्छ। र जब तपाई यस्ता खालका कुनै मानिसलाई कुनै पापको कार्य गरिरहेको हेर्दा उपदेश दिनुहुन्छ त त्यो भन्छः

"التقوى هاهنا" أخرجه مسلم، كتاب البر والصلة، باب تحريم ظلم المسلم وخذله، رقم (2564).

अर्थः अल्लाहको भय यता छ। (मुस्लिम, किताबुल् बिर्रि वस्सिलह, बाबु तहरीमि जुलमिल् मुस्लिमि वखजलिही, हदीस नं. २५६४)

र आफ्नो छातीतिर संकेत गर्छ त वास्तवमा यो सत्य कुरो हो (अर्थात अल्लाहको भय हृदयमा नै बस्दछ), तर यसबाट असत्यमाथि प्रमाण लिइन्छ।

र शब्द कहिलेकाहिँ सत्य हुन्छ तर त्यसलाई प्रयोग गर्ने मान्छेको त्यसद्वरा असत्य कुराको चाहना हुन्छ, अर्थात त्यसलाई प्रयोग गर्नुमा कुटिलता देखाउँछ, के तपाईले अल्लाहको यस कथनलाई हेर्नु भएनः

﴿ سَيَقُولُ ٱلَّذِينَ أَشۡرَكُواْ لَوۡ شَآءَ ٱللَّهُ مَآ أَشۡرَكۡنَا وَلَآ ءَابَآؤُنَا وَلَا حَرَّمۡنَا مِن شَيۡءٖۚ ﴾ الأنعام: ١٤٨

अर्थ : यी मुश्रिकहरूले (उत्तरमा) भन्ने छन्: कि, यदि अल्लाहले चाहेको भए हामीले अल्लाहको साझेदार ठहराउने थिएनौं र नत हाम्रा बाबु बाजेहरूले नै गर्दथे नत हामीले कुनै कुरालाई त्याज्य ठहराउदथ्यौं । (सूरतुल् अन्आम १४८)

त उनीहरूले भने यदि अल्लाहले चाहेको भए हामीहरू बहुदेववादमा पर्ने थिएनौं, र उनीहरूले सत्य नै भने कि यदि अल्लाले चाहेको भए उनीहरू बहुदेववादमा पर्ने थिएनन्, तर यस सत्य कुराद्वारा उनीहरूको अभिप्राय सत्यता कदापि थिएन, बरु त्यसद्वारा उनीहरूले आफूलाई बहुदेववादमा दृढ राख्ने कुरामा प्रमाणीकरण गरिरहेका थिए, र आफूबाट सजाय हटाउने प्रयत्नमा थिए, र यसै कारण त्यसै श्लोकमा अगाडि अल्लाहको भनाई छ:

﴿ كَذَٰلِكَ كَذَّبَ ٱلَّذِينَ مِن قَبۡلِهِمۡ حَتَّىٰ ذَاقُواْ بَأۡسَنَاۗ ﴾ الأنعام: ١٤٨

अर्थ : यस्तै यिनीहरूका पूर्वजले पनि सत्य कुरालाई गलत भन्ने गरेका थिए, यहाँसम्म कि हाम्रो सजायको स्वाद तिनीहरूले चाखे । (सूरतुल् अन्आम १४८)

यसर्थ उनीहरूको भाग्यद्वारा प्रमाणीकरण गर्नाले र आफूबाट त्यसद्वारा अभिशाप र घृणा हटाउने कार्यले उनीहरूलाई कुनै लाभ पुऱ्याएन । तर वास्तवमा त्यो कथन सत्य नै छ जुन उनीहरूले भनेका थिए कि: यदि अल्लाहले चाहेको भए हामीले बहुदेववादमा पर्ने थिएनौं । जस्तोकि अल्लाहको फर्मान छ:

﴿ ٱتَّبِعۡ مَآ أُوحِيَ إِلَيۡكَ مِن رَّبِّكَۖ لَآ إِلَٰهَ إِلَّا هُوَۖ وَأَعۡرِضۡ عَنِ ٱلۡمُشۡرِكِينَ ١٠٦ وَلَوۡ شَآءَ ٱللَّهُ مَآ أَشۡرَكُواْۗ ﴾
الأنعام: ١٠٦ - ١٠٧

अर्थ : जुन आदेश तपाईंको पालनकर्ताबाट तपाईलाई आउँछ, त्यसको पालना गर्नेगर र पालनकर्ता (अल्लाह) बाहेक अरु कोही सत्य पूजनीय छैन र मुश्रिकहरूबाट पन्छिने गर्नु । र यदि अल्लाहले चाहेको भए, यिनीहरूले शिर्क गर्ने थिएनन् ...। (सूरतुल् अन्आम १०६, १०७)

तर दुवै अवस्थाबीच अन्तर छ । यसर्थ अल्लाहले आफ्नो सन्देष्टासित भने ( وَلَوْ شَآءَ ٱللَّهُ مَآ أَشْرَكُوا۟ ) ताकि अल्लाह यो प्रष्ट गरिदेओस् कि उनीहरूको बहुदेववाद अल्लाहको चाहनाले नै घटित भएको थियो, र यसमा पनि अल्लाहको तत्वदर्शिता छ, र यस कारण पनि ताकि अल्लाह आफ्नो नबीलाई यो आशवासन देओस् कि उनीहरूद्वारा यो बहुदेववाद महान अल्लाहको चाहनाले घटित भएको छ ।

त यस कुराको सार यो हो कि जसलाई उपदेश गर्दा यो भन्छ कि: तक्वा यता छ अर्थात अल्लाहको भय हृदयमा छ, र यस सत्य शब्दद्वारा असत्यको बोध चाहन्छ । त यसै शब्दलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले पनि भनेका थिए र उहाँ सल्लल्लाहो

अलैहे वसल्लमले नै यो पनि भनेका थिए कि शरीरमा एउटा यस्तो अंग छ जुन यदि शुद्ध रहोस् भने शरीरका अन्य अंगहरू स्वतः शुद्ध रहन्छन् । यसर्थ यदि हृदयभित्र तक्वा (अल्लाहको भय) हुन्छ भने त्यसको प्रभाव शरीरका अरु अंगहरूद्वारा प्रदर्शित हुन्छ, र जाहेरी कार्य र प्रदर्शन नै अदृश्यका कार्यहरूमाथि प्रमाण हुन्छ ।

# ईमान (आस्था) को अर्थ

**प्रश्न: (१६) आदरणीय शैख ज्यू, संक्षेपमा ईमानको अर्थ र त्यसका आधारहरू के के हुन् ?**

उत्तर: ईमान (आस्था) का दुई अर्थ छन्: शाब्दिक अर्थ, र त्यो हो कुनै कुराको इकरार गर्नु, र त्यसमाथि विश्वास गर्नु । र आर्को अर्थ हो शरअी अर्थ अर्थात वैधानिक अर्थ, र यो हो: यस्तो इकरार जसको साथै त्यसमाथि विश्वास गर्नु र त्यसलाई नतमस्तक हुनु (त्यसै बमोजिम कार्य गर्नु) पनि संलग्न होस् । यसर्थ वैधानिक तौरले मात्र इकरार गर्नु पर्याप्त छैन बरु त्यसै बमोजिम कार्यरत हुनु पनि आवश्यक छ । उदाहरण स्वरूप यदि कुनै मनुष्यले यो इकरार गर्छ कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन्, र त्यसलाई यो ज्ञान पनि छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम सन्देष्टा नै हुन्, तर त्यो ती कुराहरूलाई कबूल गर्दैन जसलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लम लिएर आएका छन्, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको आदेशको पालना पनि गर्दैन, त

यस्तो मान्छे आस्थावान होइन । र यसै कारण कतिपय बहुदेववादीहरू यस्ता थिए जिनले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई सन्देष्टा र दूत मानेका थिए, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वलाई स्वीकार गरेका थिए, तर उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गरेका थिएनन्, बरु आफ्नो जातिको धर्ममा नै दृढ रहेका थिए, त उनीहरूको अनुशरणबाट रिक्त कबूल र इकरारले उनीलाई कुनै लाभ पुऱ्याएन । यसर्थ आस्थाको वैधानिक अर्थ त्यसको शाब्दिक अर्थबाट भिन्न र विशिष्ट छ । र कहिलेकाहिँ ईमान र आस्थाको वैधानिक अर्थ त्यसको शाब्दिक अर्थभन्दा व्यापक हुन्छ, जसरी नमाज वैधानिक तौरले ईमानमध्येको हो, जस्तो कि अल्लाहको फर्मान छ:

﴿ وَمَا كَانَ ٱللَّهُ لِيُضِيعَ إِيمَٰنَكُمْۚ إِنَّ ٱللَّهَ بِٱلنَّاسِ لَرَءُوفٞ رَّحِيمٞ ١٤٣ ﴾ البقرة: ١٤٣

अर्थ : र अल्लाहले तिम्रो आस्थालाई निरर्थक तुल्याउने छैन । अल्लाह त मानिसहरूसंग अत्यन्त

कृपा र दयाको व्यवहार गर्नेवाला छ । (सूरतुल् बकर: १४३)

अर्थात बैतुल् मुकद्दसतिर अनुहार गरेर पढिएका नमाजहरूलाई निरर्थक पार्नेछैन । तर शाब्दिक तौरले नमाजलाई आस्था (ईमान) मानिदैन, किनकि नमाज जाहेरी कार्य हो, र ईमान शाब्दिक सन्दर्भमा अलौकिक कुराहरूमध्येको हो ।

यसर्थ जब हामी ईमान (आस्था) को वैधानिक परिभाषा वर्णन गर्न चाहन्छौं त त्यसको परिभाषा हुन्छ: विशवासको साथै इकरार र अनुशरण पनि गर्नु । त यदि यति कुरा पाइन्न भने त्यसलाई वैधानिक तौरले ईमान मानिदैन ।

## यस अर्थको हजरत जिब्रीलको हदीसबाट संलग्नता

प्रश्न: (१७) आदरणीय शैख ज्यू, के यो नै त्यो अर्थ हो, जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत जिब्रीलको प्रश्नको उत्तरमा भनेका थिए जब

## हजरत जिब्रीलले ईमानको बारेमा प्रश्न गरेका थिए ?[1]

उत्तर: हो कुरो यस्तै छ, किनकि अल्लाह, र त्यसका फरिश्ताहरू, र त्यसले अवतरित गरेका ग्रन्थहरू, र त्यसका वास्तविक सन्देष्टाहरूमाथि ईमान राख्नुले यो अनिवार्य भइहाल्छ कि त्यसलाई स्वीकार पनि गरोस् र त्यसलाई नतमस्तक पनि भइहालोस् । यसर्थ यदि कसैले यो भन्यो कि त्यो आस्था राख्दछ अल्लाहमाथि र त्यसका फरिश्ताहरूमाथि, र त्यसका किताबहरूमाथि, र त्यसका समस्त सन्देष्टाहरूमाथि, तर त्यो नत त्यसमा विश्वास राख्दछ नत नतमस्तक नै हुन्छ, त त्यसलाई यस्तो आस्था कुनै लाभ पुर्‍याउँदैन, नत त्यसलाई त्यो आस्था नै लाभ पुर्‍याउँछ जुन त्यसको हृदयभित्र छ । यसर्थ यो आवश्यक छ कि त्यसलाई कबूल गरेर अल्लाहलाई नतमस्तक पनि भइहालोस् ।

**प्रश्न: (१८) आदरणीय शैख ज्यू, यदि कसैसित यो प्रश्न गरियोस् कि ईमान इकरारको साथ कबूल गर्नु**

---

[1] यसको सन्दर्भ अगाडि वर्णन गरिनेछ ।

र नतमस्तक हुनु हो ? वा यो मानियोस् कि ईमानको अर्थ हो: अल्लाहमाथि आस्था राख्नु, र त्यसका फरिश्ताहरूमाथि आस्था राख्नु, र त्यसका ग्रन्थहरूमाथि आस्था राख्नु, र त्यसका सन्देष्टाहरूमाथि आस्था राख्नु ? जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ ?

उत्तर: हामी भन्छौं कि ईमान स्वीकार गर्नु र नतमस्तक हुनु हो । र यदि हामीले यो उत्तर दिएको खण्डमा प्रश्नकर्ता यसको विस्तृत जानकारी चाहन्छ भने हामी यो भन्छौं कि तिमी अल्लाहमाथि र त्यसका किताबहरू र त्यसका फरिश्ताहरू र त्यसका सन्देष्टाहरूमाथि आस्था राख । फेरि ईमानको त्यो अर्थ जसलाई अहिले हामीले वर्णन गरें त्यो समस्त धर्मलाई शम्मिलित छ ।

# ईमानको अर्थ र त्यसका आधारहरू

प्रश्न: (१९) आदरणीय शैख ज्यू, हामी यो चाहन्छौं कि ईमानको बारेमा र त्यसका आधारहरूको बारेमा विस्तृत जानकारी प्राप्त गरौं ?

उत्तर: हामीले यसको परिभाषाको बारेमा अघि नै संकेतित कुरा गऱ्यौं र त्यस परिभाषालाई पनि वर्णन गऱ्यौं जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले हदीसे जिब्रीलमा वर्णन गर्नु भएको छ । त रह्यो कुरो त्यस परिभाषाको जसलाई हामीले वर्णन गरेका छौं त त्यो समस्त धर्मलाई समाविष्ट छ, र त्यो परिभाषा हो: इकरारको साथ स्वीकृति र नतमस्तकता । त यसै परिभाषाको बारेमा विधिशास्त्रमा विधिशास्त्री र विद्हरू कुरा गर्छन् सिद्धान्तका किताबहरूमा । र रह्यो त्यो परिभाषा जसलाई हदीसे जिब्रीलमा वर्णन गरिएको छ, त त्यो ईमानको विशिष्ट अर्थ हो, किनकि हजरत जिब्रीलले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित पहिला इस्लामको बारेमा प्रश्न गर्नु भयो, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यसलाई प्रष्ट पार्नु

भयो, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित हजरत जिब्रीलले ईमानको बारेमा सोध्नु भयो जुनकि अलौकिक सिद्धान्त हो ।

र इस्लाम जाहेरी कार्यहरू हो, किनकि कुनै मान्छेलाई यस कुरामा सन्देह छैन कि लाइलाहा इल्लल्लाहको गवाही दिनु ईमानमध्येको नै हो । यसर्थ जब यो शाब्दिक उच्चारण हो त यो जाहेरी कार्यहरूमध्येबाट भइहाल्यो जुनकि नमाज, व्रत, जकात (धर्मदाय) र हज्ज हो ।

र जुन आधारहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले वर्णन गर्नु भएको छ ती ६ वटा छन् जसबारे कसैलाई पनि सन्देह छैन, जसरी कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले हजरत जिब्रीलको प्रश्नको उत्तरमा भनेका थिए कि:

"الإيمان أن تؤمن بالله ، وملائكته ، وكتبه ، ورسله ، واليوم الآخر ، وتؤمن بالقدر خيره وشره"

(أخرجه مسلم، كتاب الإيمان، باب بيان الإيمان والإسلام والإحسان، رقم (8).

अर्थ : ईमान (आस्था) यो हो कि: तिमी अल्लाहमाथि, र त्यसका फरिश्ताहरू (स्वर्गदूतहरू) माथि, र त्यसका ग्रन्थहरूमाथि, र त्यसका सन्देष्टाहरूमाथि, र प्रलयको दिनमाथि आस्था राख, र भाग्यको भलाई र बुराईमाथि आस्था राख । ( मुस्लिम, किताबुल् ईमान, बाबु बयानिल् ईमानि वल् इस्लामि वल् एहसान, हदीस नं. ८)

र अब हामी यी छवटै आधारहरूको महत्वलेगर्दा यसलाई अलि विस्तारले वर्णन गर्दछौं:

त रह्यो कुरो अल्लाहमाथि ईमान राख्नुको: त यो चार कुराहरूलाई समाविष्ट छ: अल्लाहको वजूद ( विद्यमान हुने कुरा) माथि ईमान राख्नु, र त्यसको प्रतिपालक र स्रष्टा हुने कुरामा ईमान राख्नु, र त्यसको पूजनीय ईशट हुने कुरामा ईमान राख्नु, र त्यसका नाम र विशेषताहरूमाथि ईमान राख्नु ।

त रह्यो कुरो त्यसको वजूद (विद्यमानता) माथि आस्थाको, त यो हो यस कुराको इकरार गर्नु कि अल्लाह विद्यमान छ, र यस पूर्ण विश्वमा अल्लाहको विद्यमान हुने कुराको अभिमानीहरू बहेक कोही पनि इन्कार गर्दैन, बरु कुनै पनि बुद्धिमान यस कुराको दावी गर्न सक्दैन कि यत्रो विशाल ब्रह्माण्ड आफै एक्कासी निर्मित भइहालेको छ, वा बिना कुनै निर्माता निर्मित भएको छ, किनकि यस्तो हुनु असम्भव छ, र यस कुरामा समस्त बुद्धिजीविहरूको एकमत छ । यसर्थ अल्लाहको विद्यमानतामाथि मनोवैज्ञानिक, प्रकृतिक, वैधानिक, भौतिक र भावनात्मक प्रमाणहरू प्रमाणीकरण गरिरहेका छन् । त यी चारवटै कुराहरू अल्लाहको विद्यमान हुने कुरामाथि प्रमाणीकरण गर्छन् ।

त रह्यो कुरो मनीषय र मनोवैज्ञानिक प्रमाणको कुरो : त हामी यस संसारको विद्यमानता र त्यसमा भइरहने घट्नाहरूलाई हेर्दछौं जसलाई घटित गर्नुमा कुनै पनि सृष्टि शक्ति सम्पन्न छैन । यस ब्रह्माण्डको विद्यमानता र जेजति यस आकाश र धरतीबीच छन् जसरी: ग्रहहरू, पर्वतहरू, खोला

नालाहरू, रुख विरुवाहरू, मानव दानव र त्यसबाहेक यसबीच पाइने समस्त कुराहरू, त यी समस्त कसरी विद्यमान र उत्पन्न भए ? के यी समस्त एक्कासी उत्पन्न र विद्यमान भए ? वा बिना निर्माता उत्पन्न भए ? वा यी समस्त निर्मित कुराहरू आफै आफूलाई निर्माण गरे ? त यी तीन सम्भावनहरू छन् जब हामी यो मान्दछौं कि यिनीहरूलाई कसै अरुले निर्माण गरेको छैन र यस बाहेक कुनै चौथो सम्भावना हुनै सक्दैन, जसलाई मनीष स्वीकार गरोस् । तर यहाँ एउटा चौथो सम्भावना पनि छ जुन सही र सत्य छ ।

त रह्यो कुरो एक्कासी उत्पन्न हुनुको: त यसलाई शुद्ध मनीष मान्दैन, बरु वास्तविकता पनि यसको विरोधि छ, किनकि यस्ता विशाल सृष्टिहरू यस्तै एक्कासी उत्पन्न हुनै सक्दैनन्, बरु यसको कुनै निर्माता अवश्य छ किनकि प्रत्येक प्रभावको लागि यो आवशयक छ कि त्यसको प्रभावकर्ता होस् र यस्तो विशाल र सन्तुलित र व्यवस्थित सृष्टिहरू एककासी उत्पन्न भइहालुन् यो हुनै सक्दैन किनकि जुन कुरा एक्कासी उत्पन्न हुन्छ त्यो अव्यवस्थित

हुन्छ एक्कासी उत्पन्न हुनुको कारण, त यस संसारमा भएका प्रत्येक सृष्टिको संतुलन र व्यवस्थापन नै यस कुरामा प्रमाण हो कि यसको कुनै व्यवस्थापक र संस्थापक अवश्य छ ।

र रह्यो यो कुरो कि समस्त वस्तुले आफूलाई आफै निर्माण गरेका छन्: त यो पनि असम्भव छ किनकि यो निर्मित वस्तु उत्पन्न हुनुभन्दा अघि छदै थिएन, र जुन वस्तु छदै छैन त्यो निर्माण कसरी गर्न सक्छ, यसर्थ यो कुरो पनि असम्भव प्रमाणित भयो ।

र रह्यो यो कुरो कि: त्यो वस्तु बिना कुनै निर्माता त्यस्तै निर्मित भयो, त यो पनि पहिलो कथन अर्थात एककासी निर्मित हुनु सरह नै छ जुनकि असम्भव छ किनकि बिना निर्माता कुनै वस्तु निर्मित हुनै सक्दैन ।

त अब मात्र यो कुरो नै बाँकी रह्यो कि त्यो कुनै निर्माताद्वारा निर्माण गरिएको हो, (जुन चौथो सम्भावन हो जसतिर अघि नै हामीले संकेत गरेका छौं) र त्यो निर्माता वास्तवमा महान अल्लाह नै हो । जस्तोकि अल्लाहको फर्मान छ:

﴿ أَمۡ خُلِقُواْ مِنۡ غَيۡرِ شَيۡءٍ أَمۡ هُمُ ٱلۡخَٰلِقُونَ ٣٥ أَمۡ خَلَقُواْ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَۚ بَل لَّا يُوقِنُونَ ٣٦ ﴾ الطور: ٣٥ - ٣٦

अर्थ : के यिनीहरूले कसैले सृष्टि नगरी आफै जन्मिहालेका हुन् वा स्वयं स्रष्टा हुन् ? के उनीहरूले नै आकाशहरू र धरतीको सृष्टि गरेका छन् ? (होइन) बरु यिनीहरू ईमान नल्याउने मानिस हुन् । (सूरतुत्तूर ३४, ३५)

त यो ब्रह्माण्ड स्वयम् मनोवैज्ञानिक तौरले अल्लाहको विद्यमान हुने कुरामाथि प्रमाणीकरण गरिरहेको छ ।

र रह्यो प्रकृतिक प्रमाणको: त प्रकृतिक प्रमाण अल्लाहको विद्यमान हुने कुरामा अरु स्पष्ट छ, र यति स्पष्ट छ कि त्यसलाई अरु कुनै प्रमाणको आवश्यकता छैन । किनकि मान्छे प्रकृतिक तौरले आफ्नो स्रष्टा र प्रतिपालकमाथि आस्था राख्दछ, अल्लाहको रसूलको कथन छ:

"كل مولود يولد على الفطرة ، فأبواه يهودانه أو ينصرانه أو يمجسانه" أخرجه البخاري، كتاب الجنائز، باب إذا أسلم الصبي فمات ، رقم (1358)، ومسلم ، كتاب القدر، باب معنى : كل مولود يولد على الفطرة ، رقم (2658).

अर्थ : प्रत्येक नवजात शिशु प्रकृति (इस्लाम) माथि जन्मन्छ, अनि त्यसका बुवा आमा त्यसलाई यहूदी,[] ईसाई र मजूसी बनाइदिन्छन् । (बुखारी, किताबुल् जनाइज, बाबु इजा अस्लमास्सबीयो फमात, हदीस नं. १३५८ । र मुस्लिम, किताबुल् कद्र, बाबु मअ्ना कुल्लु मौलूदिन् यूलदु अलल् फित्रह, हदीस नं. २६५८)

र यसै कारण यदि कुनै मानिसमाथि यस संसारिक जीवनमा कुनै घातक विपदा आदि एक्कासी

[] यहूदी: हजरत मूसालाई मान्नेहरू हजरत मूसाको जाति जुन बनि इस्राईलमध्येका हुन् र जिनलाई अहले किताब (किताबवालाहरू) पनि भनिन्छ ।
ईसाई: हजरत ईसालाई मान्नेहरू जुन बनि इस्राईलमध्येका हुन् र जिनलाई अहले किताब (किताबवालाहरू) पनि भनिन्छ ।
मजूसी: आगोलाई पूज्नेहरू जिनलाई आतिशप्रस्त पनि भनिन्छ, र ईरान (फारस) बाट यस धर्मको आरम्भ भयो । (अनुवादक)

आइपरोस् त त्यो मान्छे बिना सोचबिचार यो भन्न थाल्छः हे अल्लाह, वा हे प्रतिपालक, वा यसै जस्ता वाक्यहरू, जुन यस कुरालाई प्रमाणीकरण गर्छ कि मान्छे स्वभाविक र प्रकृतिक तौरले अल्लाहको विद्यमान हुने कुरामा आस्था राख्दछ ।

र रह्यो कुरो भावनात्मक प्रमाणकोः त हामी कतिपय मानिसहरूलाई अल्लाहसित वा कोही अरुसित याचनागर्दा हेर्दछौं, र हामी त्यस याचनालाई कतिपय अवस्थाहरूमा स्वीकार हुँदा पनि हेर्दछौं । त कतिपय मानिसहरू याचनागर्दा भन्छन्ः हे प्रतिपालक !, अनि हामी त्यसको याचनालाई स्वीकार हुँदा पनि हेर्दछौं अर्थात व्यक्तिको माँग पूर्ण भइहाल्छ । र यस्ता खालका उदाहरणहरूबाट पवित्र कुरआन पूरित छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ ۞ وَأَيُّوبَ إِذۡ نَادَىٰ رَبَّهُۥٓ أَنِّي مَسَّنِيَ ٱلضُّرُّ وَأَنتَ
أَرۡحَمُ ٱلرَّٰحِمِينَ ٨٣ فَٱسۡتَجَبۡنَا لَهُۥ فَكَشَفۡنَا مَا بِهِۦ مِن
ضُرّٖ ﴾ الأنبياء: ٨٣ - ٨٤

अर्थ : अय्यूब (अलैहिस्सलाम) को अवस्थालाई पनि सम्झ जब उनले आफ्नो पालनकर्तासित प्रार्थना गरे कि मलाई यो रोग लागेको छ र तिमी सबैभन्दा ठूला दयावान हौ । अतः हामीले उनको प्रार्थना स्वीकार गऱ्यौं र उनलाई जुन कष्ट थियो त्यो हामीले समाप्त गरिहाल्यौं...। (सूरतुल् अम्बिया ८३, ८४)

र यस्तै हदीसहरूमा पनि यस्ता अनेकौं उदाहरणहरू छन्, र त्यसैमध्ये हजरत अनसले वर्णन गरेको हदीस पनि हो उहाँ रजिअल्लाहो अन्होको वर्णन छ किः

"دخل رجل يوم الجمعة والنبي صلى الله عليه
وسلم يخطب فقال : يا رسول الله هلكت الأموال ،
وانقطعت السبل ، فادع الله يغيثنا ، فرفع النبي
صلى الله عليه وسلم يديه وقال : "اللَّهُمَّ أغثنا ،
اللَّهُمَّ أغثنا ، الله أغثنا"، وكانت السماء صحوا
ليس فيها شيء من السحاب ، فما نزل النبي صلى
الله عليه وسلم من على منبره إلا والمطر يتحادر
من لحيته عليه الصلاة والسلام ، وبقي المطر
أسبوعاً كاملاً حتى دخل رجل من الجمعة الثانية
،فقال : يا رسول الله تهدم البناء ، وغرق المال ،
فادع الله أن يمسكها عنا . فرفع النبي صلى الله
عليه وسلم يديه ، وجعل يقول : "اللَّهُمَّ حوالينا ولا

عليـنا" أخرجه البخاري، رقم (1014)، ومسلم، كتاب صلاة الاستسقاء، باب الدعاء في الاستسقاء، رقم (897).

अर्थ : जुमआको दिन रसूल सल्लल्लाहो अलैहे वसल्लमले खुत्बा दिइरहेको अवस्थामा एउटा मान्छे मस्जिदमा प्रवेश गऱ्यो, अनि त्यसले भन्यो: हे अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लम ! धन समपत्ति र खेतीपाती नष्ट भए, र बाटोहरू रुके, यसर्थ तपाई हामीहरूको लागि दुआ गरिदिनुस् कि अल्लाह वर्षा अवतरित गरिदेओस् । अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो दुवै हातलाई उठाएर भन्न थाले: हे अल्लाह हामीलाई वर्षा प्रदान गर, हे अल्लाह हामीलाई वर्षा प्रदान गर । त त्यस समय आकाश एकदम सफा थियो त्यसमा बादलको एउटा टुक्रा पनि थिएन, त रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो मिम्बरबाट यस्तो अवस्थामा झर्नु भयो कि उहाँको दाह्रीबाट पानी झरिरहेको थियो, अनि निरन्तर एक सप्ताह वर्षा हुँदै रह्यो यहाँसम्म कि आर्को शुक्रवारको दिन त्यो मान्छे फेरि उपस्थित भयो, अनि त्यसले भन्यो: हे अल्लाहको रसूल

सल्लल्लाहो अलैहे वसल्लम ! वर्षालेगर्दा घरहरू भत्कन थाले, र खेतीपाती डुबानमा परे, त यस्तो गर्नुस् कि हामीहरूको लागि यस वर्षालाई रोकिनुको दुआ गरिदिनुस् । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो दुवै हातलाई उठाएर भन्न थाले: हे अल्लाह हामी वरिपरि वर्षा गराऊ र हामीमाथिबाट यसलाई हटाइदेऊ अर्थात हामीमाथि वर्षा नगारऊ । अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लम आफ्नो औंलाले जतातिर संकेत गर्थे त्यताको बादल लुप्त भइहाल्थ्यो, अनि सबै मान्छेहरू अआफ्ना घरहरू सूर्यको प्रकाशमा (घाममा) फर्केर गए । (बुखारी, हदीस नं. १०१४ । र मुस्लिम, किताबु सलातुल् इस्तिस्का, बाबुद्दुआए फिल् इस्तिस्का, हदीस नं. ८९७)

र यस्तै कतिपय यस्ता मानिसहरू छन् जुन याचना गर्छन् र त्यसलाई आफ्नो जीवनमा नै कबूल हुँदा हेरिहाल्छन्, त यो अल्लाहको विद्यमान हुने कुराको भावनात्मक प्रमाण हो ।

र रह्यो कुरो वैधानिक प्रमाणको: त वैधानिक प्रमाण त यति थुप्रै छन् कि त्यसको आँकलन गर्नु असम्भव

छ जुन कुरआन र रसूल सल्लल्लाहो अलैहे वसल्लमका हदीसहरूमा वर्णित छन्, त पूर्ण कुरआन र रसूल सल्लल्लाहो अलैहे वसल्लमद्वारा प्रमाणित हदीसहरू यस कुरामा प्रमाणीकरण गरिरहेका छन्, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ أَفَلَا يَتَدَبَّرُونَ ٱلْقُرْءَانَ وَلَوْ كَانَ مِنْ عِندِ غَيْرِ ٱللَّهِ لَوَجَدُوا۟ فِيهِ ٱخْتِلَٰفًا كَثِيرًا ﴿٨٢﴾ ﴾ النساء: ٨٢

अर्थ : के यिनीहरू कुरआनमा चिन्तनमनन् गर्दैनन् ? यदि यो अल्लाह बाहेक अरु कसैको तर्फबाट भएको भए त्यसमा निःसन्देह (धेरै) विरोधाभाषपूर्ण कुराहरू पाउने थिए । (सूरतुन्निसा ८२)

त यो ती श्लोकहरूमध्ये मात्र एउटा श्लोक हो जुन अल्लाहमाथि आस्था राख्नुमा प्रेरित गर्छ अर्थात अल्लाहको विद्यमान हुने कुरामा आस्था राख्नुमाथि ।

र रह्यो त्यसको प्रतिपालक हुने कुरा र स्रष्टा एवं पूज्य हुने कुरामाथि आस्था राख्नु, र त्यसका नाम र गुणहरूमाथि आस्था राख्नुको कुरो: त यसबारे

विस्तृत वर्णन हामीले एकेश्वरवादका थरीहरूको वर्णन अन्तर्गत विस्तारले कुरा गरिसकेका छौं ।

## हामी नास्तिकहरूलाई प्रतिउत्तर कसरी देऔं

प्रश्नः (२०) तर हामी नास्तिकहरूलाई हेर्दछौं जुन वर्तमान युगमा अत्याधिक संख्यामा छन् र उनीहरू बुद्धिजीवि पनि छन् किनकि उनीहरू नौलो नौला कुराहरूको खोज गर्दछन् र नर्माण पनि, तर उनीहरू यस कुरामा एकमत छन् कि ईश्वर छैन, त यस्ता खालका मानिसहरूलाई कसरी प्रतिउत्तर दिइयोस् ?

उत्तरः पहिला म तपाईको यस कथन कि "उनीहरू बुद्धिमान छन्" माथि प्रतिक्रिया व्यक्त गर्दछु । त यदि बुद्धिमानबाट तपाईको तात्पर्य यो छ कि उनीहरू ज्ञानी छन्, कुरोलाई बुझ्दछन्, त वास्तवमा उनीहरू यस्ता बुद्धिमान छन् । तर यदि तपाईको तात्पर्य यो छ कि उनीहरू शुद्ध मनीष राख्दछन्, त उनीहरू यस्ता छैनन्, र यसै कारण अल्लाहले काफिरहरूको यो विशेषता वर्णन गरेको

छ कि उनीहरू लाटो बहिरो अन्धो र बुद्धिहीन छन् । तर उनीहरू पनि मनीष राख्दछन् जसद्वारा कुराहरूलाई बुझ्दछन् त यो मनीष उनी विरुद्ध प्रमाण सिद्ध हुन्छ । र उनीहरू अर्थात नास्तिकहरू जब त्यो कुरो भन्छन् अर्थात ईश्वर नहुने कुरा भन्छन् त त्यसको अर्थ भलिभाँति बुझ्दछन्, तर उनीहरू मात्र अभिमानलेगर्दा यस्तो भनिराखेका छन्, नत्र उनीहरूलाई भलिभाँति यो कुरो थाहा छ कि जुन ढोका घरमा लगाइएको छ त्यो आफै निर्मित भएको छैन नत आफै घरमा लागेको छ, बरु उनीहरूलाई पनि राम्ररी यो थाहा छ कि यसको लागि अनिवार्यतया सिकर्मीको आवश्यकता पर्छ वा कुनै लोहारको आवश्यकता पर्छ जुन त्यसलाई बनाएको छ, र अवशय कोही छ जसले यसलाई घरमा लगाएको छ । बरु उनीहरूलाई यो पनि ज्ञात छ कि जुन खाना उनीहरू खान्छन् र जुन पानी उनीहरू पिउँदछन् निःसन्देह त्यसलाई कोही प्रवाहित गर्नेवाला छ र अन्नलाई उब्जाउनेवाला छ अनि त्यसको बिरुवा र बोटमा फल लाग्दछ । त उनीहरूलाई यी समस्त कुराहरूबारे राम्ररी थाहा छ,

र यो पनि थाहा छ कि यसलाई अर्थात पानीलाई प्रवाहित गर्ने र अन्नलाई उब्जाउने कार्य कुनै मानव गर्न सक्दैन, तर यो सबै जान्दा जान्दै पनि यसलाई स्वीकार गर्नुबाट अभिमान गर्दछन्, यसर्थ अभिमानीको अभिमानबाट कुनै लाभ हुनेवाला छैन, नत त्यो प्रमाण नै बन्न सक्दछ, र यस कुरालाई कदापि स्वीकार गर्न सकिन्न । त यस्ता खालका मानिसहरूसित यदि तपाई यो भन्नुस् किः यो सूर्य हो, र सूर्य त्यसको सामुन्ने प्रकाशित पनि होस् तै पनि त्यो यस कुरालाई स्वीकार्ने छैन । यसर्थ यस्ताखालका मानिसहरूसित वार्तालाप र प्रतिउत्तर गर्नु समयको बर्बादी मात्र हो । यसर्थ उनीहरूसित कुरा वार्ताले होइन बरु लडाइ झगडाले हुन्सक्छ, जस्तोकि केही विद्हरूको भनाई छ ।

## ईमान (आस्था) र त्यसका आधारहरू

**प्रश्नः (२१) आदरणीय शैख ज्यू, अब ईमानका आधारहरूको बारेमा ज्ञान गराइदिने अनुरोध छ ?**

उत्तरः ईमानको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका छन् कि त्यो हो कि तिमी

अल्लाहमाथि आस्था राख, र त्यसका फरिश्ताहरूमाथि आस्था राख, ....., जसबारे हामी अघि नै विस्तृत कुरा गरिसकेका छौं, त अल्लाहमाथि आस्था राख्नुको बारेमा पनि विस्तारले कुरा गरिसकें ।

र रह्यो अल्लाहको फरिश्ताहरूमाथि ( स्वर्गदूतहरूमाथि) आस्था राख्नुको कुरो: त उनीहरू अदृश्य सृष्टिहरूमध्येका हुन्, उनीहरूलाई अल्लाहले नूर (प्रकाश) बाट सृष्टि गरेको छ, र उनी सबैलाई आफ्नो आज्ञा पालना गर्ने कार्यमाथि खटाएको छ । अल्लाहको फर्मान छ:

﴿ يُسَبِّحُونَ ٱلَّيۡلَ وَٱلنَّهَارَ لَا يَفۡتُرُونَ ٢٠ ﴾ الأنبياء: ٢٠

अर्थ : तिनीहरू (स्वर्गदूतहरू) दिनरात उसैको गुणगान गर्छन् र अलिकति पनि ढिलासुस्ती गर्दैनन् । (सूरतुल् अम्बिया २०)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ قُوٓاْ أَنفُسَكُمۡ وَأَهۡلِيكُمۡ نَارٗا وَقُودُهَا ٱلنَّاسُ وَٱلۡحِجَارَةُ عَلَيۡهَا مَلَٰٓئِكَةٌ غِلَاظٞ شِدَادٞ لَّا يَعۡصُونَ ٱللَّهَ مَآ أَمَرَهُمۡ وَيَفۡعَلُونَ مَا يُؤۡمَرُونَ ٦ ﴾ التحريم: ٦

अर्थ : हे मोमिनहरू ! स्वयं आफूलाई र आफ्ना घरवालाहरूलाई त्यस आगोबाट बचाऊ, जसको ईन्धन मुनष्य र पत्थर हुनेछन्, जसको लागि कठोर स्वभावका, यस्ता बलशाली फरिश्ताहरू नियुक्त हुनेछन् जसले त्यसमा अल्लाहको अवज्ञा गर्दैनन् बरु जे आदेश पनि दिइन्छ, त्यसलाई कार्यान्वित गर्दछन् । (सूरतुत्तहरीम ६)

र उनीहरू नानाथरीका छन् कार्य गर्नुमा र श्रेणीहरूमा, यसर्थ हजरत जिब्रील अलैहिस्सलाम वह्‌य (प्रकाशना) ल्याउने कार्यमा खटाइएका छन्, उनी अल्लाहको प्रकाशना लिएर सन्देष्टाहरूमाथि अवतरण गर्छन्, जस्तोकि अल्लाहको फर्मान छः

﴿ نَزَلَ بِهِ ٱلرُّوحُ ٱلۡأَمِينُ ١٩٣ عَلَىٰ قَلۡبِكَ لِتَكُونَ مِنَ ٱلۡمُنذِرِينَ ١٩٤ بِلِسَانٍ عَرَبِيّٖ مُّبِينٖ ١٩٥ ﴾ الشعراء: ١٩٣ - ١٩٥

अर्थ : यसलाई विश्‍वसनीय फरिश्ताले लिएर आएको हो । तपाईंको हृदयमा उतारियो ताकि तपाई ( मानिसहरूलाई) सावधान गर्नेहरूमध्येको भइहाल्नुस् । जुन स्पष्ट अरबी भाषामा छ । ( सूरतुश्शुअ्रा १९३-१९५)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ قُلۡ نَزَّلَهُۥ رُوحُ ٱلۡقُدُسِ مِن رَّبِّكَ بِٱلۡحَقِّ ﴾ النحل: ١٠٢

अर्थ : भनिदिनुस्: कि यसलाई रूहुल कुद्दुस् फरिश्ता (जिब्राइल) तिम्रो पालनकर्ताको तर्फबाट सत्यताका साथ लिएर आएका छन्... । ( सूरतुन्नहल १०२)

र उहाँलाई (जिब्राईललाई) रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनको वास्तविक आकारमा दुई पटक हेरेका छन् जसमध्ये एउटा त्यस अवस्थामा हेरेका थिए जब उहाँ अलैहिस्सलाम क्षितिजमा आफ्नो ६०० पखेटाहरूलाई फिजाएका थिए जसद्वारा पूर्ण क्षितिजलाई ढाँकेका थिए। (बुखारी, किताबु बदइल् खल्क, बाबु इजा काला अहदुकुम आमीन वल् मलाइकतु फिस्समाअ, हदीस नं. ३२३२, ३२३४। र मुस्लिम, किताबुल् ईमान, बाबु फि जिक्रे सिदरतुल् मुन्तहा, हदीस नं. १७३)

र आर्को विशाल स्वर्गदूतहरूमध्ये हजरत मीकाईल अलैहिस्सलाम हुन् जिनलाई अल्लाहले वर्षा गराउने र अन्न उब्जाउने कार्यमा खटाएका छन्।

र तीमध्ये एउटा इस्राफील अलैहिस्सलाम पनि हुन् जिनलाई अल्लाहले सिंगा (सूर) फूँक्ने कार्यमा लगाएको छ, र उनी अल्लाहको सिंहासन उठाउने फरिश्ताहरूमध्येका पनि हुन्।

र यी तीनवटै स्वर्गदूतहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम रात्रीको नमाजको आरम्भिक दुआमा वर्णन गर्दथे जसरी:

"اللّٰهُمَّ رب جبرائيل وميكائيل وإسرافيل ، فاطر السموات والأرض ، عالم الغيب والشهادة ، أنت تحكم بين عبادك فيما كانوا فيه يختلفون ، أهدني لما اختلف فيه من الحق بإذنك إنك تهدي من تشاء إلى صراط مستقيم" (أخرجه مسلم ، كتاب صلاة المسافرين ، باب الدعاء في صلاة الليل وقيامه ، رقم (770).

अर्थ : हे अल्लाह जिब्रील र मीकाईल र इस्राफीलको प्रतिपालक, आकाश र धरतीको स्रष्टा, दृश्य र अदृश्यको ज्ञाता, तिमी भक्तहरूको त्यस कुराको फैसला गर्नेछौं जसबारे उनीहरू मतभेद गर्दथे, हे अल्लाह मलाई आफ्नो कृपाले त्यस मतभेदित कुरामा सत्यको दर्शन गारइदेऊ, तिमी जसलाई चाहन्छौ सत्मार्गतिर मार्गदर्शित गरिदिन्छौ । (

मुस्लिम, किताबु सलातिल् मुसाफेरीन, बाबुद्दुआ फि सलातिल्लैलि वकियामेही, हदीस नं. ७७०)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यी तीवनवटै स्वर्गदूतहरूलाई वर्णन गर्ने कारण यो हो कि ती समस्तमध्ये प्रत्येक यस्ता कार्यहरूको मुवक्किल हुन् जसबाट जीवन प्रचलित छ, र निद्राबाट जाग्नु पनि एक प्रकारको पुनः जीवन पाउनु सरह नै छ। यसर्थ यी तीनवटै फरिश्ताहरू हाम्रो ज्ञान बमोजिम सर्वोत्कृष्ट फरिश्ताहरू हुन्, र यिनीहरूमध्ये मलेकुल् मौत पनि हुन्, जिनलाई जीवित मान्छेहरूको ज्यान निकाल्ने कार्यमा खटाइएको छ। र यिनीहरूमध्ये ती दुई फरिश्ताहरू पनि हुन् जुन मान्छेहरूको कर्म लेखिरहन्छन्, जुन मान्छेको दायाँ र बायाँतिर हुन्छन् । र यिनीहरूमध्ये ती स्वर्गदूतहरू पनि हुन् जुन गाुणगान र महिमा गान गरिने सभाहरूमा उपस्थित हुन्छन् । र जसलाई फरिश्ताहरूबारे यसभन्दा अधिक ज्ञान चाहियोस् त त्यो ती विद्हरूका किताबहरूको अध्ययन गरोस् जिनले यस विषयमा विस्तारले लेखेका छन् ।

# स्वर्गदूतहरूमाथि आस्था

प्रश्नः (२२) आदरणीय शैख ज्यू, के स्वर्गदूतहरूमाथि आस्था राख्नुबारे कुनै कुरा शेष बाँकी छ जसलाई तपाई वर्णन गर्न चाहनु हुनेछ, वा हामी आस्थाका बाँकी आधारहरूतर्फ लागौं ?

उत्तरः ईमान (आस्था) को दोस्रो आधार स्वर्गदूतहरूमाथि आस्था राख्नुमध्येबाट यो कुरो बाँकी छ कि उनीहरूमाथि संक्षिप्त र विस्तृत तरिकाले ईमान राखिन्छ । त जुन फरिश्ताको बारेमा हामीलाई त्यसको व्यक्तिगत ज्ञान छ त हामीमाथि त्यसको व्यत्तिगत ज्ञानसहीत त्यसमाथि आस्था राख्नु अनिवार्य भइहाल्छ, जसरी हामी भन्छौं कि हामी आस्था राख्दछौं अल्लाहमाथि र जिब्रीलमाथि र मीकाईलमाथि, र इस्राफीलमाथि र मलेमुल् मौतमाथि र नर्कको पालेमाथि...., र यस जस्ता अरु स्वर्गदूतहरूमाथि जिनलाई नामांकित गरिएको छ ।

र जुन फरिश्ताहरूको व्यक्तिगत ज्ञान र नामबारे हामीलाई थाहा छैन, त तिनीहरूमाथि हामी संक्षिप्त

आस्था राखदछौं, यसर्थ हामी समस्त स्वर्गदूतहरूमाथि आस्था राख्दछौं । र उनीहरूको संख्या यति अधिक छ कि उनीहरूको वास्तविक संख्या मात्र अल्लाहलाई नै ज्ञान छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ:

"البيت المعمور الذي في السماء السابعة يدخله كل يوم سبعون ألف ملك ، إذا خرجوا منه لم يعودوا إليه آخر ما عليهم" أخرجه البخاري ، كتاب بدء الخلق ، باب ذكر الملائكة صلوات الله عليهم ، رقم (3207)، ومسلم ، كتاب الإيمان ، باب الإسراء برسول الله صلى الله عليه وسلم ، رقم (164).

अर्थ : बैतुल् मअ्मूर जुनकि सातौं आकाशमा छ त्यसमा प्रत्येक दिन सत्तरी हजार फरिश्ताहरू प्रवेश गर्छन् (परिक्रमा गर्छन्), र तिनीहरू त्यसमा प्रवेश गरे पश्चात जब निष्कन्छन् त पुनः त्यसमा प्रवेश पाउँदैनन् । ( बुखारी, किताबु बदइल् खल्क, बाबु जिक्रुल् मलाइकति सलवातुल्लाहि अलैहिम, हदीस

नं.३२०७। र मुस्लिम, किताबुल् ईमान, बाबुल् इस्रा बिरसूलिल्लाह सल्लल्लाहो अलैहे वसल्लम, हदीस नं. १६४)

र आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो खबर पनि दिनु भएको छ कि:

" ما من موضع أربع أصابع في السماء إلا وفيه ملك قائم لله أو راكع أو ساجد" (أخرجه الترمذي ، كتاب الزهد ، باب في قول النبي صلى الله عليه وسلم : " لو تعلمون ما أعلم .." ، رقم (2312)، وأحمد في المسند (173/5) ، وابن ماجه ، كتاب الزهد ، باب الحزن والبكاء ، رقم (4190)، وقال الترمذي : حديث حسن غريب).

अर्थ : आकाशमा चार औंला जतिको कुनै स्थान छैन तर त्यहाँ कुनै नकुनै फरिश्ता उभेर अल्लाहको स्तुतिमा व्यस्त छ, वा रुकूअको अवस्थामा वा ढोगको अवस्थामा अल्लाहको स्तुतिमा मग्न छ। ( तिर्मिजी, किताबुज्जुहद, बाबु फि कौलिन्नबी

सल्लल्लाहो अलैहे वसल्लमः "लौ तअ्लमूना मा अअ्लम", हदीस नं.२३१२ । र अहमद मुस्नदमा ५/१७३ । इब्ने माजा, किताबुज्जुहद, बाबुल् हुज्ने वल्बुकाअ्, हदीस नं. ४१९० । र इमाम तिर्मिजीले यस हदीसलाई विश्वासनीय र अपरिचित भनेका छन् । )

तर हामीहरूलाई मात्र ती स्वर्गदूतहरूको नाम र कार्यबारे थाहा छ जिनको बारेमा विधानले हामीलाई विस्तृत तरिकाले सूचित गरेको छ, त हामीमाथि यस्तो अवस्थामा तिनीहरूमाथि विस्तृत आस्था राख्नु अनिवार्य छ । र जिनको विवरण विधानले हामी समक्ष राखेको छैन तिनीमाथि संक्षेपमा ईमान राख्नु अनिवार्य छ ।

र यी फरिश्ताहरूलाई यति तागत र शक्ति प्रदान गरिएको छ जुन कुनै मनवलाई प्राप्त छैन, यसर्थ उनीहरू अल्लाहका प्रतीकहरूमध्ये एक हुन् । र यसै कारण उनीहरूमाथि आस्था राख्नु अनिवार्य छ, र उनीहरूमाथि आस्था राख्नु अल्लाहमाथि आस्था राख्नु सरह छ, र उनीहरूको शक्तिमाथि विश्वास गर्नु अल्लाहको शक्तिमाथि विश्वास गर्नु सरह छ ।

र हामीमाथि यो पनि अनिवार्य छ कि हामी उनीहरूसित प्रेम गरौं, किनकि उनीहरू अल्लाका आस्थावान भक्तहरू हुन्, र यस कारण पनि किनकि उनीहरू अल्लाहका आज्ञापालक हुन् । र जुन मान्छे उनीहरूसित शत्रुता राखोस् त्यो काफिर भयो, जस्तोकि अल्लाहको फर्मान छः

﴿ مَن كَانَ عَدُوًّا لِّلَّهِ وَمَلَٰٓئِكَتِهِۦ وَرُسُلِهِۦ وَجِبۡرِيلَ وَمِيكَىٰلَ فَإِنَّ ٱللَّهَ عَدُوٌّ لِّلۡكَٰفِرِينَ ٩٨ ﴾ البقرة: ٩٨

अर्थ : (हे पैगम्बर !) जुन व्यक्ति अल्लाहको र उसका दूतहरूको, र जिब्राईल र मिकाइलको शत्रु हो त त्यस्ता नास्तिकहरूको अल्लाह स्वयम् दुश्मन हो । (सुरतुल् बकरः ९८)

र अल्लाहको फर्मान छः

﴿ قُلۡ مَن كَانَ عَدُوّٗا لِّجِبۡرِيلَ فَإِنَّهُۥ نَزَّلَهُۥ عَلَىٰ قَلۡبِكَ بِإِذۡنِ ٱللَّهِ مُصَدِّقٗا لِّمَا بَيۡنَ يَدَيۡهِ وَهُدٗى وَبُشۡرَىٰ لِلۡمُؤۡمِنِينَ ٩٧ ﴾ البقرة: ٩٧

अर्थ : (हे मुहम्मद) भनिदिनु : कि जो जिब्राईलको शत्रु हो, जसले अल्लाहको सन्देशलाई उसको आदेशानुसार तपाईको हृदयमा उतारेको हो, जुन सन्देशले उनीहरूको (अघिका) ग्रन्थहरूलाई प्रमाणित गर्दछ र आस्थावानहरूका निम्ति मार्गदर्शक र शुभसन्देश हो । (त अल्लाह पनि तिनीहरूको शत्रु हो) (सूरतुल् बकर: ९७)

तसर्थ सारमा यो भनम् कि हामीमाथि यो अनिवार्य छ कि हामी उनीसित प्रेम गरौं, किनकि उनीहरू अल्लाहका भक्तहरूमध्येका हुन्, र त्यसको आज्ञापालन गर्दछन्, र उनीमध्ये कसैसित हामी शत्रुता नगरौं ।

## ग्रन्थहरूमाथि आस्था राख्नु

प्रश्नः (२३) आदरणीय शैख ज्यू, आस्थाको तेस्रो आधारको वर्णन अहिलेसम्म बाँकी नै छ ?

उत्तरः ईमानको तेस्रो आधार अल्लाहका ग्रन्थहरूमाथि आस्था राख्नु हो, ती ग्रन्थहरू जसलाई अल्लाहले आफ्नो सन्देष्टाहरूमाथि अवतरित गऱ्यो । यसर्थ अल्लाहको पवित्र ग्रन्थ कुरआनले जाहेरी तौरले यस कुराको पुष्टि गरेको छ कि अल्लाहले कुनै पनि यस्तो सन्देष्टा पठाएन तर त्यसलाई एउटा ग्रन्थ अवश्य प्रदान गऱ्यो, जस्तोकि अल्लाहको फर्मान छः

﴿ كَانَ ٱلنَّاسُ أُمَّةً وَٰحِدَةً فَبَعَثَ ٱللَّهُ ٱلنَّبِيِّـۧنَ مُبَشِّرِينَ وَمُنذِرِينَ وَأَنزَلَ مَعَهُمُ ٱلْكِتَٰبَ بِٱلْحَقِّ لِيَحْكُمَ بَيْنَ ٱلنَّاسِ فِيمَا ٱخْتَلَفُوا۟ فِيهِ ﴾ البقرة: ٢١٣

अर्थ : (सबै) मानिसहरू एउटै सम्प्रदायका थिए । अल्लाहले शुभसन्देश दिन र भय सुनाउन सन्देशवाहकहरू पठायो, र तिनीहरूमाथि सच्चा

ग्रन्थहरू उतार्‍यो जसबाट मानिसहरू बीचका सबै विवादहरूको निर्णय हुन सकोस् !... । (सूरतुल् बकर: २१३)

र आर्को ठाउँमा अल्लाहको भनाई छ:

﴿ لَقَدۡ أَرۡسَلۡنَا رُسُلَنَا بِٱلۡبَيِّنَٰتِ وَأَنزَلۡنَا مَعَهُمُ ٱلۡكِتَٰبَ وَٱلۡمِيزَانَ لِيَقُومَ ٱلنَّاسُ بِٱلۡقِسۡطِۖ ﴾ الحديد: ٢٥

अर्थ : निश्चय नै हामीले आफ्ना पैगम्बरहरूलाई स्पष्ट निशानीहरू दिएर पठायौं र उनीहरूमाथि किताब र तुला अवतरित गर्‍यौं ताकि मानिसहरू न्यायमा दृढ रहुन्...। (सूरतुल् हदीद २५)

र यी ग्रन्थहरूमाथि ईमान ल्याउनुको शैली यो हो कि हामी संक्षेपमा ती समस्त ग्रन्थहरूमाथि आस्था राखौं जसबारे हामीलाई विस्तृत जानकारी छैन, र जुन ग्रन्थहरूबारे हामीलाई विस्तृत र विशिष्ट ज्ञान छ जसरी तौरात, जबूर, इन्जील, र सुहफे इब्राहीम र सुहुफे मूसा र कुरआन, त यी समस्त यस्ता

ग्रन्थहरू हुन् जसबारे हामीलाई विशेष ज्ञान प्राप्त छ, यसर्थ यी समस्तमाथि विस्तृत तरिकाले ईमान राखौं, र त्यस बाहेकका ग्रन्थहरूमाथि संक्षिप्त तरिकाले । किनकि अल्लाह मान्छेको शक्तिभन्दा अधिक भारी त्यसमाथि हाल्दैन । तर प्रश्न यो छ कि यी किताब र ग्रन्थहरूमाथि ईमान कसरी राखौं त्यसको तरिका के हो ?

त हामी यसको उत्तरमा भन्छौं कि: ती ग्रन्थहरूमध्येबाट जुन सही र सत्यतामा आधारित खबरहरू हामीसम्म पुगेका छन् त्यसमाथि आस्था राख्नु, र त्यसमाथि आस्था राख्नु हामीमाथि अनिवार्य छ किनकि त्यो अल्लाहको तर्फबाट हो । र रह्यो त्यसमा भएका विधानसित सम्बन्धित कुराहरूको कुरो त हामीमाथि मात्र पवित्र कुरआनमा भएको विधानमाथि आस्था राख्नु अनिवार्य छ, र जुन विधिहरू कुरआन बाहेकका ग्रन्थहरूमध्येबाट हामीसम्म पुगेका छन् तर हामीलाई त्यसको सत्यता र मिथ्या हुने कुराबारे कुनै ज्ञान छैन, भने हामीलाई त्यसलाई कबूल गर्नुबाट रुकिहाल्नु पर्छ यहाँसम्म कि त्यसको सत्यता प्रमाणित भइहालोस्, किनकि

विगतका ग्रन्थहरूमा थपघट र रद्दोबदल भइसकेको छ ।

## सन्देष्टाहरूमाथि आस्था राख्नु

प्रश्नः (२४) आदरणीय शैख ज्यू, यो त थियो तेस्रो आधारको बारेमा विस्तृत कुरो, अनि चौथो आधार सन्देष्टाहरूमाथि आस्था राख्नुको बारेमा तपाईको दृष्टिकोण के छ त ?

उत्तरः सन्देष्टाहरूमाथि आस्था राख्नुको अर्थ हो किः हामी यो आस्था राखौं कि महान र पवित्र अल्लाहले मानवतर्फ मानवबाट नै सन्देष्टा पठाएको छ जुन उनीहरूमाथि अल्लाहले अवतरित गरेका श्लोकहरूलाई पढेर सुनाउँथे, र उनीहरूलाई पवित्र र स्वच्छ पार्थे । र यी सन्देष्टाहरूमध्ये प्रथम सन्देष्टा हजरत नूह अलैहिस्सलाम र अन्तिम सन्देष्टा हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हुन् । र रह्यो कुरो हजरत नूहभन्दा पहिलाको कुरो त हजरत नूह अलैहिस्सलामभन्दा पहिला अल्लाहले

कुनै रसूल (सन्देष्टा) पठाएको छैन । त यस कुराबाट ती मानिसहरूको गल्ती स्पष्ट भइहाल्छ जुन यो भन्छन् कि हजरत इदरीस अलैअिस्सलाम हजरत नूह अलैअिस्सलामभन्दा पहिला पठाइएका थिए । र पवित्र कुरआनमा महान अल्लाहको फर्मान छ:

﴿ إِنَّآ أَوۡحَيۡنَآ إِلَيۡكَ كَمَآ أَوۡحَيۡنَآ إِلَىٰ نُوحٖ وَٱلنَّبِيِّـۧنَ مِنۢ بَعۡدِهِۦۚ وَأَوۡحَيۡنَآ إِلَىٰٓ إِبۡرَٰهِيمَ وَإِسۡمَٰعِيلَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَعِيسَىٰ وَأَيُّوبَ وَيُونُسَ وَهَٰرُونَ وَسُلَيۡمَٰنَۚ وَءَاتَيۡنَا دَاوُۥدَ زَبُورٗا ١٦٣ ﴾ النساء: ١٦٣

अर्थ : (हे मुहम्मद !) हामीले तपाईलाई त्यस्तै प्रकारले अल्लाहको सन्देश (वह्य) पठाएका छौं, जुन किसिमले नूह (अलैहिस्सलाम) र उनीभन्दा पछिका

नबी र रसूलबीच अन्तर यो छ कि रसूललाई ग्रन्थ प्रदान गरिन्छ र त्यसलाई नौलो विधान पनि प्रदान गरिन्छ, र त्यसै नौलो प्रदान गरिएको विधानतिर सबैलाई आहृवान गर्ने आदेश गरिन्छ । र नबी त्यसलाई भनिन्छ जसलाई नत कुनै ग्रन्थ प्रदान गरिन्छ नत कुनै नौलो विधान, बरु त्यसभन्दा पहिला आएको रसूलले ल्याएको विधानको आहृवान गर्ने आदेश गरिन्छ । (अनुवादक)

पैगम्बरहरूतर्फ पठायौं, र हामीले अल्लाहको सन्देश इब्राहिम (अलैहिस्सलाम) ईस्माईल (अलैहिस्सलाम), ईस्हाक (अलैहिस्सलाम), याकूब (अलैहिस्सलाम) र उनका सन्तानहरूमाथि तथा ईसा (अलैहिस्सलाम), अैयूब (अलैहिस्सलाम), यूनुस (अलैहिस्सलाम), हारून (अलैहिस्सलाम) र सुलैमानतर्फ पठायौं र हामीले दाऊद (अलैहिस्सलाम) लाई "जबूर" प्रदान गर्‍यौं। (सूरतुन्निसा १६३)

र सही हदीस हदीसुश्शिफाअहमा छ कि:

"أن الناس يأتون إلى نوح فيقولون له : أنت أول رسول أرسله الله إلى أهل الأرض" (أخرجه البخاري ، كتاب أحاديث الأنبياء ، باب قول الله (وَلَقَدْ أَرْسَلْنَا نُوحاً إِلَى قَوْمِهِ)، رقم (3340)، ومسلم ، كتاب الإيمان ، باب أدنى أهل الجنة منزلة فيها رقم (194).

अर्थ : (प्रलयको दिन) मानिसहरू हजरत नूह अलैहिस्सलाम समक्ष आएर भन्छन् कि: तपाई त

त्यो पहिलो (प्रथम) सन्देष्टा हुनुहुन्छ जसलाई अल्लाहले धरतीबासीहरूतिर पठाएको थियो। ( बुखारी, किताबु अहादीसिल अम्बिया, बाबु कौलिल्लाहः “وَلَقَدْ أَرْسَلْنَا نُوحاً إِلَى قَوْمِه ”, हदीस नं.३३४०। र मुस्लिम, किताबुल् ईमान, बाबु अदना अहलुल् जन्नति मन्जिलतन् फीहा, हदीस नं. १९४)

यसर्थ नत हजरत नूह अलैहिस्सलामभन्दा पहिला कुनै सन्देष्टा आएको छ नत मुहम्मद सल्ललाहो अलैहे वसल्लम पश्चात नै कुनै रसूल आउनेछ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ مَّا كَانَ مُحَمَّدٌ أَبَآ أَحَدٍ مِّن رِّجَالِكُمْ وَلَٰكِن رَّسُولَ ٱللَّهِ وَخَاتَمَ ٱلنَّبِيِّـۧنَ ﴾ الأحزاب: ٤٠

अर्थ : ( मानिसहरू हो ! ) तिम्रा पुरुषहरूमध्ये कसैको पिता मोहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) होइनन्, बरु उनी अल्लाहका रसूल र नबीहरूका समापक (अन्तिम नबी) हुन्। (सूरतुल् अहजाब ४०)

र रह्यो ईसा बिन मरियमको कुरो जुन अन्तिम कालखण्डमा पुनः यस संसारमा आउनेछन्, त उनी त्यस समय नबी र रसूलको रूपमा अवतरण गर्ने छैनन्, बरु उनी त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले ल्याएको विधान बमोजिम फैसला गर्नेछन् । किनकि हजरत ईसा र उनी बाहेक अरु समस्त नबीहरूमाथि पनि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि ईमान राख्नु अनिवार्य छ, जस्तोकि अल्लाहको भनाई छः

﴿ وَإِذۡ أَخَذَ ٱللَّهُ مِيثَٰقَ ٱلنَّبِيِّـۧنَ لَمَآ ءَاتَيۡتُكُم مِّن كِتَٰبٖ وَحِكۡمَةٖ ثُمَّ جَآءَكُمۡ رَسُولٞ مُّصَدِّقٞ لِّمَا مَعَكُمۡ لَتُؤۡمِنُنَّ بِهِۦ وَلَتَنصُرُنَّهُۥۚ قَالَ ءَأَقۡرَرۡتُمۡ وَأَخَذۡتُمۡ عَلَىٰ ذَٰلِكُمۡ إِصۡرِيۖ قَالُوٓاْ أَقۡرَرۡنَاۚ قَالَ فَٱشۡهَدُواْ وَأَنَا۠ مَعَكُم مِّنَ ٱلشَّٰهِدِينَ ٨١ ﴾ آل عمران: ٨١

अर्थ : जब अल्लाहले पैगम्बरहरूसित वाचा गरायो कि जे जति मैले तिमीलाई किताब र ज्ञान प्रदान गर्दछु, अनि तिम्रो नजिकमा कुनै पैगम्बर आउँछ जसले तिम्रो किताबको पुष्टि गर्दछ त तिमीले अवश्य नै त्यसमाथि विश्वास गर्नुपर्दछ र उसको मद्दत गर्नुपर्ने छ । (वाचा लिएपछि) सोध्यो, के तिमीले वचन दियौ र यस वचन बद्धतामा मलाई संरक्षकको रूपमा ठहरायौ ? तिनीहरूले भने (हो) हामीले वाचा गऱ्यौ । (अल्लाहले) भन्यो तिमीहरू साक्षी भइराख र म पनि तिम्रो साथमा साक्षी रहनेछु । (सूरतु आले इम्रान ८१)

त यस श्लोकमा जुन सन्देष्टामाथि आस्था राख्ने प्रेरणा दिइएको छ त्यो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम नै हुन्, जस्तो कि हजरत इब्ने अब्बास र अरु सहाबाहरूको हदीसहरूबाट प्रमाणित छ । त समस्त कुराको सार यो कि हामी यो आस्था राखौं कि पहिलो सन्देष्टा नूह अलैस्सिलाम हुन् र अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हुन् ।

र सन्देष्टाहरूमाथि आस्था राख्ने तरिका यो हो कि: जुन सत्य कथा वा खबर उनीहरूको बारेमा वा उनीहरूद्वारा वर्णित छन् ती समस्तमाथि विश्वास राखौं, किनकि त्यो अल्लाहको तर्फबाट हो । र रह्यो कुरो विधि र निर्देशनहरूको त त्यसको अनुशरण गर्नु हामीमाथि अनिवार्य छैन मात्र ती निर्देशनहरू बाहेक जसलाई मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम ल्याएका छन् । यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले ल्याएका निर्देशन र विधिहरूको अनुशरण गर्नु मात्र हामीमाथि अनिवार्य छ ।

र रह्यो कुरो ती रसूलहरूमध्ये नामांकित रसूलहरूमाथि आस्थाको: त जस जसलाई अल्लाहले वा त्यसको अन्तिम रसूलले नामले नामांकित गरेका छन् तिनीमाथि नामांकनको साथ ईमान राख्नु अनिवार्य छ, र जस जसको नाम अल्लाहले र अल्लाहका अन्तिम रसूलले वर्णन गरेका छैनन् त तिनीहरूमाथि संक्षिप्त तरिकाले ईमान राख्नु आवश्यक छ, जसरी कि हामीले स्वर्गदूतहरूको बारेमा वर्णन गरेका छौं ।

# प्रलयको दिन (अन्तिम दिन) माथि ईमान राख्नु

प्रश्न: (२५) आदरणीय शैख ज्यू, पाँचौं आधार अन्तिम दिन (प्रलय) माथि आस्था राख्नुको अर्थ के हो त ?

उत्तर: अन्तिम दिन (प्रलय) माथि आस्था राख्नुको अर्थ हो: यो आस्था राख्नु कि प्रलय अवश्य घटित हुन्छ, र यसलाई अन्तिम दिनले यस कारण नामाकरण गरिएको छ किनकि त्यस पश्चात आर्को कुनै दिन आउनेवाला छैन । मानव पहिला केही थिएन, अनि त्यसलाई त्यसको आमाको गर्भाशयमा उत्पन्न गरियो, अनि यस संसारमा ल्याइयो, अनि पुन: त्यसलाई बर्जखीय जीवनमा फर्काइन्छ, अनि प्रलयको दिन उभ्याइन्छ । त मानवका यी पाँच अवस्थाहरू हुन्, जसलाई पवित्र ग्रन्थ कुरआनले यसरी श्रृंखलाबद्ध तरिकाले वर्णन गरेको छ:

﴿ هَلۡ أَتَىٰ عَلَى ٱلۡإِنسَٰنِ حِينٞ مِّنَ ٱلدَّهۡرِ لَمۡ يَكُن شَيۡـٔٗا مَّذۡكُورًا ١ ﴾ الإنسان: ١

अर्थ : नि:सन्देह मानवमाथि कालखण्डको एउटा यस्तो समय पनि बितेको छ जब कि ऊ कुनै उल्लेख्य कुरा थिएन। (सूरतुल् इन्सान १)

त यो मनुष्यको पहिलो अवस्था हो जब त्यो केही थिएन। अनि त्यो आफ्नो आमाको गर्भमा उत्पन्न भयो, अनि त्यसबाट निस्क्यो, जसको बारेमा अल्लाहको यसरी भनाई छ:

﴿ وَٱللَّهُ أَخْرَجَكُم مِّنۢ بُطُونِ أُمَّهَـٰتِكُمْ لَا تَعْلَمُونَ شَيْـًٔا وَجَعَلَ لَكُمُ ٱلسَّمْعَ وَٱلْأَبْصَـٰرَ وَٱلْأَفْـِٔدَةَ ۙ لَعَلَّكُمْ تَشْكُرُونَ ﴿٧٨﴾ ﴾ النحل: ٧٨

अर्थ : अल्लाहले नै तिमीलाई तिम्रा आमाहरूको पेटबाट निकाल्यो जबकि तिमीलाई केहि पनि थाहा थिएन। र उसैले तिमीलाई श्रवणक्षमता र हेर्ने क्षमता र हृदय (र यिनीहरू बाहेक अन्य अङ्गहरू) प्रदान गऱ्यो कि तिमीले उसप्रति कृतज्ञता प्रकट गर्न सक। (सूरतुन्नहल ७८)

त त्यो यस संसारमा आउँछ, अनि आफ्नो कर्तव्यको पालना गर्छ, अनि त्यो बर्जखीय जीवन जुनकि संसारिक जीवन र परलोकिक जीवनबीचको अवस्था हो त्यसमा पुग्छ ।

त अन्तिम दिनमाथि ईमान ल्याउनुमा ती समस्त अवस्थाहरू शामेल छन् जुन मृत्यु पश्चात घटित हुन्छन्, जस्तो कि अकीदतुल् वास्तीया नामक आफ्नो किताबमा शैखुल इस्लाम इब्ने तैमियाले वर्णन गरेका छन् कि: आखिरतमाथि ईमान राख्नुको अर्थ हो: ती समस्तमाथि आस्था राख्नु जसबारे रसूल सल्लल्लाहो अलैहे वसल्लमले मृत्यु पश्चातको जीवनको सन्दर्भमा खबर दिएका छन् । यसर्थ मान्छे चिहानका सजयहरूमाथि, र त्यसका अनुकम्पामाथि, र तुला एवं हौजमाथि, प्रलय घटित हुनुमाथि र हिसाब किताबमाथि, सिंगा फूँकिनुमाथि, र चिहानको परीक्षामाथि र ती समस्तमाथि ईमान ल्याओस् जसबारे रसूल सल्लल्लाहो अलैहे वसल्लमले खबर दिएका छन् चाहे अल्लाहको किताबको माध्यमले वा आफ्नो हदीसहरूको माध्यमले, जुनकि मृत्यु पश्चात घटित हुनेछ ।

र हामीलाई यो आवश्यक लाग्दछ कि चिहानमा हुने परीक्षको (फित्नाको) बारेमा केही विस्तारले कुरा गरौं, र त्यो यो हो कि: जब मृतकलाई चिहानमा दफ्नाइन्छ त त्यसछेउ दुईटा स्वर्गदूतहरू आउँछन्, अनि त्यससित त्यसको प्रतिपालक र धर्म एवं त्यसको सन्देष्टाको बारेमा सोधपुछ गर्छन् । त यदि मान्छे आस्थावान हुन्छ भने अल्लाह त्यसलाई सत्य कुराद्वारा सवल गरिदिन्छ, अनि त्यो फरिश्ताहरूको प्रश्नको उत्तरमा भन्छ: मेरो प्रतिपालक अल्लाह हो, र मेरो धर्म इस्लाम हो, र मेरो सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम हुन् । र जुन व्यक्ति नास्तिक काफिर हुन्छ, त्यो मान्छे उनीहरूको प्रश्नको उत्तरमा भन्छ: हाय अफशोच मलाई केही पनि थाहा छैन, मैले त मानिसहरूलाई एउटा कुरा भन्दै सुनेको थिएँ, अनि मैले पनि त्यस्तै भनेका थिएँ । अनि यस परीक्षा पश्चात याता त्यसलाइ अनुकम्पित गरिन्छ वा प्रलयसम्मको लागि यातनाग्रस्त गरिन्छ । त जुन काफिर हुन्छ त्यसलाई प्रलयसम्म यातना दिइन्छ, र जुन पापी आस्थावान हुन्छ कदाचित त्यसलाई पनि केही समय यातना

दिइन्छ जुन समयअवधिको बारेमा मात्र अल्लाहलाई नै राम्ररी ज्ञान छ, अनि त्यस पापी आस्थावानबाट पनि यातनालाई समाप्त गरिन्छ । र यो यातना अथवा अनुकम्पा वास्तवमा आत्मामाथि हुन्छ तर कदाचित यसबाट शरीरलाई पनि पीडा हुनेछ, जसरी कि संसारमा यातना शरीरमाथि हुन्छ तर त्यसबाट आत्मालाई पनि दुःख हुन्छ । र यसको उदाहरण यसरी कि जब संसारिक जीवनमा शरीरमाथि पिटाइ गरिन्छ त पीडा शरीरलाई हुनुको साथै आत्मालाई पनि हुन्छ अर्थात आत्मा पनि त्यस मारबाट प्रभावित हुन्छ अनि दुःखी भइहाल्छ । र रह्यो चिहानको कुरो त त्यसमा कुरो यसको उल्टो र बेग्लै हुन्छ, किनकि त्यसमा अनुकम्पा अथवा यातना आत्मामाथि हुन्छ त यस कुरामा कुनै सन्देह छैन कि त्यसको प्रभाव आत्माको साथै शरीरमाथि पनि हुन्छ, यसर्थ त्यो अनुकम्पाले प्रफुल्लित भइहाल्छ वा यातनाबाट दुखी भइहाल्छ ।

र जब महाप्रलय घटित हुन्छ त समस्त मानिसहरू अआफना चिहानहरूबाट नंग्न पाइला र निःवस्त्र अवस्थामा खतना नभएको अवस्थामा पूर्ण जगतको

प्रतिपालकतर्फ जानेछन् । र बिना खतना यसरी कि जुन खतना संसारमा गरिएको थियो त्यसलाई पुनः पूर्ण गराइन्छ ताकि त्यो पूर्ण अवस्थामा आफ्नो प्रतिपालक सामु प्रस्तुत होस् र त्यसमा कुनै प्रकारको कमी नहोस्, जस्तोकि अल्लाहको फर्मान छः

﴿كَمَا بَدَأۡنَآ أَوَّلَ خَلۡقٖ نُّعِيدُهُۥۚ﴾ الأنبياء: ١٠٤

अर्थ : जसरी हामीले सृष्टिको प्रारम्भ गरेका थियौं त्यस्तै हामीले त्यसको पुनरावृत्ति गर्नेछौं । (सूरतुल् अम्बिया १०४)

अनि त्यसको हिसाब किताब हुन्छ उस्तै जसरी कि कुरआन र हदीसहरूमा वर्णित छ, अनि त्यो याता स्वर्गमा जान्छ वा नर्कमा । त जुन व्यक्तिले स्वर्गमा प्रवेश गऱ्यो त्यो सदैंव त्यसैमा बास गर्नेछ । र जुन नर्कमा प्रवेश गर्छ त्यो यदि पापी आस्थावानमध्येको हो भने त्यसलाई त्यसको पाप बरोबर यातना दिएर त्यसबाट निष्कासित गरिन्छ यदि त्यसलाई नत शिफाअत नै मिल्यो नत अल्लाहको दया नै, तर

त्यसलाई सदैंवको लागि नर्कमा राखिदैन । र यदि नर्कमा जानेवाला मान्छे नास्तिक काफिरमध्येको हो भने त्यो त्यसै नर्कमा सदैंव बास गर्नेछ ।

## भाग्यमाथि आस्था राख्नु

प्रश्नः (२६) आदरणीय शैख ज्यू, भाग्यमाथि आस्थाको बारेमा कुरा गर्नु अहिले बाँकी नै छ, यसर्थ तपाईसित अनुरोध छ कि यसबारे पनि हामीलाई ज्ञान गराइदिनुस् अल्लाह तपाईलाई यसको राम्रो प्रतिफल प्रदान गरुन् ?

उत्तरः भाग्य (कदर) माथि आस्था राख्नु ईमानका आधाहरूमध्ये छठौं आधार हो, जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले जिब्रीलको प्रश्नको उत्तरमा प्रष्ट गर्नु भएको थियो जब उनले ईमानको बारेमा सोधेका थिए । र भाग्यमाथि आस्था राख्नु अति महत्वपूर्ण कुराहरूमध्येको हो, किनकि यसको बारेमा अधिकांश मानिसहरू मतभेद र शंका गर्दछन्, यहाँसम्म कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा पनि मानिसहरू यसबारे मतभेद र शंका गर्दथे, र आजसम्म यसको बारेमा

मानिसहरू मतभेद र शंका गर्दै आएका छन् । तर वास्तवमा यस विषयमा अल्लाहको कृपाले सत्यता स्पष्ट छ जसमाथि नत कुनै शंका हुन्सक्छ नत कुनै प्रकारको मतभेद । यसर्थ भाग्यमाथि आस्थाको अर्थ हो: तिमी यो आस्था राख कि महान र पवित्र अल्लाहले प्रत्येक कुरालाई निर्धारित गरिसकेको छ, जस्तो कि अल्लाहको भनाई छ:

﴿ وَخَلَقَ كُلَّ شَيْءٍ فَقَدَّرَهُۥ تَقْدِيرًا ﴾ الفرقان: ٢

अर्थ : त्यसले प्रत्येक वस्तुलाई सृष्टि गऱ्यो, र त्यसलाई ठीक क्रममा व्यवस्थित गऱ्यो । (सूरतुल् फुर्कान २)

र यो भाग्य जसलाई अल्लाहले व्यवस्थित र निर्धारित गरेको छ त्यो अल्लाहको तत्वदर्शिता अधीन हुन्छ जुन तत्वदर्शिताद्वारा भक्तहरूका संसारिक जीवनको लागि उच्च र सराहनीय उद्देश्यहरू अभीष्ट हुन्छन् ।

र भाग्यमाथि ईमान राख्नु निम्नका चार कुराहरू (श्रेणीहरू) बीच चक्रित हुन्छ:

पहिलो श्रेणीः ज्ञानः र यो यसरी कि तिमी पूर्ण विश्वास राख कि महान अल्लाहलाई समस्त कुराको ज्ञान छ, र त्यसको ज्ञान समस्त कुराहरूलाई आफ्नो घेरामा लिएको छ ती समस्त जुन भइसकेका छन् र जुन भविष्यमा हुनेवाला छन्, अब चाहे त्यो अल्लाहको कार्यसित संलग्न होस् वा भक्तहरूको कार्यसित, ती समस्तलाई अल्लाहको ज्ञान आफ्नो घेरामा लिएको छ, जस ज्ञानको विशेषता यो हो कि त्यो सदैंवबाट छ र सदैंव रहनेछ ।

र यस श्रेणीमाथि कुरआन र हदीसबाट थुप्रै प्रमाणहरू वर्णित छन् । अल्लाहको फर्मान छः

﴿ إِنَّ ٱللَّهَ لَا يَخۡفَىٰ عَلَيۡهِ شَيۡءٞ فِي ٱلۡأَرۡضِ وَلَا فِي ٱلسَّمَآءِ ٥ ﴾ آل عمران: ٥

अर्थ : निःसन्देह अल्लाहबाट पृथ्वी र आकाशको कुनै वस्तु लुकेको छैन । (सूरतु आले इम्रान ५)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ ۞ وَعِندَهُۥ مَفَاتِحُ ٱلْغَيْبِ لَا يَعْلَمُهَآ إِلَّا هُوَۚ وَيَعْلَمُ
مَا فِي ٱلْبَرِّ وَٱلْبَحْرِۚ وَمَا تَسْقُطُ مِن وَرَقَةٍ إِلَّا يَعْلَمُهَا
وَلَا حَبَّةٖ فِي ظُلُمَٰتِ ٱلْأَرْضِ وَلَا رَطْبٖ وَلَا يَابِسٍ إِلَّا فِي
كِتَٰبٖ مُّبِينٖ ٥٩ ﴾ الأنعام: ٥٩

अर्थ : र अदृश्य कुराको साँचो अल्लाहसँग छ जसको बारेमा उस बाहेक अरु कसैलाई थाहा छैन र जे-जति पृथ्वी र समुन्द्रमा छन् उसैलाई त्यसको ज्ञान छ । एउटा पात झर्दा पनि उसलाई थाहा हुन्छ र पृथ्वीको अँध्यारोमा कुनैदाना उसको जानकारी बेगैर झर्दैन कुनै हरियो, सुकेको कुरा जे-जति छन् सबै स्पष्ट रूपले किताबमा (लौहेमहफूजमा) छन् । (सूरतुल् अन्आम ५९)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ وَلَقَدۡ خَلَقۡنَا ٱلۡإِنسَٰنَ وَنَعۡلَمُ مَا تُوَسۡوِسُ بِهِۦ نَفۡسُهُۥۖ وَنَحۡنُ أَقۡرَبُ إِلَيۡهِ مِنۡ حَبۡلِ ٱلۡوَرِيدِ ١٦ ﴾ ق: ١٦

अर्थ : र हामीले नै मानिसलाई सृष्टि गरेका हौं र जुन विचारहरू उसको मनमा आउँछन्, हामीले तिनलाई जान्दछौं । र हामी उसको रक्त बाहिनी नलीभन्दा पनि नजिक छौं । (सूरतु काफ १६)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَٱللَّهُ بِمَا تَعۡمَلُونَ عَلِيمٞ ٢٨٣ ﴾ البقرة: ٢٨٣

अर्थ : र अल्लाह तिम्रा सम्पूर्ण क्रियाकलापहरू जान्दछ । (सूरतुल् बकरः २८३)

र यस बाहेक यस जस्ता अरु उदधृतहरू जुन यस कुरामा प्रमाणीकरण गर्छन् कि महान र पवित्र अल्लाह समस्त कुराहरूको संक्षिप्त र विस्तृत ज्ञान राख्दछ ।

र ईमान बिल कद्रको यस श्रेणीको जसले इन्कार गऱ्यो त्यो काफिर भयो, किनकि यसद्वारा त्यो अल्लाह र अल्लाहको रसूललाई मिथ्यावादी ठान्दछ, र अल्लाहमाथि टिप्पणी गर्छ, र यस कुरामा समस्त मुसलमानहरूको एकमत छ, किनकि ज्ञानको उल्टो र विरोधि अर्थ अनभिज्ञता र बिर्सनु हो र यी दुवै अवगुणमध्येका हुन् ।

र अल्लाहले मूसा अलैहिस्सलामको बारेमा खबर दिएको छ जब उहाँसित फिरऔनले प्रश्न गऱ्यो कि:

﴿ قَالَ فَمَا بَالُ ٱلۡقُرُونِ ٱلۡأُولَىٰ ۝٥١ قَالَ عِلۡمُهَا عِندَ رَبِّي فِي كِتَٰبٖۖ لَّا يَضِلُّ رَبِّي وَلَا يَنسَى ۝٥٢ ﴾ طه: ٥١ - ٥٢

अर्थ : उसले (फिरऔनले) भन्यो कि, ठीक छ यो त बताऊ कि पहिलो पिढीहरूको अवस्था कस्तो हुनेवाला छ । (त मूसाले) जवाफ दिए कि “त्यसको ज्ञान मेरो पालनहारको पासमा किताबमा सुरक्षित छ, मेरो पालनहारबाट न गल्ती हुन्छ र न त ऊ भूल गर्छ” । (सूरतु ताहा ५१, ५२)

यसर्थ त्यो महान अल्लाह नत भविष्यको कुनै कुरालाई बिर्सन्छ नत विगतको कुनै कुरालाई, बरु अल्लाह यस अवगुणबाट पवित्र छ ।

दोस्रो श्रेणी: यो आस्था राख्नु कि अल्लाहले जेजति प्रलयसम्म घटित हुनेछ सबैको भाग्यलाई लेखिसकेको छ, यसर्थ अल्लाहले जब कलमलाई सृष्टि गऱ्यो त त्यससित भन्यो:

"اكتب ، قال : ربي ، وماذا أكتب؟ قال : أكتب ما هو كائن" (أخرجه أحمد في المسند (317/5)، والترمذي ، كتاب القدر، رقم (2155)، وقال : غريب . وأبو داود ، كتاب السنة ، باب في القدر، رقم (4700).

अर्थ : लेख, त त्यसले (कलमले) भन्यो: हे मेरो प्रतिपालक म के लेखूँ ? त अल्लाहले भन्यो: ती समस्त लेख जुन हुनेवाला छ । (अहमद फिल् मुस्नद ५/३१७ । र तिर्मिजी, किताबुल् कद्र, हदीस नं. २१५५ । र इमाम तिर्मिजीले भन्नु भएको छ कि: यो

हदीस अपरिचित छ। र अबू दाऊद, किताबुस्सुन्नह, बाबु फिल् कद्रे, हदीस नं. ४७००)

त त्यही समय नै ती समस्त लेखियो जुन प्रलयसम्म हुनेवाला थियो, यसर्थ अल्लाहले लौहे महफूजमा (सुरक्षित पाटीहरूमा) समस्त सृष्टिको भाग्यलाई लेखेर सुरक्षित गऱ्यो । र यस श्रेणी र यसभन्दा पहिलाको श्रेणीमाथि अल्लाहको यो कथन प्रमाणीकरण गरिरहेको छः

﴿أَلَمْ تَعْلَمْ أَنَّ ٱللَّهَ يَعْلَمُ مَا فِي ٱلسَّمَآءِ وَٱلْأَرْضِۗ إِنَّ ذَٰلِكَ فِي كِتَٰبٍۚ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٞ ۝٧٠﴾ الحج: ٧٠

अर्थ : के तपाईलाई थाहा भएन कि जे जति आकाश र धरतीमा छ अल्लाह सबै जान्दछ। निश्चय नै त्यो (कर्मपत्र) एउटा किताबमा अंकित छ, निःसन्देह त्यो (निर्णय) अल्लाहको निम्ति अत्यन्त सरल छ। (सूरतुल् हज्ज ७०)

त अल्लाहले भनेको छ कि यी समस्त एउटा किताब जसको नाम लौहे महफूज हो त्यसमा अंकित छ। फेरि त्यो लेखेको कुरोमध्ये केही विस्तृत हुन्छ जसरी जब भ्रुण आफ्नो आमाको पेटमा हुन्छ, र जब त्यसमाथि चार महिनाको अवधि बित्दछ, त अल्लाह त्यस निकट एउटा फरिश्तालाई पठाउँछ, जसलाई निम्नका चार कुराहरूको आदेश गरेर पठाएको हुन्छः त्यसको जीविकालाई लेखोस्, र त्यसको मृत्यु एवं कार्यलाई लेखोस्, र यो पनि लेखोस् कि त्यो असल मानिस हुन्छ वा पापी। र यो कुरो सही हदीसबाट पनि प्रमाणित छ जसलाई अब्दुल्लाह इब्ने मसऊदले नबी सल्लल्लाहो अलैहे वसल्लमको माध्यमले वर्णन गरेका छन्।[1]

र कद्रको रात्रीमा (सम्माानित रात्रीमा) ती समस्त कुराहरू लेखिन्छ जुन त्यस साल घटित हुनेवाला हुन्छ, जस्तोकि अल्लाहको फर्मान छः

[1] बुखारी, किताबु बदइल् खलक, बाबु जिक्रिल् मलाइकति सलवातुल्लाहि अलैहिम, हदीस नं. ३२०८। र मुस्लिम, किताबुल् कद्र, बाबु कैफीयतिल खलकिल् आदमी फि बतने उम्मेही, हदीस नं. २६४३।

﴿ إِنَّآ أَنزَلۡنَٰهُ فِي لَيۡلَةٖ مُّبَٰرَكَةٍۚ إِنَّا كُنَّا مُنذِرِينَ ٣ فِيهَا يُفۡرَقُ كُلُّ أَمۡرٍ حَكِيمٍ ٤ أَمۡرٗا مِّنۡ عِندِنَآۚ إِنَّا كُنَّا مُرۡسِلِينَ ٥ ﴾ الدخان: ٣ - ٥

अर्थ : नि:सन्देह हामीले यसलाई एउटा बरकतले भरिएको रातमा अवतरित गरेका छौं, हामी त मार्ग देखाउनेवाला हौं। त्यसै रातमा तमाम तत्वदर्शीयुक्त कुरा निर्णित एवं स्पष्ट गरिन्छ। हामी कहाँबाट आदेश भएर, नि:सन्देह हामीले नै पैगम्बरलाई पठाउँछौं। (सूरतुद्दुखान ३-५)

तेस्रो श्रेणी: यो आस्था राख्नु कि यस ब्रह्माण्डमा जे पनि घटित भइरहेको छ त्यो अल्लाहको चाहनाले नै घटित भइरहेको छ। यसर्थ जे पनि समस्त संसारमा छ र जे पनि घटित भइरहेको छ सबै अल्लाहको इच्छामा निर्भर छ, चाहे त्यो ती कार्यहरूमध्येको होस् जसलाई अल्लाह स्वयम् गर्छ, वा जसलाइ मानिसहरू गर्छन्, वा अरु व्यापक तौरले यो भनम्

कि जसलाई समस्त सृष्टिहरू गर्छन् । जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَلَوۡ شَآءَ رَبُّكَ لَجَعَلَ ٱلنَّاسَ أُمَّةٗ وَٰحِدَةٗۖ ﴾ هود: ١١٨

अर्थ : यदि तिम्रो पालनकर्ताले चाहेको भए थुप्रै मानिसहरूलाई एउटै बाटोमा एउटै समूह बनाउने थियो तर तिनीहरूले सँधै विवाद गरिराख्ने नै छन् । (सूरतु हूद ११८)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَيَفۡعَلُ ٱللَّهُ مَا يَشَآءُ ﴾ إبراهيم: ٢٧

अर्थ : र अल्लाह जो चाहन्छ, गरिहाल्छ । (सूरतु इब्राहीम २७)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَٱللَّهُ يَعۡلَمُ مَا تُسِرُّونَ وَمَا تُعۡلِنُونَ ١٩ ﴾ النحل: ١٩

अर्थ : र जे जति तिमीले लुकाउँछौ र जे-जति प्रकट गर्दछौ अल्लाहलाई सबै थाहा छ। (सूरतुन्नहल १९)

र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ إِن يَشَأۡ يُذۡهِبۡكُمۡ وَيَأۡتِ بِخَلۡقٖ جَدِيدٖ ١٦ ﴾
فاطر: ١٦

अर्थ : यदि उसले चाह्यो भने तिमीलाई मेटाउन सक्छ र एउटा नयाँ सृष्टि बनाउन सक्छ। (सूरतु फातिर १६)

र यस बाहेक अरु ती समस्त श्लोकहरू जुन यस कुरामा प्रमाणीकरण गर्छन् कि त्यस अल्लाहले गरेका कार्यहरू त्यसको चाहनाले घटित हुन्छ। र यस्तै सृष्टिहरूको कार्य पनि उसैको चाहनाले घटित हुन्छ, जस्तोकि अल्लाहको फर्मान छ:

﴿ وَلَوۡ شَآءَ ٱللَّهُ مَا ٱقۡتَتَلَ ٱلَّذِينَ مِنۢ بَعۡدِهِم مِّنۢ
بَعۡدِ مَا جَآءَتۡهُمُ ٱلۡبَيِّنَٰتُ وَلَٰكِنِ ٱخۡتَلَفُواْ فَمِنۡهُم مَّنۡ

ءَامَنَ وَمِنۡهُم مَّن كَفَرَۚ وَلَوۡ شَآءَ ٱللَّهُ مَا ٱقۡتَتَلُواْ وَلَٰكِنَّ ٱللَّهَ يَفۡعَلُ مَا يُرِيدُ ﴿٢٥٣﴾ البقرة: ٢٥٣

अर्थ : यदि अल्लाहले चाहेको भए, तिनीभन्दा पहिलेका मानिसहरू आफ्ना छेउ निशानीहरू आइसकेपछि आपसमा कदापि युद्ध गर्दैनथे, तर तिनीहरूले मतभेदका कुरा गरे, तिनीहरूमध्ये केही त आस्तिक भइहाले र केही काफिर नै रहे । र यदि अल्लाहले चाहेको भए यी मानिसहरू आपसमा लड्ने थिएनन्, तर अल्लाहले जे चाहन्छ, गर्दछ । (सूरतुल् बकर: २५३)

र यो यस कुराको स्पष्ट प्रमाण हो कि भक्तहरूका कार्य क्रियाहरू अल्लाहले चाहेमा मात्र घटित हुन्छन्, र यदि अल्लाहले यो चाह्यो कि उनी यस्तो नगरुन् भने उनी त्यस कार्यलाई गर्न सक्दैनन् ।

चैथो श्रेणी: यो आस्था राख्नु कि अल्लाह नै समस्त सृष्टिहरूको स्रष्टा हो, यसर्थ अल्लाह स्रष्टा हो, र त्यस बाहेकका समस्त त्यसका सृष्टि हुन् ।

त समस्त कुराको अल्लाह नै स्रष्टा हो र समस्त अल्लाहका सृष्टि, र तिनले गर्ने समस्त कार्य र कुरा पनि अल्लाहकै सृष्टि हुन्, किनकि मानवका कार्य र कुरा त्यसका विशेषतामध्येका हुन्, त जब मनुष्य सृष्टि हो भने त्यसका समस्त विशेषताहरू पनि सृष्टि भए । र यसमाथि अल्लाहको यो कथन प्रमाणीकरण गरिरहेको छः

﴿ وَٱللَّهُ خَلَقَكُمۡ وَمَا تَعۡمَلُونَ ٩٦ ﴾ الصافات: ٩٦

अर्थ : जब कि तिमीलाई र जे तिमीहरू गर्छौं सबैलाई अल्लाहले नै सृष्टि गरेको छ । (सूरतुस्साफ्फात ९६)

त अल्लाहले यो स्पष्ट गरिदिएको छ कि अल्लाह मानवलाई पनि सृष्टि गरेको छ र त्यसका समस्त क्रिया कार्यलाई पनि सृष्टि गरेको छ ।

त यी चार श्रेणीहरू हुन् जसमाथि आस्था नराखिकन् भाग्यमाथि ईमान राख्नु पूर्ण हुँदैन । र यी चार श्रेणीलाई हामी पुनः दोहोऱ्याइदिन्छौं संक्षेपमाः

(१) यो ईमान राख्नु कि महान अल्लाहलाई समस्त कुराहरूको बारेमा संक्षिप्त र विस्तृत ज्ञान छ ।

(२) यो आस्था राख्नु कि अल्लाहले प्रत्येक कुराको भाग्यलाई लौहे महफूजमा सुरक्षित राखेको छ ।

(३) यो आस्था राख्नु कि यस ब्रह्माण्डमा जुन कुरा पनि घटित हुन्छ सबै अल्लाहको चाहनाले घटित हुन्छ ।

(४) यो आस्था राख्नु कि अल्लाह प्रत्येक कुराको स्रष्टा हो ।

र यो पनि ज्ञात रहोस् कि भाग्यमाथि आस्था राख्नु कारण र माध्यम विरुद्ध छैन, बरु माध्यमद्वारा कार्यहरूलाई गर्नुको हाम्रो विधानले आदेश गरेको छ, र यो नै भाग्यको सार हो, किनकि कारण नै कारणलाई उतपन्न गर्नेमाध्यमलाई उत्पन्न गर्छ । र यसै कारण जब हजरत उमर बिन खत्ताब रजिअल्लाहो अन्हो आस्थावानहरूको नायक शाम देशतिर लागे, त बीच यात्रामा उहाँ रजिअल्लाहो अन्होसित यो कुरो भनियो कि त्यस देशमा महामारीको बिरामी परेको छ, अनि उनले

सहाबाहरूसित यसबारे परामर्श गरे कि के उनी अघि बढुन् वा मदीना फर्केर आउन् ? अनि यस कुरामा मानिसहरूबीच विविधता देखियो, अनि यस कुरामा सबै एकमत भए कि मदीना फर्कि आउन् । त जब हजरत उमर रजिअल्लाहो अन्हो मदीना फर्कने मन बनाए, त अबू उबैदह बिन जर्राह हजरत उमर समक्ष आए, र हजरत उमर उनको अति आदर गर्थे, अनि अबू उबैदह रजिअल्लाहो अन्होले भने: हे अमीरुल् मुमिनीन ! (आस्थावानहरूको नायक) तपाईले मदीनातिर फर्कने मन बनाउनु भयो, के तपाई अल्लाहले निर्धारित गरेको भाग्यबाट भाग्नु हुन्छ ? त हजरत उमर रजिअल्लाहो अन्होले भने: हामी अल्लाहले निर्धारित गरेको भाग्यबाट त्यसैले निर्धारित गरेको भाग्यतरि जाँदैछौं ।

अनि यस पश्चात हजरत अब्दुर्रहमान बिन औफ रजिअल्लाहो अन्हो आए, जुन आफ्नो कुनै आवश्यकता पूर्ति गर्ने कारणले कतै गएका थिए र यस परामर्शमा सहभागी थिएनन्, त जब सबै कुरो उहाँलाई थाहा भयो त उहाँ रजिअल्लाहो अन्होले

उनीहरूसित भने कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले महामारीको बारेमा भनेका छन् कि:

" إذا سمعتم به في أرض فلا تقدموا عليه "(أخرجه البخاري ، كتاب الطب ، باب ما يذكر في الطاعون ، رقم (5729). ومسلم ، كتاب الطب ، باب الطاعون والطيرة...، رقم (2219).

अर्थ : जब तिमीहरू कुनै स्थानमा (महामारी) फैलिएको सुन्नु त त्यसतर्फ नजानु । (बुखारी, किताबुत्तिब, बाबु मा युजकरु फित्ताऊन, हदीस नं. ५७२९ । र मुस्लिम, किताबुत्तिब, बाबुत्ताऊनि वत्तयरह..., हदीस नं. २२१९)

यस वर्णनको तत्पर्य यो कि हजरत उमर रजिअल्लाहो अन्होको यो कथन कि हामी अल्लाहले निर्धारित गरेको भाग्यबाट त्यसैले निर्धारित गरेको भाग्यतिर जाँदैछौं । यो कथन यस कुरामा प्रमाणीकरण गरिरहेको छ कि माध्यम अपनाउनु पनि अल्लाहले लेखेको भाग्यमध्येकै हो । र

हामीहरूलाई यो ज्ञात नै छ कि यदि कुनै व्यक्तिले यो भन्छ कि: म अल्लाहले निर्धारित गरेको भाग्यमाथि ईमान राख्नेछु, र त्यो मलाई सन्तान बिना स्वास्नी नै प्रदान गर्नेछ अर्थात सन्तान बिना महिला नै प्रदान गर्नेछ । त यदि कुनै व्यक्ति पनि यस्तो खालको कुरा गर्छ वा धारणा राख्दछ भने सबै त्यसलाई पागल भन्छन् । जसरी कि यदि त्यो यो भन्छ कि: म अल्लाहले निर्धारित गरेको भाग्यमाथि आस्था त राख्दछु तर म जीविका खोज्दैन नत त्यो त्यसलाई प्राप्त गर्नुको लागि कुनै कार्य नै गर्छ त यस्तो मान्छेलाई मूर्ख घोषित गरिन्छ ।

यसर्थ भाग्यमाथि आस्था राख्नुले माध्यम अपनाउनुको विरोध हुँदैन नत भाग्य माध्यम अपनाउनु विरुद्ध नै छ । र रह्यो काल्पनिक माध्यमहरूको कुरो, जसलाई अपनाउनेहरू त्यसलाई माध्यम मान्दछन्: त वास्तवमा त्यो माध्यम होइन, यसर्थ त्यसको कुनै महत्व छैन, नत त्यसबाट प्रमाण नै लिन सकिन्छ ।

फेरि तिमीलाई यो पनि ज्ञान रहोस् कि भाग्यमाथि आस्था राख्नुमा कतिपय सन्देह र शंकास्पद कुराहरू

पनि गरिन्छ जुन वास्तवमा शंकास्पद कुरो हुँदैन । जसरी यदि कुनै भन्नेवाला मान्छे भनोस् कि: यदि मेरो समस्त कार्यहरूलाई अल्लाहले नै निर्धारित गरेको छ भने किन मलाई पाप गरेमा यातना दिइन्छ जबकि त्यो पाप गर्ने कुरालाई पनि अल्लाहले नै निर्धारित गरेको छ ?

त यसको उत्तरमा यो भनिन्छ कि: पाप गर्नुमाथि भाग्यद्वारा प्रमाणीकरण गर्नु सही छैन, किनकि अल्लाहले यो पाप गर्नुमाथि तिमीलाई बाध्य गरेको छैन, र जब तिमी त्यस कार्यलाई गर्ने उद्देश्यले जान्छौ त तिमीलाई यो ज्ञान हुँदैन कि अल्लाहले तिम्रो लागि यसलाई निर्धारित गरेको छ, किनकि मान्छे भाग्यमा के लेखिएको छ यस कुरालाई तबसम्म जान्नसक्दैन जबसम्म त्यो घटित नभइहालोस् । यसर्थ तिमी पाप गर्नुभन्दा अघि यो किन मान्दैनौं कि अल्लाहले तिम्रो लागि पुण्य कार्य गर्ने कुरा निर्धारित गरेको छ, अनि तिमी पुण्यको कार्य गर । त जसरी तिमी आफ्नो संसारिक कुराहरूमा त्यसैलाई चयन गर्छौ जसमा तिम्रो हित हुन्छ, र त्यसबाट भाग्दछौ जसमा तिमीलाई कष्ट

पुग्ने सम्भावना हुन्छ, उस्तै तिमी परलोकिक जीवन र भाग्यसित सम्बन्धि कुराहरूमा किन गर्दैनौ ?

र मलाई यस कुरामा विश्वास छैन कि यदि कुनै मान्छेसित यो भनियोस् कि मक्का जाने दुई बाटो छन्: एउटा बाटो सुलभ सरल र प्रशान्तिवाला एवं सुरक्षित छ, र आर्को बाटो कष्टदायक, असुरक्षित छ भने त्यो व्यक्ति कष्टदायक र असुरक्षित बाटोलाई चयन गर्छ र भन्छ कि: अल्लाहले मेरो लागि यो बाटो लाग्नु नै निर्धारित गरेको छ, बरु त्यो सरल र सुरक्षित बाटोमा नै लाग्छ । त यस उदाहरणमा र यस कुरामा कुनै अन्तर छैन कि कोही यो भनोस् कि स्वर्गको एउटा बाटो छ र नर्कको पनि एक बाटो छ, त यदि तिमी नर्कको बाटो लाग्यो भने तिमी त्यस मान्छे सरह भयौ जसले मक्का पुग्नुको लागि असुरक्षित र कष्टदायक बाटोलाई चयन गरेको होस्, तर तिमी आफै त्यस मान्छेमाथि टिप्पणी गर्दछौ जुन यस्तो कष्टमय र असुरक्षित बाटोमा लागेको होस्, त तिमीले पनि त्यसै मान्छे झैं नर्कको बाटोलाई किन चयन गऱ्यौ र स्वर्गको बाटोलाई किन त्याग्यौ । र यदि भाग्यद्वारा यसमाथि प्रमाणीकरण गर्नु सही

हुन्थ्यो भने रसूलहरूको आगमन पश्चात यो प्रमाण पनि निर्मूल भइहाल्ने थियो, अल्लाहको फर्मान छः

﴿ رُّسُلًا مُّبَشِّرِينَ وَمُنذِرِينَ لِئَلَّا يَكُونَ لِلنَّاسِ عَلَى ٱللَّهِ حُجَّةٌۢ بَعۡدَ ٱلرُّسُلِۚ وَكَانَ ٱللَّهُ عَزِيزًا حَكِيمًا ﴾

النساء: ١٦٥

अर्थ : हामीले उनीलाई रसूल बनायौं । सुसमाचार सुनाउनेवाला र सावधानकर्ता ताकि पैगम्बरहरूको आगमन पछि मानिसहरूलाई अल्लाहमाथि दोष लगाउने मौका र विवाद नहोस् र अल्लाह सर्वशक्तिमान र तत्वदर्शी छ । (सूरतुन्निसा १६५)

## ईमानमा कमी अभिवृद्धि

प्रश्नः (२७) आदरणीय शैख ज्यू, के ईमान घट्छ र बढ्छ ? र हामी यो पनि जान्न चाहन्छौं कि कुन कुन कुराद्वारा ईमानमा कमी आउँछ र कुन कुन कुराद्वारा ईमानमा अभिवृद्धि हुन्छ ?

उत्तर: भाग्यमाथि आस्था राख्नुमधयेबाट एउटा कुरा बाँकी छ र त्यो यो हो कि भाग्यमाथि आस्था राख्नुले भक्तको जीवनशैली र हृदयमाथि ठूलो प्रभाव हाल्छ। किनकि जब तपाई यो आस्था राख्नु हुन्छ कि समस्त कुराहरू अल्लाहले निर्धारित गरेको भाग्य अनुकूल नै घटित हुन्छ, त तपाई प्रसन्नता र सुगमताको अवस्थामा अल्लाहको आभार प्रकट गर्नुहुन्छ, र आफूमाथि अभिमान गर्नुहुन्न, र यो पनि सोच्नु हुन्न कि यो कार्य तपाईले आफ्नो शक्ति र कार्यशैलीले हात पार्नु भएको छ। बरु तपाई यो आस्था राख्नु हुन्छ कि तपाईले मात्र साधन र माध्यमलाई अपनाउनु भएको छ र त्यसै कारण तपाईलाई यो प्रसन्नता प्राप्त भएको छ, र समस्त अनुग्रह त अल्लाहको हातमा नै छ। त यस्तो हुनाले तपाई अधिकभन्दा अधिक अल्लाहको कृतज्ञता प्रकट गर्नुहुन्छ त्यस अनुकम्पाहरूमाथि जुन अल्लाहले तपाईलाई प्रदान गरेको छ। त यो कुरो तपाईलाई यस कुरामा प्रोत्साहित गर्छ कि तपाई अल्लाहको आज्ञापालन उस्तै गरिराख जसरी त्यसले आदेश गरेको छ, अनि तपाई आफूलाई अल्लाहभन्दा प्रधान

बुझ्नु हुन्न, बरु यो सोच्नु हुन्छ कि तिमीमाथि वास्तवमा अल्लाहकै कृपा छ। अल्लाहको फर्मान छ:

﴿ يَمُنُّونَ عَلَيْكَ أَنْ أَسْلَمُوا قُل لَّا تَمُنُّوا عَلَيَّ إِسْلَامَكُم بَلِ اللَّهُ يَمُنُّ عَلَيْكُمْ أَنْ هَدَاكُمْ لِلْإِيمَانِ إِن كُنتُمْ صَادِقِينَ ﴿١٧﴾ ﴾

الحجرات: ١٧

अर्थ : उनीहरू तपाईमाथि आफ्नो मुसलमान हुने कुराको उपकार दर्शाउँदैछन्, तपाई भनिदिनुस् कि आफ्नो मुसलमान हुने कुरोको उपकार ममाथि नलगाउनुस्। वास्तवमा अल्लाहको तिमीमाथि ठूलो उपकार छ कि तिमीलाई ईमानवाला बनायो यदि तिमी सही बाटोमा छौ भने। (सूरतुल् हुजुरात १७)

र यस्तै जब तपाईलाई कुनै कष्ट पुग्दछ त तपाई अल्लाहमाथि आस्था राख्ने कारण त्यसलाई नतमस्तक भइहाल्नु हुन्छ, यस कारण तपाईलाई त्यस कष्टमाथि नत कुनै पछुतो लाग्छ नत कुनै प्रकारको अफसोच। के तपाईले रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनलाई हेर्नु भएन:

" المؤمن القوي خير وأحب إلى الله من المؤمن الضعيف ، احرص على ما ينفعك ، واستعن بالله ولا تعجز ، وإن أصابك شيء فلا تقل : لو أني فعلت كان كذا وكذا ، ولكن قل : قدر الله وما شاء فعل ، فإن لو تفتح عمل الشيطان" أخرجه مسلم ، كتاب القدر ، باب الأمر بالقوة وترك العجز ، رقم (2664).

अर्थ : शक्तिशाली आस्थावान (मोमिन) अल्लाह निकट दुर्वल आस्थावानको तुलनामा राम्रो र प्रिय हुन्छ, यसर्थ त्यस कुराको प्रयास गर जुन तिमीलाई लाभ पुऱ्याओस्, र अल्लाहको सहायताको याचना गर्दैगर र निराश नहोऊ, र यदि तिमीलाई कुनै कष्ट पुगोस् त यो नभन: कि यदि मैले यस्तो यस्तो गरेको भए यस्तो यस्तो हुनेथियो, बरु भन: जुन अल्लाहले चाह्यो र निर्धारित गऱ्यो त्यो नै भयो, किनकि "यदि" शब्द शैतानको गतिविधिको मार्ग

विस्तार गर्छ । (मुस्लिम, किताबुल् कद्र, बाबुल् अमरे बिल् कूवति वतरकिल् अजज, हदीस नं. २६६४)

यसर्थ भाग्यमाथि आस्था राख्नुले मान्छेलाई आत्मा जीउ र हृदयको शान्ति प्राप्त हुन्छ, र जुन कुरो मिलेको छैन त्यसमा कुनै आफसोच हुँदैन, र जुन आउनेवाला छ त्यसबारे चिंतित र शोकाकुल हुँदैन । अल्लाहको फर्मान छः

﴿ مَآ أَصَابَ مِن مُّصِيبَةٍ فِي ٱلۡأَرۡضِ وَلَا فِيٓ أَنفُسِكُمۡ إِلَّا فِي كِتَٰبٖ مِّن قَبۡلِ أَن نَّبۡرَأَهَآۚ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٞ ٢٢ لِّكَيۡلَا تَأۡسَوۡاْ عَلَىٰ مَا فَاتَكُمۡ وَلَا تَفۡرَحُواْ بِمَآ ءَاتَىٰكُمۡۗ وَٱللَّهُ لَا يُحِبُّ كُلَّ مُخۡتَالٖ فَخُورٍ ٢٣

الحديد: ٢٢ - ٢٣ ﴾

अर्थ : जुनसुकै मुसीबत (दु:ख संकट) धरतीमा आउँछ वा तिमीमाथि त्यसलाई मैले पठाउनुभन्दा

पहिला एउटा किताबमा अंकित हुन्छ । यो काम अल्लाहको निम्ति सजिलो छ। ताकि तिमीले त्यसकुराबाट अफशोच नगर जुन कि तिमीबाट गुज्रिसकेको छ, र न त्यस कुरामाथि अभिमान गर जुन उसले तिमीलाई प्रदान गरेको छ। अल्लाह कुनै घमण्डी र आत्म प्रशंशकहरूलाई मन पराउँदैनन् । (सूरतुल् हदीद २२-२३)

र जुन व्यक्ति माग्यमाथि आस्था राख्दैन त यस कुरामा कुनै सन्देह छैन कि त्यो कष्ट र संकट एवं विपत्ति परेमा शोकाकुल भएर अफसोच गर्छ, र शैतान त्यस्ता मानिसहरूको लागि प्रत्येक संकोच र शंकाको ढोका खोलिदिन्छ । र यदि त्यसलाई प्रसन्नता र सुगमता प्राप्त हुन्छ भने त्यो उनमादमा मस्त भई अभिमानी भइहाल्छ.... । तर भाग्यमाथि आस्था राख्नुले यी समस्त विकारयुक्त कुरा र अवगुणहरू घटित हुँदैनन् ।

र रह्यो ईमानमा कमी र वृद्धिको कुरोः त ईमान अहलुस्सुन्नह वल् जमाअहको दृष्टिमा होः हृदयद्वारा इकरार गर्नु, र जिब्रोद्वारा इकारा गरेको कुराको उच्चारण गर्नु, र इन्द्रियहरूद्वारा त्यसमा कार्यरत

रहनु । त ईमान यी तीनवटै कुरालाई आफूभित्र समाविष्ट गरेको छ, अर्थात हृदयले स्वीकार्नु, जिब्रोद्वारा उच्चारण गर्नु, र शरीरका अंगहरूद्वारा त्यसै बमोजिम कार्यरत हुनु । त जब ईमान यस्तो छ भने त्यो अवश्य नै घट्छ र बढ्छ । र यो यस कारण किनकि हृदयद्वारा स्वीकार गर्ने कुरामा कमी वृद्धि हुन्छ, यसर्थ हेरेर कुनै कुरालाई मान्नु र सुनेर मान्नुमा अन्तर हुन्छ । र यस्तै एक मान्छेले दिएको खबर र दुई मान्छेले दिएको खबर एकनास हुन्सक्दैन, र यस्तै अरु उदाहरणले यस कुरालाई बुझिहाल्नुस् ।

र यसै कारण हजरत इब्राहीम अलैहिस्सलामले भनेका थिए:

﴿ وَإِذۡ قَالَ إِبۡرَٰهِـۧمُ رَبِّ أَرِنِي كَيۡفَ تُحۡيِ ٱلۡمَوۡتَىٰۖ قَالَ أَوَلَمۡ تُؤۡمِنۖ قَالَ بَلَىٰ وَلَٰكِن لِّيَطۡمَئِنَّ قَلۡبِيۖ ﴾ البقرة: ٢٦٠

अर्थ : र जब इब्राहीमले अल्लाहसित भने कि हे मेरो पालनहार ! मलाई देखाऊ कि तिमीले मृतकहरूलाई कसरी जीवित पार्नेछौ ? अल्लाहले भने कि के तिमीले (यो कुरालाई) विश्वास गरेनौं ? तिनले भने हो, अवश्य विश्वास गर्छु तर यस कारणले (चाहन्छु) ताकि पूर्णरूपले मलाई सन्तोष होस् । (सूरतुल् बकर: २६०)

त ईमान इकरार गर्नुले बढछ हृदयको स्वीकृतिमा स्थिरता प्रशान्ति र विनम्रतालेगर्दा, र यसलाई मान्छे स्वयम् नै बुझिहाल्छ। यसर्थ जब मान्छे गुणगानका सभाहरूमा उपस्थित हुन्छ जसमा गुणगान र स्वर्ग एवं नर्कको बारेमा उपदेश हुन्छ, त त्यसको ईमानमा अभिवृद्धि भइहाल्छ, र त्यसलाई यस्तो प्रतीत हुन्छ कि त्यो नर्क अथवा स्वर्ग आफ्नो आँखाले हेरिरहेको हुन्छ, र जब त्यो त्यसबाट अचेत हुन्छ वा त्यस सभाबाट उठेर जान्छ त त्यसको यस विश्वासमा कमी आइहाल्छ। यस्तै ईमान कथन र उच्चारणद्वारा पनि बढिहाल्छ, यसर्थ जब कुनै मान्छे दश पटक अल्लाहको गुाणगान गर्छ र आर्को मान्छे सय पटक अल्लाहको गुणगान गर्छ, त दश पटक

गुणगान गर्नेवाला मान्छे सय पटक गर्नेवाला सरह हुन्सक्दैन, त दोस्रो मान्छे पहिलोभन्दा श्रेष्ठ हुन्छ, र त्यसको ईमान पनि त्यस पहिलो मान्छेभन्दा अधिक भइहाल्छ ।

र यस्तै जुन मान्छे परिपूर्ण तरिकाले पूजालाई सम्पन्न गर्छ त त्यसको ईमान त्यस मान्छेको तुलनामा अधिक हुन्छ जुन मान्छे पूजालाई परिपूर्ण तरिकाले सम्पन्न गर्दैन, र यस्तै अरु कार्यहरूमा पनि । यसर्थ जब कुनै व्यक्ति आफ्नो अंगहरूद्वारा अरु व्यक्तिहरूभन्दा अधिक सुकार्य गर्छ, त अधिक सुकार्य गर्ने मान्छेको ईमान कम सुकार्य गर्ने मान्छेको ईमानभन्दा अधिक भइहाल्छ, यसर्थ त्यो आरुहरूभन्दा अधिक ईमानवाला भइहाल्छ । र यो कुरो कुरआन र हदीस दुवैमा वर्णित छ । अल्लाहको फर्मान छः

﴿وَإِذَا مَآ أُنزِلَتۡ سُورَةٞ فَمِنۡهُم مَّن يَقُولُ أَيُّكُمۡ زَادَتۡهُ هَٰذِهِۦٓ إِيمَٰنٗاۚ فَأَمَّا ٱلَّذِينَ ءَامَنُواْ فَزَادَتۡهُمۡ إِيمَٰنٗا وَهُمۡ

يَسۡتَبۡشِرُونَ ﴿١٢٤﴾ وَأَمَّا ٱلَّذِينَ فِي قُلُوبِهِم مَّرَضٞ
فَزَادَتۡهُمۡ رِجۡسًا إِلَىٰ رِجۡسِهِمۡ وَمَاتُواْ وَهُمۡ
كَٰفِرُونَ ﴿١٢٥﴾ ﴾ التوبة: ١٢٤ - ١٢٥

अर्थ : र जब कुनै सूरः अवतरित हुन्छ त केही मुनाफिकहरूले भन्दछन्: कि यस सूर:ले तिमीहरूमध्ये कसको ईमानमा अभिवृद्धि गरेको छ ? हो, जो ईमानवाला छन् तिनीहरूको ईमानमा वृद्धि गरेको छ, र तिनीहरू प्रसन्न हुने गर्दछन् । र जुन मानिसहरूको हृदयमा रोग छ, तिनीहरूका निम्ति फोहोरमाथि फोहोरको वृद्धि गऱ्यो र तिनीहरू काफिर भएकै अवस्थामा नै मरे । (सूरतुत्तौबा १२४, १२५)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَمَا جَعَلْنَآ أَصْحَٰبَ ٱلنَّارِ إِلَّا مَلَٰٓئِكَةًۙ وَمَا جَعَلْنَا عِدَّتَهُمْ إِلَّا فِتْنَةً لِّلَّذِينَ كَفَرُوا۟ لِيَسْتَيْقِنَ ٱلَّذِينَ أُوتُوا۟ ٱلْكِتَٰبَ وَيَزْدَادَ ٱلَّذِينَ ءَامَنُوٓا۟ إِيمَٰنًاۙ ﴾ المدثر: ٣١

अर्थ : र हामीले नर्कको द्वारपालहरू फरिश्ताहरूलाई बनाएका छौं र हामीले उनीहरूको संख्या काफिरहरूको परीक्षाको निम्ति निर्धारित गरेका छौं, यसकारण कि किताबवालाले विश्वास गरुन् र मोमिनहरूको ईमान अरु धेरै बढोस् र किताब मान्नेहरू र मोमिनले शंका नगरुन्...। (सूरतुल् मुद्दस्सिर ३१)

र सही हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" ما رأيت من ناقصات عقل ودين أذهب للب الرجل الحازم من إحداكن"[1] أخرجه البخاري، كتاب الحيض، باب ترك الحائض الصوم، رقم (304)، ومسلم

كتاب الإيمان، باب نقصان الإيمان بنقصان الطاعات، رقم (79، 80).

अर्थ : मैले तिमी कम अकल र कम धर्मवाली महिलाहरूभन्दा अधिक बुद्धिमान मान्छेको मनीषलाई भ्रष्ट गर्ने कुनै अरु कुरालाई हेरेको छैन । (बुखारी, किताबुल् हैज, बाबु तरकिल् हाइजिस्सौम, हदीस नं. ३०४ । र मुस्लिम, किताबुल ईमान, बाबु नुक्सानिल् ईमाने बिनुक्सानित्ताआत, हदीस नं. ७९, ८०)

त ईमान घट्छ र बढ्छ पनि तर त्यसको घट्ने बढ्ने कारण के हो ?

त रह्यो ईमानमा अभिवृद्धि हुने कारणहरू त तयसमध्ये केही निम्न हुन्:

पहिलो कारण: अल्लाह र त्यसका नाम र विशेषताहरूको ज्ञान । किनकि जहिले पनि मान्छेलाई अल्लाहको बारेमा र त्यसका नामहरू र विशेषताहरूबारे जति अधिक ज्ञान हुन्छ त्यो त्यति नै अधिक ईमानवाला भइहाल्छ अर्थात त्यसको ईमानमा पनि उत्तिकै अभिवृद्धि भइहाल्छ । र यसै

कारण तपाई यो हेर्नुहुन्छ कि धर्मविद्हरू जुन अल्लाहको नाम र त्यसका विशषताहरूबारे अरुभन्दा अधिक ज्ञानी हुन्छन् उनी सबैभन्दा अधिक ईमानवाला पनि हुन्छन् ।

दोस्रो कारण: अल्लाहका वैधानिक र संसारिक निशानी र प्रतीकहरूमा विचार र चिन्तनमनन् गर्नु । यसर्थ मान्छे संसारिक निशानीहरूमाथि जति मनथन गर्छ जुन हुन्: सृष्टिहरू, आकाश, धरती, मानव दानव, जनावरहरू .... आदि, त त्यसको ईमान बढिहाल्छ । अल्लाहको फर्मान छ:

﴿ وَفِي ٱلۡأَرۡضِ ءَايَٰتٞ لِّلۡمُوقِنِينَ ٢٠ وَفِيٓ أَنفُسِكُمۡۚ أَفَلَا تُبۡصِرُونَ ٢١ ﴾ الذاريات: ٢٠ - ٢١

अर्थ : र ईमान राख्नेहरूको निम्ति धरतीमा धेरै निशानीहरू छन् । र स्वयं तिम्रो व्यक्तित्वमा पनि त के तिमी देख्दैनौ ? (सूरतुज्जारियात २०,२१)

र यस कुरामाथि प्रमाणीकरण गर्ने श्लोक र उदधृतहरू अति थुप्रै छन्, अर्थात यस कुरोको

प्रमाणीकरण गर्ने कि मान्छे यदि यस संसारमाथि विचारविमर्श गर्छ भने त्यसको ईमान निःसंकोच बढिहाल्छ ।

तेस्रो कारणः अत्याधिक सुकर्म गर्नु । यसर्थ मान्छे जति अधिक सुकार्य गर्छ त्यति नै त्यसको ईमानमा अभिवृद्धि हुन्छ, चाहे ती पुण्यका कार्य कार्यहरूमध्येका होउन् वा कुरामधयेका । यसर्थ गुणगान गर्नु ईमानलाई बढाउँछ संख्या र आस्थाको दृष्टिले, र यस्तै नमाज, व्रत, हज्ज, जकात पनि ईमानमा अभिवृद्धि गर्छन् ।

र रह्यो कुरो ईमानमा कमी गर्ने कारणहरूको त ती ईमानमा बढोत्तरी गर्ने कार्य कुराहरू विरुद्ध कार्य कुराहरू हुन्ः यसर्थ अल्लाह र अल्लाहका नाम र विशेषताहरूको बारेमा अनभिज्ञता ईमानमा कमी ल्याउँछ, किनकि जब मान्छेलाई अल्लाहको नाम र विशेषताहरूबारे ज्ञान हुँदैन त यस अनभिज्ञताले त्यसको ईमानमा कमी गर्छ जसरी त्यसको ज्ञानले त्यसको ईमानमा अभिवृद्धि गर्छ ।

दोस्रो कारण: अल्लाहका वैधानिक र संसारिक निशानीहरूमा चिन्तनमनन् र विचार गर्नुबाट पंछिनु । त यो कुरो पनि ईमानमा कमी ल्याउनुको कारण हो, र कम्तीमा यो ईमानमा वृद्धि हुने कुरालाई रोकिदिन्छ ।

तेस्रो कारण: कुकर्म गर्नु । किनकि पाप कर्म हृदय र ईमानमाथि अति ठूलो प्रभाव पार्छ, र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ:

" لا يزني الزاني حين يزني وهو مؤمن" (أخرجه البخاري، كتاب الأشربة، باب قول الله تعالى: ( إِنَّمَا الْخَمْرُ وَالْمَيْسِرُ )(5578)، ومسلم كتاب الإيمان، باب بيان أنه لا يدخل الجنة إلا المؤمنون رقم (57).

अर्थ : व्यभिचार गर्ने मान्छे व्यभिचार गर्ने समय आस्थावान हुँदैन । (बुखारी, किताबुल् अश्रेबह, बाबु कौलुल्लाहे तआला: “इन्नमल् खमरु वल्मैसरु”, हदीस नं. ५५७८ । र मुस्लिम, किताबुल् ईमान,

बाबु बयाने अन्नहू लायद्खुलुल् जन्नता इल्लल् मूमिनून, हदीस नं. ५७)

चौथो कारण: सत्कर्म र सुकार्यहरूलाई त्याग्नु । यसर्थ पुण्य कार्यलाई त्याग्नु पनि ईमानमा कमी ल्याउँछ, तर यदि पुण्य कार्य अनिवार्य छ तर मान्छेले बिना कुनै वैधानिक कारण र बाध्याता त्यसलाई त्याग्दछ भने त्यसको ईमानमा यस्तो कमी आउँछ जसप्रति त्यसलाई धिक्कृत गर्नुको साथै दण्ड पनि दिइन्छ । र यदि त्यो पुण्य कार्य अनिवार्य छैन वा त्यो कार्य अनिवार्य त छ तर त्यसलाई कुनै बाध्यता वा वैधानिक कारणलेगर्दा त्यागेको छ भने यस्तो गर्नाले त्यसको ईमानमा जुन कमी आउँछ त्यसमा त्यसलाई धिक्कृत गरिदैन । र यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले महिलाहरूलाई कम अकल र धर्मका कार्य कम गर्नेवाली भनेका छिन, र उनीहरूको धर्ममा कमीको व्याख्या यसरी गरेका छन् कि: जब उनीलाई रजस्वला आउँछ त नत तिनी नमाजको आयोजना नै गर्छिन् नत व्रतको, तर तिनीहरूलाई यसलाई त्याग्नुमा धिक्कृत गरिदैन, बरु रजस्वलाको अवस्थामा तिनलाई यी

कार्यहरूलाई त्याग्ने आदेश छ, तर जब तिनीद्वारा यस विशेष समयमा ती कार्यहरू गरिएन जुन पुरुषहरू गर्छन् त पुरुषहरूको तुलनामा धर्मको कार्य गर्नुमा तिनी कमी गर्नेवाली ठहर र सिद्ध भइन् ।

प्रश्नः (२८) आदरणीय शैख ज्यू, कतिपय मानिसहरू यस्ता पनि हुन्छन् जुन ईमानमा कमी र वृद्धि हुने कुरालाई मान्दैनन्, र भन्छन् किः पाप र कुकर्म गर्नाले मान्छेको पूर्ण ईमान नष्ट भइहाल्छ र त्यो पाप गर्ने मान्छे काफिर भइहाल्छ, त यस्ताखालका मानिसहरूलाई के प्रतिउत्तर दिइन्छ ?

उत्तरः हामी उनीहरूलाई प्रतिउत्तर दिन्छौं कुरआन र हदीसका ती समस्त उदधृतहरूद्वारा जसलाई हामीले अघि नै वर्णन गरिसकेका छौं, र यस्तै दर्शनीय अवस्थाहरूद्वारा पनि । यसर्थ हामी भन्छौं किः यदि तिमीहरू समक्ष कुनै खबर दिनेवाला आउँछ, र भन्छ किः फलानो मान्छे आज देश फर्केर आएको छ, र यो खबर दिनेवाला मान्छे तपाई समीप सत्यवान पनि छ, त तपाईलाई यो कुरो मान्नु नै पर्छ कि त्यो मान्छे देश फर्कि सकेको छ । र यदि एउटा आर्को मान्छे आउँछ र त्यसै कुरोको खबर

दिन्छ भने त्यो तपाईको विश्वासलाई अझैं बलियो र सुदृढ गरिदिन्छ के यस्तो कुरो होइन र ? त उनी टिप्पणी गर्नेहरू यसको उत्तरमा अवश्य भन्छन् कि हो यो त अवश्य विश्वासलाई बलियो बनाउँछ। तर यदि त्यस आउनेवाला मान्छेलाई तपाईले साक्षात आफ्नो आँखाले हेनुहुन्छ भने तपाईको विश्वास अझैं बलियो भइहाल्छ। र यो यस्तो कुरो हो जसमा कुनै पनि मान्छे सन्देह गर्न सक्दैन, त अहिले हामी भन्छौं कि: जब हामीले कार्य र कुरालाई पनि ईमानमा शामेल गरेका छौं त कार्य एवं कुराको विविधता अवश्य इमानमा कमी वृद्धिको करण हुन्छ। त यस कुरामा ईमानको कमी र अभिवृद्धिको स्पष्ट प्रमाण छ।

## ईमानमा कमी वृद्धिको बारेमा इन्कारी हुनुको हुकुम

प्रश्न: (२९) आदरणीय शैख ज्यू, तर शैख ज्यू त्यस मान्छेको हुकुम के छ जुन ईमानमा वृद्धि र कमीको कुराको इन्कारी होस् ?

उत्तर: त्यसको हुकुम इन्कार गर्ने मान्छेको अवस्थासित संलग्न छ। यदि त्यसले यसको इन्कार गर्छ त्यसलाई झूठा ठानेर वा त्यसको पूर्णतया अविश्वासी भएर, त त्यो त्यसमा अविश्वास व्यक्त गर्ने कारण र त्यसलाई झुट्लाउने कारण काफिर भइहाल्छ, किनकि यो कुरो कुरआनमा वर्णित छ। र यदि त्यसले त्यसको इन्कार गरेको छ त्यसको व्याख्या गर्दै अर्थात कुटिल व्याख्या गर्दै, त व्याख्या गर्नुका अनेकौं श्रेणीहरू छन्, त कहिले त्यो नास्तिकतासम्म पुगिहाल्छ त कहिले नास्तिकतासम्म पुग्दैन। त जुन मान्छे यो भन्छ कि: म यो भन्दैन कि ईमान घट्छ र बढ्छ अनि त्यसको व्याख्या गर्छ त त्यसको हुकुम त्यसको व्याख्यामा आधारित हुन्छ।

अल्लाहले अवतरित गरेको हुकुम (विधान) बाहेक कुनै अरु हुकुम बमोजिम फैसला कैफियत ?

प्रश्न: (३०) आदरणीय शैख ज्यू, अल्लाहले अवतरित गरेको हुकुम (विधान) बाहेक कुनै अरु हुकुम बमोजिम फैसला गर्नुको तरिका के कस्तो हुन्छ ?

उत्तरः यसका दुई थरीहरू छन्:

पहिलो थरी: यसरी कि अल्लाहले अवतरित गरेको हुकुमलाई स्थगित गरेर त्यसको स्थानमा कुनै आर्को शैतानी हुकुम लागू गरियोस्, अर्थात विधानले तोकेको कानुनद्वारा मानिसहरूबीच फैसला गर्ने कुरालाई स्थगित गरियोस् र त्यसको सट्टामा मानवले बनाएको कुनै कानुनलाई प्रचलित गरियोस् । जसरी कि केही मानिसहरू मानिसहरूबीच फैसलागर्दा वैधानिक कानुनलाई हटाएर त्यसको स्थानमा मानवले बनाएका कानुनलाई लागू गर्दछन्, त यसमा कुनै सन्देह छैन कि यस्तो गर्नु नास्तिकता हो, र यस्तो गर्नाले मान्छे काफिर भइहाल्छ र इस्लाम धर्मबाट निष्कासित भइहाल्छ, किनकि यस मान्छेले आफूलाई स्रष्टाको दर्जामा विराजित गऱ्यो, किनकि त्यसले मानवको लागि त्यो कुरो वैधानिक ठान्यो जसको अनुमति अल्लाहले दिएको छैन । बरु जुन कुरो पनि अल्लाहको विधान प्रतिकूल छ र कसैले यसलाई सृष्टिबीच फैसलाको लागि निर्धारित गऱ्यो त यसै कार्यलाई अल्लाहले आफ्नो निम्नको कथनमा शिर्क र बहुदेववाद भनेको छः

﴿ أَمۡ لَهُمۡ شُرَكَٰٓؤُاْ شَرَعُواْ لَهُم مِّنَ ٱلدِّينِ مَا لَمۡ يَأۡذَنۢ بِهِ ٱللَّهُۚ ﴾ الشورى: ٢١

अर्थ : के उनीहरूले यस्तो अल्लाहको साझेदार बनाएका छन् । जसले उनीहरूको लागि यस्तो धर्म निर्धारित गरिदिएका छन्, जसबारे अल्लाहले आदेश दिएको छैन ? (सूरतुश्शूरा २१)

दोस्रो थरी: यसरी कि अल्लाहले अवतरित गरेको विधान त्यस्तै बाँकी रहोस् र त्यसको अधिपत्य पनि बाँकी रहोस्, र त्यसै अनुकूल फैसला पनि गरियोस्, तर कुनै हाकिम आएर त्यस कानुन बाहेकद्वारा फैसला गरोस्, अर्थात अल्लाहले अवतरित गरेका विधानको प्रकाशमा फैसला नगरिकन् कौ अरु विधानको प्रकाशमा फैसला गरोस् । र यसका तीन अवस्थाहरू छन्:

पहिलो अवस्था: कि मान्छे अल्लाहको विधान विरुद्ध कुनै विधानद्वारा फैसला गरोस् यस आस्थाको साथ कि यो कानुन अल्लाहले निर्धारित गरेको कानुनभन्दा

श्रेष्ठ छ र मानिसहरूको लागि अल्लाहको कानुनभन्दा अधिक हितकर छ । वा यो आस्था राखोस् कि त्यो हुकुम अल्लाहले अवतरित गरेको हुकुम जस्तै छ, वा यो आस्था राखोस् कि अल्लाहले अवतरित गरेको विधान बाहेक कुनै अरु विधानद्वारा फैसला गर्नु पनि जायज छ । त यो स्पष्ट नास्तिकता हो, र यस्तो गर्नाले त्यो हाकिम इस्लाम धर्मबाट निष्कासित भइहाल्छ, किनकि त्यो इस्लामको हुकुमबाट सन्तुष्ट छैन, र अल्लाहलाई त्यसले सृष्टिको न्यायकर्ता मानेन ।

दोस्रो अवस्था: मान्छे अल्लाहले अवतरित गरेको विधान बाहेकको विधानद्वारा फैसला गरोस् यस आस्थाको साथ कि अल्लाहले अवतरित गरेको विधान नै सर्वश्रेष्ठ छ, र सृष्टिको अत्याधिक लाभदायक पनि, तर त्यसले त्यसद्वारा फैसला नगरिकन् सीमा अतिक्रमण गऱ्यो, र त्यसलाई यो पनि आभास छ कि त्यसले अल्लाहको अवज्ञा गरेको छ, र यस्तो गरेर त्यो जस विरुद्ध फैसला गरेको छ त्यसमाथि अन्याय र अत्याचार गरेको छ त्यस मान्छे र त्यस हाकिमबीच कुनै शत्रुताको कारण वा कुनै

अरु कारणले । त त्यसले यस्तो शत्रुता आदिको कारण गरेको छ नकि अल्लाहले अवतरित गरेको विधानलाई अप्रिय ठानेर नत त्यसलाई परिवर्तित गर्ने मनसायले, र नत त्यसको यो अभिप्राय नै छ कि त्यसको फैसला अल्लाहको फैसलाभन्दा श्रेष्ठ छ, वा तयसै जस्तो छ, वा त्यसद्वारा फैसला गर्नु जायज छ । बरु त्यसले अल्लाहको विधान बाहेक कुनै आर्को विधान बमोजिम फैसला गर्ने कारण मात्र यो हो कि जस विरुद्ध त्यो फैसला गरेको छ त्यसलाई हानि वा कष्ट पुऱ्याउन चाहन्छ। त यस्तो अवस्थामा हामी भन्छौं कि: यो हाकिम काफिर त भएन तर यो अतिक्रमणकारी र अन्यायी एवं अत्याचरी अवश्य भयो ।

तेस्रो अवस्था: यसरी कि मान्छे अल्लाहले अवतरित गरेको हुकुम बाहेक कुनै अरु विधानद्वारा फैसला गरोस् यस आस्थाको साथ कि अल्लाहको हुकुम सर्वश्रेष्ठ र भक्तहरूको लागि सबैभन्दा अधिक हितकर छ, र यो आस्था पनि राखोस् कि यस फैसलाद्वारा त्यो अल्लाहको अवज्ञा गरिरहेको छ, तर त्यो आफ्नो कुनै स्वार्थ वा जसको लागि फैसला

गरिहेको छ त्यसको कुनै स्वार्थको लागि यो फैसला गरिरहेको छ । त यस्तो गर्नु पाप हो र यो अल्लाहको आज्ञाउल्लंघन पनि हो । र उपरोक्तमा वर्णित तीनवटै अवस्थालाई निम्नको श्लोक प्रष्ट गरिरहेको छः

﴿ وَمَن لَّمۡ يَحۡكُم بِمَآ أَنزَلَ ٱللَّهُ فَأُوْلَـٰٓئِكَ هُمُ ٱلۡكَـٰفِرُونَ ﴿٤٤﴾ ﴾ المائدة: ٤٤

अर्थ : र जसले अल्लाहले अवतरित गरेका आदेशहरू बमोजिम फैसला गर्दैनन् तिनीहरू नै काफिर हुन् । (सूरतुल् माइदः ४४)

त यस श्लोककले पहिलो अवस्थालाई प्रष्ट गरेको छः

﴿ وَمَن لَّمۡ يَحۡكُم بِمَآ أَنزَلَ ٱللَّهُ فَأُوْلَـٰٓئِكَ هُمُ ٱلظَّـٰلِمُونَ ﴿٤٥﴾ ﴾ المائدة: ٤٥

अर्थ : र जसले अल्लाहले अवतरित गरेका आदेशहरू बमोजिम फैसला गर्दैनन् तिनीहरू नै अत्याचारी हुन् । (सूरतुल् माइदः ४५)

त यस श्लोकले दोस्रो अवस्थालाई प्रष्ट पारेको छः

﴿ وَمَن لَّمۡ يَحۡكُم بِمَآ أَنزَلَ ٱللَّهُ فَأُوْلَٰٓئِكَ هُمُ ٱلۡفَٰسِقُونَ ٤٧ ﴾ المائدة: ٤٧

अर्थ : र जसले अल्लाहबाट उतारिएको आदेश अनुसार फैसला गर्दैनन्, तिनीहरू नै अवज्ञाकारी हुन् । (सूरतुल् माइदः ४७)

त यस श्लोकले तेस्रो अवस्थालाई प्रष्ट पारेको छ ।

त यो समस्या वर्तमानका घातक समस्याहरूमध्ये एक हो, त वर्तमानकालमा केही यस्ता मानिसहरू छन् जुन मुसलमानहरूको विधान बाहेक अन्य विधान र कानुनलाई मन पराउँछन् यहाँसम्म कि त्यसैमा व्यस्त रहन्छन्, बरु कहिलेकाहिँ त यस्ता कानुनहरूलाई अल्लाह र अल्लाहका रसूलका

हुकुमहरूमाथि श्रेष्ठता र उच्चता प्रदान गर्छन्, तर त्यसलाई यो थाहा हुँदैन कि अल्लाह र अल्लाहका रसूलको हुकुम प्रलयसम्म बाँकी र प्रचलित रहनेछ। किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लम प्रलयसम्मको लागि समस्त सृष्टिहरूको लागि सन्देष्टा बनाइएर पठाइएका हुन्, र जसले उहाँलाई पठाएको छ त्यो भक्तहरूका प्रलयसम्मका अवस्थाहरूलाई राम्ररी जान्दछ । यसर्थ उसले उनीहरूको लागि मात्र त्यही कुरा वैधानिक गरेको छ जुन उनीहरूको संसारिक र परलौकिक एवं धार्मिक कुराहरूमा हितकर छ। त जुन मानिस यो गुमान गरोस् कि जुन हुकुम अल्लाहले नबी सल्लल्लाहो अलैहे वसल्लमको युगमा उतारेको थियो वर्तमानमा त्यसभन्दा हितकर आजको कानुन छ भने त्यो स्पष्ट पथविचलनमा पऱ्यो । यसर्थ त्यसमाथि यो अनिवार्य छ कि अल्लाहसित तौबा गरोस् र त्यससित क्षमायाचना गरोस्, र सत्मार्गमा फर्केर आओस्, र आफ्नो यस गुमानमाथि पुनः विचार गरोस् ।

# अन्यायी अत्याचारी र पापी अवज्ञाकारीबीच अन्तर

प्रश्नः (३१) आदरणी शैख ज्यू, अन्यायी अत्याचारी र पापी अवज्ञाकारीको बारेमा तपाईले मिल्दो कुरो गर्नु भएको छ र त्यो हो किः अन्यायी अत्याचारी त्यो मान्छे हो जुन अल्लाहको हुकुम बाहेक कुनै अन्य विधानद्वारा फैसला गरोस् जबकि त्यसलाई यो थाहा छ कि अल्लाहको हुकुम नै सर्वश्रेष्ठ छ तर त्यो अल्लाहको हुकुमबाट पन्छेर कुनै अरुलाई दुःख दिने उद्देश्यले वा आफ्नो कुनै स्वर्थले गर्दा अन्य विधान बमोजिम फैसला गर्छ । र पापी अवज्ञाकारीको बारेमा भन्नु भयो कि त्यस मान्छेलाई पनि यो थाहा छ कि अल्लाहको हुकुम नै सर्वैश्रेष्ठ छ, तर त्यो हवसपूजामा संलग्न भएर वा आफ्नो कुनै स्वार्थलेगर्दा वा कसैको स्वर्थलेगर्दा त्यसको हकमा फैसला गर्नुको लागि अल्लाहको कानुन बाहेक कुनै अन्य कानुन बमोजिम फैसला गर्छ ताकि त्यसलाई यस फैसलाद्वारा त्यसको हवसपूर्तिमा सहमति प्राप्त भइहालोस् । त यी दुवैमा अन्तर के छ स्पष्ट गरिदिनुको अनुरोध छ ?

उत्तरः दुवै वीच अन्तर यो छ कि जसलाई हामी अन्यायी अत्याचरी भन्छौं त्यो जसको विरुद्ध फैसला गरिरहेको छ त्यसमाथि अन्याय अत्याचार गर्ने त्यसको मूल उद्देश्य हुन्छ, चाहे यस फैसलाद्वारा त्यसको कुनै स्वार्थ र लाभ होस् वा नहोस्, र यो जसको हकमा फैसला गरिरहेको छ त्यसको हितलाई मद्देनजर राख्दैन, बरु त्यसको प्रमुख उद्देश्य हुन्छ अत्याचार गर्नु । र रह्यो पापी र अवज्ञाकारी मान्छेको कुरो त यो मान्छे जब आफ्नो स्वार्थ वा कसै अरुको स्वार्थको लागि फैसला गरिरहेको हुन्छ त जस विरुद्ध फैसला गरिरहेको हुन्छ त्यसमाथि अत्याचार गर्नुको कुरो त्यसको मुटुमा हुँदैन कि जस विरुद्ध त्यो फैसला गरिरहेको छ त्यसमाथि अत्याचार गरिरहेको छ । यसर्थ यो मान्छे यस कुरामा कुनै विवेध गर्दैन कि जस विरुद्ध त्यसले फैसला गरेको छ त्यो को हो, किनकि त्यो मात्र जसको हकमा फैसला गरेको छ त्यसको हित चाहन्छ वा आफ्नो कुनै लाभ चाहन्छ वा यसै जस्ता कुराहरू चाहन्छ । त दुवैबीच स्पष्ट भिन्नता र अन्तर छ । (अर्थात

एउटाको उद्देश्य अत्याचार गर्नु हुन्छ र आर्कोको उद्देश्य लाभ पुऱ्याउनु ।

## कहानाको वास्तविकता

**प्रश्नः (३२) आदरणीय शैख ज्यू, कहाना के हो ?**

उत्तरः कहानाको वास्तविक अर्थ हो अनुमानले कुरा गर्नु, र यस्ता कुराहरूद्वारा वास्तविकताको खोज गर्नु जसको कुनै आधार छैन ।

र अनभिज्ञकालमा मान्छेहरू यस्तो गर्थे कि कुनै तथ्यद्वारा शैतानसित भेट्दथे जुनकि आकाशमा गएर केही सुन्ने प्रयास गरेर उनीलाई त्यसको खबर दिन्थ्यो, अनि उनीहरू शैतानले बताएको कुरामा अरु कुराहरू मिसाएर मानिसहरूलाई बताउँथे, अनि यदि वास्तवमा उस्तै घटित भइहाल्थ्यो जसरी उनीहरू (काहिनहरूले) अन्तरयामी हुने दावी गर्नेहरूले भनेका थिए त मानिसहरू उनीबाट धोका खाइहाल्थे, अनि यी काहिनहरू मानिसहरूको विश्वासका केन्द्र भइहाल्थे, अनि मानिसहरू उनीहरू समक्ष आएर आफना भविष्यका कुराहरूबारे जान्न

खोज्दथे । त यसलेगर्दा हामी भन्छौं कि: काहिन त्यो मान्छे हो जुन भविष्य र अदृश्य कुराहरूको खबर दिने दावी गर्छ, त जुन व्यक्ति पनि यस्तो ज्योतिषि अन्तरयामी हुने दावी गर्ने मान्छेको पासमा जान्छ त यस्को तीन थरी अथवा अवस्था छ:

पहिलो थरी: मान्छे काहिन समक्ष आएर बिना त्यसको कुरामा विशवास गरिकन् त्यससित केही सोध्दछ, त यस्तो गर्नु पनि हराम र निषेधित छ । र यस्तो गर्ने मान्छेको सजाय र दण्ड यो हो कि त्यसको चालीस दिनको नमाज स्वीकार हुँदैन । जस्तोकि सही मुस्लिमको हदीसमा छ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من أتى عرافا فسأله لم تقبل له صلاة أربعين يوماً أو أربعين ليلة" (أخرجه مسلم ، كتاب الطب ، باب تحريم الكهانة وإتيان الكهان ، رقم (2230).

अर्थ : जुन मान्छे पनि ज्योतिषि अर्थात हात हेरेर भविष्य बताउने मान्छेको पासमा आएर त्यससित

कुनै कुराबारे सोध्दछ, त त्यसको चालीस दिन वा चालीस रात्रीको नमाज कबूल गरिदैन । (मुस्लिम, किताबुत्तिब, बाबु तहरीमिल् कहाना वइतियानुल् कह्हान, हदीस नं. २२३०)

दोस्रो थरी: कुनै मान्छे काहिन समक्ष आएर त्यससित कुनै कुराबारे सोध्दछ पनि र त्यसमा विश्वास पनि गर्दछ । त यस्तो गर्नु अल्लाहको इन्कार गर्नु हो, किनकि त्यसले त्यसको अदृश्य कुराको ज्ञाता हुने कुरामा विश्वास गऱ्यो, र कुनै पनि सृष्टिको अन्तरयामी हुने दावीमा विश्वास गर्नु अल्लाहको यस कथनलाई मिथ्या ठान्नु हो:

﴿ قُل لَّا يَعۡلَمُ مَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ ٱلۡغَيۡبَ إِلَّا ٱللَّهُۚ وَمَا يَشۡعُرُونَ أَيَّانَ يُبۡعَثُونَ ٦٥ ﴾ النمل: ٦٥

अर्थ : भनिदिनुस् कि जो आकाशहरू र धरतीमा छन्, अल्लाह बाहेक कोही अन्तरयामी छैन उनीहरू त यो पनि जान्दैनन् कि कहिले उठाइनेछन् । ( सूरतुन्नमल ६५)

र अल्लाह र अल्लाहका रसूलले दिएको खबरलाई मिथ्या ठान्नु नास्तिकता हो, र यसै कारण हदीसमा वर्णित छ कि:

" من أتى كاهناً فصدقه بما يقول فقد كفر بما أنزل على محمد صلى الله عليه وسلم" ( أخرجه الترمذي ، كتاب الطهارة، باب ما جاء في كراهية إتيان الحائض ، رقم (135)، وابن ماجه ، كتاب الطهارة ، باب النهي عن إتيان الحائض ، رقم (639)، وصححه العلامة أحمد شاكر في حاشيته على سنن الترمذي (244/1).

अर्थ : जुन व्यक्ति पनि काहिनको पासमा आयो, र त्यसले भनेको कुरामा विश्वास गऱ्यो, त त्यसले त्यस कुराको इन्कार गऱ्यो जुन मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरिएको छ । ( तिर्मिजी, किताबुत्तहारह, बाबु माजाआ फि कराहीयति इत्यानिल् हाइज, हदीस नं. १३५ । र इब्ने माजा, किताबुत्तहारह, बाबुन्नहिये अन् इतियानिल् हाइज, हदीस नं. ६३९ । र यस

हदीसलाई अहमद शाकिरले तिर्मिजीको १/२४४ को टिकाटिप्पणीमा सही भनेका छन्)

तेस्रो थरी: कुनै मान्छे काहिनको पासमा आएर यस उद्देश्यले त्यससित सोध्दछ ताकि मानिसहरूमाथि यो दर्शित गरोस् कि यो काहिन जुन भनिराखेको छ त्यो मात्र अनुमान र पथभ्रष्टता हो, त यस्तो मान्छेमाथि कुनै आपत्ति छैन । र यसको प्रमाण हो यो घटना कि: नबी सल्लल्लाहो अलैहे वसल्लम इब्ने सैयादको पासमा आए वा इब्ने सैयाद उहाँ सल्लल्लाहो अलैहे वसल्लमको पासमा आयो, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो मनमा कुनै कुरा लुकाएर त्यससित भने: म आफ्नो मनमा तिम्रो लागि के लुकाएको छु बताऊ ? त त्यसले भन्यो: धुवाँ लुकाउनु भएको छ । त रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" اخسا ، فلن تعدو قدرك" (أخرجه البخاري ، كتاب الأدب ، باب قول الرجل للرجل اخسا ، رقم (6173)، ومسلم ، كتاب الفتن ، باب ذكر ابن صياد ، رقم (2925)

अर्थ : जुप लागरे बस तिमी काहिनहरूको अट्कलबाजीले कुनै वास्तविकता पाउन सक्दैन । ( बुखारी, किताबुल् अदब, बाबु कौलिर्रजुले लिर्रजुले अखसआ, हदीस नं. ६१७३ । र मुस्लिम, किताबुल् फेतन, बाबु जिक्रे इब्ने सैयाद, हदीस नं. २९२५)

त यी अवस्थाहरू नै हुन् काहिनहरूको पासमा जानुको र यी तीन छन्: याता मान्छे काहिनको पासमा गएर त्यससित प्रश्न गरोस् तर त्यसले बताएको कुरोलाई असत्य ठानोस्, र यस्तो गर्नाले नत त्यसको परीक्षा गर्ने उद्देश्य होस् नत त्यसको झूठको पोल खोल्ने उद्देश्य नै होस्, त यस्तो गर्नु हराम छ । र यस्तो गर्ने मान्छेको सजाय यो हो कि त्यसको चालीस रात्री वा चालीस दिनको नमाज स्वीकार हुँदैन ।

दोस्रो: यो कि मान्छे त्यससित सोधोस् र त्यसले भनेको कुरामा विशवास पनि गरोस्, त यस्तो गर्नु नास्तिकता हो, यसर्थ यस्तो गर्ने मान्छेमाथि अनिवार्य छ कि त्यो अल्लाहसित तौबा गरोस् र अल्लाहतिर प्रवृत्त भइहालोस्, र यदि यस्तो गरेन भने त्यो काफिर भएर नै मर्नेछ ।

तेस्रो: यो कि मान्छे त्यससित यस उद्देश्यले प्रश्न गरोस् ताकि त्यसको परीक्षा लेओस् वा त्यसको पाखण्डलाई सबै समक्ष सुदर्शित गरोस्, त यस्तो गर्नाले कुनै आपत्ति छैन ।

## काहिनकहाँ जानुको हुकुम

प्रश्न: (३३) आदरणीय शैख ज्यू, यदि हामी यो पनि जानिहाल्थ्यौं त अति राम्रो हुनेथियो कि जुन मानिस काहिनकहाँ जान्छ त्यसको के हुकुम छ ? र यसका कति अवस्थाहरू छन् ?

उत्तर: यस्ता मानिसहरूका तीन अवस्थाहरू छन्:

पहिलो अवस्था: यो कि मान्छे काहिनको पासमा गएर त्यससित प्रश्न गर्छ तर त्यसले बताएको कुरोमा विश्वास गर्दैन, र यस्तो गर्नाले नत त्यसको परीक्षा गर्ने उद्देश्य नै हुन्छ नत त्यसको झूठको पोल खोल्ने उद्देश्य नै, त यस्तो गर्नु हराम छ । र यस्तो गर्ने मान्छेको सजाय यो हो कि त्यसको चालीस दिनको नमाज स्वीकार हुँदैन ।

दोस्रो अवस्था: यो कि मान्छे त्यससित सोध्छ र त्यसले भनेको कुरामा विशवास पनि गर्छ, त यस्तो गर्ने मान्छे नास्तिकत र काफिर भयो । किनकि त्यसले अल्लाहको यस कथनलाई मिथ्या ठान्यो:

﴿ قُل لَّا يَعۡلَمُ مَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ ٱلۡغَيۡبَ إِلَّا ٱللَّهُۚ ﴾ النمل: ٦٥

अर्थ : भनिदिनुस् कि जो आकाशहरू र धरतीमा छन्, अल्लाह बाहेक कोही अन्तरयामी छैन...। (सूरतुन्नमल ६५)

तेस्रो अवस्था: यो कि मान्छे त्यससित यस उद्देश्यले प्रश्न गरोस् ताकि त्यसको परीक्षा लेओस् र त्यसको पाखण्डलाई सबै समक्ष सुदर्शित गरोस्, त यस्तो गर्नाले कुनै आपत्ति छैन। र यो कुरो ज्ञात नै छ कि जुन कुरा निषेधित कुरासम्म पुऱ्याओस् त्यो कुरा (माध्यम) पनि वर्जित भइहाल्छ । यसर्थ यदि यो मानियोस् कि मान्छे त्यसकहाँ यस उद्देश्यले गएको छ कि त्यसको परीक्षा गरोस् र त्यसको पाखण्डको

पोल खोलोस् तर त्यसको यस कार्यद्वारा यदि मानिसहरू त्यसको यस पाखण्डमा पर्ने खतरा छ भने यस्तो गर्नु पनि सही छैन, बरु उचित यो नै छ कि त्यो त्यसकहाँ नजाओस् यद्यपि त्यसको उद्देश्य राम्रो छ, किनकि यो विधि छ कि जुन कुरो वर्जितसम्म लैजान्छ त्यो पनि वर्जित भइहाल्छ ।

## तारा हेरेर भविष्यवाणी गर्नुको हुकुम

**प्रश्न: (३४) आदरणीय शैख ज्यू, तारा हेरेर गोप्य कुराहरू बताउनु (तन्जीम) को अर्थ के हो ? र यसको हुकुम के कस्तो छ ?**

उत्तर: तारा मण्डलको अवस्थाद्वारा धरतीमा घटित हुने घटनाहरूमाथि प्रमाणीकरण गर्नु अर्थात ज्योतिषीय गतिविधि गर्नु जसरी मान्छे तारालाई हेरेर कुरा बताओस्, र ताराको चालसित धरतीमा हुने घटनालाई संलग्न गरोस्, वा जुन घटना हुनेवाला छ त्यसलाई त्यससित संलग्न गरोस् । र यो कार्य जादूमध्येको हो जुनकि हराम छ, किनकि यो अट्कलबाजीमा आधारित हुन्छ जसको कुनै वास्तविकता छैन । यसर्थ जुन आकाशमा घटित

हुन्छ त्यसको धरतीमा घटित हुने घटनाहरूसित कुनै संलग्नता छैन । र यसै कारण अनभिज्ञकालमा जुन यो आस्था र धारणा थियो कि सूर्य र चन्द्र ग्रहण तबसम्म लाग्दैन जबसम्म कुनै महान व्यक्तिको मृत्यु हुँदैन, अनि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमको छोरा इब्राहीमको मृत्यु भएको दिन सूर्यग्रहण लाग्यो त मानिसहरू भन्न थाले कि: इब्राहीमको मृत्युको कारण यो सूर्यग्रहण लागेको छ, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले खुत्बा (धर्मोपदेश) दिए जब सूर्यग्रहणको नमाज पढाए, र भने कि:

" إن الشمس والقمر آيتان من آيات الله لا ينكسفان لموت أحد ولا لحياته" (أخرجه البخاري، كتاب الكسوف ، باب الصلاة في كسوف الشمس، رقم (1040، 1041، 1042، 1043)، ومسلم، كتاب الكسوف، باب صلاة الكسوف، رقم (901م).

अर्थ : सूर्य र चन्द्र अल्लाहका निशानीहरूमध्येका हुन्, जसलाई कसैको मृत्यु र जीवनले ग्रहण लाग्दैन । (बुखारी, किताबुल् कुसूफ, बाबुस्सलाति फि कुसूफिश्शम्स, हदीस नं. १०४०, १०४१, १०४२, १०४३ । र मुस्लिम, किताबुल् कुसूफ, बाबु सलातिल् कुसूफ, हदीस नं. ९०१)

यसर्थ नबी सल्लल्लाहो अलैहे वसल्लमले यस कुरालाई अमान्य ठहर गरिदिए कि कसैको मृत्युले सूर्य अथवा चन्द्र ग्रहण लाग्दछ, वा धरतीमा घटित हुने घटनाहरूको आकाशमण्डलको अवस्थासित कुनै सम्बन्ध छ। यसर्थ ताराको चाल हेरेर कुनै प्रकारको भविष्यवाणी गर्नु जादूको एउटा थरी हो, त यो पनि एउटा यस्तो अट्कलबाजी हो जसको कुनै वास्तविकता छैन नत यसको कुनै आधार नै छ। तसर्थ यसको चक्रमा परेर मानिसहरू विनाश तिरस्कार बाहेक केही प्राप्त गर्दैनन् जसको कुनै सीमा नै हुँदैन ।

र यसको एउटा आर्को थरी पनि छ र त्यो हो कि मान्छे ताराको उदय हुनुले समय महिना रितु आदिको पत्ता लगाउँछ त यस्तो गर्नुमा कुनै दोष

छैन । जसरी कोही यो भनोस् कि: जब फलानो तारा फलानो ठाउँबाट उदय हुन्छ त वर्षाको रितु आरम्भ हुन्छ वा काफल पाक्ने समयको आरम्भ हुन्छ ... आदि । त यस्तो भन्नाले कुनै फर्क पर्दैन नत यसमा कुनै दोष नै छ ।

प्रश्न: (३५) आदरणीय शैख ज्यू, यसको अर्थ यो भयो कि यो संसारिक तथ्यहरूमा विचार गरेर यस कुरालाई भन्नु हो ?

उत्तर: हो, यो कुरो त्यस्तै हो जसरी हामी भन्छौं कि जब सूर्य ठल्किहाल्छ त जुहरको समय आरम्भ हुन्छ, र जब सूर्य अस्त भइहाल्छ त मग्‌रिबको समय भइहाल्छ, र यसै जस्ता अरु उदाहरणहरू ।

# तारा हेरेर कुरा गर्नु (तन्जीम) र कहानाबीच सम्बन्ध

प्रश्न: (३६) आदरणीय शैख ज्यू, के कहाना र तन्जीमबीच कुनै सम्बन्ध छ ?

उत्तर: हो सम्बन्ध छ, दुवैबीच यो सम्बन्ध छ कि दुवै अनुमान शंका र अट्कलबाजीमाथि निर्भर छन्, र मानिसहरूको नाहक माल खानुमाथि आधारित छन्, र दुवैद्वारा मानिसहरूको हृदयमा निराशा, भयत्रास, व्याकुलता प्रविष्ट गरिन्छ ....आदि ।

# दुवैमध्ये कुन चाहिँ अधिक घातक छ

प्रश्न: (३७) आदरणीय शैख ज्यू, तर दुवैमध्ये कुन चाहिँ मुसलमानहरूको लागि अधिक घातक छ ?

उत्तर: यसको उत्तर त्यसको प्रचलित हुने कुराकमाथि निर्भर छ । यसर्थ कतिपय देशहरूमा भविष्यवाणी गर्ने कुराको चलन हुँदैन । उहाँका बासीहरू नत यसलाई कुनै महत्व दिन्छन् नत त्यसमाथि विश्वास नै गर्छन् । तर कहानाको चलन

हुन्छ, त यो नै त्यहाँका बासीहरूको लागि अति घातक हुन्छ। तर वास्तवमा कहाना तारा हेरेर कुरा बताउनुभन्दा अधिक घातक छ।

## जादूको वास्तविकता

प्रश्न: (३८) आदरणीय शैख ज्यू, तपाईले त तारा हेरेर भविष्यवाणी गर्ने कुराको सन्दर्भमा यो पनि वर्णन गर्नुभएको छ कि यो जादूको एउटा थरीमध्येको हो, यसर्थ यो बताउनुस् कि जादू के हो ?

उत्तर: जादू विद्हरूको कथन अनुसार ती समस्त कुराहरू हो, जसको कारण गोप्य होस्, र त्यसको प्रभाव पनि गोप्य होस् जसबारे मान्छेहरूलाई ज्ञान नहोस् । त यो जादू यस अर्थमा तन्जीम र कहानालाई पनि शम्मिलत गरेको छ, बरु यो भाषाशैलीको प्रभावलाई पनि शम्मिलित छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"إن من البيان لسحرا"() أخرجه البخاري كتاب النكاح، باب الخطبة، رقم (5146)، ومسلم ، كتاب الجمعة ، باب تخفيف الصلاة والخطبة ، رقم(869).

अर्थ : निःसन्देह भाषाशैलीको पनि जादू हुन्छ । ( बुखारी, किताबुन्निकाह, बाबुल् खित्बा, हदीस नं. ५१४६ । र मुस्लिम, किताबुल् जुमुआ, बाबु तख्फीफिस्सलाति वल्खुत्बा, हदीस नं. ८६९)

त जुन सुकै कुरो जसको गोप्य प्रभाव होस् जसलाई हेर्न नसकियोस् त्यो जादूको एउटा थरी हो ।

प्रश्नः (३९) आदरणीय शैख ज्यू, तर तपाईको भनाई गोप्य प्रभावको के अर्थ हो जादूको यस परिभाषा अन्तर्गत किः "जुन गोप्य होस् र त्यसको प्रभाव पनि गोप्य होस्" ?

उत्तरः यसको अर्थ हो अति सानो र गोप्य जसको उल्टो र प्रतिकूल शब्द होः अति ठूलो र स्पष्ट । जसरी कि जादूगर आफ्नो जादूले जसलाई प्रभावित गर्छ अर्थत त्यसको प्रेमलाई तानिहाल्छ यहाँसम्म कि

त्यो मान्छे त्यस जादूगरसित बेस्सरी संलग्न भइहाल्छ, वा त्यसको त्यससित घृणालाई तान्दछ, अनि त्यो त्यससित बेस्सरी घृणा गर्न थाल्दछ, तर जसमाथि यो जादू गरिन्छ जसको प्रभावले त्यो प्रेम अथवा घृणा गर्दछ त्यसलाई यो कुरो महसूस हुँदैन अर्थात त्यसमाथि यसको कारण र रहस्य गोप्य नै रहन्छ ।

## जादू र त्यसलाई सिक्नुको हुकुम

प्रश्नः (४०) आदरणीय शैख ज्यू, जादूको के हुकुम छ ? र त्यसलाई सिक्नुको के हुकुम छ ?

उत्तरः जादू सिक्नु हराम छ, बरु यो नास्तिकतासम्म पुगिहाल्छ जब त्यसमा शैतानसित याचना गर्नु पनि शम्मिलित भइहालोस् । अल्लाहको फर्मान छः

﴿وَٱتَّبَعُواْ مَا تَتْلُواْ ٱلشَّيَٰطِينُ عَلَىٰ مُلْكِ سُلَيْمَٰنَۖ وَمَا كَفَرَ سُلَيْمَٰنُ وَلَٰكِنَّ ٱلشَّيَٰطِينَ كَفَرُواْ

يُعَلِّمُونَ ٱلنَّاسَ ٱلسِّحۡرَ وَمَآ أُنزِلَ عَلَى ٱلۡمَلَكَيۡنِ
بِبَابِلَ هَٰرُوتَ وَمَٰرُوتَۚ وَمَا يُعَلِّمَانِ مِنۡ أَحَدٍ حَتَّىٰ يَقُولَآ
إِنَّمَا نَحۡنُ فِتۡنَةٞ فَلَا تَكۡفُرۡۖ فَيَتَعَلَّمُونَ مِنۡهُمَا مَا
يُفَرِّقُونَ بِهِۦ بَيۡنَ ٱلۡمَرۡءِ وَزَوۡجِهِۦۚ وَمَا هُم بِضَآرِّينَ
بِهِۦ مِنۡ أَحَدٍ إِلَّا بِإِذۡنِ ٱللَّهِۚ وَيَتَعَلَّمُونَ مَا يَضُرُّهُمۡ
وَلَا يَنفَعُهُمۡۚ وَلَقَدۡ عَلِمُواْ لَمَنِ ٱشۡتَرَىٰهُ مَا لَهُۥ فِي
ٱلۡأٓخِرَةِ مِنۡ خَلَٰقٖۚ وَلَبِئۡسَ مَا شَرَوۡاْ بِهِۦٓ
أَنفُسَهُمۡۚ لَوۡ كَانُواْ يَعۡلَمُونَ ﴾ البقرة: ١٠٢

अर्थ : र त्यस चीजको पछि लागे जसलाई सुलैमानको राज्यकालमा शैतानहरूले पढ्ने गर्दथे । तर सुलैमानले बिल्कुलै कुफ्र गरेनन् बरु शैतानहरूले नै कुफ्र गर्दथे, तिनीहरूले मानिसहरूलाई जादू सिकाउँदथे जुन “बाबुल”

शहरमा दुई जना फरिश्ता (अर्थात) हारूत र मारूतमाथि उतरिएको थियो । ती दुवैले पनि कसैलाई तबसम्म केही सिकाउन्नथे जबसम्म यो भनिन्दैनथे कि हामी त एउटा परीक्षणमा छौं, तिमी कुफ्रमा नलाग । फेरि पनि मानिसहरूले तिनीहरूसित यस्तो (जादू) सिक्दथे जसबाट पति-पत्नीबीच सम्बन्ध-बिच्छेद भइहालोस् र वास्तवमा अल्लाहको इच्छा नभई, तिनीहरूले त्यसबाट कसैको केही बिगार्न सक्दैनन् । र यिनीहरूले यस्ता (मन्त्र) सिक्दथे जसले तिनलाई हानि पुऱ्याओस् र लाभ पुऱ्याउन नसकोस् । र तिनीहरू विश्वासका साथ जान्दछन् कि यस्ता कुराहरू लिनेहरूको परलोकमा केही अंश हुँदैन, र त्यो निकृष्ट चीज हो जसको बदलामा तिनीहरूले आफ्ना ज्यान बेचिहाले । कति राम्रो हुन्थ्यो, यदि तिनीहरू यो कुरो जानेको भए । (सूरतुल् बकर: १०२)

त यस्तो खालको जादू सिक्नु शैतानको सहायताले नै सम्पन्न हुन्छ जुनकि नास्तिकता हो, र यसको प्रयोग पनि सृष्टिमाथि अन्याय र अत्याचार हो । र यसै कारण जादूगरको सजाय त्यसको वध गर्नु हो,

याता त्यसको मुर्तद हुने कारणले वा नास्तिक हुने कारणले । यसर्थ यदि त्यसको जादू यस्तो खालको छ जसमा नास्तिकता छ जसलाई गरे पश्चात त्यो काफिर भइहाल्छ त यस्तो अवस्थामा त्यसलाई मर्तद र काफिर हुने कारणले वध गरिन्छ। र यदि त्यसको जादू नास्तिकताको सीमासम्म पुगेको छैन भने त्यसलाई दण्डित गर्ने कारण त्यसको वध गरिन्छ, ताकि त्यसको कष्टबाट समस्त मुसलमानहरू सुरक्षित भइहालुन् ।

## के जादू वास्तविक कुरो हो ?

**प्रश्न: (४१) आदरणीय शैख ज्यू, के जादू वास्तविक कुरो हो ? वा मानिसहरूको भ्रम मात्रै हो ?**

उत्तर: जादू वास्तविक कुरो हो यसमा कुनै सन्देह छैन, र यो प्रभावशाली पनि हुन्छ। तर यो विश्वास राख्नु कि यो जादू कुनै वस्तुको आकारलाई परिवर्तित गरिदिन्छि, वा कुनै स्थिर कुरालाई हल्लाइदिन्छ वा कुनै हिलिरहेको कुरालाई स्थिर गरिदिन्छ त यो मात्र भ्रम नै हो यसको कुनै सत्यता छैन । र अल्लाहको यस कथनलाई हेर्नुस् जसमा

अल्लाहले फिरऔनका जादूगरहरूको बारेमा वर्णन गरेको छः

﴿ فَلَمَّآ أَلۡقَوۡاْ سَحَرُوٓاْ أَعۡيُنَ ٱلنَّاسِ وَٱسۡتَرۡهَبُوهُمۡ وَجَآءُو بِسِحۡرٍ عَظِيمٖ ١١٦ ﴾ الأعراف: ١١٦

अर्थ : अनि जब उनिहरूले (आफ्नो जादू) चलाए त मानिसहरूका आँखालाई प्रभावित गरिहाले र उनीहरूलाई भयभीत गरिदिए र एक ठूलो जादूको प्रदर्शन गरे । (सूरतुल् अअ्राफ ११६)

त प्रश्न यो छ कि उनीहरूले कसरी मानिसहरूको आँखालाई प्रभावित गरे ? त यसको उत्तर यो हो कि उनीहरूले मानिसहरूको आँखालाई यसरी प्रभावित गरे कि मानिसहरू रस्सीहरूलाई सर्प झैं हेर्न लागे जुनकि यताउता हिंडिरहेको प्रतीत हुन्थ्यो, जस्तोकि अल्लाहको फर्मान छः

﴿ قَالَ بَلۡ أَلۡقُواْۖ فَإِذَا حِبَالُهُمۡ وَعِصِيُّهُمۡ يُخَيَّلُ إِلَيۡهِ مِن سِحۡرِهِمۡ أَنَّهَا تَسۡعَىٰ ٦٦ ﴾ طه: ٦٦

अर्थ : मूसा (अलहिस्सलाम) ले उत्तर दिए किः "होइन बरु तिमीले नै पहिला फ्याँक।" अब त मूसा (अलैहिस्सलाम) लाई यो भान हुन थाल्यो कि उनका डोरी र लट्ठीहरू उनको जादूको जोडले यताउता दगुरिराखेका छन्। (सूरतु ताहा ६६)

यसर्थ जादू नत स्थिरलाई हल्लाउन सक्छ नत चलिरहेको कुरालाई स्थिर नै गर्न सक्छ, बरु त्यो मानिसहरूको आँखालाई प्रभावित गरिदिन्छ अनि उनीहरू स्थिरलाई चलिरहेको र चलिरहेको कुरालाई स्थिर ख्याल गर्छन्। त यो प्रभाव एकदमै स्पष्ट छ जसको वास्तवमा वास्तविकता छ, यसै कारण जादू गरिएको मानिसको बुद्धि मनीष र इन्द्रियहरूमाथि जादू प्रभाव पार्छ, र कहिलेकाहिँ मानिसलाई नष्ट पनि गरिदिन्छ।

## कहानाको जादूसित संलग्नता

प्रश्नः (४२) आदरणीय शैख ज्यू, तपाईंले कहानाको बारेमा कुरा गर्नु भयो, र काहिन (अन्तरयामी हुने दावी गर्ने मान्छे) को बारेमा पनि कुरा गर्नु भयो, र जादूको बारेमा पनि कुरा गर्नु भयो, त के कहाना र जादूबीच कुनै सम्बन्ध छ ?

उत्तरः जसरी कि हामीले पहिला नै वर्णन गरेका छौं किः काहिन पाखण्डी मान्छे आफ्नो अट्कलबाजी र पाखण्डबाट मानिसहरूलाई भविष्यको कुरो बताएर प्रभावित गर्छ, त यस्तै जादूगर पनि जादूद्वारा मानिसहरूको मनीष, बुद्धि, विचारशक्ति र शरीरमाथि प्रभाव पार्छ यहाँसम्म कि मानिसहरूलाई यस्तो कुरा प्रतीत हुन लाग्छ जसको कुनै वास्तविकता हुँदैन ।

## के नबी सल्लल्लाहो अलैहे वसल्लममाथि जादू गरिएको थियो ?

प्रश्नः (४३) आदरणीय शैख ज्यू, रसूल सल्लल्लाहो अलैहे वसल्लमको बारेमा यो वर्णन गरिन्छ कि उहाँ

सल्लल्लाहो अलैहे वसल्लममाथि जादू गरिएको थियो, यसर्थ हाम्रो यो अनुरोध छ कि हजुर यसबारे बताउनुस् कि कुन कुराद्वारा उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि जादू गरिएको थियो ? र के उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि जादू गरिएको कुरो उहाँ सल्लल्लाहो अलैहे वसल्लमको दूतत्व विरुद्ध त छैन ?

उत्तरः बुखारी मुस्लिम र त्यस बाहेक अन्य हदीसका ग्रन्थहरूमा वर्णित हदीसहरूबाट यो स्पष्ट छ कि उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि जादू गरिएको थियो ।[] तर यस जादूले वैधानिक तौरले वा वह्य ( प्रकाशना) माथि कुनै प्रभाव हालेको थिएन, बरु यस जादूको प्रभाव उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि मात्र यति थियो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम यो प्रतीत गर्थे कि यो कार्य उहाँ सल्लल्लाहो अलैहे वसल्लमले गर्नु भएको छ जसलाई उहाँ सल्लल्लाहो अलैहे वसल्लमले गरेका हुँदैनथे । र यो जादू एउटा यहूदीले गरेको थियो जसको नाम लबीद इब्नुल्

[] बुखारी, किताबु बदइल् कल्क, बाबु सिफतु इब्लीस वजुनूदहू, हदीस नं. ३२६८ । र मुस्लिम, किताबुत्तिब, बाबुस्सेहर, हदीस नं. २१८९ ।

अअ्सम थियो । तर अल्लाहले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई यसबाट सुरक्षा प्रदान गऱ्यो, र उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि यसको बारेमा वह्य अवतरण गऱ्यो, र कुरआनका दुई सूरह जसलाई मुऔवजतैन भनिन्छ अर्थात सूरतुल् फलक, र सूरतुन्नासद्वारा उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि भएको जादूको प्रभावलाई समाप्त गरियो ।

र यो जादू उहाँ सल्लल्लाहो अलैहे वसल्लमको दूतत्वमाथि कुनै प्रभाव पार्दैन, किनकि यसले उहाँ सल्लल्लाहो अलैहे वसल्लमको कार्यशैलीमा कुनै प्रभाव पारेको थिएन जुन कार्य वह्यसित सम्बन्धित थिए वा पूजाअर्चनासित सम्बन्धित थिए, जस्तो कि यसबारेमा हदीसलाई पहिला नै वर्णन गरें । र केही मानिसहरूले त यसको पनि इन्कार गरेका छन् कि उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि जादू गरिएको थियो, यस प्रमाणको साथ कि यस्तो भन्नाले काफिरहरूको कुरोलाई सत्य भन्नु बोध हुन्छ, बरु ती अतिक्रमणकारीहरूको कुरोलाई सत्य मान्नु बोध हुन्छ जिनले भन्थे:

﴿ إِذۡ يَقُولُ ٱلظَّٰلِمُونَ إِن تَتَّبِعُونَ إِلَّا رَجُلٗا مَّسۡحُورًا ٤٧ ﴾

﴿ الإسراء: ٤٧

अर्थ : जब यी अत्यचारीहरूले भन्दछन् कि तिमी उसको अनुकरण गरिरहेका छौ जसमाथि जादू गरिएको छ । (सूरतुल् इस्रा ४७)

तर यसमा कुनै सन्देह छैन कि यस्तो भन्नाले ती अत्याचारीहरूको कुरामा सहमति जनाउनु बोध हुँदैन, किनकि उनीहरूको भनाईको तात्पर्य यो थियो कि उहाँ वह्यको सन्दर्भमा जादूबाट प्रभावित छन् र उनी वह्यको सम्बन्धमा पनि उस्तै कुरा भन्छन् जसरी जादूबाट प्रभावित मान्छे कुरा गर्छ । यसर्थ जुन जादू उहाँ सल्लल्लाहो अलैहे वसल्लममाथि गरिएको थियो त्यसले उहाँ सल्लल्लाहो अलैहे वसल्लमको वह्यका कार्यशैलीमाथि कुनै प्रकारको प्रभाव हालेको थिएन नत पूजाशैलीमा नै कुनै प्रभाव हालेको थियो । यसर्थ हामीलाई कदापि यो जायज छैन कि प्रमाणित खबरहरूलाई झूठ ठानौं

आफ्नो विचारको कमीलेगर्दा वा उदधृतहरूलाई राम्ररी नबुझ्नुको कारणले ।

## इल्हाद (बाँगोपना, कुटिलता) को वास्तविकता

प्रश्न: (४४) आदरणीय शैख ज्यू, अल्लाहका नाम एवं विशेषताहरू (गुणहरू) को सन्दर्भमा इल्हादको अर्थ के हो ?

उत्तर: शाब्दिक तौरले इल्हादको वास्तविक अर्थ हो: झुक्नु, कुनैतर्फ ढल्किनु, जस्तोकि अल्लाहको फर्मान छः

﴿ لِّسَانُ ٱلَّذِى يُلْحِدُونَ إِلَيْهِ أَعْجَمِىٌّ وَهَٰذَا لِسَانٌ عَرَبِىٌّ مُّبِينٌ ﴿١٠٣﴾ ﴾ النحل: ١٠٣

अर्थ : तर जसको तर्फ यिनीहरूले दुष्टतापूर्वक संकेत गर्दछन् त्यसको भाषा त अजमी हो र यो कुरआन स्पष्ट अरबी भाषामा छ । (सूरतुन्नहल १०३)

र यसै कारण चिहानमा लहद त्यस कब्रलाई भनिन्छ जुन एकतर्फ झुकेको हुन्छ, अर्थात एकतर्फ चिहानको तल्लो भागमा खनेर शव राख्ने जति स्थान बनाइएको हुन्छ ।

र इल्हादको अर्थ तबसम्म बुझिन्न जबसम्म दृढताको अर्थ नबुझियोस् किनकि यस्तो भनिन्छ कि कुरालाई परिपूर्ण तरिकाले तबसम्म बुझिन्न जबसम्म त्यसलाई त्यसको विरोधि कुराद्वारा स्पष्ट नगरियोस् । त अल्लाहका नाम र विशेषताहरूको सन्दर्भमा दृढताको अर्थ हो कि ती नाम एवं विशेषताहरूलाई त्यस्तै वास्तविकताको साथ मानियोस् जसरी अल्लाहको गरिमा योग्य होस् त्यसमा बिना कुनै थपघट अथवा रद्दोबदल गरिकन् र बिना अनुरूपता, जस्तोकि यसको वर्णन अहलुस्सुन्नह वल जमाअहको यसप्रति आस्थाको सन्दर्भमा वर्णन गरिसकेका छौं । त जब हामीलाई यस विषयमा सत्मार्ग र दृढताको ज्ञान भयो त यसको विपरीत र प्रतिकूल कुरो नै इल्हाद हो । र यस इल्हाद (कुटिलता, बाँगोपना) को अत्याधिक थरीहरू विद्हरूद्वारा वर्णित छन् जसको सार यस

वाक्यमा छः इलहाद हो किः यी समस्तप्रति जजस्तो आस्था राख्नु अनिवार्य छ त्यसबाट यता उता हुनु ।

पहिलो थरीः त्यसमध्ये कसैको इन्कार गरियोस् वा त्यस कुराको इन्कार गरियोस् जसमाथि त्यो नाम अथवा विशेषता प्रमाणीकरण गरिरहेको छ । जसरी अल्लाहका नामहरूमध्ये रहमान पनि हो तर त्यसको इन्कार गरियोस् उस्तै जसरी अनभिज्ञकालका मानिसहरूले गरेका थिए । वा त्यस नामलाई त साबित मानियोस् तर जुन विशेषता त्यसमा नीहित छ त्यसको इन्कार गरियोस्, जसरी कि केही बिदअतीहरू भन्छन् किः अल्लाह बिन दया दयावान छ, र त्यो बिना कान सुन्नेवाला छ, र बिना दृष्टि हेर्नेवाला छ ....आदि ।

दोस्रो थरीः यो कि अल्लाहलाई त्यस नामद्वारा नामाकरण गरियोस् जसनामद्वारा अल्लाहले आफूलाई नामाकरण गरेको छैन । र यसद्वारा इलहाद यसरी सिद्ध हुन्छ कि अल्लाहका नाम तौकीफी हुन्छन् अर्थात त्यसमा थपघट गर्न सकिदैन, त कसैको लागि यो जायज छैन कि अल्लाहलाई त्यो नाम देओस् जसबाट अल्लाहले

आफूलाई नामाकरण गरेको छैन, किनकि यो बिना ज्ञान अल्लाहको बारेमा कुरा गर्नु हो, र अल्लाहमाथि अत्याचार गर्नु र अल्लाहको अधिकारको सीमा उल्लंघन गर्नु पनि हो । त यो कुरो उस्तै छ जसरी फलसफीहरूले गरे अर्थात ईशलाई कारणको नामले नामाकरण गरे, र जसरी ईसाईहरूले गरे कि ईश्वरलाई पिताको नामले नामाकरण गरे..... आदि ।

तेस्रो थरीः मान्छे यो सिद्धान्त राखोस् कि अल्लाहका नामका विशेषताहरू सृष्टिहरूको विशेषताहरू अनुरूप छन्, अनि त्यो त्यसलाई सृष्टि झैं सम्झोस् । त यसमा इल्हाद यसरी नीहित छ कि जसले यो सिद्धान्त राख्छ कि अल्लाहका नाम र विशेषताहरू सृष्टिसित अनुरूपतामाथि प्रमाणीकरण गर्छन् त त्यसले अल्लाह र अल्लाहका रसूलको वाणीलाई नास्तिकता र कुफ्रमाथि प्रमाणीकरण गर्नेवाला भन्दछ, किनकि अल्लाहलाई सृष्टि अनुरूप मान्नु नास्तिकता हो, किनकि यसद्वारा अल्लाहको यस कथनलाई मिथ्या मानिन्छः

﴿ لَيۡسَ كَمِثۡلِهِۦ شَيۡءٞۖ وَهُوَ ٱلسَّمِيعُ ٱلۡبَصِيرُ ١١ ﴾ الشورى: ١١

अर्थ : उस जस्तो कुनै कुरा छैन, र ऊ सुन्दछ र जान्दछ । (सूरतुश्शूरा ११)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ هَلۡ تَعۡلَمُ لَهُۥ سَمِيّٗا ٦٥ ﴾ مريم: ٦٥

अर्थ : के तिम्रो जानकारीमा कोही उस जस्तो नाम (र क्षमता) वाला छ ? (सूरतु मरियम ६५)

र नुअैम बिन हम्माद अल् खुजाई बुखारीको गुरुले भनेका छन्: "जसले अल्लाहलाई सृष्टि अनुरूप मान्यो त्यसले नास्तिकता र कुफ्र गऱ्यो । र जसले अल्लाहले आफूलाई विशेषित गरेको विशेषताको इन्कार गऱ्यो त्यसले पनि नास्तिकता गऱ्यो । र जुन विशेषताद्वारा अल्लाहले आफूलाई विशेषित गरेको छ र जसबाट आफूलाई नामाकरण गरेको छ, त्यसमा कुनै प्रकारको अनुरूपताको अर्थ छैन" ।

चैथो थरी: मान्छे अल्लाहको नाममा मूर्तिहरूको नाम राखोस्, जसरी इलाहबाट लात नाम, र अजीजबाट उज्जा नाम, र मन्नानबाट मनात नाम राखियोस् । र यसमा इल्हाद यसरी हुन्छ कि अल्लाहका नामहरू अल्लाहसित विशिष्ट हुन्छन् त उसैको नामबाट प्रेरित नाम वा त्यसै अर्थलाई बोध गर्ने नामद्वारा कसै अरुलाई नामाकरण गर्नु जायज छैन ताकि त्यसको पनि पूजा गरियोस् जसको त्यो नत योग्य छ न अधिकारी, बरु त्यसको हकदार मात्र अल्लाह छ । त उपरोक्तमा वर्णित थरीहरू नै इल्हादका थरीहरू हुन् ।

# शिर्क (बहुदेववाद) का थरीहरू

प्रश्नः (४५) आदरणीय शैख ज्यू, शिर्कका कति थरीहरू छन् ?

उत्तरः हामी यो कुरो अघि नै वर्णन गरिसकेका छौं कि तौहीद (एकेश्वरवाद) स्वीकृति र अस्वीकृतिलाई आफूमा समाविष्ट गरेको छ, यसर्थ मात्र अस्वीकृतिलाई मान्नुले पूज्यको इन्कार भइहाल्छ, र मात्र स्वीकृतिलाई मान्नुले बहुदेववादको खण्डन हुँदैन । यसर्थ एकेश्वरवादको लागि दुवै कुरा अर्थात स्वीकृति र अस्वीकृति अनिवार्य छ, त जुन व्यक्ति पनि अल्लाहको लागि यो अधिकार यस्तै सिद्ध गर्दैन त्यो बहुदेववादी रहन्छ ।

र शिर्कका दुई थरीहरू छन्ः शिर्के अक्बर (ठूलो बहुदेववाद) जुन मान्छेलाई इस्लाम धर्मबाट निष्कासित गरिदिन्छ । र शिर्के अस्गर (सानो बहुदेववाद) यो ठूलो शिर्कभन्दा तल्लो दर्जाको हुन्छ ।

शिर्के अक्बरः ती समस्त शिर्क जसलाई विधानले अनिबन्धित तौरले वर्णन गरेको छ, र यो धर्मबाट निष्कासनको अर्थलाई आफूभित्र समाविष्ट गरेको हुन्छ । जसरी कि कुनै मान्छे पूजाका थरीहरूमध्ये कसैलाई अल्लाह बाहेक कसै अरुको लागि गरोस्, जसरी अल्लाह बाहेक कसैको लागि नमाज पढोस्, वा कसै अरुको लागि व्रत बसोस्, वा अल्लाह बाहेकको लागि बलि गरोस् । र यस्तै ठूलो बहुदेववादमध्ये यो पनि हो कि मान्छे अल्लाह बाहेक कसै अरुलाई पुकारोस्, जसरी चिहानभित्र पूरिएको मानिसलाई पुकारोस्, वा अनुपस्थित मान्छेलाई सहायताको लागि पुकारोस् जसमाथि अल्लाह बाहेक कोही पनि शक्ति सम्पन्न छैन । र यस बहुदेववादका थरीहरू ज्ञात नै छन् जसरी कि अधिकांश विदहरू यसबारे कुरा गर्दै रहन्छन् ।

दोस्रो थरीः सानो शिर्क, ती समस्त कार्य कुराहरू जसलाई विधानले शिर्कको विशेषताद्वारा विशेषित गरेको छ जुन मान्छेलाई धर्मबाट निष्कासित गर्दैन, जसरी अल्लाह बाहेकको शपथ लिनु, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

"من حلف بغير الله كفر أو أشرك" ) أخرجه البخاري، كتاب بدء الخلق، باب صفة إبليس وجنوده، رقم (3268)، ومسلم كتاب الطب، باب السحر، رقم (2189).

अर्थ : जसले अल्लाह बाहेकको कसम खायो त्यसले बहुदेववाद अथवा नास्तिकता गऱ्यो । (बुखारी, किताबु बदइल् कल्क, बाबु सिफति इब्लीस वजूनूदहू, हदीस नं. ३२६८ । र मुस्लिम, किताबुत्तिब, बाबुस्सेहर, हदीस नं. २१८९)

त अल्लाह बाहेकको शपथ लिने मान्छे जुन यो विश्वास राख्दछ कि अल्लाह जस्तै सर्वोच्चता र महानता अरु कसैलाई प्राप्त छैन, त यस्तो व्यक्तिको बारेमा हामी भन्छौं कि यसले सानो शिर्क गऱ्यो, अब चाहे त्यसले रसूलको कसम खाएको होस् वा कुनै अरु सृष्टिको, वा कुनै नायकको वा कुनै राजा र मन्त्रीको । र यस्तै कअ्‌बाको कसम खानु पनि अवैध छ, र जिब्रील र मीकाईलको कसम खानु पनि अवैध छ ...आदि । किनकि यो सानो र्शिक हो जुन इस्लाम धर्मबाट निष्कासित गर्दैन ।

र सानो र्शिकको थरीमध्ये आडम्बर गर्नु पनि हो, जसरी कि कोही अल्लाहको लागि नमाज पढनुको लागि उभेको छ तर त्यो आफ्नो नमाजलाई यस कारण राम्रो गरेर पढछ किनकि त्यसलाई यो थाहा छ कि कुनै व्यक्ति त्यसको यस नामजलाई हेरिरहेको छ, त त्यसले नमाजलाई परिपूर्ण तरिकाले अरु मानिसलाई देखाउने उद्देश्यले पढेको छ, त यस्तो गर्ने कार्यलाई सानो शिर्क भनिन्छ अर्थात यस्तो गर्ने मान्छेले सानो र्शिक गऱ्यो । र यस्तै यदि कुनै मानिसले अल्लाहको सामीप्यता प्राप्तिको लागि आफ्नो माल खर्च गर्छ, तर त्यसको यो उद्देश्य पनि हुन्छ कि मानिसहरू त्यसको प्रशंसा पनि गरुन्, त यो पनि सानो बहुदेववाद भयो । र यस सानो शिर्कका पनि अत्याधिक थरीहरू छन् जुन विद्हरूका किताबहरूमा उल्लेखित छन् ।

## शिर्कका थरीहरूको परिभाषा

प्रश्नः (४६) आदरणीय शैख ज्यू, हामीले शिर्कका थरीहरूबारे ज्ञान ग्रहण गरें, तर के प्रत्येक थरीको छुट्टै परिभाषा छ र ?

उत्तर: हो कुरो यस्तै छ, जसरी कि हामीले वर्णन गरें कि सानो शिर्क त्यो हो जसलाई इस्लामले (विधानले) शिर्क भनेको छ वा शिर्कको विशेषता भएको वर्णन गरेको छ, तर त्यो मान्छेलाई धर्मबाट निष्कासित गर्दैन । र रह्यो कुरो ठूलो शिर्कको त त्यो हो: जसलाई विधानले शिर्कको नामले नामाकरण गरेको छ वा त्यसबाट विशेषित गरेको छ, तर त्यो मान्छेलाई धर्मबाट निष्कासित गरिदिन्छ ।

## के पूजालाई त्याग्ने कुरालाई शिर्क भनिन्छ ?

प्रश्न: (४७) आदरणीय शैख ज्यू, सहीह मुस्लिमको हदीसमा वर्णित छ कि:

("إن بين الرجل وبين الشرك الكفر ترك الصلاة")

अर्थात मान्छे र शिर्क एवं नास्तिकताबीच अन्तर गर्ने कुरा मात्र नमाजलाई त्याग्नु हो । त के पूजालाई त्याग्नु शिर्क भइहाल्छ ?

उत्तर: हो, सामान्य अर्थमा त्यो शिर्क नै हो, किनकि जसले सुस्तीलेगर्दा नामजलाई त्यागदछ वास्तवमा त्यो आफ्नो इच्छापूर्तिलाई अल्लाहको आज्ञापालनमाथि प्राथमिकता दिन्छ, त यस अर्थको आधारमा यो कार्य बहुदेववाद ठहर हुन्छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ أَفَرَءَيْتَ مَنِ ٱتَّخَذَ إِلَٰهَهُۥ هَوَىٰهُ وَأَضَلَّهُ ٱللَّهُ عَلَىٰ عِلْمٍ ﴾
الجاثية: ٢٣

अर्थ : के तिमीले त्यस व्यक्तिलाई पनि देख्यौ ? जसले आफ्नो हवसलाई उपास्य बनाइहाल्यो ? अल्लाहले जान्नुको बावजूद उसलाई मार्गबिचलनमा पारिदियो...। (सूरतुल् जासिया २३)

त जसले पनि आफ्नो हवस र इच्छालाई अल्लाहको आज्ञापालनमाथि प्राथमिकता दिन्छ त त्यसको यो कार्य शिर्कको एउटा थरी भइहाल्छ, यद्यपि शिर्क आफ्नो विशिष्ट अर्थमा त्याग्नुलाई समाविष्ट छैन ।

## इस्लाम धर्मको वास्तविकता

## प्रश्नः (४८) आदरणीय शैख ज्यू, इस्लाम धर्म कसलाई भनिन्छ ?

उत्तरः सामान्यतया इस्लाम भनिन्छः अल्लाहको पूजा अर्चना त्यस विधान अनुकूल गर्नुलाई जसलाई अल्लाहका रसूलहरूले ल्याए आरम्भदेखि प्रलयसम्म । त यसमा ती समस्त सत्मार्ग र सत्य विधिहरू शम्मिलित भइहाल्छन् जसलाई हजरत नूह अलैहिस्सलाम ल्याए, र जसलाई सत्मार्गीहरूका नायक हजरत इब्राहीम अलैहिस्सलाम ल्याए, र जसलाई हजरत मूसा अलैहिस्सलाम ल्याए, जस्तो कि अल्लाहले विभिन्न श्लोकहरूमा यो भनेको छ कि विगतका समस्त विधानहरू अल्लाहले पठाएको धर्म इस्लाम नै थियो, अर्थात त्यसमा पनि मात्र एक अल्लाहलाई नतमस्तक हुने कुरा नै वर्णित थियो ।

तर इस्लामको विशिष्ट अर्थ होः त्यो विधान र धर्म जसलाई दिएर अन्तिम नबी मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई पठाइएको छ जसले विगतका समस्त विधान र धर्महरूलाई स्थगित गरिदिएको छ । यसर्थ जसले पनि यसको अनुशरण गर्छ त्यो मुसलमान हो, र जसले त्यसको अनुशरण गर्दैन त्यो

मुसलमान होइन, किनकि त्यो अल्लाहलाई नतमस्तक भएन बरु आफ्नो हवस पूजामा नै मस्त रह्यो ।

यसर्थ यहूदीहरू मूसा अलैहिस्सलामको जीवनकालमा मुसलमान थिए, र ईसाईहरू ईसा अलैहिस्सलामको जीवनकालमा मुसलमान थिए, तर नबी सल्लल्लाहो अलैहे वसल्लमको आगमन पश्चात उनीहरूले उहाँ सल्लल्लाहो अलैहे वसल्लमको इन्कारी भए, त अब उनीहरू मुसलमान रहेनन् । र यसै कारण कसैको लागि यो जायज छैन कि यो आस्था राखोस् कि यहूदी र ईसाईहरूको त्यो धर्म जसमा वर्तमान युगमा उनीहरू आस्था राख्दछन् त्यो सही छ र अल्लाहकहाँ स्वीकृत छ, र त्यो इस्लाम धर्म बरोबर छ, त जसले यो सिद्धान्त राख्दछ त्यो काफिर भयो, र इस्लाम धर्मबाट निष्कासित भयो, किनकि अल्लाहको फर्मान छः

﴿ إِنَّ ٱلدِّينَ عِندَ ٱللَّهِ ٱلۡإِسۡلَٰمُۗ ﴾ آل عمران: ١٩

अर्थ : निःसन्देह अल्लाहको नजिक इस्लाम नै (साँचो) धर्म हो ...। (सूरतु आले इम्रान १९)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ وَمَن يَبۡتَغِ غَيۡرَ ٱلۡإِسۡلَٰمِ دِينٗا فَلَن يُقۡبَلَ مِنۡهُ ﴾ آل عمران: ٨٥

अर्थ : जुन मानिस इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ भने उसको धर्म स्वीकार गरिने छैन ...। (सूरतु आले इम्रान ८५)

र यो इस्लाम जसतर्फ अल्लाहले संकेत गरेको छ त्यो त्यही इस्लाम हो जसद्वारा अल्लाहले उहाँ सल्लल्लाहो अलैहे वसल्लम र उहाँका अनुयायीहरूलाई अनुकम्पित गरेको छ, अल्लाहको यस फर्मान बमोजिमः

﴿ ٱلۡيَوۡمَ أَكۡمَلۡتُ لَكُمۡ دِينَكُمۡ وَأَتۡمَمۡتُ عَلَيۡكُمۡ نِعۡمَتِي وَرَضِيتُ لَكُمُ ٱلۡإِسۡلَٰمَ دِينٗاۚ ﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रो लागि आफ्ना अनुकम्पाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौ । (सूरतुल् माइदा ३)

त यो स्पष्ट उदधृत र प्रमाण हो कि नबी सल्लल्लाहो अलैहे वसल्लमको आगमन पश्चात उहाँका अनुयायीहरू बाहेक समस्त मानिसहरू इस्लामका धर्मावलम्बी होइनन्, यसर्थ उनीहरू जुन धर्मको पालना गरिरहेका छन् त्यो अस्वीकृत छ, र त्यो धर्म प्रलयको दिन उनीहरूलाई कुनै लाभ पुऱ्याउनेवाला छैन । र हामीहरूको लागि पनि यो हलाल छैन कि हामी त्यसलाई सत्यमा आधारित धर्म मानौं । यसर्थ ती मानिसहरू स्पष्ट गल्ती गरिरहेका छन् जुन यो भन्छन् कि यहूदी र ईसाईहरू हाम्रा भाइ हुन्, वा भन्छन् कि उनीहरूको धर्म आज पनि मान्य छ, र यसको कारण पहिला नै वर्णन गरियो ।

र जब हामीले भन्यौं कि इस्लामको अर्थ हो अल्लाहको पूजा गर्नु त्यस तरिका र विधान अनुसार जसलाई अल्लाहले अवतरित गरेको छ, त यसमा

अल्लाहलाई जाहेर र गोप्यमा नतमस्तक हुनु पनि शामेल भयो । यसर्थ यसमा पूर्ण धर्म शम्मिलित छ सिद्धान्त कर्म र कुरा समेत । तर जब इस्लाम ईमानको साथ वर्णन गरिन्छ त इस्लामको अर्थ हुन्छः जाहेरी क्रमहरू अर्थात जिब्रोबाट उच्चारण गर्नु र अंगहरूबाट गरेर प्रदर्शित गर्नु । र ईमानको अर्थ हुन्छः गोप्य कार्यहरू अर्थात सिद्धान्त र हृदयका कार्यहरू । र यस विभाजन र अन्तरमाथि अल्लाहको यो कथन प्रमाणीकरण गरिरहेको छः

﴿ قَالَتِ ٱلْأَعْرَابُ ءَامَنَّا ۖ قُل لَّمْ تُؤْمِنُوا۟ وَلَٰكِن قُولُوٓا۟ أَسْلَمْنَا وَلَمَّا يَدْخُلِ ٱلْإِيمَٰنُ فِى قُلُوبِكُمْ ۖ ﴾ الحجرات: ١٤

अर्थ : देहातीहरूले भने कि : हामीले ईमान ल्यायौं भनिदिनुस् कि तिमीले ईमान ल्याएनौ । किन्तु तिमीहरूले यस्तो भन कि हामी आज्ञाकारी भयौं "यद्यपि ईमानले तिम्रा हृदयमा अहिलेसम्म प्रवेश नै गरेको छैन । (सूरतुल् हुजुरात १४)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ فَأَخۡرَجۡنَا مَن كَانَ فِيهَا مِنَ ٱلۡمُؤۡمِنِينَ ٣٥ فَمَا وَجَدۡنَا فِيهَا غَيۡرَ بَيۡتٖ مِّنَ ٱلۡمُسۡلِمِينَ ٣٦ ﴾ الذاريات: ٣٥ - ٣٦

अर्थ : अनि त्यहाँ जति ईमानवालाहरू थिए उनीहरूलाई हामीले निकालिहाल्यौं,र हामीले त्यहाँ मुसलमानको एउटा घर मात्र भेट्टायौं । (सूरतुज् जारियात ३५, ३६)

त उपरोक्तका श्लोकहरूमा अल्लाहले मुस्लिम ( मुसलमान) र आस्थावान (मोमिन) बीच भिन्नता र अन्तर दर्शाएको छ, किनकि जुन घर त्यस गाउँमा थियो त्यो जाहेरमा त इस्लामी घर थियो किनकि त्यस घरका बासीहरूमध्ये हजरत लूत अलैहिस्सलामकी स्वास्नी पनि थिई जसले विश्वासघात गरेकी थिई, र त्यो काफिरहरूमध्येकी नै थिई । तर जुन मानिसहरूलाई त्यहाँबाट निकालियो र सफलता प्राप्त बनाइयो तिनीहरू नै वास्तवमा आस्थावान थिए जिनका हृदयहरूमा आस्था प्रवेश गरिसकेको थियो । त यसै कारण जब ईमान र इस्लामलाई एकैसाथ वर्णन गरिन्छ त

दुवैबीचको भिन्नता दर्शित भइहाल्छ, जस्तो कि यस सन्दर्भमा हजरत उमर रजिअल्लाहो अन्होको हदीसमा वर्णित छ कि जब हजरत जिब्रील अलैहिस्सलामले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित इस्लाम र ईमानको बारेमा प्रश्न गरे त नबी सल्लल्लाहो अलैहे वसल्लमले भने:

" الإسلام أن تشهد أن لا إله إلا الله وأن محمداً رسول الله ، وتقيم الصلاة ، وتؤتي الزكاة ، وتصوم رمضان ، وتحج البيت"، وقال في الإيمان : " أن تؤمن بالله وملائكته وكتبه ورسله واليوم الآخر وبالقدر خيره وشره" (تقدم تخريجه ضمن سؤال رقم:ज्ञढ)

अर्थ : "इस्लाम यो हो कि: तिमी यो गवाही देऊ कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन्, र नमाज आयोजित गर, र जकात दिदै गर, र रमजान महिनाको व्रत बस, र बैतुल्लाहको हज्ज गर

।" र ईमानको बारेमा भन्नु भयो: "तिमी ईमान ल्याऊ अल्लाहमाथि, र त्यसका फरिश्ताहरूमाथि, र त्यसका किताबहरूमाथि, र त्यसका सन्देष्टाहरूमाथि, र प्रलयको दिनमाथि, र भाग्यको भलाई र बुराईमाथि ।"[1]

यसर्थ यस कुराको सार यो हो कि मात्र इस्लाम भनेमा पूर्ण धर्मको बोध हुन्छ अर्थात त्यसमा धर्म र ईमान दुवै समाविष्ट हुन्छ, तर जब दुवैलाई एकैसाथ वर्णन गरिन्छ त ईमानको व्याख्या अदृश्य कार्यहरूसित गरिन्छ अर्थात सैद्धान्तिक कार्य र हृदयका कार्यहरूद्वारा, र इस्लामको व्याख्या जाहेरी कार्यहरूद्वारा अर्थात जिब्रोद्वारा उच्चारण र इन्द्रियहरूद्वारा कार्यलाई प्रदर्शित गर्नुद्वारा गरिन्छ ।

प्रश्न: (४९) आदरणीय शैख ज्यू, यसो भए हामी यो बुझौं कि इस्लामको सामान्य परिभाषा छ र विशिष्ट परिभाषा पनि छ ?

---

[1] यसको सन्दर्भ प्रश्न नं. १९ को उत्तर अन्तर्गत वर्णन भइसकेको छ ।

उत्तरः हो, इस्लामको परिभाषा त्यसको सामान्य अर्थलाई बोध गर्नेहेतु पनि छ, र त्यसको विशिष्ट अर्थलाई बोध गर्ने परिभाषा पनि छ, जब दुवै एकैसाथ वर्णित होउन् जसरी कि हदीसमा र दुवै वर्णित श्लोकहरूमा छ जसलाई हामीले अहिले नै वर्णन गरेका छौं ।

## तागूतहरू (अल्लाह बाहेकका पूज्यहरू) र तिनका थरीहरू

प्रश्नः (५०) आदरणीय शैख ज्यू, तागूत के हो ? र त्यससित संलग्न शब्दहरू के के हुन् ?

उत्तरः तागूत तुगियान शब्दबाट लिइएको छ, र तुगियानको अर्थ हो सीमा नाघ्नु, जस्तोकि अल्लाहको फर्मान छः

﴿ إِنَّا لَمَّا طَغَا ٱلْمَآءُ حَمَلْنَٰكُمْ فِى ٱلْجَارِيَةِ ﴿١١﴾ ﴾ الحاقة: ١١

अर्थ : जब पानीमा हलचल (उफान) आयो तब त्यस बेला हामीले तिमीलाई नौकामा सवार गरायौं । (सूरतुल् हाक्का ११)

अर्थात जब पानी सामान्य सीमाभन्दा अधिक भयो त हामीले तिमीहरूलाई नौकामा सवार गऱ्यों अर्थात पानी जहाजमा ।

र यसको परिभाषाको सन्दर्भमा सबैभन्दा राम्रो कुरो इब्नुल् कैयिमले भन्नु भएको छ कि तागूतको अर्थ हो: ती समस्त जसको माध्यमले भक्त सीमा अतिक्रमण गरोस् चाहे त्यो पूज्य होस् वा कुनै अगुवा जसको अनुशरण गरियोस् ।

यसर्थ मूर्तिहरू जसको अल्लाह बाहेक पूजा गरिन्छ तागूत हुन्, र ती पापी विद्हरू जुन पथभ्रष्टतातिर आमन्त्रित गर्छन् तिनीहरू पनि तागूत हुन्, र जुन विदअततिर बोलाउँछन् तिनीहरू पनि तागूत हुन्, र जुन हलाललाई हराम र हरामलाई हलाल गर्छन् उनी पनि तागूत हुन्, र जुन मानिसहरू हाकिमहरूको लागि इस्लामीय विधानबाट निस्कि अरु मिथ्या विधानतर्फ आकर्षित गर्छन् र त्यसलाई मोहक बनाएर हाकिमहरू समक्ष प्रस्तुत गर्छन् उनी पनि तागूत हुन् किनकि यिनीहरूले सीमा अतिक्रमण गरे । किन भने विद्हरू र धर्मगुरुहरूको कार्य यो हो कि त्यो रसूल सल्लल्लाहो अलैहे

वसल्लमले ल्याएको कुराहरूको अनुशरण गरोस्, किन भने वास्तवमा विद्हरू सन्देष्टाहरूका वारिस हुन् ज्ञान, कर्म, शिष्टाचार, आमन्त्रण, तालिम... आदिमा। त जब उनीले यस सीमालाई पार गरे त यस्तो भए कि हाकिमहरूको लागि इस्लामीय विधानलाई त्यागनुतर्फ आकर्षित गर्नेवाला भए, किनकि उनीहरूले त्यो सीमा पार गरे जसको अनुपालन उनीहरूमाथि अनिवार्य थियो र त्यो यो कि उनीहरू विधानको अनुकरण गरुन् र त्यसैतर्फ सबैलाई आमन्त्रित गरुन्।

र रह्यो कुरो जसको अनुशरण गरिन्छ इब्नुल् कैयिमको यस कथन (जसको अनुशरण गरिन्छ) मा, त यसबाट उनको अभीष्ट अगुवा, नायक र हाकिमहरू हुन् जिनको अनुशरण वैधानिक तौरले गरिन्छ वा तिनीहरूको दर्जा र श्रेणीलेगर्दा गरिन्छ। यसर्थ यदि हाकिमले कुनै यस्तो कुराको आदेश गर्छ जुन विधान विरुद्ध छैन भने वैधानिक तौरले तिनीहरूको अनुशरण गर्नु पर्नेछ जसरी कि पदको कारणले अनुशरण गरिन्छ। यसर्थ प्रजामाथि यो अनिवार्य छ कि जब हाकिम (राजा) कुनै यस्तो

कार्यको आदेश गरोस् जुन अल्लाहको आदेश विरुद्ध नहोस् त त्यसको आज्ञापालन गर्नु अनिवार्य छ, र यस बन्देजको साथ (अर्थात त्यो कुरा अल्लाहको आदेश विरुद्ध नहोस्) त्यसको आज्ञापालन गर्नु अल्लाहको आज्ञापालन गर्नु नै हो, यसलेगर्दा हामी जब राजाको आदेशको पालना गर्छौं अर्थात त्यस राज्यको कानुनको पालना गर्छौं त त्यस आज्ञापालन र अनुशरणद्वारा वास्तवमा हामी अल्लाहको पूजा गरिरहेका हुन्छौं, र त्यसद्वारा अल्लाहको सामीप्यता प्राप्त गरिरहेका हुन्छौं, त यो कुरा सदैंव हाम्रो विचार मद्देनजर रहोस् किनकि अल्लाहको फर्मान छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَطِيعُواْ ٱللَّهَ وَأَطِيعُواْ ٱلرَّسُولَ وَأُوْلِي ٱلۡأَمۡرِ مِنكُمۡۖ ﴾ النساء: ٥٩

अर्थ : हे आस्थावानहरू ! अल्लाहको आदेश पालना गर र उसका रसूल (सल्लल्लाहो अलैहे वसल्लम) का आदेशहरूको पालना गर र तिमीहरूमध्ये अधिकार भएकाहरूको पनि । (सूरतुन्निसा ५९)

र रह्यो त्यो अवस्था जब हाकिमको आज्ञापालन त्यसको दर्जाको कारण गरिन्छ, त जब हाकिमहरू बलशाली र अधिपत्यशाली हुन्छन् त मानिसहरू उनीहरूको शक्तिलेगर्दा तिनीहरूको अनुशरण गर्छन्, यद्यपि हृदयले त्यसको अनुशरण नगरिरहेको होस्, किनकि कहिलेकाहिँ हाकिमको आज्ञापालन हृदय र निष्ठाको साथ गरिन्छ त यो आज्ञापालन नै हाकिम र प्रजा दुवैको लागि हितकर हुन्छ, र कहिले आज्ञापालन हाकिमको शक्तिको भयले हुन्छ, किनकि जुन मान्छे पनि त्यसको अवज्ञा गर्छ त्यसलाई त्यो हाकिम दण्डित गर्छ । त यसै कारण हाम्रो भनाई छ कि यस विषयमा मानिसहरू नानाप्रकारका हुन्छन्:

त कहिलेकाहिँ ईमानीय निष्ठा र हाकिमको भय दुवै शक्तिशाली हुन्छन्, र यो नै आज्ञापालनको सर्वोत्कृष्ट थरी हो । र कहिलेकाहिँ ईमानीय निष्ठा र राजाप्रति भय कम्जोर हुन्छ, त यो आज्ञापानलको न्यूनतम् दर्जा हो, र यसको प्रभाव समाजमाथि अति घातक हुन्छ अर्थात राजा र प्रजा दुवैको लागि । किनकि जब ईमानको पनि कमी हुन्छ र कसैको भयत्रास पनि हुँदैन त अनैतिकता अराजकता र

मनीषीय अव्यवस्था र कुकर्मको अधिपत्य र वर्चस्व कायम भइहाल्छ। र तेस्रो श्रेणी यो हो कि ईमानीय निष्ठा त बलियो हुन्छ तर हाकिमको डर हुँदैन, त यो माध्य दर्जा हो, त यस्तो अवस्थामा हेरिन्छ कि ईमानीय निष्ठा बलियो छ वा हाकिमको डर, र दर्शित त यो नै छ कि जब हाकिमको डर ईमानीय निष्ठाभन्दा अधिक हुन्छ त यो नै प्रजा र उम्मतीहरूको लागि लाभदायक र हितकर हुन्छ। तर जब हाकिमको डर रहदैन त ईमानीय निष्ठा पनि कम्जोर हुँदैजान्छ, अनि समाजमा उपद्रवको उत्पात हुन्छ र समाज बिग्रन थाल्छ। तर जब ईमानीय निष्ठा बलियो हुन्छ र हाकिमको कुनै डर हुँदैन त यो अघिल्लो श्रेणीभन्दा तल्लो दर्जा हो, तर वास्तवमा यदि कुरा मान्छे र त्यसको प्रतिपालकको बीचको होस् भने यदि मान्छे हाकिमबाट नडरिकन् मात्र ईमानीय निष्ठाले कार्य गर्छ भने यस्तो अवस्थामा यो नै अति उत्तम र हितकर सिद्ध हुन्छ।

यसर्थ कुराको सार यो कि यसको चार अवस्थाहरू र दर्जाहरु छन्, ईमानीय निष्ठा र हाकिमको डर दुवै हुनु, वा दुवै नहुनु, वा ईमानीय निष्ठा हुनु र

हाकिमको डर कम्जोर हुनु, वा हाकिमको डर हुनु र ईमानीय निष्ठा कम्जोर हुनु ।

यसर्थ महत्वपूर्ण कुरो के छ भने हामीहरूलाई यो याद रहोस् कि जब हामी हाकिमको आज्ञापालन गर्दछौं त हामी यो आस्था राखौं कि यसद्वारा हामी अल्लाहको सामीप्यता प्राप्त गरिरहेका छौं । र जुन इब्नुल् कैयिमले यो भनेका छन् कि: तागूतको अर्थ हो: जसको माध्यमले भक्त सीमा उल्लंघन गर्छ चाहे त्यो पूज्य होस् वा प्रधान वा जसको अनुशरण गरिन्छ । त यसको तात्पर्य यो हो कि कहिलेकाहिँ हाकिम अथवा प्रधान र नायक यस्तो कुराको आदेश गर्छ जुन अल्लाह र अल्लाहका रसूलको आदेश प्रतिकूल हुन्छ, त यदि कुरो यस्तो छ भने हामीमाथि यो अनिवार्य छ कि हामी त्यसको आज्ञापालन नगरौं, किनकि अल्लाहले उनीहरूका ती कुराहरूको आज्ञापालन गर्ने आदेश गरेको छ जुन अल्लाह र अल्लाहका रसूलको आज्ञा अनुकूल होस्, जस्तो कि यस श्लोकद्वारा ज्ञान हुन्छ:

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَطِيعُواْ ٱللَّهَ وَأَطِيعُواْ ٱلرَّسُولَ وَأُوْلِي ٱلۡأَمۡرِ مِنكُمۡۖ ﴾ النساء: ٥٩

अर्थ : हे आस्थावानहरू ! अल्लाहको आदेश पालना गर र उसका रसूल (सल्लल्लाहो अलैहे वसल्लम) का आदेशहरूको पालना गर र तिमीहरूमध्ये अधिकार भएकाहरूको पनि । (सूरतुन्निसा ५९)

त अल्लाहले यो भनेको छैन कि हाकिमहरूको साक्षात आज्ञापालन गर, अर्थात उनीहरूको आज्ञापालन निरिपेक्ष र इन्डिपेन्डेन्ट छैन । त यस श्लोकबाट यो प्रष्ट भयो कि उनीहरूको आज्ञापालन अल्लाहको आज्ञापालनसित संलग्न छ, जस्तो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो भन्नु भएको छ कि हाकिमको अनुशरण त्यस कुरामा गरिन्छ जुन विधान अनुकूल होस् र जसको विधानले आदेश गरेको होस्, र जस कुराबाट विधानले रोकेको होस् त्यस कुरालाई गर्नुमा कुनै पनि सृष्टिको आज्ञापालन जायज छैन, चाहे आदेश दिनेवाला साक्खै बुवा र

आमा किन नहोउन्। यसर्थ जब उनी (साक्खै बुवा र आमा) पनि अल्लाहको अवज्ञा गर्ने कुराको आदेश गरुन् त उनीहरूको आज्ञापालन गर्नु हराम छ, किनकि अल्लाहको आज्ञापालन गर्नु प्रत्येकको आज्ञापालनभन्दा प्रथम छ, त जसले पनि कुनै हाकिमको आज्ञापालन गरेर अल्लाहको आज्ञाको उल्लंघन गर्छ त वास्तवमा त्यो सीमा अतिक्रमण गरिरहेको हुन्छ।

## ईसा (जेसिस) अलैहिस्सलामको बारेमा मुसलमानहरूको सिद्धान्त

प्रश्नः (५१) आदरणीय शैख ज्यू, ईसा अलैहिस्सलाम (जेसिस) को बारेमा मुसलमानहरूको सिद्धान्त के कस्तो छ र ? र उहाँलाई सूलीमा चडाउने र मार्ने कुराको वास्तविकता र हुकुम के छ ?

उत्तरः ईसा बिन मरियम अलैहिमस्सलामको बारेमा मुसलमानहरूको सिद्धान्त यो छ कि उहाँ अल्लाहका मर्यादित सन्देष्टाहरूमधयेका थिए, बरु उनी पाँच महान सन्देष्टाहरूमध्येका एक थिए जुन पाँच महान सन्देष्टा यी हुन्: हजरत मुहम्मद सल्लल्लाहो अलैहे

वसल्लम, र हजरत नूह अलैस्सिलाम, र हजरत इब्राहीम अलैस्सिलाम, र हजरत मुसा अलैस्सिलाम, र हजरत ईसा अलैस्सिलाम । र यिनलाई अल्लाहले आफ्नो पवित्र ग्रन्थ कुरानको दुई ठाउँमा वर्णन गरेको छ, यसर्थ सूरतुल् अहजाबको यस श्लोकमा अल्लाहको फर्मान छः

﴿ وَإِذْ أَخَذْنَا مِنَ ٱلنَّبِيِّـۧنَ مِيثَٰقَهُمْ وَمِنكَ وَمِن نُّوحٍ وَإِبْرَٰهِيمَ وَمُوسَىٰ وَعِيسَى ٱبْنِ مَرْيَمَ ۖ وَأَخَذْنَا مِنْهُم مِّيثَٰقًا غَلِيظًا ٧ ﴾ الأحزاب: ٧

अर्थ : (र यादगर) जब हामीले नबीहरूसित वचन लियौं, र खासगरी तपाईंसित र "नूह" र "इब्राहीम" र "मूसा" र मरियमका छोरा "ईसासित" पनि ! यी सबैसित हामीले दृढ वचन लिऔं । (सूरतुल् अहजाब ७)

र सूरतुश्शूरामा अल्लाहको फर्मान छः

﴿ ۞ شَرَعَ لَكُم مِّنَ ٱلدِّينِ مَا وَصَّىٰ بِهِۦ نُوحًا وَٱلَّذِيٓ أَوۡحَيۡنَآ إِلَيۡكَ وَمَا وَصَّيۡنَا بِهِۦٓ إِبۡرَٰهِيمَ وَمُوسَىٰ وَعِيسَىٰٓۖ أَنۡ أَقِيمُواْ ٱلدِّينَ وَلَا تَتَفَرَّقُواْ فِيهِۚ ﴾ الشورى: ١٣

अर्थ : अल्लाहले तिम्रो निम्ति त्यही दीन (धर्म) निश्चित गर्‍यो, जसलाई अपनाउन नूह( अलैहिस्सलाम) लाई आदेश गरेको थियो ।'' र जसलाई (हे मुहम्मद !) हामीले तपाईतिर वह्यको माध्यमले पठाएका छौं र जसको बारेमा ''इब्राहीम ( अलैहिस्सलाम)'' र ''मूसा (अलैहिस्सलाम) र'', ''ईसा (अलैहिस्सलाम) लाई'' पनि आदेश दिएका थियौं, ''कि यस दीनलाई कायम राख्नु र उसको विषयमा विभाजित नहुनु ।'' (सूरतुश्शूरा १३)

र ईसा अलैहिस्सलाम पनि आदमका सन्ततिहरूमध्येका एउटा मानव नै थिए, जुन बिना पिता जन्मेका थिए, र उहाँ अल्लाहको भक्त र सन्देष्टा थिए । यसर्थ उनी पनि भक्तहरूमध्येका एउटा भक्त नै हुन् जिनको पूजा गरिदैन, र उनी

सन्देष्टा हुन् जिनलाई मिथ्यावादी भन्न मिल्दैन । यसर्थ उहाँसित प्रतिपालक हुने कुनै विशेषता छैन, बरु उहाँ त उस्तै थिए जसरी अल्लाहले यस श्लोकमा भनेको छः

﴿إِنْ هُوَ إِلَّا عَبْدٌ أَنْعَمْنَا عَلَيْهِ وَجَعَلْنَاهُ مَثَلًا لِّبَنِيٓ إِسْرَٰٓءِيلَ ٥٩﴾ الزخرف: ٥٩

अर्थ : उनी (ईसा, मसीह) त यस्ता मानिस नै थिए, जसमाथि हामीले अनुकम्पा गर्‍यौं र उनलाई हामीले इसराईलको सन्ततिको निम्ति एउटा आदर्श बनायौं । (सूरतुज्जुख्रुफ ५९)

र उहाँ अलैस्सिलामले आफ्नो जाति समुदायलाई यो आदेश गरेका होइनन् कि उहाँलाई र उहाँकी आमालाई अल्लाह बाहेक ईश बनाउन्, बरु उहाँले त उनीहरूलाई त्यसैको आदेश गरेका थिए जसको अल्लाहले उहाँलाई आदेश गरेको थियो । उनको यस कथनलाई अल्लाहले यसरी वर्णन गरेको छः

﴿ مَا قُلْتُ لَهُمْ إِلَّا مَآ أَمَرْتَنِي بِهِۦٓ أَنِ ٱعْبُدُوا۟ ٱللَّهَ رَبِّي وَرَبَّكُمْ ﴾ المائدة: ١١٧

अर्थ : मैले त तिनीहरूसित अरु केही पनि भनेको होइन तर त्यो बाहेक जुनकि तिमीले मलाई भन्न आदेश गऱ्यौ, यो कि तिमीहरूले अल्लाहको उपासना गर, जो मेरो र तिम्रो सबैको पालनकर्ता हो...। ( सूरतुल् माइदा ११७)

र हजरत ईसा अलैस्सिलाम अल्लाहको शब्दद्वारा ( वाणीद्वारा) सृष्टि गरिएको हुन्, जस्तो कि अल्लाहको फर्मान छ:

﴿ إِنَّ مَثَلَ عِيسَىٰ عِندَ ٱللَّهِ كَمَثَلِ ءَادَمَ ۖ خَلَقَهُۥ مِن تُرَابٍ ثُمَّ قَالَ لَهُۥ كُن فَيَكُونُ ﴿٥٩﴾ ﴾ آل عمران: ٥٩

अर्थ : ईसा (अलैस्सिलाम) को हाल अल्लाह छेउ आदम (अलैस्सिलाम) को जस्तै छ जसलाई माटोले

तयार गरी आदेश गरे कि भइहाल अनि ऊ (मानव) भइहाल्यो । (सूरतु आले इम्रान ५९)

र उहाँ र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमबीच कुनै आर्को सन्देष्टा आएको छैन, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَإِذْ قَالَ عِيسَى ٱبْنُ مَرْيَمَ يَٰبَنِىٓ إِسْرَٰٓءِيلَ إِنِّى رَسُولُ ٱللَّهِ إِلَيْكُم مُّصَدِّقًا لِّمَا بَيْنَ يَدَىَّ مِنَ ٱلتَّوْرَىٰةِ وَمُبَشِّرًۢا بِرَسُولٍ يَأْتِى مِنۢ بَعْدِى ٱسْمُهُۥٓ أَحْمَدُ ۖ فَلَمَّا جَآءَهُم بِٱلْبَيِّنَٰتِ قَالُوا۟ هَٰذَا سِحْرٌ مُّبِينٌ ٦ ﴾

الصف: ٦

अर्थ : र जब मरियमको छोरा ईसा (अलैहिस्सलाम) ले भनेः कि हे मेरो क़ौम (जाति) बनी इस्राईल ! म तिमी सबैको लागि अल्लाहबाट पठाइएको रसूल हूँ । मभन्दा पहिलेको किताब तौरातको म प्रमाणित गर्नेवाला छु र मपछि आउने एउटा संदेष्टा जसको नाम अहमद हुनेछ, उनको शुभागमनको शुभसन्देश सुनाउँछु । अनि जब उनी तिनीहरूको पासमा स्पष्ट

निशानीहरू लिएर आए, तब तिनीहरूले भन्न थाले कि यो त स्पष्ट जादू हो । (सूरतुस्सफ्फ ६)

र कसैको पनि ईमान तबसम्म परिपूर्ण हुँदैन जबसम्म त्यो यस कुरामा आस्था नराखोस् कि ईसा अलैहिस्सलाम अल्लाहका भक्त एवं सन्देष्टा हुन्, र उनी ती समस्त दोषरोपणबाट मुक्त छन् जुन उहाँको बारेमा उहूदीहरूले गरेका छन्, जसरी कि उहाँ अलैहिस्सलामको बारेमा यहूदीहरूको यो भनाई कि: उनी व्याभिचारिणीको छोरा हुन्, र उनी व्यभिचारबाट उत्पात भएका हुन् (यस कुराबाट अल्लाहको शरण), र यस दोषारोपणबाट अल्लाहले स्वयम् उनीलाई मुक्त र पवित्र भनेको छ । यस्तै मुसलमानहरू ईसाईहरूको त्यस धारणाबाट निस्पृह छन् जुन ईसा अलैहिस्सलामको वास्तविकतालाई बुझ्नुबाट पथविचलित भए, अर्थात उनीहरूले हजरत ईसालाई र उहाँकी आमालाई अल्लाह बाहेक पूज्य ठहर गरे, र केहीले त यो भने कि: “अल्लाह उनीहरूको तेस्रो हो” ।

र रह्यो कुरो उहाँ अलैहिस्सलामको हत्या गर्नु र सुलीमा झुण्डियाउनुको त अल्लाहले यस कुराको

पूर्णरूपले खण्डन गरेको छ, जस्तोकि अल्लाहको फर्मान छः

﴿ وَقَوۡلِهِمۡ إِنَّا قَتَلۡنَا ٱلۡمَسِيحَ عِيسَى ٱبۡنَ مَرۡيَمَ رَسُولَ ٱللَّهِ
وَمَا قَتَلُوهُ وَمَا صَلَبُوهُ وَلَٰكِن شُبِّهَ لَهُمۡۚ وَإِنَّ ٱلَّذِينَ ٱخۡتَلَفُواْ
فِيهِ لَفِي شَكّٖ مِّنۡهُۚ مَا لَهُم بِهِۦ مِنۡ عِلۡمٍ إِلَّا ٱتِّبَاعَ ٱلظَّنِّۚ وَمَا
قَتَلُوهُ يَقِينَۢا ١٥٧ بَل رَّفَعَهُ ٱللَّهُ إِلَيۡهِۚ وَكَانَ ٱللَّهُ عَزِيزًا حَكِيمٗا
١٥٨ وَإِن مِّنۡ أَهۡلِ ٱلۡكِتَٰبِ إِلَّا لَيُؤۡمِنَنَّ بِهِۦ قَبۡلَ مَوۡتِهِۦۖ
وَيَوۡمَ ٱلۡقِيَٰمَةِ يَكُونُ عَلَيۡهِمۡ شَهِيدٗا ١٥٩ ﴾ النساء: ١٥٧ - ١٥٩

अर्थ : र यो भन्नाको कारणले कि हामीले मरियमको छोरा अल्लाहको रसूल ईसा मसीहलाई हत्या गरिसकेका छौं जबकि न तिनीहरूले ईसाको हत्या गरे नत उनलाई सूलीमा चढाए बरु तिनीहरूको लागि उनीकै (ईसा मसीहकै) रूप जस्तो प्रतीत हुने

आकार बनाइएको थियो । विश्वास गर जुन मानिसहरू उनको सम्बन्धमा मतभेद गर्दछन् तिनीहरू उनको वास्तविक स्थितिबारे शंकामा परेका छन् र भ्रम बाहेक तिनीहरूलाई अरु कुनै ज्ञान छैन, र तिनीहरूले निःसन्देह ईसाको हत्या गर्न सकेनन् । बरु अल्लाहले उनलाई आफूतिर उठाई लग्यो र अल्लाह सर्वशक्तिशाली तत्वदर्शी छ । र "अहले किताबमध्ये कोही बाँकी रहनेछैन जसले हजरत ईसा (अलैहिस्सलाम) को मृत्युभन्दा अगाडि नै उनीमाथि विश्वास" नगरोस् र कियामतका दिन उनी तिनीहरू विरुद्ध साक्षी हुनेछन् । (सूरतुन्निसा १५७-१५९)

त जुन व्यक्ति पनि यो सिद्धान्त राख्दछ कि ईसा अलैहिस्सलामको हत्या गरियो वा उहाँलाई सूलीमा झुण्डियाइयो, त त्यसले कुरआनलाई झुठ ठान्यो र त्यसले नास्तिकता गऱ्यो । यसर्थ हामी मुसलमानहरू यो आस्था राख्दछौं कि ईसा अलैहिस्सलामको नत हत्या गरियो नत उहाँलाई सूलीमा झुण्डियाइयो, बरु हामी भन्छौं किः यहूदीहरू हत्या र सूली चढाउने कुरोको मिथ्यारोपण

गरेको कारण पापी घोषित भए, जस्तो कि उनीहरू यस भ्रममा छन् कि उनीहरूले उहाँ अलैस्सिलामको हत्या गरे जबकि उनीहरूले त्यस मान्छेको हत्या गरेका थिए जसलाई उनीहरूले ईसा अलैहिस्सलाम अनुरूप पाएका थिए । र यो यसरी कि अल्लाहले एउटा व्यक्तिलाई ईसा अलैहिस्सलाम अनुरूप गरिदिएको थियो, अनि उनीहरूले त्यसैको हत्या गरेका थिए र त्यसैलाई सूलीमा झुण्डयाएका थिए, अनि भन्नलागे कि: हामीले ईसा बिन मरियमलाई हत्या गरें । यसर्थ यहूदीहरू यसै मिथ्यारोपणको कारण पापी र अभिशप्त घोषित गरिए किनकि वास्तवमा उनीहरूले हजरत ईसाको हत्याको प्रयास गरेका थिए र यसको इकरार पनि गरेका थिए, र यस्तै उनी सूलीमा लटकाउने कुरामा पनि दोषी ठहर भए । र ईसा अलैहिस्सलाममलाई त अल्लाहले यी समस्त षडयन्त्रहरूबाट बचाएर आफ्नूतिर आकाशमा उठायो, र हजरत ईसा अलैहिस्सलाम अन्तिम कालखण्डमा पुन: यस धरतीमा आउने छन्, अनि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको विधान अनुसार फैसला गर्नेछन्, अनि त्यस समय वास्तवमा

मर्नेछन् र उहाँलाई वास्तवमा दफनाइनेछ, अनि प्रलयको दिन चिहानबाट उस्तै निस्कने छन् जसरी अरु मानवहरू निस्कने छन्, जस्तोकि अल्लाहको भनाई छः

﴿ ۞ مِنۡهَا خَلَقۡنَٰكُمۡ وَفِيهَا نُعِيدُكُمۡ وَمِنۡهَا نُخۡرِجُكُمۡ تَارَةً أُخۡرَىٰ ٥٥ ﴾ طه: ٥٥

अर्थ : यसै धरतीबाट हामीले तिम्रो सृष्टि गऱ्यौं र यसैमा तिमीलाई फेरि फर्काउने छौं र यसैबाट अर्कोपल्ट तिमीहरू सबैलाइ निकाल्ने छौं । (सूरतु ताहा ५५)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ قَالَ فِيهَا تَحۡيَوۡنَ وَفِيهَا تَمُوتُونَ وَمِنۡهَا تُخۡرَجُونَ ٢٥ ﴾ الأعراف: ٢٥

अर्थ : आदेश भयो कि, “तिमीले त्यहीं जिन्दगी गुजार्नु र मर्नु पर्नेछ र त्यसैबाट पूनः (जीवित गराई) निकालिने छौ । (सूरतुल् अअ्राफ २५)

# उम्मतको विभाजन

**प्रश्न: (५२) आदरणीय शैख ज्यू, मुसलमानहरू रसूल सल्लल्लाहो अलैहे वसल्लम पश्चात के कति गुटहरूमा विभाजित भए ?**

उत्तर: नबी सल्लल्लाहो अलैहे वसल्लमले यो खबर दिनु भएको छ कि यहूदीहरू ७१ समूहमा विभाजित भए, र ईसाईहरू ७२ समूहमा विभाजित भए, र मुसलमानहरू ७३ समूहमा विभाजित हुन्छन्, र यी समस्त समूहहरूमध्ये एक समूह बाहेक समस्त नर्कमा जानेछन्, र त्यो एउटा सफलता पाउने समूह त्यो हुनेछ जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमको र उहाँको साथीहरूको पद्धतिमा हिंड्नेछ ।[1] र यसै समूहलाई सफलताप्राप्त समूह भनिन्छ जुनकि यस संसारमा बिदअतबाट सुरीक्षत हुन्छ, र परलौकिक जीवनमा नर्कबाट सुरक्षित हुनेछ, र यो

[1] अबू दाऊद, किताबुस्सुन्नह, बाबु शरहिस्सुन्नह, हदीस नं.४५९६ । र तिर्मिजी, किताबुल् ईमान, बाबु माजाअ फि इफतेराकि हाजेहिल् उम्मह, हदीस नं. २६४०, २६४१ । र इब्ने माजा, किताबुल् फेतन, बाबु इफतेराकिल् उमम, हदीस नं. ३९९१, ३९९२ । र अहमद, २/३३२ । र यो हदीस सहीहुल् जामेअ्को हदीस नं. १०८३ मा पनि वर्णित छ ।

नै प्रलयसम्मको लागि त्यो सहायताप्राप्त समूह हो जुनकि अधिपत्यशाली र अल्लाहको आदेशको पालना गरिरहनेवाला समूह हुन्छ ।

त यी ७३ समूह जसमध्ये एउटा सत्यपथमा हुनेछ, र अरु समस्त पथविचलनमा पर्नेछन् त्यसलाई केही मानिसहरूले आँकलन गर्ने प्रयास गरेका छन्, अनि बिदअत गर्नेहरूलाई पाँच प्रमुख समूहमा विभाजित गरेका छन्, र प्रत्येक समूहलाई केही गुटहरूमा विभाजित गरेका छन् ताकि ७३ को संख्यासम्म पुगोस् जसको वर्णन रसूल सल्लल्लाहो अलैहे वसल्लमले गरेका छन् । र केही विद्हरूको यस विषयमा दृष्टि यो छ कि त्यसको आँकलन नगरियोस् र त्यसलाई संख्यारहित नगरियोस् किनकि मात्र यी समूहहरू नै पथविचलनमा परेका छैनन्, बरु त्यसभन्दा बढी मानिसहरू र समूहहरू पथविचलनमा परिसकेका छन्, र ७३ समूहको बारेमा यी विद्हरूले भनेका छन् कि यसको आँकलन मात्र अन्तिम काल खण्डमा नै गर्न सकिन्छ जब प्रलय घटित हुनेवाला हुन्छ ।

यसर्थ हामी पनि त्यस संख्यालाइ संक्षिप्त तरिकाले नै बुझौं जसरी नबी सल्लल्लाहो अलैहे वसल्लमले भनेका छन् । यसर्थ हामी यो भन्छौं कि: निःसन्देह यो मुस्लिम समूह ७३ समूहमा विभाजित हुनेछ, र समस्त नर्कमा जानेछन् एउटा बाहेक । अनि हामी भन्छौं कि: जुन मानिस पनि रसूल सल्लल्लाहो अलैहे वसल्लम र उहाँका साथीहरूको पद्धति विरुद्ध कार्य गर्छ त्यो यी पथभ्रमित समूहहरूमा शम्मिलित छ । र कदाचित रसूल सल्लल्लाहो अलैहे वसल्लमले यी गुटहरूका प्रमुख समूहरूको मात्र भविष्यवाणी गरेका थिए, जसमध्ये दश समूहहरू अहिलेसम्म जाहेर भएका छैनन् । र कदाचित उहाँ सल्लल्लाहो अलैहे वसल्लमले यस्ता प्रमुख समूहहरूको भविष्यवाणी गरेका थिए जसमा अरु गुटहरू पनि होउन्, जस्तो कि यसै कथनलाई केही विद्हरूले भनेका छन्, यसर्थ यसबारे पूर्ण ज्ञान मात्र अलहलाई नै छ ।

## सफलताप्राप्त समूहका विशेषताहरू

**प्रश्न: (५३) आदरणीय शैख ज्यू, सफलता प्राप्त समूहका विशेषताहरू के के हुन् ?**

उत्तर: सफलताप्राप्त समूहको सबैभन्दा उत्कृष्ट विशेषता हो: ती समस्त कुराहरूको अनुशरण गर्नु र त्यसलाई दृढताको साथ समातिराख्नु जसमा रसूल सल्लल्लाहो अलैहे वसल्लम कार्यरत थिए, जसमध्ये आस्था, पूजा, शिष्टाचार, र व्यवहारका क्षेत्रहरू प्रमुख हुन् । त यी चारवटै क्षेत्रहरूमा सफलताप्राप्त समूहलाई तपाई सर्वोत्कृष्ट पाउनु हुन्छ ।

त रह्यो पूजाको क्षेत्रको कुरो त यसमा तपाई यस समूहलाई अरुभन्दा भिन्न पाउनु हुनेछ, यसलाई उनीहरू दृढताको साथ समातेका हुन्छन्, र त्यसलाई आफ्नो जीवनशैलीमा कार्यन्वयन पनि गरेका हुन्छन् उस्तै जसरी रसूल सल्लल्लाहो अलैहे वसल्लम यसमा कार्यरत थिए, अर्थात त्यसको कैफियत र विशेषतामा, र त्यसको समय एवं संख्या र आकारमा, र त्यसको स्थान र कारणमा । यसर्थ तपाई उनीहरूलाई अल्लाहको धर्ममा नौलो कुरो अविष्कृत गर्दा हेर्नु हुँदैन, बरु उनीहरू अल्लाह र अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमको बेस्सरी आदर गर्छन्, र उहाँहरूको फर्मानको उल्लंघन गर्दैनन्, अर्थात अल्लाह र अल्लाहका

रसूलले वैधानिक गरेका पूजा अर्चनामा आफ्नो तर्फबाट केही अभिवृद्धि गर्दैनन् जसको अल्लाहले उनीलाई अनुमति दिएको छैन ।

र सिद्धान्तको क्षेत्रमा तपाई उनीलाई यस्तो पाउनु हुन्छ कि उनी ती समस्तलाई पूर्ण दृढताको साथ समातेका हुन्छन् जसमाथि अल्लाहको किताब र रसूलको सुन्नत प्रमाणीकरण गरिरहेका हुन्छ, जसरी मात्र एक अल्लाहको पूजा गर्नुमा, मात्र अल्लाहलाई प्रतिपालक मान्नुमा, मात्र अल्लाहलाई पूज्य मान्ने कुरामा, र त्यसका नाम र विशेषतहरूको विषयमा ... आदि ।

र यस्तै उनीहरूलाई नैतिकता र शिष्टाचारको क्षेत्रमा पनि सराहनीय नैतिकता र शिष्टाचारहरूद्वारा सुसज्जित र यसमा अरुभन्दा उत्कृष्ट हेर्नुहुन्छ, र यस्तै मुसलमानहरूसित प्रेम गर्नुमा पनि, र विस्तृत र फराकिलो छाती राख्नुमा पनि, र हाँस्दो अनुहारले अरुसित मिल्नुमा पनि, र तत्वदर्शिताको कुरा गर्नुमा पनि, र यस बाहेक अरु सराहनीय नैतिकता र शिष्टाचारहरूमा उनीहरूलाई तपाई सबैभन्दा उत्कृष्ट हेर्नुहुन्छ ।

र व्यवहारिक क्षेत्रमा पनि तपाई उनीहरूलाई हेर्नुहुन्छ कि उनीहरू अरुको साथमा सत्यता निष्छलताको व्यवहार गर्छन् जसको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसरी संकेत गर्नु भएको छः

" البيعان بالخيار ما لم يتفرقا ، فإن صدقا وبينا، بورك لهما في بيعهما ، وإذا كذبا وكتما ، محقت بركة بيعهما" (أخرجه البخاري ، كتاب البيوع، باب البيعان بالخيار ما لم يتفرقا ، رقم (2110)، ومسلم ، كتاب البيوع، باب الصدق في البيع والبيان، رقم (1532).

अर्थ : खरिद विक्र गर्ने दुवै मान्छेलाई तबसम्म ( खरिद विक्री भंग गर्ने) अख्तियार छ जबसम्म दुवै एकआर्काबाट अगल नहोउन्, यसर्थ जब दुवै सत्य बोल्दछन् र सरसामानको ऐबलाई लुकाउँदैनन् त दुवैको व्यापारमा कल्याण गरिन्छ, र जब झुट बोल्दछन् र सामानको ऐबलाई स्पष्ट गर्दैनन् त दुवैको व्यापारको कल्याणलाई समाप्त गरिन्छ । (

बुखारी, किताबुल् बुयूअ्, बाबुल् बैआने बिल् खियार मालम् यतफर्रिका, हदीस नं. २११० । र मुस्लिम, किताबुल् बुयूअ्, बाबुस्सिद्कि फिल् बैअे वल् बयान, हदीस नं. १५३२)

त यो विशेषता र निशानी हो सफलताप्राप्त समूहको जुनकि अहलुस्सुन्नह वल् जमाअहको समूह हो, र जुन त्यसै कुरा र कार्यमा कार्यरत छन् जसमा रसूल सल्लल्लाहो अलैहे वसल्लम कार्यरत थिए ।

## केही विशेषताहरूको कमीको प्रभाव

प्रश्नः (५४) आदरणीय शैख ज्यू, के यी चारवटै कुराहरू पाइनु वा परिपूण तरिकाले पाइनु आवश्यक छ बिना कुनै कमी, अर्थात पूजा, सिद्धान्त, शिष्टाचार, र व्यवहारको क्षेत्रमा ? र के यदि यसमा कुनै कमिकोताही हुन्छ भने मान्छे सफलताप्राप्त समूहबाट निष्कासित भइहाल्छ वा यो कमी त्यसलाई सफलताप्राप्त समूहबाट निष्कासित गर्दैन ?

उत्तर: यसमध्ये अर्थात उपरोक्तमा वर्णित चारवटै कुरामा कुनै कमिकोताहीबाट मान्छे यस सफलताप्राप्त समूहबाट निष्कासित हुँदैन, तर जस्तो कि अल्लाहको फर्मान छ:

﴿ وَلِكُلٍّ دَرَجَٰتٌ مِّمَّا عَمِلُوا۟ ﴾ الأنعام: ١٣٢

अर्थ : र कर्मलाई दृष्टिगत गरी सबै व्यक्तिका दर्जाहरू निर्धारित छन् । (सूरतुल् अन्आम १३२)

अर्थात सबैले कर्मको आधारमा श्रेणीहरू पाउने छन् । तर कदाचित एकेश्वरवादमा कुनै प्रकारको गडबडी गर्नुले वा बिदअत गर्नुले मान्छे सफलताप्राप्त समूहबाट बाहिर भइहाल्छ, जसरी कि मान्छे पूजा गर्नुमा बिदअत गरोस्, वा त्यसको नीयत गर्नुमा र त्यसको एकाग्रतामा कुनै गडबडी गरोस् । तर शिष्टाचार र व्यवहारको क्षेत्रमा कुनै कमिकोताही वा गडबडी गरेमा मान्छे यस समूहबाट निष्कासित हुँदैन यद्यपि यस्तो गरेमा त्यो पापको भागीदार भइहाल्छ ।

प्रश्नः (५५) आदरणीय शैख ज्यू, के यी विशेषताहरूमध्ये केही अरु विशेषताहरूलाई वर्णन गर्नु बाँकी छ ?

उत्तरः वास्तवमा त्यसमा थप कुनै वृद्धि गर्नुको कुनै आवशयकता छैन, किनकि जुन चार प्रमुख कुराहरू हामीले वर्णन गर्‍यौं ती समस्त पूर्णरूपले स्पष्ट र पर्याप्त छन्, तर हामी शिष्टाचारको बारेमा केही विस्तृत कुरा गर्ने आवश्यकता हेर्दछौं, यसर्थ शिष्टाचारहरूमध्ये सराहनीय र उत्कृष्ट नैतिकता यो हो कि हामी एकमत र एकजुट रहौं, र सत्यमाथि एकमत रहौं, जसबारे अल्लाहले आफ्नो यस कथनमा हामीलाई उपदेश गरेको छः

﴿ ۞ شَرَعَ لَكُم مِّنَ ٱلدِّينِ مَا وَصَّىٰ بِهِۦ نُوحًا وَٱلَّذِىٓ أَوۡحَيۡنَآ إِلَيۡكَ وَمَا وَصَّيۡنَا بِهِۦٓ إِبۡرَٰهِيمَ وَمُوسَىٰ وَعِيسَىٰٓۖ أَنۡ أَقِيمُواْ ٱلدِّينَ وَلَا تَتَفَرَّقُواْ فِيهِۚ ﴾ الشورى: ١٣

अर्थ : अल्लाहले तिम्रो निम्ति त्यही दीन (धर्म) निश्चित गऱ्यो, जसलाई अपनाउन नूह ( अलैहिस्सलाम) लाई आदेश गरेको थियो।" र जसलाई (हे मुहम्मद !) हामीले तपाईंतिर वह्यको माध्यमले पठाएका छौं र जसको बारेमा "इब्राहीम( अलैहिस्सलाम )" र "मूसा( अलैहिस्सलाम ) ", र "ईसा ( अलैहिस्सलाम ) लाई" पनि आदेश दिएका थियौं, "कि यस दीनलाई कायम राख्नु र उसको विषयमा विभाजित नहुनु।" (सूरतुश्शूरा १३)

र अल्लाहले यो खबर पनि दिएको छ कि जुन मानिसहरूले आफ्नो धर्मको बारेमा विभाजित भए, र अआफ्ना ग्रुपहरू बनाए तिनीहरूबाट मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम विरक्त छन् । यसर्थ अल्लाहको फर्मान छः

﴿ إِنَّ ٱلَّذِينَ فَرَّقُواْ دِينَهُمۡ وَكَانُواْ شِيَعٗا لَّسۡتَ مِنۡهُمۡ فِي شَيۡءٍ ﴾ الأنعام: ١٥٩

अर्थ : निःसन्देह जुन मानिसहरूले आफ्नो धर्मलाई धेरै भागमा विभाजित गरे र स्वयं समूहमा विखण्डित भए, तिनीहरूसित तपाईको कुनै सम्बन्ध छैन । (सूरतुल् अन्आम १५९)

यसर्थ एकमत हुनु र हृदयहरूलाई एकआर्कासित जोड्नु सफलताप्रप्त समूह अहलुस्सुन्नह वल् जमाअहको उत्कृष्ट विशेषता र लक्षणहरूमध्ये एक हो । त यदि सफलताप्राप्त समूह कुनै प्रयास गर्ने कुरामा प्रयास गर्छन् अनि उनीबीच कुनै प्रकारको मतभेद उत्पन्न हुन्छ त यो मतभेद एकआर्का विरुद्ध शत्रुता, ईर्ष्या गर्नुतिर आकर्षित गर्दैन, बरु यो मतभेद हुँदाहुँदै पनि उनी एकआर्कालाई आफ्नो भाइ नै ठान्दछन्, यद्यपि दुवैको दृष्टिकोणमा विविधता छ, र उनी एकआर्का पछाडि त्यस समय पनि नमाज पढदछन् जबकि त्यसमा उनीहरूबीच विविध दृष्टिकोण हुन्छ । जसरी मान्छे यस्तो मान्छे पछाडि पनि नमाज पढ्छ जुन ऊँटको मासु खाएर वजू नगरिकन् नमाज पढाइरहेको हुन्छ, र यस विषयमा त्यो इमामत गरिरहेको मान्छेको यो दृष्टिकोण हुन्छ कि ऊँटको मासु खानु वजूलाई भंग

गर्दैन, जबकि त्यो त्यसको पछाडि नमाज पढिरहेको मान्छेको यस विषयमा यो दृष्टिकोण हुन्छ कि ऊँटको मासु खाए पशचात वजू भंग भइहाल्छ, तैपनि त्यो मान्छे त्यसको पछाडि नमाज पढिरहेको हुन्छ, र यो आस्था राख्दछ कि त्यसको नमाज पूर्ण भयो जबकि यदि त्यो एक्लै नमाज पढिरहेको भए त्यसको दृष्टिमा त्यसको नमाज हुँदैनथ्यो । र यो सबै यस कारण किनकि उनीहरूको यो सिद्धान्त छ कि जुन कुराहरूमा प्रयास (इज्तिहाद) गर्नुको अनुमति छ त्यसमा उनीहरूको दृष्टि एकआर्काभन्दा भिन्न भए पनि वास्तवमा यो विविधता र भिन्नता होइन, किनकि दुवैले प्रमाणको प्रकाशमा जसबाट निस्पृह हुनु जायज छैन प्रयास गरेर त्यसैको आधारमा कार्यरत छन् । यसर्थ उनी यो आस्था राख्दछन् कि उनको भाइले उनीसित मात्र प्रमाणको आधारमा नै मतभेद गरेको छ, यसर्थ वास्तवमा त्यो उनीसित सहमत छ, र त्यो कुरामा नै कार्यरत छ जसतर्फ उनीहरू अरुलाई आमन्त्रित गरिरहेका छन्, अर्थात कुरआन र सुन्नतको प्रकाशमा कार्यरत हुनुतर्फ जसमाथि त्यो पनि कार्यरत छ ।

र विद्हरूबाट यो कुरो लुकेको छैन कि यस्ता समस्या र विषयहरूमा सहाबाहरू (रजिअल्लाहो अन्हुम) बीच पनि मतभेद भएको थियो, बरु नबी सल्लल्लाहो अलैहे वसल्लमको जीवनकालमा नै यस्तो मतभेद देखापरेको थियो, तर रसूल सल्लल्लाहो अलैहे वसल्लमले दुवै ग्रुपमध्ये कसैलाई पनि अभिशप्त गरेका थिएनन् । यसर्थ जब नबी सल्लल्लाहो अलैहे वसल्लम अहजाब नामक युद्धबाट फर्केर आए त उहाँ समीप हजरत जिब्रील आए र यो संकेत गरे कि उनी कुरैजा गोत्रतिर शीघ्र नै जाउन् जिनले सन्धिलाई भंग गरिसकेका थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना साथीहरूसित भने:

"لا يصلين أحد منكم العصر إلا في بني قريظة"

(أخرجه البخاري ، كتاب المغازي ، باب مرجع النبي صلى الله عليه وسلم من الأحزاب، رقم (4119)، ومسلم ، كتاب الجهاد، باب من لزمه أمر فدخل عليه أمر آخر ، رقم (1770)، والذي في مسلم "الظهر" بدل "العصر".)

अर्थ : तिमीमध्ये कोही पनि कुरैजा गोत्रसम्म नपुगिकन् अस्रको नमाज नपढोस् । (बुखारी, किताबुल् मगाजी, बाबु मर्जउन्नबी सल्लल्लाहो अलैहे वसल्लम मिनल् अहजाब, हदीस नं. ४११९ । र मुस्लिम, किताबुल् जिहाद, बाबु मन् लजेमहु अमरुन् फदखला अलैहे अमरुन् आखर, हदीस नं. १७७० । र मुस्लिमको हदीसमा अस्रको स्थानमा जुहर वर्णित छ ।)

अर्थात बनि कुरैजामा पुगेर नै तिमीहरू अस्रको नमाज पढनु । अनि सहाबीहरू मदीनाबाट कुरैजा गोत्रतिर निस्के, र बाटोमा नै अस्र नमाजको समय भयो, त केही सहाबीहरूले अस्र नमाज तबसम्म पढेनन् जबसम्म बनू कुरैजामा पुगेनन् र अस्रको समय सिद्धिसक्यो, अर्थात सूर्य अस्त भइसक्यो, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको थियो कि कोही पनि तबसम्म अस्रको नमाज नपढोस् जबसम्म बनू कुरैजामा नपुगोस् । तर उनीमध्ये केही सहाबीहरूले त्यसको निर्धारित समयमा नै नमाज पढे अर्थात बाटोमा नै पढे, र उनीहरूले भने कि रसूल सल्लल्लाहो अलैहे

वसल्लमको भनाईको तात्पर्य यो थियो कि हामी बन्ू कुरैजातिर शीघ्र नै गइहालौं र यस कार्यमा जल्दबाजी गरौं, र हामीसित उहाँको यो अभीष्ट थिएन कि हामी अस्र नमाजलाई त्यसको निर्धारित समयमा नपढौं, र यो समूह नै सही अर्थलाई सम्झेको थियो । र यस्तो विवाद हुँदा हुँदै पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले दुवै समूहमध्ये कसैलाई ढाँटेका थिएनन्, र दुवै समूहले एकआर्का विरुद्ध कार्य गरेमा पनि एकआर्कासित नत शत्रुता गरे नत ईर्ष्या नै गरे त्यस मतभेदको कारणले र त्यस आदेशलाई विविध तरिकाले बुझ्नुको कारणले ।

यसर्थ मेरो दृष्टिमा ती मुसलमानहरूमाथि जुन अहलुस्सुन्नह वल् जमाअहमध्येका हुन् अनिवार्य यो छ कि उनी एकमत रहुन्, र ग्रुपबन्दी नगरुन् कि एउटा यस ग्रुपसित संलग्न होस्, र आर्को दोस्रो ग्रुपसित संलग्न होस्, र तेस्रो तेस्रो ग्रुपसित संलग्न होस् ... आदि । अनि सबै एकआर्कासित भेदभाव र शत्रुता एवं ईर्ष्याको व्यवहार गरुन्, र एकआर्कालाई गल्त ठहर गरुन्, र एकआर्कालाई अभिशप्त गरुन्,

मात्र त्यस कुराको कारण जसमा मतभेद गर्नु र आफ्नो ज्ञान बमोजिम त्यसको व्याख्या गर्नु जायज छ । र यसको कुनै आवश्यकता छैन कि हामी कुनै समूह र ग्रुपको नाम प्रस्तुत गरौं, बरु यो कुरो बुद्धिमानमाथि बिना स्पष्टीकरण स्पष्ट भइसकेको छ । त मेरो दृष्टिमा अहलुस्सुन्नह वल् जमाअहमाथि अनिवार्य यो छ कि उनी एकमत रहुन्, यद्यपि उनी कुनै उदधृतलाई बुझ्नुमा मतभेद राख्दछन् जसमा मतभेद गर्नु जायज छ, त यस्ता समस्याहरूमा अल्लाहको दयाले सुगमता प्राप्त छ, तर आवश्यक छ हृदयहरूलाई जोडिनु र मुसलमानहरूलाई एकमत गर्नु । र यस कुरामा कुनै सन्देह छैन कि इस्लामका शत्रुहरू त यो नै चाहन्छन् कि हामी विभाजित नै रहौं चाहे ती शत्रुहरू यस्ता होउन् जुन इस्लामसित शत्रुतालाई जाहेर गर्छन् वा यस्ता शत्रुहरू जुन इस्लाम र मुसलमानहरूसित मित्रता जाहेर गर्छन् तर वास्तवमा उनी मित्र हुँदैनन् । यसर्थ हामीमाथि यो अनिवार्य छ कि हामी यस एकमत हुने विशेषतालाई आफू माझमा कार्यन्वित गरौं, र यसैसित आफूलाई विशेषित गरौं जुनकि पूर्ण

सहमतिको साथ सफलताप्राप्त समूहको उत्कृष्ट विशेषता हो ।

## सही (वैधानिक) वसीला र गल्त (अवैधानिक) वसीला

प्रश्न: (५६) आदरणीय शैख ज्यू, सही (वैधानिक) वसीला र गल्त (अवैधानिक) वसीला के हो त ?

उत्तर: वसीलाको अर्थ हो माध्यम, त्यो माध्यम जुन मान्छेलाई त्यसको उद्देश्यसम्म पुऱ्याओस् । यसर्थ यसको वास्तविक अर्थ हो: आफ्नो उद्देश्यसम्म पुग्नुको लागि माध्यम अपनाउनु । र यसका दुई थरीहरू छन्:

सही वसीला: र यसको अर्थ हो: यस्तो वैधानिक कुरालाई माध्यम बनाउनु जुन अभीष्ट कुरासम्म पुऱ्याओस् ।

गल्त वसीला: यस्तो कुरालाई माध्यम बनाउनु जुन अभीष्ट कुरासम्म पुऱ्याउनुमा असमर्थ होस् ।

त रह्यो पहिलो थरीको कुरो जुन हो: यस्तो कुरालाई माध्यम बनाउनु जुन उद्देश्यसम्म पुऱ्याओस् । त यसका पनि कतिपय थरीहरू छन् जसमध्ये केही निम्न हुन्:

अल्लाहको नाम एवं विशेषताहरूलाई माध्यम बनाउनु, चाहे सामान्य तरिकाले वा विशिष्ट तरिकाले, र सामान्य तरिकाको उदाहरण हो जुन अब्दुल्लाह बिन मस्ऊद रजिअल्लाहो अन्होको हदीसमा वर्णित छ व्याकुलताको दुआको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" اللّٰهُمَّ إني عبدك، ابن عبدك ، ابن أمتك ، ناصيتي بيدك ، ماض في حكمك ، عدل في قضاؤك ، أسألك اللّٰهُمَّ بكل اسم هو لك سميت به نفسك ، أو أنزلته في كتابك ، أو علمته أحداً من خلقك ، أو استأثرت به في علم الغيب عندك ، أن تجعل

القرآن العظيم ربيع قلبي.." (أخرجه أحمد في المسند (391/1)

अर्थ : हे अल्लाह म तिम्रो भक्त हूँ, र तिम्रो भक्त र तिम्रो दासीको छोरा हूँ, मेरो निधार तिम्रो हातमा छ, म तिम्रो आदेश अधीन छु, मेरो बारेमा तिम्रो फैसला न्यायपूर्ण छ, हे अल्लाह म तिम्रो ती समस्त नामहरूको माध्यमले माँग्दछु जसद्वारा तिमीले आफूलाई नामांकित गरेका छौ, वा जसलाई आफ्नो पवित्र ग्रन्थमा अवतरित गरेका छौ, वा जसलाई आफ्नो कुनै सृष्टिलाई बताएका छौ, वा जसलाई आफ्नो अदृश्यको ज्ञानमा गोप्य राखेका छौ, कि गरिमामय कुरआनलाई मेरो हृदयको शीतलता र सन्तुष्टि बनाइदेऊ...। (अहमद फलि् मुस्नद १/३९१)

त यस हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले अल्लाहका आम नामहरूद्वारा माध्यम खोजेका छन् यस कथनद्वारा ( हे अल्लाह म तिम्रो ती समस्त नामहरूको माध्यमले माँग्दछु जसद्वारा तिमीले आफूलाई नामांकित गरेका छौ) ।

र रह्यो विशिष्ट तरिकाको कुरा: त यसको तरिका यो हो कि कुनै विशेष अवस्थामा अल्लाहको कुनै विशिष्ट नामलाई माध्यम बनाइयोस् जसलाई यो नाम सुहाउँदो लागोस्, जसरी कि हजरत अबू बक्रको हदीसमा वर्णित छ कि जब उहाँ रजिअल्लाहो अन्हो रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो अनुरोध गरे कि नमाजमा अल्लाहसित गर्ने याचनाको लागि कुनै दुआ सिकाउन् त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो कि:

" قل اللّهُمَّ إني ظلمت نفسي ظلماً كبيراً ، ولا يغفر الذنوب إلا أنت ، فاغفر لي مغفرة من عندك وارحمني ، إنك أنت الغفور الرحيم" (أخرجه البخاري ، كتاب الأذان ، باب الدعاء قبل السلام ، رقم (834)، ومسلم كتاب الذكر والدعاء ، باب استحباب خفض الصوت بالذكر ، رقم (2705)

अर्थ : तिमी भन: हे अल्लाह मैले आफ्नो जीउमाथि अत्याधिक अत्याचार गरेको छु, र पापलाई तिमी बाहेक कोही क्षमा गर्न सक्दैन, यसर्थ मेरो पापहरूलाई आफ्नो कृपाले क्षमा गरिदेऊ र ममाथि दया गर, तिमी त अत्याधिक दयालु र कृपालु छौ । (बुखारी, किताबुल अजान, बाबुद्दुआए कब्लस्सलाम, हदीस नं.८३४ । र मुस्लिम किताबुज्जिक्रे वद्दुआ, बाबु इस्तिहबाबि खफ्जिस्सौति बिज्जिक्र, हदीस नं. २७०५)

र यस्ताखालका माध्यमहरूलाई अपनाउनु अल्लाहको यस कथनमा समाविष्ट छ:

﴿وَلِلَّهِ ٱلۡأَسۡمَآءُ ٱلۡحُسۡنَىٰ فَٱدۡعُوهُ بِهَاۖ﴾ الأعراف: ١٨٠

अर्थ : र राम्रा-राम्रा नाम अल्लाहकै लागि हुन् । यसर्थ ती नामहरूद्वारा नै उसलाई पुकार...। (सूरतुल् अअ्राफ १८०)

त यस श्लोकमा वर्णित दुआमा माँग्नुको दुआ र पूजाको दुआ दुवै शामेल छन् ।

र रह्यो अल्लाहका विशेषताहरूको माध्यमले दुआ गर्नुको अर्थात विशेषताहरूलाई माध्यम बनाउनुको कुरो त यो पनि अल्लाहका नामहरूलाई माध्यम बनाउनु सरह नै छ, अर्थात यसबाट पनि सामान्यता वा विशिष्ट तरिकाले माध्यम अपनाउन सकिन्छ । त रह्यो सामान्य र आम तरिका त यो यसरी हुन्छ कि मान्छे भनोस्: हे अल्लाह म तिम्रो सुन्दर नाम र सर्वोच्च विशेषताहरूको माध्यमले माँग्दछु, अनि मान्छे आफ्नो अभीष्ट कुरालाई व्यक्त गरोस् । र रह्यो विशेष तरिकाको कुरा त यो यसरी कि तपाई अल्लाहको कुनै विशेष विशेषतालाई माध्यम बनाएर आफ्नो कुनै विशेष अवस्थालाई पूर्ण गर्ने याचना गर, जसरी कि हदीसमा वर्णित छ:

" اللّهُمَّ بعلمك الغيب ، وقدرتك على الخلق ، أحيني إذا علمت الحياة خيراً لي ، وتوفني إذا علمت الوفاة خيراً لي" (أخرجه البخاري ، كتاب المرضى ، باب تمني المريض الموت ، رقم (5671)، ومسلم ، كتاب الذكر والدعاء ، باب كراهية تمني الموت لضر نزل به ، رقم (2680)

بدون ذكر أوله وأخرجه كاملاً النسائي، كتاب السهو، باب نوع آخر، رقم (1305)، وأحمد (264/4)

अर्थ : हे अल्लाह तिम्रो गोप्यमा भएको ज्ञानको माध्यमले र तिम्रो सृष्टिहरूमाथि अधिपत्यशाली हुने शक्तिको माध्यमले यो याचना गर्दछु कि मलाई तबसम्म जीवित राख जबसम्म जीवन मेरो लागि हितकर होस्, र मलाई तब मृत्यु प्रदान गरिदेऊ जब तिम्रो दृष्टिमा मृत्यु मेरो लागि हितकर होस् । ( बुखारी, किताबुल् मर्जा, बाबु तमन्निल् मरीजुल् मौत, हदीस नं. ५६७१ । र मुस्लिम, किताबुज्जिक्रे वद्दुआ, बाबु कराहियति तमन्निल् मौत लेजर्रिन् नजला बिहि, हदीस नं. २६८०, पहिला भागलाई नवर्णन गरिकन् । र यसलाई नेसाईले पूर्ण वर्णन गरेका छन्, किताबुस्सह्व, बाबु नौइन् आखर, हदीस नं. १३०५ । र अहमद ४/२६४)

त यस हदीसमा अल्लाहको ज्ञान र शक्तिद्वारा माध्यम अपनाइएको छ ।

दोस्रो थरी: यो कि मान्छे अल्लाहमाथि त्यसको सन्देष्टामाथि आस्था राख्ने कुरालाई माध्यम बनाई

अल्लाहसित याचना गरोस्, अनि भनोस्: “हे अल्लाह मैले तिमीमाथि र तिम्रो सन्देष्टामाथि ईमान ल्याएँ, यसर्थ मलाई क्षमा प्रदान गर वा सुकर्म गर्ने अवसर प्रदान गर ।” वा यो भनोस्: “हे अल्लाह तिमीमाथि र तिम्रो सन्देष्टामाथि ईमान राख्ने कुराको माध्यमलेगर्दा मलाई यो कुरा प्रदान गर ।” र यसै सन्दर्भमा अल्लाहको यो फर्मान छ:

﴿ إِنَّ فِي خَلۡقِ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ وَٱخۡتِلَٰفِ ٱلَّيۡلِ وَٱلنَّهَارِ لَأٓيَٰتٖ لِّأُوْلِي ٱلۡأَلۡبَٰبِ ١٩٠ ٱلَّذِينَ يَذۡكُرُونَ ٱللَّهَ قِيَٰمٗا وَقُعُودٗا وَعَلَىٰ جُنُوبِهِمۡ وَيَتَفَكَّرُونَ فِي خَلۡقِ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ رَبَّنَا مَا خَلَقۡتَ هَٰذَا بَٰطِلٗا سُبۡحَٰنَكَ فَقِنَا عَذَابَ ٱلنَّارِ ١٩١ رَبَّنَآ إِنَّكَ مَن تُدۡخِلِ ٱلنَّارَ فَقَدۡ أَخۡزَيۡتَهُۥۖ وَمَا لِلظَّٰلِمِينَ مِنۡ أَنصَارٖ ١٩٢ رَّبَّنَآ إِنَّنَا سَمِعۡنَا مُنَادِيٗا يُنَادِي لِلۡإِيمَٰنِ أَنۡ ءَامِنُواْ بِرَبِّكُمۡ فَـَٔامَنَّاۚ رَبَّنَا فَٱغۡفِرۡ لَنَا ذُنُوبَنَا وَكَفِّرۡ عَنَّا سَيِّـَٔاتِنَا وَتَوَفَّنَا مَعَ ٱلۡأَبۡرَارِ ١٩٣ ﴾ آل عمران: ١٩٠ - ١٩٣

अर्थ : निःसन्देह आकाशमण्डल र पृथ्वीको सृष्टि र रात र दिनको चक्रमा बुद्धिमान मानिसहरूका लागि निशानीहरू छन् । जुन मानिसहरूले उठदा, बस्दा र पल्टिरहँदा अल्लाहको स्मरण गर्दछन् र आकाशमण्डल र पृथ्वीको सृष्टिमाथि चिन्तन गर्दछन् र भन्दछन् कि हे हाम्रो पालनकर्ता ! तिमीले यी सबै सृष्टि निरुद्देश्य गरेको होइन । तिमी पवित्र छौ । हामीलाई नर्कको आगोबाट बचाऊ । हे हाम्रो पालनकर्ता ! जसलाई तिमीले नर्कमा हाल्यौ, त्यसलाई तिरस्कृत गर्‍यौ र यस्ता अत्याचारीहरूको सहायता गर्ने कोही हुँदैन । हे हाम्रो पालनकर्ता ! हामीले एउटा आह्वान गर्नेको आवाज सुन्यौं, जसले ईमानतिर आमन्त्रित गरिराखेको छ कि मानिसहरू हो आफ्नो पालनकर्तामाथि ईमान ल्याऊ । अनि हामीले ईमान ल्यायौं । हे प्रतिपालक ! अब त हाम्रा सम्पूर्ण पापहरू क्षमा गर र हाम्रा दुर्गुणहरू हामीबाट टाढा गरिदेऊ र हाम्रा मृत्यु असल मानिसहरूको साथ गर । (सूरतु आले इम्रान १९०-१९३)

त उनीहरूले अल्लाहमाथि आस्था राख्नुलाई माध्यम बनाएर यो याचना गरे कि अल्लाह उनीहरूको पापहरूलाई क्षमा गरिदेओस्, र उनीहरूलाई सत्यनिष्ठहरूको साथमा मृत्यु प्रदान गरोस् ।

तेस्रो थरी: यो कि मान्छे आफ्नो सत्कर्मलाई माध्यम बनाएर अल्लाहसित याचना गरोस् । र यसै सन्दर्भमा गुफामा बास गर्ने तीन मानिसहरूको कथा वर्णित छ, जुन तीनवटै मानिसहरू रात्री व्यतीत गर्ने मनसायले गुफामा प्रवेश गरेका थिए, अनि गुफाको मुहान एउटा चट्टान खस्नुले बन्द भइहालेको थियो जसलाई गुफाको मुहानबाट हटाउने उनीहरूमा शक्ति थिएन, अनि ती तीनवटैले अआफूले गरेका सुकर्मलाई माध्यम बनाई अल्लाहसित त्यस चट्टानलाई हटाउने याचना गरेका थिए, यसर्थ तीमध्ये एउटाले आफ्नो बुवा आमाको सेवासत्कार गर्ने कुरालाई माध्यम बनाएर याचना गरेको थियो, त आर्कोले आफ्नो सचरित्रतालाई माध्यम बनाएको थियो, त तेस्रोले आफ्नो ईमानदारीलाई माध्यम बनाएर याचना गरेको थियो, र तीनवटैले भनेका थिए कि: हे अल्लाह यदि मैले यो कार्य केवल तिम्रो

प्रसन्नता पाउने उद्देश्यले गरेको छु भने हामीहरूबाट यस चट्टानलाई हटाइदेऊ, अनि त्यो चट्टान हटेको थियो ।[1] त यो सत्कर्मद्वारा अल्लाहसित माध्यम अपनाउनु हो ।

चौथो थरीः मान्छे आफ्नो अवस्था वर्णन गरेर त्यसैद्वारा अल्लाहसित याचना गरोस् । अर्थात आफ्नो अवस्थालाई वर्णन गरेर आफ्नो आवश्यकता अल्लाह समक्ष राखोस् । र यसै सन्दर्भमा मूसा अलैहिस्सलामको यो कथन छः

﴿ رَبِّ إِنِّي لِمَآ أَنزَلۡتَ إِلَيَّ مِنۡ خَيۡرٖ فَقِيرٞ ﴾ ٢٤

القصص: ٢٤

अर्थ : हे पालनकर्ता ! तिमीले मेरो लागि जे जति कृपा प्रदान गर्दछौ मलाई त्यसको आवश्यकता छ । (सूरतुल् कसस २४)

---

[1] बुखारी, किताबुल् इजारह, बाबु मन इस्ताजरा अजीरन् फतरका अजरहू, हदीस नं. २२७२। र मुस्लिम, किताबुज्जिक्रे वद्दुआ, बाबु किस्सतु असहाबुल् गारिस्स्लासह, हदीस नं. २७४३ ।

त हजरत मूसाले आफ्नो अवस्था वर्णन गरेर त्यसको माध्यमले अल्लाहसित भलाईको याचक भए । र यसैसित मिल्दो कुरो हजरत जकरिया अलैहिस्सलामले पनि भन्नु भएको थियो:

﴿ قَالَ رَبِّ إِنِّي وَهَنَ ٱلۡعَظۡمُ مِنِّي وَٱشۡتَعَلَ ٱلرَّأۡسُ شَيۡبٗا وَلَمۡ أَكُنۢ بِدُعَآئِكَ رَبِّ شَقِيّٗا ٤ ﴾ مريم: ٤

अर्थ : हे मेरो पालनकर्ता मेरो हड्डीहरू कमजोर भइसकेका छन् र टाउकोका कपालहरू सेता भई टल्कन थालेका छन् तर म तिमीसँग याचना गरेपछि कहिल्यै वञ्चित भएको छैन । (सूरतु मरियम ४)

त यी माध्यमका थरीहरू जायज र वैधानिक छन्, किनकि यसमा सही र वैधानिक कारणलाई माध्यम बनाएर आफ्नो अभिप्राय व्यक्त गरिन्छ ।

## वसीलाको पाँचौं थरी

प्रश्नः (५७) आदरणीय शैख ज्यू, ती चारवटा बाहेक जसलाई तपाईले वर्णन गर्नु भयो के वसीलाका अरु थरीहरू छन् ?

उत्तरः हो वर्णित माध्यमका थरीहरू बाहेक माध्यम पनि छ, र त्यो हो सदाचारी सत्यनिष्ठ मान्छेको दुआको वसीला जसको दुआ कबूल हुन् अधिक सम्भावना हुन्छ । किनकि सहाबाहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमसित यो अनुरोध गर्थे कि उनी अल्लाहसित उनीहरूको लागि याचना गरिदिउन् सामान्य दुआ पनि र विशिष्ट दुआ पनि । यसर्थ बुखारी र मुस्लिममा हजरत अनस बिन मालिकको हदीस वर्णित छ उहाँ रजिअल्लाहो अन्हो वर्णन गर्नुहुन्छ किः शुक्रवारको दिन एउटा मान्छे मस्जिदमा प्रवेश गऱ्यो यस्तो अवस्थामा कि रसूल सल्लल्लाहो अलैहे वसल्लम खुत्बा (धर्मोपदेश) दिइरहेका थिए, अनि त्यसले भन्योः हे अल्लाहका रसूल खेतिपाती र धनसम्पत्ति नष्ट भए, र बाटो बन्द भइसके, यसर्थ हामीहरूको लागि अल्लाहसित याचना गरिदिनुस् कि अल्लाह वर्षा गराइदेओस्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो दुवै

हात उठाए, र भने: “ हे अल्लाह हामीलाई वर्षा प्रदान गर” । र यस्तै तीन चोटि भने, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लम खुत्बा दिएर मिम्बरबाट यस्तो अवस्थामा उतरिरहेका थिए कि वर्षाको पानी उहाँको दाह्रीबाट बगिरहेको थियो, (अर्थात वृष्टि हुन लागेको थियो) । अनि यो वर्षा एक सप्ताह निरंतर रह्यो, अनि आर्को शुक्रवारको दिन त्यही मान्छे वा अरु कुनै मान्छे आयो यस्तो अवस्थामा कि रसूल सल्लल्लाहो अलैहे वसल्लम खुत्बा दिइरहेका थिए, अनि भन्न थाल्यो: हे अल्लाका रसूल खेतिपाती र धन सम्पत्ति डुबानमा परेर नष्ट हुनलागे, र घरहरू भत्कन थाले, यसर्थ हामीहरूको लागि अल्लाहसित यो दुआ गरिदिनुस् कि अल्लाह यस वर्षालाई रोकिदेओस्, त रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो दुवै हात उठाएर भने: “हे अल्लाह यस पर्षालाई हामीबाट फेरेर हामीहरूको वरिपरि गराऊ” । अनि आकाशको जुन दिशामा पनि रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्नो औंलाले संकेत गर्थे त्यहाँबाट बादल (मेघ) लुप्त भइहाल्थ्यो, यहाँसम्म कि जब मानिसहरू मस्जिदबाट निस्के त

सूर्यको घाममा हिंड्दै अआफ्ना घर गए ।[1] र हदीसहरूमा अनैकौं यस्ता घट्नाहरू वर्णित छन् जसमा सहाबाहरूले कुनै विशेष कारणलेगर्दा अल्लाहका रसूलसित यो अनुरोध गरेका थिए कि उनी अल्लाहसित उनीहरूको लागि दुआ गरिदिउन् ।

र ती घट्नाहरूमध्ये यो पनि हो कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो वर्णन गर्नु भयो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमका उम्मती ( अनुयायीहरू) मध्येबाट सत्तरी हजार मानिसहरू बिना हिसाब किताब स्वर्गमा प्रवेश गर्नेछन्, र ती मानिसहरू उनीहरू हुन् जुन नत छाडफूँक गराउँछन् नत अपशकुन लिन्छन् नत नक्षत्रमा विश्वास राख्दछन्, बरु आफ्नो प्रतिपालकमाथि नै भरोसा राख्दछन् । त हजरत उकाशा बिन मिहजन रजिअल्लाहो अन्होले उभेर भनेः हे अल्लाहका रसूल मेरो लागि अल्लाहसित यो दुआ गरिदिनुस् कि अल्लाह मलाई पनि यस समूहमध्येको बनाइदेओस्, त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः

[1] बुखारी, किताबुल् इस्तिस्का, बाबुद्दुआए इजा कसुरल् मत्र, हदीस नं. १०२१ । र मुस्लिम, किताबु सलातिल् इस्तिस्का, बाबुद्दुआए फिल् इस्तिस्का, हदीस नं. ८९७ ।

"أنت منهم" (أخرجه البخاري، كتاب الطب، باب من اكتوى أو كوى غيره، رقم (5705)، ومسلم، كتاب الإيمان، باب الدليل على دخول طوائف من المسلمين الجنة بغير حساب، رقم (220).

अर्थ : तिमी उनीहरूमध्येबाट नै हौ । (बुखारी, किताबुत्तिब, बाबु मन इक्तवा अव कव्वा गैरहू, हदीस नं. ५७०५ । र मुस्लिम, किताबुल् ईमान, बाबुद्दलीलि अला दुखूलि तवाइफा मिनल् मुस्लिमीनल् जन्नता बेगैरे हिसाब, हदीस नं. २२०)

त यो पनि जायज र वैधानिक वसीलामध्येको नै हो कि मान्छे कुनै यस्तो भलो मान्छेसित यो अनुरोध गरोस् कि त्यो त्यसको लागि अल्लाहसित याचना गरिदेओस् जब त्यसको याचना कबूल हुने अधिक सम्भावना होस् । अनि यस मान्छेलाई पनि चाहियो कि जब त्यो आफ्नो हितको लागि दुआ गर्ने अनुरोध गरेको छ भने त्यो त्यसको लागि दुआ गरिदिओस् र मात्र आफ्नो लागि दुआलाई विशिष्ट नगरोस् । किनकि जब तपाई दुआद्वारा आफ्नो भाइलाई लाभ पुऱ्याउँछौ त त्यसमाथि उपकार

गरिरहेका हुन्छौ । यसर्थ जब मान्छे आफ्नो भाइको अनुपस्थितिमा त्यसको लागि याचना गर्छ त फरिश्ता त्यसको दुआमा आमीन भन्छ, र भन्छ तिमीलाई पनि यो प्राप्त होस् । र जब मान्छे आफ्नो भाइको लागि दुआ गर्छ त यस दुआद्वारा त्यो परोपकारीहरूमा शामेल भइहाल्छ, र अल्लाह त परोपकारीहरूलाई अत्याधिक मनपराउँछ ।

## गल्त (अवैध) वसीला र त्यसका थरीहरू

प्रश्नः (५८) आदरणीय शैख ज्यू, जब हामीलाई वैधानिक र सही वसीलाबारे र त्यसका थरीहरूबारे ज्ञान भइहाल्यो, त यो आवश्यक छ कि हामीलाई अवैधानिक वसीलाको बारेमा पनि जानकारी होस् र के यस वसीलाका पनि थरीहरू छन् ?

उत्तरः अवैधानिक र गल्त वसीला त्यो हो कि मान्छे यस्तो अवैधानिक कुराहरूलाई माध्यम बनाओस् जसको माध्यम हुनु विधानबाट प्रमाणित नहोस् । त यस्ताखालका कुराहरूलाई माध्यम बनाउनु निरर्थ र मनीष एवं उदधृतहरू विरुद्ध छ, र यसको उदाहरणमध्ये यो हो कि मान्छे मृतक मान्छेद्वारा

याचना गरेर अल्लाहसित वसीला चाहोस्, अर्थात मान्छे मृतकसित यो चाहोस् कि त्यो त्यसको लागि अल्लाहसित दुआ गरोस्। त यस्तो वसीला वैधानिक वसीला होइन, बरु यो मान्छेको मूर्खता हो कि मान्छे मृतकसित यो अनुरोध गर्छ कि त्यो त्यसको लागि अल्लाहसित दुआ गरोस्, किनकि जब मान्छे मरिहाल्छ त त्यसका कर्मका स्रोतहरू समाप्त भइहाल्छन्, यसर्थ त्यसको लागि यो असम्भव छ कि कसैको लागि दुआ गरोस्, बरु नबी सल्लल्लाहो अलैहे वसल्लमको लागि पनि यो सम्भव छैन कि उनी मरणोपरान्त कसैको लागि याचना गरुन्। र यसै कारण सहाबाहरूले नबी सल्लल्लाहो अलैहे वसल्लमको मृत्यु पश्चात उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित याचनाको अनुरोध गरेनन्। यसर्थ जब हजरत उमर रजिअल्लाहो अन्होको शासनकालमा उनीहरूलाई अन्नकालले आइसमात्यो त उहाँ रजिअल्लाहो अन्होले भन्नु भयो: “हे अल्लाह हामी तिम्रो नबीलाई माध्यम बनाउँथ्यौं अनि तिमी हामीहरूलाई वर्षा प्रदान गर्‍थ्यौ, अनि अब हामी नबी सल्लल्लाहो अलैहे वसल्लमको काकालाई

माध्यम बनाई याचना गरिरहेका छौं यसर्थ हामीलाई वर्षा प्रदान गर, अनि हजरत अब्बास (नबी सल्लल्लाहो अलैहे वसल्लमको काका) उभे र अल्लाहसित वर्षाको याचना गर्न थाले" ।[1] त यदि मृतकसित दुआको याचना गर्नु वैधानिक र सही हुन्थ्यो भने हजरत उमर र अरु सहाबीहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई वसीला बनाएर याचना गर्थे, किनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लमको याचनाको स्वीकृतिको सम्भावना हजरत अब्बास बिन अब्दुल् मुत्तलिबभन्दा अधिक थियो । यसर्थ कुनै मृतकसित यो अनुरोध गर्नु कि त्यो याचना गरिदेओस् हराम (वर्जित) र अवैधानिक वसीला हो ।

र यस्तै अवैधानिक वसीलाहरूमध्ये नबी सल्लल्लाहो अलैहे वसल्लमको जाह (दर्जा, प्रताप) को वसीला लिनु पनि हो, जसरी कि मान्छे यो भनोस् कि: हे अल्लाह आफ्नो नबीको जाहको माध्यमले यस्तो यस्तो गरिदेऊ । किनकि नबी सल्लल्लाहो अलैहे

[1] बुखारी, किताबुल् इस्तिस्का, बाबु सवालुन्नासिल् इमामल् इस्तिस्काए इजा कहतू, हदीस नं. १०१० ।

वसल्लमको जाह तिम्रो लागि लाचदायक छैन, किनकि त्यो मात्र रसूल सल्लल्लाहो अलैहे वसल्लमको लागि नै हितकर छ, यसर्थ त्यो तिम्रो लागि हितकर छैन कि तिमी त्यसको माध्यमले अल्लाहसित याचना गर । र वसीलाको बारेमा हामीले अघि नै यो वर्णन गरिसकेका छौं कि यसको अर्थ हो यस्तो कुरालाई माध्यम बनाउनु जुन लाभदायक होस् । यसर्थ तिम्रो यस कुराबाट के लाभ कि नबी सल्लल्लाहो अलैहे वसल्लमको अल्लाह निकट ठूलो दर्जा छ ?

र यदि वास्तवमा तपाई सही वसीला चाहनुहुन्छ भने भन्नुस्: हे अल्लाह म तिमीसित माँग्दछु तिम्रो नबीमाथि ईमान राख्नेकुराको माध्यमले, वा तिम्रो नबीसित माया गर्नुको माध्यमले, वा यसै जस्ता अरु वाक्यहरूद्वारा, त यो नै वास्तवमा सही र वैधानिक वसीला हो ।

## प्रमाणित (साबित) सिफारिश र अप्रमाणित (निषेधित) सिफारिश

## प्रश्नः (५९) आदरणीय शैख ज्यू, प्रमाणित सिफारिश (शिफाअत) र अप्रमाणित सिफारिश के हो त ?

उत्तरः शिफाअहको मूल शब्द शफअ् हो जसको शाब्दिक अर्थ होः दुई र विसमको उल्टो अर्थात सम जोई भएको कुरो जसरी एकलाई दुई गर्नु जोई बनाउनु, र तीनलाई एक जोडेर चार बनाउनु जुन विसमबाट सम भयो ...आदि ।

र यसको पारिभाषिक अर्थ होः कसैको लागि माध्यम बन्नु चाहे त्यसलाई लाभ पुऱ्याउनुको लागि वा कष्ट हटाउनुको लागि । अर्थात सिफारिश गर्ने मान्छे जसको लागि सिफारिश गरिरहेको छ र जससित सफिारिश गरिरहेको छ दुवैबीच माध्यम बनोस्, ताकि जसको लागि सिफारिश गरिरहेको छ त्यसलाई लाभ पुऱ्याओस् वा त्यसबाट कष्टलाई हटाओस् ।

र सिफारिशका दुई थरीहरू छन्: सही र वैधानिक सिफारिश। र अवैधानिक र निषेधित सिफारिश जुन त्यसलाई गर्ने गराउनेहरूलाई कुनै लाभ पुऱ्याउँदैन।

त रह्यो प्रमाणित सही र वैधानिक सिफारिशको कुरो त त्यो त्यस सिफारिशलाई भनिन्छ जसलाई अल्लाहले आफ्नो किताबमा प्रमाणित गरेको छ, वा जसलाई नबी सल्लल्लाहो अलैहे वसल्लमले साबित गरेका छन्, र यो सिफारिश मात्र एकेश्वरवादी र निष्ठावानहरूको लागि विशिष्ट छ, किनकि हजरत अबू हुरैरहले भन्नु भयो: हे अल्लाहका रसूल तपाईको सिफारिशबाट कुन मानिसहरू सौभाग्यवान हुन्छ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो:

" من قال لا إله إلا الله خالصاً من قلبه" (أخرجه البخاري ، كتاب العلم ، باب الحرص على الحديث ، رقم (99).

अर्थ : जसले स्वच्छ हृदयले पूर्ण निष्ठाको साथ यो भनोस् कि अल्लाह बाहेक कोही सत्य पूजनीय छैन । (बुखारी, किताबुल् इल्म, बाबुल् हिर्से अलल् हदीस, हदीस नं. ९९)

र यस सिफारिशका तीन शर्तहरू छन्:

पहिलो शर्त: सिफारिश गर्नेवाला मान्छेसित अल्लाह राजी होस् ।

दोस्रो शर्त: जसको लागि सिफारिश गरिन्छ त्यससित पनि अल्लाह राजी होस् ।

तेस्रो शर्त: सिफारिश गर्ने मान्छेलाई अल्लाहले सिफारिश गर्नुको अनुमति प्रदान गरेको होस् ।

र यी तीनवटै शर्तहरू अल्लाहको यस कथनमा एकत्रित छन्:

﴿ ۞ وَكَم مِّن مَّلَكٍ فِي ٱلسَّمَٰوَٰتِ لَا تُغۡنِي شَفَٰعَتُهُمۡ شَيۡـًٔا إِلَّا مِنۢ بَعۡدِ أَن يَأۡذَنَ ٱللَّهُ لِمَن يَشَآءُ وَيَرۡضَىٰٓ ٢٦ ﴾ النجم: ٢٦

अर्थ : र आकाशहरूमा यसो धेरै फरिश्ताहरू छन्, कि उनीहरूको सिफारिश कुनै काम लाग्ने छैन, यो अर्कै कुरा छ कि अल्लाह आफ्नो इच्छाले आफू खुशी जसलाई चाहन्छ अनुमति दिन्छ । (सूरतुन्नज्म २६)

र यसलाई निम्नका श्लोकहरूमा विस्तृत तरिकाले वर्णन गरेको छः

﴿ مَن ذَا ٱلَّذِي يَشۡفَعُ عِندَهُۥٓ إِلَّا بِإِذۡنِهِۦ ﴾ البقرة: ٢٥٥

अर्थ : को छ जसले उसको अनुमति बिना ऊसँग कसैको सिफारिश गर्न सकोस् । (सूरतुल् बकरः २५५)

र अल्लाहको यो फर्मानः

﴿ يَوۡمَئِذٖ لَّا تَنفَعُ ٱلشَّفَٰعَةُ إِلَّا مَنۡ أَذِنَ لَهُ ٱلرَّحۡمَٰنُ وَرَضِيَ لَهُۥ قَوۡلٗا ١٠٩ ﴾ طه: ١٠٩

अर्थ : त्यसदिन सिफारिश केही फाइदा पुऱ्याउने छैन, तर त्यस व्यक्ति बाहेक जसलाई अल्लाहले अनुमति प्रदान गर्दछ र उसको कुरा मन पराउनेछ । (सूरतु ताहा १०९)

र अल्लाहको यो कथनः

﴿ يَعۡلَمُ مَا بَيۡنَ أَيۡدِيهِمۡ وَمَا خَلۡفَهُمۡ وَلَا يَشۡفَعُونَ إِلَّا
لِمَنِ ٱرۡتَضَىٰ وَهُم مِّنۡ خَشۡيَتِهِۦ مُشۡفِقُونَ ٢٨ ﴾ الأنبياء:
٢٨

अर्थ : उनीहरूको अगाडि-पछाडि जे कुराहरू भइसकेका छन् र जे पछि हुनेछन्, उसलाई सबै थाहा छ । र उनीहरूले उसको समीपमा कसैको सिफारिश गर्न सक्दैनन्, तर त्यस व्यक्ति बाहेक, जोसित अल्लाह प्रसन्न छ र उनीहरू स्वयम् उसको भयले भयभीत छन् । (सूरतुल् अम्बिया २८)

यसर्थ सिफारिशमा यो तीनवटै शर्त पाइनु अति आवश्यक छ ।

यसलेगर्दा हामी सफिारिशको दोस्रो थरीलाई वर्णन गर्दछौं जुनकि अवैध सिफारिश हो र जुन कुनै लाभ पुऱ्याउँदैन । र यो त्यो सिफारिश हो जसको दावी बहुदेववादीहरू आफ्ना मिथ्या पूज्यहरूप्रति गर्छन् कि उनीहरू (मिथ्या पूज्यहरू) अल्लाह समक्ष उनीहरू (बहुदेववादीहरू) को लागि सिफारिश गर्छन्

। त यस्तो सिफारिश उनीहरूलाई कुनै लाभ पुऱ्याउँदैन, जस्तोकि अल्लाहको फर्मान छः

﴿ فَمَا تَنفَعُهُمْ شَفَٰعَةُ ٱلشَّٰفِعِينَ ﴾ المدثر: ٤٨

अर्थ : अतः उनीहरूको हकमा सिफारिश गर्नेहरूको सिफारिशले कुनै फाइदा दिनेछैन । (सूरतुल् मुद्दस्सिर ४८)

र यो यस कारण किनकि अल्लाह यी बहुदेववादीहरूको बहुदेववादबाट प्रसन्न छैन, र यो कुरो पनि असम्भव छ कि अल्लाह ती साझीदार ठहराइएको मानिस वा पूज्यहरूलाई यसको अनुमति देओस् । यसर्थ सिफारिश मात्र त्यसैको स्वीकार्य छ जसलाई अल्लाह अनुमति प्रदान गरोस् र त्यसबाट प्रसन्न पनि होस्, तर अल्लाह आफ्नो भक्तहरूसित बहुदेववाद गरेमा प्रसन्न हुँदैन, नत अल्लाह उपद्रवलाई नै मनपराउँछ । यसर्थ बहुदेवादीहरूको आफ्ना ती मिथ्या पूज्यहरूलाई सिफारिशी मान्नु जसको उनी पूजा गर्थे अवैध सिफारिश हो जुन

लाभ पुऱ्याउन सक्दैन, बरु यस्तो गतिविधि उनीहरूलाई अल्लाहबाट अरु टाढा पुऱ्याइदिन्छ ।

फेरि सही र हितकर सिफारिश विद्हरूको कथन अनुसार दुई प्रकारका छन्:

आम (सामान्य), र विशिष्ट । त आम सिफारिशको अर्थ यो हो कि: अल्लाह आफ्नो भक्तहरूमध्ये जसलाई चाहन्छ यो अनुमति प्रदान गरिदिन्छ कि त्यो कसैको लागि सिफारिश गरोस् ।

र विशिष्ट सिफारिश त्यो हो जुन मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको लागि विशिष्ट हुन्छ, र त्यसमध्ये सर्वोत्कृष्ट सिफारिश त्यो सिफारिश हो जुन प्रलयको दिन रसूल सल्लल्लाहो अलैहे वसल्लम गर्नेछन्, जब समस्त सृष्टिहरूलाई यस्तो व्याकुलता र उदासीनता लाग्नेछ जसलाई उनीहरू सहन गर्न सक्दैनन्, त सबै यस्तो सिफारिशीलाई खोज्दछन् जुन उनीहरूलाई यस कष्टबाट मुक्ति प्रदान गराओस्, अनि सबै हजरत आदम समक्ष जान्छन्, अनि हजरत नूहकहाँ जान्छन्, अनि हजरत इब्राहीम र मूसा एवं ईसा समक्ष जान्छन्, तर सबै सिफारिश

गर्नुबाट इन्कार गरिदिन्छन्, अनि अन्त्यमा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समक्ष जान्छन्, अनि रसूल सल्लल्लाहो अलैहे वसल्लम उभेर अल्लाहसित यो सिफारिश गर्छन् कि यस विशाल कष्टबाट सबैलाई मुक्ति प्रदान गरोस्, अनि उहाँको यस सिफारिशलाई कबूल गरिन्छ, र यो नै त्यो मकामे महकूद हो जसको अल्लाहले यस कथनमा बचन दिएको छ:

﴿ وَمِنَ ٱلَّيۡلِ فَتَهَجَّدۡ بِهِۦ نَافِلَةٗ لَّكَ عَسَىٰٓ أَن يَبۡعَثَكَ رَبُّكَ مَقَامٗا مَّحۡمُودٗا ٧٩ ﴾ الإسراء: ٧٩

अर्थ : रातका केही भागहरूमा तहज्जुदको नमाजमा कुरआनको पाठ गर्ने गर, यो अतिरिक्त प्रार्थना तपाईको निम्ति हो । छिट्टै तपाईको पालनहारले तपाईलाई मर्यादित स्थानमा पुऱ्याउने छ । (सूरतुल् इस्रा ७९)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको लागि विशिष्ट सिफारिशहरूमध्ये यो पनि हो कि उहाँ

सल्लल्लाहो अलैहे वसल्लम स्वर्गबासीहरूको लागि यो सिफारिश गर्छन् कि उनीहरू स्वर्गमा प्रवेश पाउन, किनकि जब स्वर्गबासीहरू पुल सेरातलाई पार गरिहाल्छन् त कन्तरह नामक ठाउँमा उभेर प्रतिक्षा गर्छन् जुन ठाउँ स्वर्ग र नर्कबीच हुन्छ, अनि उनीहरूका हृदयहरूलाई एकआर्काको ईर्ष्या आदिबाट पवित्र गरिन्छ यहाँसम्म कि सबै समस्त अवगुणबाट पवित्र भइहाल्छन्, अनि यस पश्चात मात्र उनीलाई स्वर्गमा प्रवेश गर्ने अनुमति प्रदान गरिन्छ, तर यो प्रवेश मात्र रसूल सल्लल्लाहो अलैहे वसल्लमको सिफारिश पश्चात नै हुन्छ यसर्थ स्वर्गको ढोका उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सिफारिश पश्चात नै खोलिन्छ ।

र रह्यो आम सिफारिश जुन उहाँ सल्लल्लाहो अलैहे वसल्लमको लागि पनि हुन्छ र अरु सदाचारी सत्यनिष्ठहरूलाई पनि यो अवसर प्राप्त हुन्छ, त यो सिफारिश हो नर्कबासीहरूको लागि आस्थावानहरूको सिफारिश । अर्थात पापी आस्थावानहरूको बारेमा जुन सदैंवको लागि नर्कबासी हुने हकदार हुँदैनन्, त उनीहरूको लागि

यो सिफारिश गरिन्छ कि उनीहरूलाई नर्कबाट निकालियोस् । त यो सिफारिश गर्नु रसूल सल्लल्लाहो अलैहे वसल्लम, र अरु सन्देष्टाहरू, र शहीद र सदाचारीहरूको लागि पनि प्रमाणित छ र अल्लाह नै यसबारे अधिक ज्ञानी छ ।

## पवित्र कुरआनको बारेमा सदाचारी पूर्वजहरूको आस्था (सिद्धान्त)

**प्रश्न: (६०) आदरणीय शैख ज्यू, पवित्र कुरआनको बारेमा सदाचारी पूर्वजहरूको के सिद्धान्त छ ?**

उत्तर: सलफ (सदाचारी पूर्वजहरू) को कुरआनको बारेमा त्यस्तै सिद्धान्त छ जसरी कि अल्लाहका समस्त नाम र विशेषताहरूको बारेमा छ, र यो सिद्धान्त त्यस कुरामाथि आधारित छ जसमाथि कुरआन र सुन्नत प्रमाणीकरण गरिरहेको छ, र हामी सबैलाई यो थाहा छ कि अल्लाहले यो भनेको छ कि कुरआन त्यसको वाणी हो, र यसलाई त्यसै अल्लाहले अवतरित गरेको छ । यसर्थ अल्लाहको फर्मान छ:

﴿ وَإِنْ أَحَدٌ مِّنَ ٱلْمُشْرِكِينَ ٱسْتَجَارَكَ فَأَجِرْهُ حَتَّىٰ يَسْمَعَ كَلَٰمَ ٱللَّهِ ثُمَّ أَبْلِغْهُ مَأْمَنَهُۥۚ ذَٰلِكَ بِأَنَّهُمْ قَوْمٌ لَّا يَعْلَمُونَ ۝٦ ﴾ التوبة: ٦

अर्थ : र यदि मुश्रिकहरूमध्ये कसैले तिमीसँग शरण माँग्दछ भने तिमीले उसलाई शरण दिइहाल, ताकि उसले अल्लाहको बाणी सुनिहालोस् । त्यस पश्चात उसलाई उसको सुरक्षित स्थानमा पुऱ्याइदेऊ, किनभने उनीहरू त्यस्ता मानिसहरू हुन् जो अज्ञानी छन् । (सूरतुत्तौबा ६)

त यस श्लोकमा अल्लाहको वाणीको अर्थ नि:सन्देह पवित्र कुरआन हो । र आर्को ठाउँमा अल्लाहको फर्मान छ:

﴿ إِنَّ هَٰذَا ٱلْقُرْءَانَ يَقُصُّ عَلَىٰ بَنِيٓ إِسْرَٰٓءِيلَ أَكْثَرَ ٱلَّذِى هُمْ فِيهِ يَخْتَلِفُونَ ۝٧٦ ﴾ النمل: ٧٦

अर्थ : नि:सन्देह यो कुरआन बनी इस्राईलको अगाडि ती धेरै कुराहरू जसमा उनीहरूले विवाद गर्दछन्, स्पष्टरूपमा बर्णन गर्दछ । (सूरतुन् नमल ७६)

यसर्थ कुरआन शब्दश: र अर्थको साथ अल्लाहको वाणी हो जसद्वारा अल्लाहले वास्तवमा कुरा गरेको छ, र जसलाई जिब्रीलमाथि अवतरित गऱ्यो, अनि हजरत जिब्रील त्यसलाई लिएर मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि अवतरित गरे, ताकि उहाँ सल्लल्लाहो अलैहे वसल्लम स्पष्ट अरबी भाषामा सावधानकर्ता भइहालुन् । र सदाचारी पूर्वजहरूको यो पनि आस्था छ कि कुरआनलाई अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि २३ वर्षको अवधिमा अलि अलि गरेर अवतरित गरेको हो जुन त्यस अल्लाहको तत्वदर्शिता अनुकूल थियो ।

फेरि कुरआनका केही श्लोकहरू बिना कुनै कारण आरम्भिक तौरले अवतरित गरिए, त केही कुनै कारणवश अवतरित गरिए, र त्यसमध्ये केहीद्वारा रसूल अल्लाहको तत्वदर्शिता बमोजिम र सहाबाहरूलाई विगतको वृतान्तको समाचार दिने उद्देश्यले अवतरित गरियो, त केही आरम्भिक

विधानलाई प्रष्ट गर्ने उद्देश्यले अवतरित गरिए, जस्तो कि यसको बारेमा विद्वानहरूले विस्तारले कुरा गरेका छन् ।

फेरि सदाचारी पूर्वजहरूको यो पनि भनाई छ कि यो कुरआन अल्लाहबाट आरम्भ भएको छ र अन्तिम काल खण्डमा त्यसैतिर फर्किजानेछ, त यो नै सदाचारी सत्यनिष्ठ पूर्वजहरूको कुरआनबारे सिद्धान्त हो ।

र हामीमध्ये कसैमाथि यो कुरो लुकेको छैन कि अल्लाहले पवित्र कुरआनलाई विशाल विशेषताहरूद्वारा विशेषित गरेको छ, जसरी त्यो तत्वदर्शितायुक्त छ, दयावान छ, गरिमामय छ, पवित्र छ, ... आदि । त यी विशेषताहरू जसद्वारा अल्लाहले आफ्नो वाणीलाई विशेषित गरेको छ त्यो मात्र त्यसको लागि हितकर छ जुन यसमाथि आस्था राख्दछन् र त्यसै बमोजिम पूर्णरूपले कार्यरत रहन्छन् । त अल्लाह यसद्वारा त्यसलाई प्रशंसा, सर्वोच्चता, तत्वदर्शिता अधिपत्य र प्रभुत्व प्रदान गर्छ जुन यसमाथि आस्था राख्दछ ती मानिसहरूमाथि जुन यसमाथि आस्था राख्दैनन्, र

जुन यसमाथि आस्था राख्दैन त्यसलाई यी विशेषताहरू प्राप्त हुँदैनन् । यसर्थ म समस्त मुसलमानहरूलाई आह्वान गर्दछु चाहे उनी हाकिम होउन् वा सर्वसधारण, राजा होउन् वा प्रजा, विद् होउन् वा साधारण मानिसहरू कि उनी समस्त यसलाई राम्ररी समातुन्, र यसको जाहेर र गोप्य दुवैमा आस्था राखुन्, ताकि उनीहरूलाई अल्लाहको प्रसन्नता प्राप्त होस्, र उनीलाई सम्मान र प्रतिष्ठा, प्रशंसा र सौभाग्य प्राप्त होस्, र उनी धरतीको पूर्वदेखि पश्चिमको मालिक भइहालुन् ।

## कुरआनको पाठनका प्रमुख विधिहरू

**प्रश्न: (६१) आदरणीय शैख ज्यू, पाठनका प्रमुख विधिहरू के के हुन् ?**

उत्तर: कुरआनको पाठन गर्ने मान्छेको लागि उचित यो छ कि त्यो ठूलो र सानो अपवित्रताबाट पवित्र होस्, र त्यसको लागि जायज छैन कि ठूलो अपवित्रताको हालतमा कुरआनको पाठन गरोस् । यसर्थ वीर्य पतन भएको मानिस तबसम्म कुरआनको पाठन नगरोस् जबसम्म स्नान

नगरिहालोस्, किनकि हदीसमा यसको मनाही छ । तर रजस्वलाको अवस्थामा भएकी महिलाको बारेमा विद्‌हरूको मतभेद छ कि त्यो कुरआनको पाठन गर्नसक्छे वा गर्न सक्दैनछे, र यस विषयमा प्रमुख दुई दृष्टिहरू छन् । त केहीले भनेका छन् कि: रजस्वलामा भएकी महिलाको लागि कुरआनको पाठन गर्नु जायज छ, किनकि त्यसलाई कुरआनको पाठन गर्नुबाट रोक्न सकिन्न । तर केही विद्‌हरूको दृष्टि छ कि: त्यसको लागि कुरआनको पाठन जायज छैन, किनकि त्यो पनि ती मानिसहरूमध्येकै हो जसमाथि स्नान गर्नु अनिवार्य छ त यो रजस्वला ठूलो अपवित्रताको हुकुममा नै छ, र यसबारे हदीसहरू वर्णित छन् जुन पाठन नगर्नुमा प्रमाणीकरण गर्दछन् । तर यस समस्यामा मेरो दृष्टिकोण के छ भने यदि महिला मात्र पाठन गर्ने उद्देश्यले कुरआनको पाठन गर्छे भने त्यो कुरआनको पाठन नगरोस्, तर यदि कुनै कारणले पाठन गर्छे जसरी कुरआनलाई बिर्सिने कारणले पाठन गर्छे, वा आफ्नो बालबालिकालाई पढाउने कारणले, वा स्कूलमा पढाउने कारणले, वा त्यो विद्यार्थी होस्

अनि स्कूलमा पाठन गर्नु परोस् ... आदि, त यस्तो अवस्थामा त्यसले पाठन गरेमा कुनै आपत्ति छैन । यस्तै जुन श्लोकहरू जापको रूपमा पढिन्छ जसरी आयतल् कुर्सी, त यसको पाठन पनि त्यसको लागि जायज छ किनकि यो पनि आवश्यकताको कारण पढिएको छ । र मेरो दृष्टिमा यो कथन नै सही र सर्वोत्तम छ जसको आधार रजस्वलामा भएकी महिलाको आवश्यकतामा निर्भर छ, त यदि त्यसलाई आवश्यकता छ भने त्यो पाठन गरोस्, र यदि आवश्यकता छैन भने पाठन नगरोस् ।

र उचित यो पनि छ कि कुरआनको पाठन गर्ने मान्छे कुरआनका अर्थहरूलाई पनि बुझोस्, चाहे त्यो श्लोक विगतका कथाहरूबारे होस् वा निर्देशनहरूबारे, किनकि अल्लाहले यसै तत्वदर्शिताको लागि कुरआनलाई अवतरित गरेको छ, अल्लाहको फर्मान छ:

﴿ كِتَٰبٌ أَنزَلْنَٰهُ إِلَيْكَ مُبَٰرَكٌ لِّيَدَّبَّرُوٓاْ ءَايَٰتِهِۦ وَلِيَتَذَكَّرَ أُوْلُواْ ٱلْأَلْبَٰبِ ﴿٢٩﴾ ﴾ ص: ٢٩

अर्थ : (यो) धेरै अनुग्रहयुक्त किताब हो, जुन हामीले तपाईंमाथि अवतरित गरेका छौं । ताकि मानिसहरूले यसका आयतहरूमा सोचविचार गरुन् र बुद्धिवालाहरूले यसबाट शिक्षा ग्रहण गरुन् । (सूरतु साद २९)

र मान्छे स्वयम् यी दुवै अवस्थाबीचको अन्तरलाई अनुभव गर्छ जब पाठनको समय त्यसको हृदय त्यसको अर्थबाट निस्पृह र अल्छी होस् र जब पाठनको समय हृदय त्यसमा सोचविचार गरोस्, त यी दुवै अवस्थाबीच महान अन्तर छ । र मान्छे यो पनि अनुभव गर्छ कि जब त्यो सोचविचारको साथ पाठन गर्छ त त्यसबाट त्यो लाभान्वित हुन्छ, र यो कुरो त्यसको ईमान आस्था र विश्वासमाथि ठूलो प्रभाव पार्दछ, र कुरआनीय निर्देशनहरूलाई नतमस्तक हुनुमा पनि अधिक प्रभावशाली हुन्छ ।

र पाठन गर्ने तरिका यो हो कि मान्छे पूर्ण प्रशान्ति श्रद्धा र सन्तुष्टिको साथ पाठन गरोस्, र यस्तो तीव्रताको साथ पाठन नगरोस् कि केही अक्षारहरू जाहेर नहोउन्, बरु कुरआनलाई रुकि रुकि पाठन गरोस् । त कहिलेकाहिँ अलि तीव्रताले पनि पाठन

गर्नुमा पनि कुनै दोष छैन यस शर्तको साथ कि कुनै अक्षरलाई नछाडोस्, वा कुनै यस्तो अक्षरलाई आर्कोमा नमिलाओस् जसलाई मिलाउनु वैध छैन ... आदि ।

**प्रश्नः (६२) आदरणीय शैख ज्यू, मृतकको आत्माको लागि कुरआनको पाठन गर्नुको के हुकुम छ ?**

उत्तरः मृतकको आत्माको लागि कुरआनको पाठन गर्नु यस उद्देश्यले कि त्यसको पुण्य मृतकलाई पुगोस् भने यस्तो विषयमा विद्हरूको मतभेद छः त केहीको भनाई छ कि यस्तो गर्नु अवैधानिक छ, र यसबाट मृतकलाई कुनै लाभ पुग्दैन, अर्थात कुरआनबाट यस्तो अवस्थामा त्यो लाभान्वित हुन् सक्दैन । र केही विद्हरूको भनाई छ किः यसबाट त्यो लाभान्वित हुन्छ, र मान्छेको लागि यो जायज छ कि यस नीयतले कुरआनको पाठन गरोस् कि फलानालाई यसको पुण्य पुगोस्, चाहे त्यो मृतक त्यसको साक्खै आफन्ती होस् वा दूरको आफन्ती । र मेरो दृष्टिमा यो् नै सही कुरो हो, किनकि पूजामध्ये केहीलाई मृतकको हकमा फेर्नु जायज छ, जस्तो कि सअ्द बिन उबादहको हदीसमा छ कि

उहाँले आफ्नो बगैचा आफ्नो आमाको हकमा दान गरे ।[□] (मुवत्ता, किताबुल् अक्जिया २/७६० । र नेसाई, किताबुल् वसाया, बाबु फजलिस्सदका अनिल् मैयित, हदीस नं. ३६५५)

र जस्तो कि त्यस मान्छेको कथामा वर्णित छ कि त्यसले रसूल सल्लल्लाहो अलैहे वसल्लमसित भन्यो कि: मेरो आमाको मृत्यु एक्कासी भयो, यसर्थ मलाई यो लाग्दछ कि यदि तिनी कुरा गर्थिन् भने दान गर्ने आदेश गर्थिन्, त के म उनको तर्फबाट दान गरूँ ? त उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: हो, गर । (बुखारी, किताबुल् जनाइज, बाबु मौतिल् फुजअतिल् बग्तह, हदीस नं. १३८८ । र मुस्लिम, किताबुज्जकात, बाबु वसूलि सवाबिस्सदकति अनिल् मैयिति इलैह, हदीस नं. १००४)

---

[□] तर यस विषयमा अधिकांश विद्हरूको दृष्टि यो नै छ कि मृतकको लागि पाठन गर्नु जायज छैन, र मेरो दृष्टिमा यो नै सही र सर्वोत्तम कुरो हो । र रह्यो त्यो हदीस जसलाई शैख ज्यूले यसको प्रमाणमा वर्णन गर्नु भएको छ त्यो कदापि यस विषयमाथि प्रमाणीकरण गरिरहेको छैन बरु त्यो त दानमाथि प्रमाणीकरण गरिरहेको छ जस विषयमा प्रष्ट हदीस पनि वर्णित छ, जसलाई स्वयम् शैख ज्यूले यसै विषयमा अलि अगाडि ववर्णन गरेका छन्, र जसमा हामी पनि सहमत छौं तर यो विषय आर्कै हो “मृतकको लागि पाठन गर्नुको” जसमाथि कुनै प्रमाण छैन, नत यस्तो गर्नु कुनै सहाबीबाट नै प्रमाणित छ यसर्थ मेरो दृष्टिमा यो कार्य अवैध छ । (अनुवादक)

त यी विशिष्ट घटनाहरू यस कुरामा प्रमाणीकरण गर्छन् कि पूजालाई कसै अरुको लागि पनि गर्न सकिन्छ । तर श्रेष्ठ यो नै छ कि मान्छे मृतकको लागि दुआ गरोस्, र सत्कर्महरू आफ्नो लागि विशिष्ट गरोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

" إذا مات الإنسان انقطع عمله إلا من ثلاثة: إلا من صدقة جارية، أو علم ينتفع به، أو ولد صالح يدعو له" (أخرجه مسلم ، كتاب الوصية ، باب ما يلحق الإنسان من الثواب بعد وفاته، رقم (1631).

अर्थ : जब मान्छेको मृत्यु भइहाल्छ त तीन कुरा बाहेक त्यसका समस्त कर्मका स्रोतहरू बन्द भइहाल्छन्ः (र ती तीन कुरा हुन्) निरन्तर रहीरहनेवाला दान, वा यस्तो ज्ञान जसबाट निरन्तर लाभ उठाइयोस्, वा असल सन्तान जुन त्यस मृतकको लागि दुआ गरोस् । (मुस्लिम, किताबुल् वसीयह, बाबु मा यलहकुल् इन्सानु मिनस्सवाबि बअ्दा वफातिही, हदीस नं. १६३१)

त यस हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो भन्नु भएन कि असल सन्तान जुन त्यसको लागि कुरआनको पाठन गरोस्, वा नमाज पढोस्, वा व्रत बसोस्, वा दान देओस्, बरु उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो यस्तो सन्तान जुन त्यसको लागि दुआ गरोस् । त यो कुरो कर्मको सन्दर्भमा छ, त यसबाट यो प्रमाणित हुन्छ कि श्रेष्ठ यो नै छ कि मान्छे मृतकको लागि दुआ गरोस्, नकि त्यसको लागि सत्कर्म गरोस् । र मान्छे स्वयम् सत्कर्मको भिक्षुक हुन्छ कि यो त्यसको लागि जम्मा होस् जुन अल्लाह समीप त्यसको लागि लाभदायक होस् ।

र रह्यो कुरो यस कुराको कि केही मानिसहरू पारिश्रमिक लिएर मृतकको लागि कुरआनको पाठन गर्छन् जसरी कि कुनै कुरआनको कारी (पाठन गर्नेवाला व्यक्ति) लाई पैसा दिएर ल्याइयोस् ताकि त्यो मृतकको लागि कुरआनको पाठन गरोस्, त यस्तो गर्नु विदअत हो, र यस पाठनको पुण्य मृतकलाई कदापि पुग्दैन, किनकि यस पाठकले कुरआनको पाठ पैसाको लागि गरेको छ । र जुन मान्छे पनि कुनै पूजा संसारिक लाभ र वैभवको

लागि गर्छ, त त्यसको लागि परलौकिक जीवनमा कुनै अंश हुँदैन, जस्तोकि अल्लाहको फर्मान छः

﴿ مَن كَانَ يُرِيدُ ٱلۡحَيَوٰةَ ٱلدُّنۡيَا وَزِينَتَهَا نُوَفِّ إِلَيۡهِمۡ أَعۡمَٰلَهُمۡ فِيهَا وَهُمۡ فِيهَا لَا يُبۡخَسُونَ ١٥ أُوْلَٰٓئِكَ ٱلَّذِينَ لَيۡسَ لَهُمۡ فِي ٱلۡأٓخِرَةِ إِلَّا ٱلنَّارُۖ وَحَبِطَ مَا صَنَعُواْ فِيهَا وَبَٰطِلٞ مَّا كَانُواْ يَعۡمَلُونَ ١٦ ﴾ هود: ١٥ - ١٦

अर्थ : जुन मानिसहरूले सांसारिक जीवन र यसका आकर्षक कुराहरूको लागि मरिमेटछन् हामीले उनीहरूको सबै कर्महरूको प्रतिफल तिनीहरूलाई संसारमा नै दिन्छौं र यसमा हामीले कुनै कमी गर्दैनौ । यिनै ती मानिसहरू हुन् जसका निम्ति परलोकमा नर्कको आगो बाहेक अरु केही छैन, र जुन कर्म तिनीहरूले संसारमा गरे सबै बर्बाद भए, र जेजति तिनीहरूले गर्दै गरे सबै निरर्थक हुनेवाला छन् । (सूरतु हूद १५, १६)

त म आफ्ना ती मुसलमान भाइहरूलाई यस अवसरमा यो उपदेश गर्दछु जुन यस्ताखालका गतिविधि गर्दछन् कि आफ्नो माललाई आफ्नो लागि वा आफ्नो वारिसहरूको लागि सुरक्षित राखुन्, र यो यादराखुन् कि यो कार्य विदअत हो, र मृतकलाई यस पाठनको पुण्य पुग्दैन, किनकि जुन पाठकको पाठनबाट मात्र सांसारिक लाभ अभीष्ट हुन्छ त्यसको लागि अल्लाह समीप कुनै पुण्य छैन। यसर्थ यस्तो अवस्थामा यस पाठनबाट मात्र पैसा कमाउनु नै साबित हुन्छ, र यसको पुण्य कदापि मृतकलाई पुग्दैन।

## नबी सल्लल्लाहो अलैहे वसल्लमको आत्माको लागि फातिहाको पाठन गर्नु

प्रश्नः (६३) आदरणीय शैख ज्यू, जुन मानिसहरू यस कुराको वसीयत गर्छन् कि नबी सल्लल्लाहो अलैहे वसल्लमको आत्माको लागि सूरतुल् फातिहा पढियोस् त यसको के हुकुम छ ?

उत्तरः यस वसीयतलाई कार्यन्वयन गर्नु आवश्यक छैन, किनकि यो अवैधानिक कुरोको वसीयत हो,

किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो कुरो कसैको लागि वैधानिक गरेका छैनन् कि त्यो अल्लाहको पूजा गरोस् अनि त्यसको पुण्य रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई अर्पण गरोस्। यसर्थ यदि यस्तो गर्नु वैधानिक हुन्थ्यो भने यसलाई सर्वप्रथम सहाबाहरूले गरेका हुन्थे। र यस कारण पनि किनकि यस्ता कुराहरूको नबी सल्लल्लाहो अलैहे वसल्लमलाई कुनै आवश्यकता छैन, किनकि जुन सत्यनिष्ठले पनि कुनै सत्कर्म गर्छ त त्यसबाट नबी सल्लल्लाहो अलैहे वसल्लमलाई पनि पुण्य अवश्य पुग्दछ, किनकि यस सत्यतातिर उहाँले नै सबैलाई मार्गदर्शित गरेका छन्, र हदीसमा वर्णित छः

" والدال على الخير كفاعله" (كما قال النبي صلى الله عليه وسلم أخرجه الترمذي ، كتاب العلم، باب ما جاء الدال على الخير كفاعله، رقم (2670)، وفي مسلم : "من دل على خير فله مثل أجر فاعله"، كتاب الإمارة ، باب فضل إعانة الغازي في سبيل الله بمركوب وغيره، رقم (1893).

अर्थ : र भलाईतिर मार्गदर्शित गर्ने मान्छे त्यसलाई गर्ने मान्छे सरह छ । (जसरी कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ त्यस हदीसमा जसलाई इमाम तिर्मिजीले किताबुल् इल्म, बाबु मा जाआ अद्दाल्लु अलल् खैरे कफाएलेही अन्तर्गत वर्णन गरेका छन्, हदीस नं. २६७० । र मुस्लिममा वर्णित छः "जसले कुनै सत्कर्मतर्फ कसैलाई आमन्त्रित गर्छ त त्यसलाई उस्तै पुण्य मिल्छ जसरी त्यसलाई गर्ने मान्छेलाई पुण्य मिल्छ" । र यस हदीसलाई इमाम मुस्लिमले किताबुल् इमारह, बाबु फजले इआनतिल गाजी फि सबीलिल्लाहे बेमरकूबिन् वगैरेही अन्तर्गत वर्णन गरेका छन्, हदीस नं. १८९३)

यसर्थ यस्तो गर्नु अर्थात नबीलाई पुण्य पुऱ्याउने उद्देश्यले सुरतुल् फातिहाको पाठन गर्नु निरर्थ छ, र विद्अत पनि, जसलाई हाम्रा सदाचारी पूर्वजहरूले गरेका छैनन् ।

र यस्तै यदि कोही यो भनोस् कि नबी सल्लल्लाहो अलैहे वसल्लमको चिहान निकट मेरो लागि सूरतुल् फातिहाको पाठन गर्नु । त यस वसीयतलाई पनि निर्वाह गर्नु जरुरी छैन, किनकि यसरी पूजाको लागि

कुनै विशेष ठाउँलाई विशिष्ट गर्नुमा रसूल सल्लल्लाहो अलैहे वसल्लमसित कुनै प्रमाण साबित छैन, त यसरी आफ्नो तर्फबाट कुनै ठाउँलाई पूजाको लागि निर्धारित गर्नु विद्अत हो, जसरी कि रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरणको सन्दर्भमा यसलाई विस्तृत वर्णन गरिन्छ, र समस्तलाई यसबारे राम्ररी ज्ञात छ। र कुनै पनि पूजाद्वारा रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण तबसम्म सिद्ध हुँदैन जबसम्म त्यसमा यी छ ( ६) वटा कुराहरू नपाइउन्: त्यसको कारणमा, त्यसका अरु थरीहरूमा, त्यसको संख्यामा, त्यसको कैफियतमा, त्यसको समयमा, त्यसको ठाउँमा । अर्थात यी छवटा कुराहरूमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण नगरिकन् त्यो पूजा मान्य हुँदैन, बरु त्यो बिदअत भइहाल्छ ।

र अल्लाहको शान्ति अवतरित होस् अल्लाहका अन्तिम सन्देष्टा र त्यसका भक्त मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती समस्त मानिसहरूमाथि जुन प्रलयसम्म उहाँ सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्नेछन् ।

# समाप्त

अनुवादक
अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९
महुवा तौलिहवा कपिलवस्तु नेपाल
द्यिार्थीः एम.ए. उम्मुल कुरा विश्वविद्यालय
पवित्र मक्का सउदी अरब
सम्पर्क नं.(00966-0501372254)
(00977-9814499140)